## अध्याय : एक

# शोधपत्रको परिचय

## १.१ विषय परिचय

उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला (जीवन अवधि : वि. सं. १९७१–२०३९) को **मोदिआइन** (प्रकाशन : २०३६) उपन्यास मानवतावादी उपन्यास हो । कोइराला मानवतावादी दृष्टिकोणबाट समाज र जनजीवनलाई केलाउन चाहन्छन् । उनी समाजवादी दृष्टिकोणलाई पनि निकै अभिरुचिका साथ आफ्ना साहित्यिक कृतिमा प्रयोग गर्दछन् । उनको **मोदिआइन** उपन्यास पनि मानवतावादी दृष्टिकोणका सन्दर्भमा निकै महत्त्वपूर्ण मानिन्छ । उनका अन्य उपन्यासमा भन्दा यस उपन्यासमा पौराणिक, ऐतिहासिकका साथ साथै मानवतावादी सन्दर्भलाई प्रस्तुत गरिएको छ । **मोदिआइन** उपन्यास प्रस्तुत दृष्टिकोणमा अनुसन्धानमूलक तथा अन्वेषणयोग्य रहेको छ । त्यसैले प्रस्तुत शोधपत्रमा यही **मोदिआइन** उपन्यासलाई विवेच्य उपन्यास बनाई मानवतावादी दृष्टिकोणबाट **मोदिआइन** उपन्यासको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.२ शोधसमस्या

प्रस्तुत शोधका समस्याहरू निम्नानुसार रहेका छन् :

(क) विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक परिचय के-कस्तो रहेको छ ?

(ख) मानवतावादी विचारका सन्दर्भमा **मोदिआइन** के-कस्तो छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नप्रकार रहेका छन् :

(क) विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक परिचय दिनु,

(ख) मानवतावादी विचारका सन्दर्भमा **मोदिआइन**को विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासबारे विभिन्न समालोचक, विद्वान् एवम् साहित्यकारहरूले विविध समालोचनात्मक पुस्तक, पत्रपत्रिका तथा शोध अध्ययन आदिमा विवेचना, व्याख्या, विश्लेषण, अनुसन्धान, समालोचना आदि गरेको पाइन्छ । **मोदिआइन** उपन्यासका बारेमा भएका ती विविध पूर्वकार्यको समीक्षा तल प्रस्तुत गरिएको छ :

आनन्ददेव भट्टले 'मोदिआइन र नारी वेदना' शीर्षकअन्तर्गत चर्चा गर्ने क्रममा **मोदिआइन** उपन्यासभित्र नारी संवेदनाको स्वर गुञ्जिएको छ भन्ने धारणा व्यक्त गरेका छन् (२०५३ : २६५-२६६) । भट्टको **मोदिआइन** उपन्यास नारी वेदनाको कारक तत्त्व खोज्नेलाई अभिमुख छ भन्ने विचार यस लेखमा प्रस्तुत गरिएको भए तापनि मानवतावादलाई केलाएको भने छैनन् किनभने उनले यस लेखमा उपन्यासकार कोइरालाको उपन्यासमा पाइने विचारमाथि सामान्य टिप्पणी गर्ने उद्देश्यमात्र राखेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** नामक कृतिमा 'नेपाली उपन्यास' शीर्षकअन्तर्गत समालोचना गर्ने क्रममा विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासले गीता-दर्शनको निरर्थकतालाई औंल्याएको छ भन्ने मत व्यक्त गरेका छन् । समालोचक प्रधानका दृष्टिमा कोइरालाले महाभारतको युद्धलाई नै अर्थहीन ठहऱ्याएका छन् (२०५२ : ३९८) । प्रधानको यस समालोचनाले कोइरालाको **मोदिआइन** उपन्यासमा पाइने गीता-दर्शनको समीक्षा गरेको भएपनि उक्त उपन्यासभित्रको मानवतावादी स्वरूपलाई भने पूर्ण रूपले केलाउन सकेको भने पाइँदैन ।

गोपीकृष्ण शर्माले "मोदिआइन उपन्यासका केही पक्ष" शीर्षकको लेखमा गीता-दर्शनको नकारात्मक प्रवृत्तिलाई उपन्यासकार कोइरालाले आलोचना गरेर नारी कै वैधव्यताको कारण नै तत्कालीन महाभारत युद्धलाई मानेका छन् भन्ने धारणा प्रकट गरेका छन् (२०५३ : २६८-२७१) तर शर्माले पनि **मोदिआइन** उपन्यासको समग्र मानवतावादलाई केलाएका छैनन् किनभने उनले यस लेखमा उपन्यासकार कोइरालाको यस उपन्यासमा पाइने संवेदनाको मूल स्वरूपलाई त्यति स्पष्ट पार्न सकिएको भने पाइन्न ।

दधिराज सुवेदी र नरेन्द्र चापागाइँले कोइरालाका साहित्यको समग्र अध्ययन नामक कृतिमा गीता दर्शनका जादुबाट जागृत भएका कठोर देवत्वका कारणबाटै भारतवर्षका लाखौंलाख विधवा नारीहरूले मर्मभेदी वेदनालाई सहनुपरेको छ भन्दै **मोदिआइन** उपन्यासले नारी आर्तनादलाई दर्साएको छ भन्ने अभिव्यक्ति दिएका छन्  (२०५१ : ७३-७८) । यी समालोचकद्वयले मानवजीवनको त्रासदीय अवस्था केलाउँदै मानव अस्तित्वप्रति सचेत गराउने चेष्टा गरेका भए तापनि उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासमा मानवतावादलाई केलाउने प्रयास गरेको भने देखिंदैन ।

जीवनचन्द्र कोइराला **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा** नामक कृतिमा उपन्यासकार कोइरालालाई मानवतावादी विचारयक्त लेखकका रूपमा औंल्याएका छन् । यसमा यदि मानवमाथि कुनै विधिको विडम्वना का नाममा शोषण छ भने विद्रोह गर्न, अराजक वन्न र आफ्नो अस्तित्व स्थापित गर्न कोइरालाले यस उपन्यासमा प्रेरित गरेको

बताइएको छ (२०५३) । समालोचक जीवनचन्द्र कोइरालाले उपन्यासकार कोइरालाको **मोदिआइन** लगायतका कृतिमा निहित मानवतावादको सूक्ष्म रूपमा भने अध्ययन गरेको भने पाइदैन ।

बराल र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** नामक समालोचनात्मक, कृतिमा **मोदिआइन**मा गीता-दर्शनका विरुद्ध मानवतावादी दर्शनको स्थापना गरिएको छ भनी उल्लेख गरेर उपत्यासकार कोइरालालाई मानवतावादी लेखक मानेका छन् (२०५६ : २१६) । समालोचकद्वयले उपन्यासकार कोइरालाले गीता-दर्शनलाई अमानवीय ठानेको कुरा वताएका छन् तर यसमा पनि **मोदिआइन** उपन्यासको सूक्ष्म रूपमा अध्ययन अनुसन्धान हुन सकेको भने देखिँदैन ।

भूपति ढकालले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष** नामक पुस्तकमा **मोदिआइन** उपन्यासमा रहेको विचारलाई खोज्ने प्रयास गरेका छन् (२०५६ : ११३) । उनले उपन्यासकार कोइरालाको **मोदिआइन** उपन्यासमा मानवतावादी विचार केही क्षणिक रूपमा उल्लेख गरेका छन् । ढकालका अनुसार **मोदिआइन** उपन्यास मानवतावादी विचारयुक्त कृति हो तर समालोचक ढकालको अनुसन्धान पनि **मोदिआइन** उपन्यासभित्रको मानवतावादमा मात्र केन्द्रित नभएर कोइरालाका समग्र उपन्यासहरूको वैचारिक अनुसन्धानतर्फ अभिमुख देखिन्छ । त्यसैले कोइरालाको **मोदिआइन** उपन्यासमा मानवतावादा नै केन्द्रित भएर अनुसन्धान गर्नु आवश्यक देखिन्छ ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** नामक कृतिमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्तिको खोजी गर्दै उनका उपन्यासमा भावनात्मक विसङ्गतिपूर्ण विचार पाइन्छ भनेका छन् (२०५३ : २२५) । सुवेदी सिङ्गो मानव-सभ्यताको विसङ्गतिलाई तथा पूर्वीय एवम् पाश्चात्य जीवनका धार्मिक रेखामा विभक्त मान्छेका भावनात्मक विसङ्गतिहरूलाई कोइरालाले उपन्यासमा अभिव्यक्त गरेका छन् भनी उल्लेख गरेका छन् । समालोचक सुवेदीका अनुसार उपन्यासकार कोइराला विसङ्गतिमूलक विचारलाई पनि आफ्ना उपन्यासमा व्यक्त गर्दछन् भन्ने प्रष्ट हुन्छ तर उनले उपन्यासकार कोइरालाको **मोदिआइन** उपन्यासमा पाइने मानवतावादको मूल पक्षमै केन्द्रित रहेर अध्ययन गरेको भने पाइँदैन ।

यसरी उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासबारे यस अघि विविध अध्ययन कार्यहरू भएका छन् । साहित्यकार एवम् समालोचकहरूबाट **मोदिआइन**का बारेमा भएका विवेचना व्याख्या एवम् समालोचनात्मक अध्ययनले यस उपन्यासलाई मानवतावादयुक्त रहेको कृति मानेको पाइन्छ । प्रायः सबै अध्येताहरूले कोइरालाको **मोदिआइन** उपन्यासलाई मानवतावादी दृष्टिकोण अभिव्यक्त गर्न सफल रहेको उपन्यासका

रूपमा लिएको स्पष्टै भएको छ । पूर्व अध्ययनलाई हेर्दा **मोदिआइन** उपन्यासलाई प्रायः सबै समीक्षक विद्वान्हरूले मानवीय पक्षका सन्दर्भमा रचिएको भनी समालोचना गरेका छन् तर कोइरालाको यस उपन्यासमा पाइने मानवतावादको सूक्ष्म आयामको अनुसन्धान भने भइसकेको देखिदैन र प्रस्तुत शोधका समस्याको समाधान पनि पूर्णतः हुन सकेको देखिन्न । अतः प्रस्तुत शोधपत्र **मोदिआइन** उपन्यासको मानवतावादी सन्दर्भको अनुसन्धानमा केन्द्रीत रहेको छ ।

## १.५ शोधकार्यको औचित्य

**मोदिआइन** विश्वेश्वरप्रसाद कोइरालाको मात्र नभई नेपाली उपन्यास परम्पराकै एउटा महत्त्वपूर्ण औपन्यासिक कृति हो तर यस उपन्यासभित्र पाइने विचारको समग्र सम्यक विश्लेषण तथा मूल्याङ्कन हुन नसकेको कुरा पूर्वकार्यको समीक्षाबाट स्पष्ट भएको छ । यसरी प्रस्तुत शोधका मुख्य शोध्य प्रश्नहरू अनुत्तरित रहेका परिप्रेक्ष्यमा प्रस्तुत शोधपत्रले यस उपन्यासको मानवतावादी विचारका सन्दर्भमा प्रस्तुत उपन्यासको अध्ययन-विश्लेषण र मूल्याङ्कन गर्ने भएकाले यस शोधपत्रको औचित्य स्वतः स्थापति भएको छ ।

## १.६ शोधकार्यको सीमा

प्रस्तुत शोधपत्रमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासलाई मात्र मूल शोध्य कृति बनाइएको छ र त्यसमा पनि यस उपन्यासका अन्य पक्ष भन्दा पनि प्रस्तुत उपन्यासको मानवतावादी विचारका सन्दर्भमा यो शोध केन्द्रित रहेको छ । यही यसको सीमा पनि हो ।

## १.७ शोध विधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण विधि पर्दछन् :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रलाई ठोस निष्कर्षमा पुऱ्याउन विभिन्न सामग्री सङ्कलन गरिएको छ । त्यस क्रममा मूलतः प्रथमिक तथा द्वितीयक सामग्रीको सङ्कलनमा पुस्तकालयीय पद्धतिको गरिएको छ भने आवश्यकता अनुसार यस शोधपत्रसँग विभिन्न स्रोत व्यक्तिहरूसँगको परामर्शलाई पनि सामागी सङ्कलनका निम्ति प्रयोग गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधपत्रलाई तार्किक निष्कर्षमा पुऱ्याउन मूलतः विश्लेषणात्मक शोधविधिको प्रयोग गरिएको छ । त्यसै गरी उपन्यासको विधातात्त्विक मान्यतालाई उपन्यास विश्लेषणको आधार बनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको प्रतिवेदनात्मक आलेखनलाई निम्नानुसार सङ्गठित गरिएको छ :

**अध्याय एक** : शोधपत्रको परिचय

**अध्याय दुई** : विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व

**अध्याय तीन** : विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा र प्रवृत्ति

**अध्याय चार** : मोदिआइन उपन्यासमा मानवतावादी विचारको प्रयोग

**अध्याय पाँच** : सारांश तथा निष्कर्ष

उपर्युक्त अध्यायका मूल शीर्षकहरुलाई पनि आवश्यकता अनुसार विभिन्न शीर्षक उपशीर्षकहरुमा विभाजित गरिएको छ भने शोधपत्रको अन्त्यमा सन्दर्भ सामग्री सूची दिइएको छ ।

## अध्याय : दुई

# विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व

## २.१ परिचय

मानिस जन्मेपछि मृत्युवरण गर्नु अगिसम्म उसको जीवनमा विभिन्न उथलपुथल र आरोहअवरोहका बीच सङ्घर्षपूर्ण रूपमा बितेको हुन्छ । कुनै पनि मानिसको यस्तो सङ्घर्षमय जीवनको यथार्थता बुझ्नका लागि उसको जीवनको अध्ययनले ठूलो सहयोग पुऱ्याउँछ । साहित्यकारका व्यक्तित्वको अध्ययनमा पनि उसका जीवनको पूर्ववर्ती चरणको अध्ययनले सहयोग पुऱ्याउने गर्दछ । त्यसैले विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासको अध्ययन गर्नुपूर्व यहाँ उनका जीवनका विविध पक्षको सङ्क्षिप्त अनुशीलन गरिएको छ ।

## २.२ कोइरालाको जीवनी

### २.२.१ जन्म तथा पारिवारिक पृष्ठभूमि

विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं. १९७१ भाद्र २३ गते पिता कृष्णप्रसाद कोइराला र माता दिव्यादेवी कोइरालाका गर्भबाट भारतको वाराणसीमा भएको थियो । यिनको न्वारनको नाम चूडामणि कोइराला भए पनि ठूला पिताजीले विश्वनाथको प्रसाद मानी यिनको बोलाउने नाम विश्वेश्वरप्रसाद राखि दिएका थिए । नेपाली जनमानसमा राजनीति र साहित्यका माध्यमबाट सर्वाधिक चर्चाको शिखरमा पुगेका कोइरालाका पुर्खा पश्चिम नेपालको लमजुङ दुराडाँडाको दक्षिणतर्फ कोइरालाका रुखहरू प्रशस्त भएको कोइरालाफाँट भन्ने ठाउँमा सर्वप्रथम बसोबास गरेको थाहा हुन्छ । यस कुराको उल्लेख स्वयम् कोइराला (२०६० : १) ले यस प्रकार गरेका छन् -

> *धेरै-धेरै वर्ष पहिले त्यहाँ एउटा ब्राह्मण परिवार आयो, दक्षिणतिरबाट । खोलाको छेउमै खेती गर्ने उद्देश्यले जङ्गलको सानो टुक्रा फाडेर खेतीका लागि जमिन झिकेर त्यो ब्राह्मणपरिवार त्यहीँ घरजम गरेर बस्यो । तिनताका मानिसले ठाउँलाई पेलेको थिएन, जनसंख्या सीमित थियो, त्यसो हुनाले गाउँघर टाढाटाढा हुन्थ्यो । आफ्नो वरिपरिका गाउँघरवालाहरूले त्यो कोइरालाको वनलाई फाडेर खेती गर्ने ब्राह्मणलाई कोइराला बाजे भन्न थाले । यसप्रकार वनको एउटा वृक्षले थलो र मानिसलाई आफ्नो सुन्दर नाम पहिरायो, कोइराला फाँट र कोइरालाबाजे ।*

यसरी कोइरालाका रुखहरू प्रशस्त भएका ठाउँमा आई बसोबास गरेकाले विश्वेश्वरप्रसाद कोइरालाका पुर्खालाई कोइराला थरका नामले पुकारिन थालियो । समयको गतिसँगसँगै कोइरालाबाजेको ठूलो परिवार भयो । सन्तानहरू जायजेथा लिएर बेग्लाबेग्लै घरबार जोड्न थाले । यसै क्रममा विश्वेश्वरप्रसाद कोइरालाको हाँगो चाहिँ मकवानपुर

राज्यमा पुग्यो । त्यहाँ केही कालसम्म बसी उक्त हाँगो पूर्व २ नम्बरमा सिन्धुली, कोशी र रोशीका जलले सिञ्चित दुम्जाको डाँडामा आइपुगेर त्यहीँ घरजम गरेर बस्न थाल्यो । मकवानपुर राज्यमा बस्दा कोइरालावंशमा दामोदर कोइराला मकवानपुर राज्यमा काजीसमेत बनेका थिए भन्ने कुरा कोइरालाले 'आफ्नोकथा' पुस्तकमा उल्लेख गरेका छन् । दामोदर कोइरालाका सन्तानहरूमा अर्का एकजना नाम चलेका व्यक्ति नन्दिकेश्वर पाध्य पनि थिए । यिनी दुम्जाबाट आएर काठमाडौंमा सरकारी अड्डाका डिट्ठासमेत भएका थिए । यिनै नन्दीकेश्वर पाध्य विश्वेश्वरप्रसाद कोइरालाका पितामह हुन् । तिनै नन्दिकेश्वर पाध्यका कान्छा छोरा खरदार कृष्णप्रसाद कोइरालाका तीन श्रीमतीमध्ये कान्छीपट्टिका जेष्ठ सन्तानका रूपमा विश्वेश्वरप्रसाद कोइरालाको जन्म भएको हो । कोइरालाकी धर्मपत्नीको नाम सुशीला कोइराला हो । उनका प्रकाश, श्रीहर्ष र शशाङ्क गरी तीन छोरा र चेतना नाम गरेकी एक छोरी छन् । विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना पितामहलाई देख्न पाएनन् तर हजुरआमा राज्यलक्ष्मीका काखमा भने किशोर अवस्थासम्म बस्न पाए । यिनी आफ्नी हजुरआमालाई वडाआमा भन्ने गर्थे ।। वडाआमा एउटी विलक्षण नारी थिइन्, जसमा पहाडमा जन्मेर हुर्केर तथा कुनै किसिमको शिक्षाको मौका नपाएर पनि समयको गतिलाई चिन्न सक्ने प्रगतिशील, सु-संस्कृत अर्वाचिन नारीमा हुने सबै गुण विद्यमान थिए (कोइराला, २०६० : १०) । आफ्ना पतिको मृत्युपश्चात् यिनले कान्छो छोरा कृष्णप्रसादको लालन-पालन एक ममतामयी आमा र कर्मयोगी बाबुका रूपमा आफैले गरिन् र विशिष्ट मानवीय गुणबाट सुशोभित गर्दै एक कर्मठ र पूर्ण व्यक्ति बनाउन कुनै कसर बाँकी राखिनन् । कोइरालाका पिताजी कृष्णप्रसाद पनि एक विलक्षण प्रतिभा सुसम्पन्न व्यक्ति थिए । शैक्षिक, सामाजिक र राजनीतिक चेतनालाई उनले आफ्नो जीवनको मूल मन्त्र बनाएका थिए (दाहाल, २०६० : ५) । बडाआमा राज्यलक्ष्मी र पिताजी कृष्णप्रसादमा देखिएको त्यस प्रकारको सार्वजनिक र नैतिक आदर्शको प्रचुर अंश विश्वेश्वरप्रसाद कोइरालामा देखा पर्‍यो । यो स्वाभाविक पनि थियो ।

जागिरका सिलसिलामा एकचोटी दाजु कालिदास मोरङ्ग गएका बेला कृष्णप्रसाद पनि उनीसँग मोरङ्ग गएका र त्यसपछि उनले त्यहीँ आफ्नो कारोबार सुरु गरी घरजम गरेर बस्ने अठोट गरेको देखिन्छ । मोरङ्गको एउटा ठाउँमा कालीको मन्दिर स्थापना गरी आफ्नो कारोबार सुरु गरेका कृष्णप्रसाद कोइराला त्यहाँ धेरै सम्पत्ति जोड्न सफल भएका थिए । त्यसपछि उनलाई समाजसुधारका कार्यमा समर्पित हुने अन्तः प्रेरणा प्राप्त भएको थियो ( कोइराला, २०५५ : २) तर तत्कालीन अवस्थामा समाज सुधारका काम गर्न त्यति सजिलो थिएन । राणाशासनमा जनहितका कार्य गर्नु भनेको राणाहरूसँग दुश्मनी साघनु जस्तै हुन्थ्यो तापनि यसको कुनै प्रवाह नगरी उनले भारतको कलकत्तादेखि डाक्टर र शिक्षक झिकाई विराटनगरमा अस्पताल र विद्यालयको स्थापना गरे । देशका महिलाहरूको स्थितिमा सुधार ल्याउनुपर्ने आवश्यकता बोध गरी आफ्नी पत्नी दिव्य कोइरालाका अध्यक्षतामा एउटा

महिला समिति गठन गराए (पाण्डेय, २०६२ : ३) । एक सय चार वर्षे जहानियाँ निरङ्कुश राणाशासनको यिनले खुलेर विरोध गरे । त्यही सिलसिलामा गरिब नेपाली जनताको दयनीय स्थितिको बोध तत्कालीन प्र.म. चन्द्र शमशेरलाई गराउने उद्देश्यले एक ढाक्केको थोत्रो लुगा किनेर पार्सल बनाई विन्तीपत्रसहित चन्द्र शम्शेरकहाँ पठाउँदा त्यसको परिणामस्वरूप उनको परिवारले ठूलो विपत्तिको सामना गर्नु पऱ्यो । सन् १९१७ मा राणाशासकबाट कृष्णप्रसादको सर्वस्व हरण गरियो अनि उनी स-परिवार निर्वासित जीवन बाँच्न बाध्य भए ( मिश्र, १९८५ : ५) । यसैबेला तीन वर्षका विश्वेश्वरप्रसाद कोइराला पनि प्रवासी जीवनको दुःख, कष्ठ र पीडा खप्न बाध्य भएका थिए ।

## २.२.२ शिक्षादीक्षा

विश्वेश्वरप्रसाद कोइरालाले प्रारम्भिक अनौपचारिक शिक्षा आफ्नै घरायसी वातावरणबाट प्राप्त गरेका थिए । पढाइप्रति लगाव भएका विश्वेश्वरप्रसाद कोइरालाको घरायसी वातावरण नै शैक्षिक थियो । घरमा सुरुदेखि नै पिताजीले शिक्षक, खेल प्रशिक्षक आदिको व्यवस्था गरिदिएकाले कोइरालाका प्रारम्भिक शैक्षिक दिनहरू सहज रूपमा बितेका देखिन्छन् तर औपचारिक शिक्षा आर्जनका क्रममा उत्तरार्धका दिनहरू भने अत्यन्त कष्टकर रूपमा गुज्रेका देखिन्छन् । निर्वासित जीवन, निरन्तर बसाइँसराइ साथै गरिबीका कारण कोइरालाको नियमित अध्ययनमा पनि निकै असर पुगेको देखिन्छ । यद्यपि जे-जस्ता दुःख, कष्ठ खेप्नु परे पनि आफ्नो औपचारिक अध्ययनलाई कोइरालाले निरन्तरता दिएको देखिन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाको शिक्षारम्भ सानै उमेरदेखि भए तापनि पठन पाठनको स्तरका दृष्टिले भने वास्तवमा बनारस आई हरिश्चन्द्र स्कुलमा आठ कक्षामा भर्ना भएपछि मात्र यिनको औपचारिक शिक्षा सुरु भएको हो । कोइरालाले वि.सं. १९९७ मा हरिश्चन्द्र स्कुलबाट म्याट्रिक पास गरे । बनारसमा हिन्दू विश्वविद्यालयबाट १९८९ मा आई.ए. उत्तीर्ण गरी उनले सोही विश्वविद्यालयबाट १९९१ मा बी.ए. पूरा गरेको देखिन्छ । त्यसपछि वि.सं. १९९३ मा कलकत्ता विश्वविद्यालयबाट बी.एल. पूरा गरेका कोइरालाले अर्थशास्त्रमा एम.ए.सम्मको अध्ययन गरेको देखिन्छ तर यसलाई पूरा गरेको भने देखिँदैन । अर्थशास्त्रको अध्ययन गर्दागर्दै नेपाली राजनीतितिर होमिएकाले कोइरालाको औपचारिक शिक्षा यत्तिमै टुङ्गिएको देखिन्छ ।

कोइराला विभिन्न भाषाका ज्ञाता देखिन्छन् । यिनलाई नेपाली, अङ्ग्रेजी, हिन्दी, मैथिली, नेवारी, उर्दू आदि भाषाको राम्रो ज्ञान थियो । गहिरो अध्ययनशील व्यक्तित्वका कारण यिनले पूर्वीय तथा पाश्चात्य दर्शनको यथेष्ट चिन्तनद्वारा आफ्नो शैक्षिक व्यक्तित्वलाई प्रखर बनाएको देखिन्छ । यिनको औपचारिक अध्ययन बी.ए./बी.एल. सम्म मात्र रहे पनि

प्रखर चिन्तनशील प्रकृतिले यिनलाई प्रतिभाशाली बहुआयामिक व्यक्तित्वका रूपमा स्थापित गरेको छ ।

## २.२.३ राजनीतिक जीवनमा प्रवेश

सानै उमेरदेखि सार्वजनिक क्रियाकलापमा रुचि राख्ने विश्वेश्वरप्रसाद कोइरालाको पारिवारिक वातावरण नै राजनीतिक भएकाले यिनी कलिलै उमेरदेखि राजनीतितिर आकर्षित भएका देखिन्छन् । कोइरालाले आफ्नो राजनीतिक जीवनको सुरुवात भारतीय भूमिबाट गरेका हुन् । निरङ्कुश जहानियाँ राणाशासनको विरोध गरेका कारण पिता कृष्णप्रसाद कोइरालाको सर्वस्वहरणसहित देशनिकाला भएपछि पिताजीसँग भारत पुगेका विश्वेश्वरप्रसाद कोइरालाका राजनीतिक जीवनको थालनी बनारसको हरिश्चन्द्र स्कुलमा कक्षा ९ मा अध्ययनरत छँदादेखि नै भएको हो । कोइराला राजनीतिक जीवनको अध्ययन गर्दा सुरुमा कम्युनिष्ट विचारधाराप्रति आकर्षित भएको प्रमाण पाइन्छ तर त्यसलाई यिनले आफ्नो राजनीतिक जीवनको परीक्षणकालको संज्ञा दिएका छन् (चटर्जी, २०५१ : ६७) । कोइरालामा बाल्यकालदेखि नै गान्धीको प्रभाव गहिरो रूपमा परेको देखिन्छ । भारतीय राजनीतिमा क्रियाशील रहँदा भारतका समाजवादी नेता जयप्रकाश नारायणसितको यिनको पहिलो भेट ( सन् १९३४) महत्त्वपूर्ण बन्न पुगेको देखिन्छ । जयप्रकाश नारायणसित भेट भएपछि तिनीसितको छलफलबाट कोइराला प्रभावित हुन्छन् (चटर्जी, २०५१ : ६८) र त्यसपछि समाजवादी सिद्धान्त ग्रहण गर्न पुग्छन् । सन् १९३७ मा कलकत्तामा कानुन विषयको अध्ययन गर्दागर्दै बीचमा यिनी काङ्ग्रेस समाजवादी दलमा प्रवेश गरे । यसरी कोइरालाले आफ्नो मूल राजनीतिक आदर्श प्रजातान्त्रिक समाजवादको अभ्यासमा लाग्न सुरु गरेको देखिन्छ ।

कोइराला नेपालमा जनक्रान्तिको आवश्यकता महसुस गरी नेपालको स्वतन्त्रता र जनताको राज्य स्थापना गर्नुपर्ने ऐतिहासिक आवश्यकतालाई महसुस गरेर त्यसका निम्ति नेपालीहरूको एउटा प्रजातान्त्रिक सङ्गठन बन्नु आवश्यक छ भन्ने निष्कर्षमा पुगे । फलतः सन् १९४६ मा उनी एक राजनीतिक वक्तव्य प्रकाशित गरी नेपाली राजनीतिमा सक्रिय भए । यिनको यसै प्रयासस्वरूप वि.सं. २००३ मा अखिल भारतीय राष्ट्रिय काङ्ग्रेस दलको स्थापना भयो । आफू संयोजक बनेर कोइरालाले सोही दलका माध्यमबाट नेपालमा जनक्रान्तिको अभियान सुरु गरे । कालान्तरमा यिनको सोही दल नेपाली काङ्ग्रेसका नाममा रूपान्तरित भयो र यिनी सोही दलसँग सम्बद्ध रहेर आफ्नो जीवनको अन्तिम क्षणसम्म नेपाली राजनीतिमा सक्रियपूर्ण रहे ।

## २.२.४ साहित्यिक जीवनमा प्रवेश

विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक जीवनको थालनी हिन्दी साहित्यबाट भएको हो । भारतीय साहित्य-शिल्पी प्रेमचन्द र शान्तिप्रिय द्विवेदीका प्रेरणाबाट साहित्य सिर्जनातर्फ आकर्षित भएका कोइरालाले सर्वप्रथम हिन्दी भाषामा साहित्य लेखन गरेको पाइन्छ । हिन्दी भाषा र साहित्ययुक्त वातावरणमा हुर्किएका कोइरालाले प्रारम्भमा हिन्दी भाषामा कविता, कथा तथा लेख रचनाहरू लेखी आफ्नो साहित्य आरम्भ गरेका हुन् ।

आधुनिक नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको प्रवेश वि.सं. १९९२ मा प्रकाशित प्रथम आधुनिक मनोवैज्ञानिक कथा 'चन्द्रवदन' का माध्यमबाट भएको हो तर सन् १९८६-१९८७ देखि नै हिन्दी कथा र कविता साहित्यका माध्यमबाट यिनको साहित्ययात्रा थालिएको हो (शर्मा, २०५९: १८) । वि.सं. १९८७ मा प्रेम चन्दद्वारा सम्पादित 'हंस' पत्रिकामा 'बम्बई के प्रति' कविता र सोही पत्रिकामा १९८७ मै 'वहाँ' कथा छापिएको पाइन्छ । यद्यपि कोइरालाको साहित्ययात्राको प्रारम्भ कविता लेखनबाट भएको मानिन्छ (शर्मा, २०५९ : १७) ।

नेपाली साहित्यमा सर्वप्रथम कथाकारका रूपमा देखापरेका कोइरालाले आफ्नो साहित्यकार व्यक्तित्वलाई कथाकारका अतिरिक्त निबन्धकार, जीवनीकार, कवि र समालोचकका रूपमा विस्तार गरेका छन् । कोइरालाको समग्र साहित्ययात्रालाई हेर्दा वि.सं. १९८७ देखि सुरु भई उनको मृत्यु वि.सं. २०३९ सम्म निरन्तर रूपमा क्रियाशील रहेको देखिन्छ भने मृत्यु पश्चात् पनि उनका कृतिहरू प्रकाशित भएका पाइन्छन् ।

## २.२.५ शारीरिक अस्वस्थता र मृत्यु

आफ्नो सम्पूर्ण जीवन राजनीति र साहित्यका माध्यमबाट नेपाली जनता र राष्ट्रका निम्ति उत्सर्ग गरेका विश्वेश्वरप्रसाद कोइरालाको जीवन सङ्घर्षमय रह्यो । प्रजातन्त्रप्राप्ति र नेपाली जनताको स्वतन्त्रताको निम्ति आजीवन सङ्घर्ष गरेका यिनले क्यान्सरजस्तो भयानक प्राणघातक रोगसँग पनि लड्नु पऱ्यो । पटकपटकको जेलजीवन, जेलको कठोर यातना र गरिबीका कारण यिनको स्वास्थ्य नराम्ररी प्रभावित भयो । यिनलाई सन् १९४२-१९४५ का बीचमा भारतको हजारीबाग जेलमा छँदै क्यान्सरले समातेको थियो (चटर्जी, २०५१ : १८१) । सन् १९४४ मा जेलमा छँदै यिनको शल्यक्रिया गरिएको थियो तर रोग निको भएन । रोगले च्याप्दै गए पनि यिनी आफ्नो आस्थाबाट विचलित भएनन् । राजनीतिक र साहित्यिक क्रियाकलापमा यी दृढता साथ समर्पित हुँदै गए । वि.सं. २०१७ सालको राजनीतिक परिवर्तनपश्चात् आठ वर्षको काराबास जीवनमा कोइरालाको स्वास्थ्यमा निकै ह्रास आएको थियो । विग्रँदो स्वास्थ्य स्थितिका कारण २०२५ साल कार्तिक १३ गते जेलबाट छुटेर स्वास्थ्योपचारका निम्ति विदेश गएका कोइराला उपचारपश्चात् बनारसमा रहेर

प्रजातन्त्रको पुनर्स्थापना गर्ने कार्यमा नेतृत्व प्रदान गर्दछन् (भट्टराई, २०५८ : १७) । पछि २०३३ सालमा राष्ट्रिय मेलमिलापका नीति लिएर स्वदेश फर्किएका कोइरालाको स्वास्थ्यस्थिति गम्भीर बन्दै गयो । त्यसै सिलासिलामा वि.सं. २०३७ सालमा दिल्लीमा उनको घाँटीको शल्यक्रिया गरियो ।

पहिलो चोटिको परीक्षणमा दिल्लीका डाक्टरहरूले घाँटीको क्यान्सरको असर फोक्सोमा समेत परेको आशङ्का गरे । यसपछि कोइरालाको स्वास्थ्यस्थितिमा झनै सङ्कट देखापऱ्यो । उपचारकै सिलसिलामा २०३९ साल असार २९ गते उनलाई बैङ्कक लगियो । तर, त्यहाँ पनि उनका उपचार हुन सकेन । उपचार हुन नसक्ने स्थिति भएपछि कोइरालाको पूर्वोक्त इच्छाअनुसार २०३९ साल श्रावण ६ गते समिति भेज अस्पताल बैंककबाट उनलाई काठमाडौं ल्याइयो । तत्पश्चात् कोइरालानिवास चावहिल पुऱ्याइयो । सोही दिन साँझ ७ बजेर १५ मिनेट जाँदा ६८ वर्षको उमेरमा कोइरालाले यस धर्तीबाट सदाका लागि बिदा लिए (दाहाल, २०६० : ९) ।

## २.३ कोइरालाको व्यक्तित्वको सङ्क्षिप्त सिंहावलोकन

विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व बहुआयामिक रहेको छ । यिनले विभिन्न व्यक्तिहरूका माध्यमबाट नेपाली राजनीति र साहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् । यहाँ विभिन्न उपशीर्षकमा विश्वेश्वरप्रसाद कोइरालाको बहुआयामिक व्यक्तित्वको सङ्क्षिप्त सिंहावलोकन गर्ने प्रयास गरिएको छ ।

### २.३.१ राजनीतिक व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइरालाका चर्चित व्यक्तित्वहरूमध्ये राजनीतिक व्यक्तित्व पनि एक प्रमुख हो । उनी विश्व समाजवादप्रदको स्थापनार्थ गरिएका आन्दोलनहरूका अग्रज मानिन्छन् (भट्टराई, २०५८ : ११) । सानै उमेरदेखि राजनीतिमा सक्रिय रुचि राख्ने कोइरालाको घरायसी वातावरण नै राजनीतिक थियो । यस सन्दर्भमा स्वयम् कोइराला (२०५८ : १५) को भनाइ महत्त्वपूर्ण छ,

> *"मेरो जन्म राजनीतिक वातावरणमा भएको थियो । मेरो परिवार नै राजनीतिक थियो । मैले जन्मेपछि आमाको दूध पिएँ र अन्नजल ग्रहण गरेँ जसरी त्यसरी नै पारिवारिक वातावरण प्राप्त राजनीति मेरो वैचारिक पेय बन्यो ।"*

विश्वेश्वरप्रसाद कोइरालाका पिता कृष्णप्रसाद कोइराला निरङ्कुश राणा शासनका विरोधी र समाजसुधारका पक्षपाती थिए । त्यसै हुँदा चन्द्रशमशेरको गीद्देदृष्टिमा परेर ११ वर्षको निर्वासित जीवन बिताउन वाध्य भए । त्यसै कारण बी.पी. कोइरालाको निर्वासनमै बाल्यकालीन जीवन पनि बितेको देखिन्छ । कोइराला अध्ययनका क्रममा कक्षा ९ देखि नै राजनीतिमा संलग्न रहेको पाइन्छ । यिनले भारतीय स्वतन्त्रता सङ्ग्राम (सन् १९४२) मा

पनि भाग लिएका थिए । उनी १८ वर्षको उमेरमा बनारसमा कम्युनिष्ठ संघको संस्थापक सदस्यसचिव पनि बनेका र पछि काङ्ग्रेस सोसलिष्ट पार्टीका निम्ति सक्रिय रहेको देखिन्छ (कोइराला, २०५९ : २) । "मेरो राजनीतिक जीवन खुलेको किताबको पाना हो" भन्ने कोइराला सार्वजनिक कार्यमा सानैदेखि चासो राख्दथे । संवेदनशील मान्छेहरूलाई कुनै पनि कार्य गर्न उमेर नै पर्खनु पर्दैन । कोइरालामा पनि यही कुरा चरितार्थ हुन्छ । यिनले प्रथम विश्वयुद्धपश्चात् भारतमा भएको अङ्ग्रेजी विस्तारवाद र साम्राज्यवादका विरुद्ध महात्मा गान्धीले सुरु गरेको स्वतन्त्रता आन्दोलनसँग नजिकबाट परिचित हुने मौका पाए र गान्धी र नेहरूको सामिप्यता प्राप्त गरे । यो उनका निम्ति ठूलो प्रेरणा थियो । यसै सन्दर्भमा कोइरालाले आफु सात वर्षको छँदा गान्धीजीले सरकारी स्कुलमा नपढ्न गरेको अपिललाई सहर्ष स्वीकार्दै आफ्नो कक्षाबाट जुरुक्क उठी स्कुल छोड्ने प्रतिज्ञा गर्ने पहिलो विद्यार्थी भएको स्मरण गरेका छन् (चटर्जी, २०५१ : ५९) । यसरी गान्धी र नेहरूबाट प्रभावित भई भारतीय राजनीतिमा होमिएका कोइराला सन् १९४२ को भारत छोडो आन्दोलनका क्रममा पक्राउ परे र भारतको हजारीबाग जेलमा चारवर्षसम्म बन्दी जीवन बिताउन बाध्य भए । हजारीबाग जेलमा रहँदा भारतीय स्वतन्त्रताका राजनीतिक हस्तीहरू जयप्रकाश नारायण, डा. राजेन्द्रप्रसाद, जगजीवनरामहरू सहबन्दी भए । यी घटनाहरूले कोइरालामा राजनीतिक भावना उद्वेलित हुन पुग्यो र राणाशासनको अन्त्य तथा नेपाली जनतामा स्वतन्त्रता र नेपालमा लोकतन्त्रको स्थापना गर्ने तीव्र आकाङ्क्षाले उनी नेपाली राजनीतिमा क्रियाशील भए ।

सन् १९४६ मा पटनाबाट प्रथमपटक नेपाली भाषामा एक राजनीतिक वक्तव्य दिएर सन् १९४७ मा नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापनापश्चात् नेपाल फर्केका कोइरालाको वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्तिको आन्दोलनमा ठूलो योगदान रहेको छ । २००४ सालमा विराटनगरमा भएको मजदुर आन्दोलनमा यिनले सक्रिय सहभागिता जनाएका थिए । यस क्रममा यिनी पक्राउ परे र जेल चलान गरिए तर यसपश्चात् जनक्रान्ति झन तीव्र रूपमा उर्लियो र २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना भयो । प्रजातन्त्र स्थापनापश्चात् २००८ सालमा राणा-काङ्ग्रेस संयुक्त मन्त्रीमण्डलमा गृहमन्त्री बनेका कोइरालाको राजनीतिक व्यक्तित्व झन् प्रष्टसित अभिव्यक्त भएको देखिन्छ । हजारौं हन्डर खाएर पनि हतास नबन्ने साहसिक यात्राका नायक विश्वेश्वरप्रसाद कोइराला २००४ सालको साङ्गठनिक प्रक्रियाका प्रणेता, २००७ सालको प्रजातान्त्रिक प्रतीकसमेत बनेका थिए (दाहाल, २०५८ : १२१) । यिनी नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री पनि हुन् । वि.सं. २०१७ सालमा प्रजातन्त्र अपहरित भएपछि लगातार आठ वर्षसम्म सुन्दरीजल जेलमा राजवन्दीको जीवन विताएका कोइराला बिग्रँदो स्वास्थ्यस्थितिका कारण २०२५ सालमा जेलमुक्त भएपछि पुनः भारतमा गएर २०३३ सालसम्म भारतीय भूमिबाटै नेपालको

प्रजातान्त्रिक लडाँइमा सक्रिय भएका थिए । राष्ट्रियता नै खतरामा पर्ने महसुस गरी २०३३ सालमा मेलमिलापको नीति लिएर पुनः स्वदेश फर्केका कोइराला नेपाल र नेपाली जनताको निम्ति अनवरत सङ्घर्षरत देखिन्छन् ।

मानिस आफ्नो सङ्कल्प र आस्थाले यथार्थमा मानिस हुन्छ भन्ने कोइरालाले आफु पहिले राजनीतिमा गान्धीवादी, त्यसपछि आतङ्कवादी अनि मार्क्सवादी र अन्त्यमा समाजवादी भएको धारणा राखेका छन् (कोइराला, २०५५: १५) । यिनले प्रजातन्त्र, राष्ट्रियता र समाजवादप्रति आफ्नै मान्यताहरू राखेका छन् । राष्ट्र भनेको जनता र राष्ट्रियता भनेको जनताको विचार हो भन्ने कोइरालाको राष्ट्रियता, प्रजातन्त्र र समाजवाद मुख्य आदर्श हुन् । राष्ट्रियता र प्रजातन्त्र राष्ट्रियताका दुई मूल पाङ्ग्रा छन् भन्ने यिनको धारणा रहेको छ ।

यसरी आफ्नो सम्पूर्ण जीवन राष्ट्र र राष्ट्रियताका निम्ति समर्पण गरेका विश्वेश्वरप्रसाद कोइराला नेपालको राजनीतिमा एक इमान्दार र कर्तव्यनिष्ठ राजनीतिज्ञका रूपमा परिचित र स्थापित छन् । जीवनको अन्तिम क्षणसम्म पनि राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रको स्थापनाका निम्ति नेतृत्व एवम् प्रेरणा प्रदान गरेकै कारण कोइराला नेपाली समाजमा जयनायक उपाधि द्वारा सम्बोधित पनि रहेका छन् । समग्रमा हेर्दा कोइराला राष्ट्रिय राजनीतिमा मात्र नभएर अन्तर्राष्ट्रिय राजनीतिमा समेत परिचित देखिन्छन् ।

## २.३.२ साहित्यिक व्यक्तित्व

साहित्यकार विश्वेश्वरप्रसाद कोइराला कुनै एक विधामा मात्र सीमित छैनन् । उनी बहुमुखी व्यक्तित्वका रूपमा परिचित छन् । राजनीतिमा शिखर पुरुष मानिने कोइराला नेपाली साहित्यका क्षेत्रमा आधुनिक आख्यानविधाका युगप्रवर्तक व्यक्तित्व मानिन्छन् । यिनले आधुनिक नेपाली कथाका क्षेत्रमा मनोविज्ञानको प्रथम प्रयोग गरेर नयाँ युगको थालनी गरेका हुन् । साहित्यिक व्यक्तित्वका रूपमा विश्वेश्वरप्रंसाद कोइराला प्रथमतः कथाकार हुन् भने त्यसपछि उपन्यासकार हुन् । यी बाहेक कोइरालाका अन्य व्यक्तित्व पनि त्यतिकै महत्त्वपूर्ण छन् । यस परिप्रेक्ष्यमा कोइरालाको उपन्यासकार व्यक्तित्वको अनुशीलन गर्नु अघि अन्य साहित्यिक व्यक्तित्वको पनि अध्ययन गर्नु सान्दर्भिक हुन्छ । त्यसैले यहाँ विभिन्न उप शीर्षकमा कोइरालाका विविध साहित्यिक व्यक्तित्वको सङ्क्षिप्त सिंहावलोकन गरिएको छ ।

### साहित्यिक अनुप्रेरणा र प्रभाव

विश्वेश्वरप्रसाद कोइराला सानै उमेरदेखि नै साहित्यप्रति रुचि राख्ने एक अध्ययनशील व्यक्तित्व थिए । अध्ययनप्रतिको तीव्र अभिरुचिका कारण किशोरवस्थादेखि नै पुस्तकालय जानु, साहित्यिक पत्रपत्रिका तथा पुस्तकहरू पढ्नु यिनको दिनचर्या देखिन्छ । खास गरी साहित्यकार कोइरालालाई साहित्य सिर्जनाप्रति अभिप्रेरित गर्ने मुख्य व्यक्तित्वहरूमा यिनमा साहित्यिक चेत भर्ने शान्तिप्रिय द्विवेदी र नेपाली साहित्यतर्फ

आधुनिक शिक्षा र खुला उदार वातावरण सिर्जना गरिदिने पिता कृष्णप्रसाद कोइरालाको ठूलो भूमिका रहेको छ ।

कोइराला १३-१४ वर्षको हुँदा भारतीय माध्यमिक तहमा अध्ययन गर्दथे, त्यसबेला यिनले भारतीय कवि तथा समालोचक ज्ञान, रुचि, भावना, ठूला साहित्यकारहरूको सङ्गत र सहयोगको भाव खास गरी साहित्यकार कोइरालाका निम्ति अनुपम संयोग र अनुकूल प्रेरणासमेत बन्यो (शर्मा, २०५९ १०) । शान्तिप्रिय द्विवेदीबाट पाएको साहित्यिक वातावरण, प्रोत्साहन, सहयोग र प्रेरणाको त्यस महत्त्वपूर्ण क्षणको कलापूर्ण र सुमधुर स्मरण गर्दै (कोइराला, २०६० : १४४) भनेका छन् :

*मेरो परिचय जो पछि गएर प्रगाढ मैत्रीमा परिणत हुन पुग्यो, हिन्दी साहित्यमा उदीयमान भइरहेका अत्यन्त भावुक हृदयका व्यक्तिसँग जसले मेरो आँखा मानौं साहित्यको सौन्दर्यपट्टि उधारिदिए साहित्यको उद्यानमा तिनताका म केवल भट्किरहेको थिएँ । . . . शान्तिप्रिय द्विवेदीले मेरो हात समातेर साहित्यको उद्यानमा घुमाए, त्यहाँका फूलका क्यारिहरूसँग मेरो परिचय गराउँदै आफ्नो समालोचनात्मक विलक्षणताद्वारा तिनको कलात्मक गुणदोष निरीक्षण गर्दै ।*

विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक जीवनको शुभारम्भ र विकासको मूल प्रेरणाकेन्द्र समालोचक शान्तिप्रिय द्विवेदी थिए । यिनले सिर्जना गरेको साहित्यिक वातावरणका माध्यमबाट कोइरालाले हिन्दी साहित्यका मूर्धन्य स्रष्टा प्रेमचन्द, न्यायिक कथाकार र कलापारखी एवम् बिशाल कलासङ्ग्रहक राय कृष्णदास र हिन्दीका स्वच्छन्दतावादी कविहरू पन्त, प्रसाद र निरालासँग सङ्गत गर्ने सु-अवसर प्राप्त गरेका थिए । प्रेमचन्दसँगको सम्बन्ध यिनका लागि अत्यन्त महत्त्वपूर्ण र प्रेरणादायी देखिन्छ । बनारसबाट प्रकाशित हुने हंस पत्रिकामा कोइरालाका प्रारम्भिक चरणका कथाहरू प्रकाशित भएका थिए । प्रेमचन्दले निर्देशन दिँदै लेखनमा प्रोत्साहन गरेको स्मरण गर्दै कोइरालाले उनलाई साहित्यिक क्रियाकलापका गुरुका रूपमा हेरेका छन् (चटर्जी; २०५१ : १०५) । यसरी विशिष्ट साहित्यिक व्यक्तित्वहरूको अनुप्रेरणाबाट साहित्यप्रति अभिरुचि जागेपछि कोइराला हिन्दीमा अनूदित अन्य भाषाका साहित्यिक कृतिहरूको अध्ययन गर्न पनि थाले । टैगोर र शरद्चन्दका कृतिबाट उनले प्रशस्त प्रभाव ग्रहण गरेको देखिन्छ ।

चिन्तनशील व्यक्तित्वका धनी कोइरालाले पूर्वीय तथा पाश्चात्य साहित्यसिर्जना र चिन्तनको मर्मबोध पनि गरेका थिए । मार्क्सको भौतिकवादी चिन्तन, डार्विनको विकासवादी दृष्टि, फ्रायडको मनोविश्लेषणात्मक पद्धति र गान्धीको सहृदयता, इमान्दारिता र आध्यात्मिक चेतनाबाट कोइरालाको जीवनचिन्तन अनुप्रेरित थियो (शर्मा, २०५९ : १३) । सर्वप्रथम महात्मा गान्धी, त्यसपछि मार्क्स र अन्तमा फ्रायडीय विचारबाट अनुप्रेरित-प्रभावित कोइरालाले राजनीतिक, सामाजिक क्षेत्रमा गान्धी तथा मार्क्स र अन्तमा फ्रायडका

प्रभावलाई अवलम्बन गरेका छन् (शर्मा, २०६१ : २२) । फ्रायडीय सिद्धान्तको विशद् अध्ययन गरेका कोइरालाले मानवीय मनोलोकको सूक्ष्य अध्ययन गर्दै त्यसलाई कलामूल्य प्रदान गरेका छन् ।

मूलतः फ्रायड, एडलर र युङ्गका मनोवैज्ञानिक अवधारणाहरूको अध्ययन गरेका कोइराला रसियन साहित्यकारहरू पुस्किन, दोस्त एभ्स्की, टाल्सटाय, तुर्गनेभ आदिबाट प्रभावित देखिन्छन् भने चेखवको शिल्प तथा वस्तु दुवै पक्षबाट अत्याधिक प्रेरित प्रभावित देखिन्छन् । यिनले अङ्ग्रेजी र फ्रान्सेली साहित्यकारहरू डी.एच. लरेन्स, मोपाँसा, अनातोले फ्रान्स अल्वट कामु र जाँ पाल सार्त्र आदिको गहिरो अध्ययन गरेका थिए । कामुलाई मन पराउने साहित्यकार कोइरालाले विसङ्गतिवादी र अस्तित्ववादी जीवनपद्धतिबाट पनि आवश्यक अनुप्रेरणा प्राप्त गरेका थिए । अस्तित्ववादी चिन्तनको कलात्मक अभिव्यक्ति यिनका उपन्यासमा पाइन्छ । सामाजिक लेखनभन्दा मनोवैज्ञानिक लेखनहरूप्रति कोइरालाको झुकाव रहेको छ । कलाकार आफ्नो रुग्ण मनको लक्षणलाई कलाकृतिमा अभिव्यक्त गर्छ भन्ने अङ्ग्रेजी कथा उपन्यासकार लरेन्सका धारणाले अभिप्रेरित कोइराला लरेन्सका मनोविश्लेषणवादी पद्धति र कामएषणाको कुशल-मार्मिक व्याख्याबाट प्रभावित छन् (शर्मा, २०६१ : २२) ।

नेपाली साहित्यमा खास गरी देवकोटा र समलाई रुचाउने कोइारालाले विश्वकै महान् साहित्यकारहरूबाट अनुप्रेरणा र प्रभाव ग्रहण गरेका छन् भने आफ्नै प्रतिभा, व्युत्पत्ति र अभ्यासको उचित प्रयोग गरेर आफूलाई एक सफल स्रष्टाका रूपमा उभ्याएका छन् ।

**कथाकार व्यक्तित्व**

साहित्यकार विश्वेश्वरप्रसाद कोइराला प्रथमतः कथाकार हुन् । वि.सं. १९९२ मा 'शारदा' पत्रिकामा यिनको चन्द्रवदन कथा प्रकाशित भएपछि यिनी नेपाली साहित्यका फाँटमा पदार्पण गरेका छन् । यद्यपि त्यो नै यिनको प्रथम कथा भने होइन । 'चन्द्रवदन' कथा प्रकाशित हुनु अघि नै कोइरालाका चार हिन्दी भाषाका कथाहरू भारतबाट प्रकाशित भईसकेका थिए । यिनको पहिलो हिन्दी कथा वहा वि.सं. १९८७ मा प्रेमचन्द्रद्वारा सम्पादित 'हंस' पत्रिकामा छापिएपछि यिनको कथाकार व्यक्तित्व सर्वप्रथम सार्वजनिक भएको हो । यसपछि उनका 'पथिक' (१९८७), 'अपनी ही नरह' (१९८८) र 'भैयादाइ' (१९८८) शीर्षकका कथाहरू विभिन्न हिन्दी साहित्यिक पत्रिकामा प्रकाशित देखिन्छन् ।

विश्वेश्वरप्रसाद कोइराला खास गरी यौनमनोवैज्ञानिक प्रवृत्तिका कथाकार हुन् । कोइरालाले कथालेखनका माध्यमबाट नेपाली कथामा व्यक्ति मनलाई महत्त्व दिने परम्पराको थालनी गरेका छन् । आधुनिक मनोविज्ञानशास्त्री सिग्मण्ड फ्रायडको जीवनचिन्तन तथा मनोविश्लेषण पद्धतिको अनुप्रेरणामा नेपाली समाजसापेक्ष व्यक्ति-मनले पहिलो पटक नेपाली

कथाकलामा अभिव्यक्त हुने मौका पाएको क्षण कोइरालाको चन्द्रवतन (१९९२) कथा हो ( शर्मा, २०४९ : ९) । त्यसैले कोइराला प्रथम मनोविश्लेषणवादी कथाकार मानिन्छन् । यिनको पहिलो फ्रायडवादी कथा 'चन्द्रवदन' प्रकाशित भएपछि नेपाली कथामा आधुनिकताको पूर्ण वरण भएको धारणा पाइन्छ (श्रेष्ठ, २०३९ : ९) । कोइरालाले आधुनिक नेपाली कथाको इतिहासमा फ्रायडीय यौनसिद्धान्तलाई समाजसापेक्ष रूपमा प्रयोग गरेर नयाँ परम्पराको थालनी गरेका छन् । कोइारालाको यो प्रवृत्ति आधुनिक नेपाली कथाका लागि मात्र नभएर सिङ्गो नेपाली साहित्यकै निम्ति नूतन विचारधारा बनेको छ ।

कोइरालाले सङ्ख्यात्मक रूपमा भने धेरै कथा लेखेनन् । यिनले जम्मा २६ वटा कथा नेपालीमा लेखेका छन् । यिनका दुई कथासङ्ग्रह 'दोषी चश्मा' (२००६) र 'श्वेतभैरवी' (२०३९) प्रकाशित छन् । 'चन्द्रवदन' (१९९२) कथापछि कोइरालाको कथालेखनको क्रम केही समय विच्छिन्न भएको देखिन्छ । पछि लेखनलाई निरन्तरता दिँदै वि.सं. १९९५ मा कोइरालाले 'शत्रु', 'बिहा' र 'सिपाही' गरी तीन कथा लेखे । सूर्यविक्रम ज्ञवालीको सम्पादकत्वमा नेपाली साहित्य सम्मेलन दार्जीलिङद्वारा प्रकाशित 'कथाकसुम' भन्ने नेपालको प्रथम आधुनिक कथासङ्ग्रहमा कोइरालाका यी तीन कथाहरू प्रकाशित छन् । सङ्ख्यात्मक दृष्टिले भन्दा कोइरालाका कथा विकासको प्रथम चरणको प्रतिनिधित्व यही कथा सङ्ग्रहले गर्दछ (शर्मा, २०६१: ३६) । यसपछि कोइरालाको कथा लेखन निकै तीव्र गतिमा अगाडि बढेको देखिन्छ । विभिन्न पत्रपत्रिकाहरूमा उनका कथाहरू प्रकाशित हुँदै जान्छन् । वि.सं. १९९९ मा आइपुग्दा 'बसिबियाँलो' नामक कथासङ्ग्रह नै तयार हुन्छ । तर यो राजनीतिक कारणले प्रकाशनका क्रममा जफत भएपछि २००६ सालमा आएर 'दोषी चश्मा' कथासङ्ग्रहका नामले 'नेपाली साहित्य सम्मेलन' दार्जीलिङबाट प्रकाशित भएको देखिन्छ । 'दोषी चश्मा' (२००६) कथासङ्ग्रहमा कोइरालाका जम्मा १७ वटा कथाहरू सङ्कलित छन् । ती यसप्रकार छन्- 'दोषी चश्मा', 'बिहा', 'हरिदत्त', 'प्रेम' (दोस्रो), 'कर्नेलको घोडा', 'पवित्रा', 'होड', 'कथा', 'पुस्तक', 'स्कुलमास्टर', 'सखी', 'स्वेटर', 'बौलाहा', 'रिक्सा तान्ने', 'मधेसतिर' र 'सिपाही' । यी बाहेक कोइरालाका यसै समयावधिका 'महाराजको सवारी', 'प्रेम' (पहिलो) र 'द्वन्द्वप्रेम' कथा विभिन्न पत्रिकामा फुटकर रूपमा रहेका छन् ।

राजनीतिक व्यस्तताका कारण २००७ देखि २०१७ सालसम्म कोइरालाको कथासिर्जना अवरुद्ध भएको देखिन्छ । वि.सं. २०१७ सालको राजनीतिक घटनापश्चात् सुन्दरीजल बन्दीगृहमा रहँदा यिनले विशेषण योग्य वैचारिक उपन्यास लेखे । यस समयमा उनले केही कथाहरू पनि लेखेको देखिन्छ । ती कथाहरू 'श्वेतभैरवी' (२०३९) कथासङ्ग्रहमा सङ्गृहीत छन् । यो कोइरालाको दोस्रो कथासङ्ग्रह हो । 'श्वेतभैरवी' कथासङ्ग्रहमा 'सान्नानी', 'राइटरबाजे', 'श्वेतभैरवी' र 'एकरात' गरी चारवटा कथासङ्गृहीत छन् ।

त्यसमध्ये 'श्वेतभैरवी' कथा यस अगि नै 'मुकुट' (२०२८) मा प्रकाशित भइसकेको थियो भने 'एकरात' कोइरालाको अन्तिम कथा हो ।

यसरी कोइरालाको कथालेखन (१९८७-२०३९) लाई हेर्दा लगभग पाँच दशकको देखिन्छ । यस अवधिमा २६ वटा कथा नेपाली साहित्यलाई सुम्पेर कोइरालाले परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले महत्त्वपूर्ण योगदान गरेको स्पष्ट हुन्छ । आधुनिक कथा साहित्यमा उनको आगमनले युगान्तकारी परिवर्तन ल्याएको देखिन्छ । वस्तु, शिल्प र रूपविधान सबै दृष्टिले नवीन र मौलिक कथा-मूल्यहरूको ऐतिहासिक प्रस्तुति यस परिवर्तनको द्योतक हो । "मेरो साहित्यमा हात हाल्नुको उद्देश्य व्यक्तिलाई निहार्नु र वैयक्तिक धारणा वा विचारलाई साहित्यका माध्यमबाट व्यक्त गर्नु थियो" भन्ने धारणा राख्ने कथाकार कोइरालाले वास्तवमै मानवीय मनोजगत्का मूलतम: रहस्यहरूलाई कथा-कलाका माध्यमबाट अभिव्यक्ति गर्ने प्रयास गरेका छन् । वि.सं. १९९२ सालमा 'शारदा' ले जन्माएका लेखकहरूमध्ये सामाजिक आदर्श अँगाल्ने मैनाली बौद्धक विश्लेषणका प्रयोक्ता सम, यौन मनोविज्ञानको नयाँ प्रयोग र विश्लेषण गर्ने कोइराला त्यसबेलाका त्रिमूर्ति हुन् (भट्टराई, २०५८ : ९२) । यौन मनोवैज्ञानिक पक्षको उद्घाटन गर्दै पात्रहरूको मनोलोकको गहिराइभित्र पसेर सूक्ष्म चेतनतन्तुलाई केलाउन सक्नु कथाकार कोइरालाको विशिष्टता हो ।

### उपन्यासकार व्यक्तित्व

वि.सं. २०२५ मा **तीनघुम्ती** उपन्यास प्रकाशन भएपछि विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक व्यक्तित्व सार्वजनिक भएको हो । **तीनघुम्ती** प्रकाशनपछि कोइरालाका अन्य पाँच उपन्यास प्रकाशन भएका छन् । राजनीतिक क्रियाकलापमा व्यस्त भएका कारण कोइराला आफ्नो साहित्ययात्राको उत्तरार्धमा आएर मात्र आरम्भ उपन्यास लेखनमा प्रवृत भएका देखिन्छन् । २०१७ सालको राजनीतिक घटनापछि यिनी आठ वर्ष (२०१७-२०२५) सम्म सुन्दरीजल जेलमा बन्दीजीवन बिताउन बाध्य भएका थिए । यसै समयमा कोइरालाले जेलजीवनको एकाङ्गी अवस्थालाई चिर्दै आधादर्जन वैचारिक उपन्यासहरूको रचना गरेको देखिन्छ । यद्यपि **हिटलर र यहुदी** उपन्यासकार कोइरालाकै आत्मस्वीकृति अनुसार उनी प्रधानमन्त्री हुनु अघि नै लेखिएको हो (शर्मा, २०५१ : २०४३० । यस दृष्टिले हेर्दा कोइरालाको औपन्यासिक यात्रा २०१६ सालदेखि आरम्भ भएको हो भन्नु पर्ने हुन्छ तर समग्रमा यिनको उपन्यासकार व्यक्तित्व (२०१७-२०२५) 'सुन्दरीजल जेलमा बिताएको बन्दीजीवनकै उपलब्धि हो' भन्न सकिन्छ (पाण्डे, २०२६ : ३६) । *"म अनुभूत विषयमा मात्र लेख्दछु"* भन्ने कोइरालाले उक्त क्षणका पाठकसमक्ष प्रस्तुत गरेका छन् । यिनका उपन्यासहरू वि.सं. २०२५ देखि २०४५ को अवधिमा प्रकाशित देखिन्छन् । यस अवधिमा उनका ६ वटा उपन्यास प्रकाशित छन् । ती यसप्रकार छन् : **तीनघुम्ती** (२०२५), **नरेन्द्रदाइ**

(२०२६), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०३६), **हिटलर र यहुदी** (२०४०) र **बाबु, आमा र छोरा** (२०४५) ।

कोइरालाले आफ्ना उपन्यासमा कथा भन्न नखोजेर विचारको प्रतिपादन गरेका छन् । मुख्य रूपले उनका उपन्यासमा अस्तित्ववादी, नियतिवादी, मानवतावादी र नारीसमस्या जस्ता विषयहरूले कलात्मक सौन्दर्य प्राप्त गरेका छन् । जसरी कोइरालाका रति-रागात्मक कथाहरूले नेपाली कथाका क्षेत्रमा यौनमनोविश्लेषणवादी धाराको प्रवर्तन गरी नयाँ आयाम थपेका छन् : त्यसरी नै उनका उपन्यासहरूले पनि नेपाली उपन्यास परम्परामा अस्तित्ववादी चिन्तनको प्रयोग र मनोवृत्तिको सहज प्रकाशनद्वारा परम्परागत मान्यताका विरुद्ध नयाँ मूल्यको स्थापना गर्न खोजेका छन् (पौड्याल, २०६२ : १९९) । कोइरालाका केही उपन्यास हिन्दी भाषामा समेत अनुवाद भएका देखिन्छन्, जसमध्ये **तीनघुम्ती**, तीन पडाव शीर्षकमा फणीश्वरनाथ 'रेणु' द्वारा र **मोदिआइन** सोही शीर्षकमा रञ्जना शर्माद्वारा ई. १९८४ मा अनुवाद भई पारिजात प्रकाशन पटनाबाट प्रकाशित भएको देखिन्छ ।

यसरी एक दशकको छोटो अवधिमा आधा दर्जन अविस्मरणीय उपन्यास लेखेर बहुमुखी प्रतिभाका धनी विश्वेश्वरप्रसाद कोइरालाले आफूलाई सफल उपन्यासकारका रूपमा उभ्याएका छन् । यद्यपि छ ओटा उपन्यास सङ्ख्याका दृष्टिले धेरै होइनन् तापनि गुणात्मक परिणामका दृष्टिले यी नेपाली उपन्यास-साहित्यमा विशिष्ट उपलब्धिका रूपमा स्वीकृत रहेका छन् ।

**कवि व्यक्तित्व**

विश्वेश्वरप्रसाद कोइराला मूलतः आख्यानकार हुन् तापनि यिनको साहित्यकार व्यक्तित्व बहुआयामिक रहेको देखिन्छ । कोइरालाको कवि व्यक्तित्व त्यत्ति चर्चित नदेखिए पनि स्मरणीय कुरो के छ भने यिनको सहित्यिक यात्राको 'आदि-अन्त्य' कविता सिर्जना मै आधारित छ । कोइरालाले सङ्ख्यात्मक रूपले धेरै कविता लेखेको देखिदैन तर जति लेखेका छन् ती आफैमा महत्त्वपूर्ण रहेका छन् । कोइरालाको कवित्वको प्रथम प्रस्फुरण-क्षण वि.सं. १९८७ हो । यो समय साहित्यकार कोइरालाकै प्रथम प्रस्फुरणक्षण मानिन्छ । यिनको प्रथम कविता हिन्दी भाषामा प्रकाशित 'बम्बई के प्रति' हो । वि.सं. १९८७ मा प्रेमचन्द्रद्वारा सम्पादित 'हंस' पत्रिकामा उक्त कविता प्रकाशित भएपछि कोइरालाको कवि-व्यक्तित्व सार्वजनिक भएको हो (शर्मा, २०५९ : १८) । भारतीय साहित्यशिल्पी शान्तिप्रिय द्विवेदीसँगको मैत्रीपूर्ण सहवास र अनुप्रेरणा कोइरालाको कवित्व प्रस्फुरणको ऐतिहासिक र प्रसववेदनाको क्षण हो । त्यस सुन्दर क्षणको कलापूर्ण स्मरण गर्दै कोइराला यसरी अभिव्यक्त भएका छन्-

*म कोठामा एक्लै बसेर घोरिरहन्थेँ । कहिलेकाहीँ कागजमा कोर्थँ पनि । कथा र कविताको अभिन्न रूप-टुक्राको रूप चाहे भावका हुन् या घटनाका - झुल्किरहन्थे मेरो मस्तिष्कमा । आकाशमा एक दिशातिर धावित भएर चरो कविताको प्रतीक हुन सक्छ र त्यो कथाको पनि गुँडमा पर्खेर बसिरहेका बच्चाहरूकी आमा होली त्यो, चुच्चोमा आहारा बोकेर फर्केकी । त्यस्तै कागजलाई कोरेर एकदिन बसिरहेको बखत शान्तिप्रियले भने- हेरुँ, हेरुँ के लेख्यौ ? . . . मैत्रीभावले प्रेरित भएर भने- "खुब राम्रो लेख्दा रहेछौ । ल्याउल्याऊ अरू हेरुँ । छपाउनुपर्छ तिमी लेखक, कवि, कलाकार हुन सक्छौ । विसु, तिमीमा साहित्यिक रुचि छ भन्ने मलाई थाहा थियो (कोइराला, २०६० : १४९) ।*

कोइरालाले सङ्ख्यात्मक रूपले धेरै कविता लेखेनन् । उनले विभिन्न समयमा दिएका अन्तर्वार्ताहरूमा १५-२० वटा कविता लेखेको जानकारी दिएका छन् (कोइराला, २०५८ : १८) तापनि उनका ११ वटा नेपाली र एउटा हिन्दी गरी जम्मा १२ वटा मात्र कविता प्रकाशित भएका देखिन्छन् । सुरुमा फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित ती कविताहरू हाल आएर हरिप्रसाद शर्माद्वारा विश्वेश्वरप्रसाद कोइरालाका कविता (२०५९) शीर्षकमा सङ्कलित र विश्लेषित छन् । शर्माको उक्त पुस्तकमा सङ्कलित कोइरालाका १२ वटा कविताहरू यस प्रकार रहेका छन्-

बम्बई के प्रति (हिन्दी), बारीको कुरो, 'विष्ट पुष्य', 'छोरी र छाया', 'एउटा सन्धि : एक सम्झौता', नखिचिएको तस्विर, सुन्दर पोखरा, वादल गालीगोल, कोमल कोमल, वर्षाले पोतेको दृष्य, कोशी-कौशिकी, बगरको घोचो र टाढाको कल्पना ।

विश्वेश्वरप्रसाद कोइराला मुक्त लयका कवि हुन् । यिनले आफ्ना सबै कविता मुक्त लयमै लेखेका छन् । यिनका रचनाहरू गद्य र कविताको दोसाँधमा रहेर लेखिएका हुनाले शान्तिप्रिय द्विवेदीले 'गद्यगीत' भनेर नामकरण गरेका थिए (शर्मा, २०५९: १८) । कोइरालाको कवि व्यक्तित्वका सम्बन्धमा आफ्नै आत्मस्वीकृति जस्तो छ- "मैले कविता लेखिन र मेरो त्यो उद्देश्य पनि रहन सकेन यद्यपि मलाई कविता मनपर्छ । ममा ध्वनिगत असर नपरेकाले लयको प्रतीक कविता लेख्न सक्ने क्षमता हुन सकेन । १५-२० वटा जति कविता मैले लेखेँ हुँला, ती खास उपलब्धि होइनन् (कोइराला, २०५८: १८) ।" कोइरालाले यस प्रकारको स्वीकारोक्ति गरे पनि उनका कविता कलात्मक सौन्दर्यले युक्त छन् । तसर्थ उनले कविताको मर्मबोध राम्ररी गर्न सकेको देखिन्छ । कोइराला स्वच्छन्दतावादी-प्रकृतिवादी कवि हुन् । त्यसैले यिनका कविताले कल्पना, प्रवृति, प्रणय, मानवीय संवेदनाले उच्च साङ्गीतिक कलात्मकता प्राप्त गरेका छन् (शर्मा, २०५९: २४) ।

**जीवनीकार व्यक्तित्व**

विश्वेश्वरप्रसाद कोइरालाको साहित्यकार व्यक्तित्वका विविध पक्षमध्ये जीवनीकार व्यक्तित्व पनि एक हो । उनी आत्मजीवनीकार व्यक्तित्वका रूपमा नेपाली साहित्यमा

चिनिन्छन् । कोइरालाका अन्य साहित्यिक व्यक्तित्व जति जीवनीकार व्यक्तित्व चर्चित नरहे पनि यो महत्त्वपूर्ण साहित्यिक पाटो भने अवश्य हो । वि.सं. २०११ सालमा 'प्रगति' (वर्ष २, अङ्क २) पत्रिकामा 'मेरो जीवनकथा' शीर्षकको रचना प्रकाशित भएपछि यिनको जीवनीकार व्यक्तित्व पहिलो चोटि सार्वजनिक भएको हो (पाण्डे, २०६२ : ३०) । पछि यही रचना 'आफ्नोकथा' शीर्षकमा २०४० सालमा प्रकाशित भएको देखिन्छ । कोइरालाका हालसम्म तीनवटा जीवनीपरक कृतिहरू प्रकाशित भएका देखिन्छन् । ती यसप्रकार रहेका छन्- आफ्नोकथा, जेलजर्नल र आत्मवृतान्त ।

विश्वेश्वरप्रसाद कोइरालाको जीवनीकार व्यक्तित्वको महत्तम उपलब्धि **आफ्नो कथा** (२०४०) हो । यो कृति कोइरालाको किशोर अवस्थाको जीवनकथा हो । यसमा कोइरालालाई पूर्वप्रकाशित 'मेरो जीवनकथा' ले पूर्णता प्राप्त गरेको छ । त्यस्तै कोइरालाका पुर्खा, पारिवारिक पृष्ठभूमि तथा बाल्यकालदेखि किशोरावस्थासम्मको विभिन्न आरोह-अवरोह र तिता-मीठा क्षणहरूको कलात्मक सुन्दर अभिव्यक्ति पनि यस कृतिमा भएको छ । यसका अतिरिक्त यसमा कोइराला परिवारले निर्वासित क्षणमा भोग्नु परेका दुःख र कष्टका क्षणहरूलाई पनि मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरिएको छ । साहित्यिक कला-मूल्यका दृष्टिले कोइरालाको 'आफ्नो कथा' महत्त्वपूर्ण कृतिका रूपमा रहेको देखिन्छ ।

कोइरालाको जीवनीकार व्यक्तित्वकै थप महत्त्वपूर्ण उपलब्धिका रूपमा 'जेलजर्नल' (२०५७) र 'आत्मवृतान्त' (२०५५) कृति रहेका छन् । 'जेल जर्नल' यिनको जेलजीवनको दैनिकी हो । काठमाडौंको सुन्दरीजल जेलमा बन्दी रहँदा लेखिएको यस कृतिमा कोइरालाले जीवनका अनुभूतिलाई सुन्दर र कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । यिनको आत्मवृतान्तमा कोइरालाको क्रान्तिकारी जीवनको इतिवृतान्तका साथै नेपालको सिङ्गो प्रजातान्त्रिक आन्दोलनको इतिहास अटाएको छ (पाण्डे, २०६२ : ३१) । साथै कोइरालाका कुटनीतिक र प्रशासनिक क्षेत्रका विभिन्न अनुभव पनि यसमा समाविष्ट भएका छन् । यी दुवै कृतिमा राजनीतिक पक्षले बढी महत्त्व पाए पनि जीवनी लेखनका प्रशस्त गुणहरू पाइन्छन् । साथै प्रस्तुतिगत शैली र वर्णनको रोचकताले पनि पाठकले प्रशस्त साहित्यिक आनन्द प्राप्त गर्न सक्दछन् ।

### निबन्धकार व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइराला कथाकार, उपन्यासकार मात्र नभएर निबन्धकार पनि हुन् । उनको निबन्धकार व्यक्तित्व कथा-उपन्यासकार जति श्रेष्ठ नभए तापनि महत्त्वपूर्ण भने छ । 'जीवनशक्ति' (२००२) कोइरालाको प्रथम प्रकाशित निबन्ध हो । हिन्दी भाषामा लेखिएको यही निबन्धको प्रकाशनसँगै उनको निबन्धकार व्यक्तित्व सार्वजनिक भएको हो । कोइरालाका निबन्धहरू सङ्ग्रहका रूपमा नभएर फुटकर रूपमै रहेका देखिन्छन् ।

कोइरालाका हालसम्म प्रकाशित निबन्धहरू निम्नानुसार छन् : जीवनशक्ति (हिन्दी), प्रेमका व्यवहार (हिन्दी), साहित्यमा सुन्दरता, कला-कलाको दायित्व र मानव जीवन ।

कोइरालाले हिन्दी र नेपाली दुवै भाषामा निबन्ध लेखेका छन् । यिनी मोन्तेनको आत्मकेन्द्री निबन्ध भाषा, वेकनको विषयकेन्द्री निबन्ध लेखन परम्पराबाट प्रभावित छन् । कोइरालाले जीवनजगत्सम्बन्धी अनुभव र अनुभूतिलाई निबन्धमा अभिव्यक्त गरेका छन् । यिनका निबन्धहरू छोटा, सूत्रात्मक तथा बौद्धिक चिन्तन र तार्किक अभिव्यक्तितर्फ उन्मुख छन् । यिनका निबन्धले जीवनजगत्सम्बन्धी सत्य तथा विचारको प्रस्तुति गरेका छन् ।

कोइरालाले व्यक्त गरेका राजनीतिक अभिव्यक्तिहरू र उनले लेखेका चिठीहरूमा पनि निबन्धका तत्त्वहरू पाउन सकिन्छ । यिनका र साहित्यिक समालोचनात्मक टिप्पणी र लेखकहरूमा आलोचकीय रूपमा निबन्धकला अभिव्यक्त भएको छ (शर्मा, २०४९: १४) । समग्रमा भन्दा मानवीय जीवन-दर्शनको उचतम् कलात्मक अभिव्यक्ति कोइरालाको निबन्धकार व्यक्तित्वको वैशिष्ट्य हो ।

**आलोचक व्यक्तित्व**

साहित्यका क्षेत्रमा विश्वेश्वरप्रसाद कोइराला स्रष्टा र द्रष्टा दुवै व्यक्तित्व हुन् । यिनले सिर्जना र आलोचना दुवै पक्षमा कलम चलाएर आफ्नो साहित्यिक व्यक्तित्वलाई फराकिलो बनाएका छन् । कोइरालाको आलोचक व्यक्तित्व दुई किसिमले विकसित भएको देखिन्छ । स्वसिर्जनापरक आलोचक व्यक्तित्व र परसिर्जनापरक आलोचक व्यक्तित्व । यी दुवै व्यक्तित्वका माध्यमबाट उनले केही आफ्नै र केही अन्य साहित्यकारहरूका रचनाहरूका बारेमा गहकिलो मूल्याङ्कन प्रस्तुत गरेका छन् । स्वसिर्जनापरक समालोचनाका सन्दर्भमा कोइरालाले आफ्ना 'चन्द्रवदन', 'पवित्रा', 'दोषी चश्मा', 'होड', 'कर्नेलको घोडा' आदि कथाहरूमाथि छोटो समालोचकीय टिप्पणी प्रस्तुत गरेका छन् । कथाका अतिरिक्त उनले **तीनघुम्ती**, **नरेन्द्रदाइ**, **सुम्निमा**, **मोदिआइन** र **हिटलर र यहुदी** उपन्यासमाथि पनि समीक्षात्मक टिप्पणी प्रस्तुत गरेर आफ्नो आलोचकीय क्षमतालाई सफलतापूर्वक अभिव्यक्त गरेका छन् ।

कोइरालाले आफ्नो व्यस्त राजनीतिक जीवनबाट फुर्सद पाएका बेलामा थुप्रै स्रष्टाहरूका साहित्यिक कृतिहरूको अध्ययन गर्ने तथा तीमाथि टिप्पणीसमेत गर्ने गरेको देखिन्छ । यस क्रममा बालकृष्ण सम, महाकवि लक्ष्मीप्रसाद देवकोटा, भवानी भिक्षुलगायतका स्रष्टाका कृतिहरूको समालोचनात्मक मूल्याङ्कन उनले ठाउँठाउँमा गरेका छन् (दाहाल, २०६० : १५) । त्यस्तै भरत जङ्गमको 'कालो सूर्य', 'पारिजातको शिरीषको फूल' जस्ता कृतिहरूको समीक्षा गरेर उनले परसिर्जनापरक समालोचक व्यक्तित्वका रूपमा आफूलाई प्रस्तुत गरेका छन् । एक कुशल स्रष्टा-द्रष्टा तथा चिन्तक व्यक्तित्वका हैसियत नै

उनको कला के हो ? साहित्य कस्तो हुनु पर्दछ । समालोचकमा के कस्तो गुणहरू हुनुपर्छ ? साहित्य र राजनीतिमा के भिन्नता छ ? जस्ता गहन विषयमा स्पष्ट अभिमत पनि जाहेर गरेका छन् । समालोचक हुनलाई पर्याप्त ज्ञान र सीपको आवश्यकता पर्छ भन्ने यिनको धारणा रहेको छ । यिनले चिठीपत्र, भेटवार्ता, जीवनी तथा निबन्धात्मक रचनाका माध्यमबाट पनि समालोचकीय दृष्टि प्रस्तुत गरेका छन् । यिनको 'प्रगति' (२/२ : २०११) पत्रिकामा प्रकाशित 'साहित्यमा प्रगतिशीलता' एक महत्त्वपूर्ण समालोचनात्मक लेख मानिन्छ ।

कोइरालाले कुनै साहित्यकारको एउटा कृतिलाई लिएर गम्भीर विवेचना गरेको देखिन्न न त आफ्ना आलोचकीय दृष्टिकोण र फुटकर समीक्षाहरूलाई ग्रन्थका रूपमा आकार नै प्रदान गरेको देखिन्छ तर पनि उनी एक कुशल आलोचक व्यक्तित्वका रूपमा परिचित छन् । आलोचक व्यक्तित्वको विकासका निम्ति खासै ठूलो सङ्घर्ष नगरे पनि प्रखर चिन्तनशील क्षमताका कारण यिनी आफूलाई एक कुशल स्रष्टा व्यक्तित्वका रूपमा उभ्याउन सफल भएका छन् ।

## २.४ विश्वेश्वरप्रसाद कोइरालाका कृतिहरू

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका प्रकाशित कृतिहरूको विवरण निम्नअनुसार छ :

**उपन्यास :** **तीन घुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२६), **सुम्निमा** (२०२७), **मोदिआइन** (२०३६), **हिटलर र यहुदी** (२०४०), बाबु, आमा र छोरा (२०४५)

**कथा :** दोषी चश्मा (२००६) सङ्ग्रह, १६ वटा कथाहरू ।

श्वेतभैरवी (२०३९) सङ्ग्रह, ४ वटा कथाहरू ।

**जीवनी तथा साहित्येतर लेखन :** आफ्नो कथा (२०४०), जेलजर्नल (२०५४), आत्मवृत्तान्त (२०५५) ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले देशको समसामयिक विषयहरूमा विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा फुटकर लेख, समालोचना, आदि रचनाहरू प्रकाशित गरेका छन् ।

## २.५ निष्कर्ष

पुर्ख्यौली थलो सिन्धुलीको दुम्जा भए पनि भारतको बनारसमा जन्मेका कोइरालाले नेपाली राजनीति र साहित्यका क्षेत्रमा विशेष योगदान पुऱ्याएका छन् । पिता कृष्णप्रसादको सर्वस्वहरणसहित देश निकाला भएपछि परिवारका साथ भारत निर्वासनमा पुगेका

कोइरालाका प्रारम्भिक दिनहरू अत्यन्त दु:ख र कष्टका साथ भारतीय भूमिमा बितेका देखिन्छन् । यिनी अध्ययनप्रिय व्यक्तित्व थिए । अध्ययनप्रतिको लगावकै कारण जतिसुकै दु:ख र कष्टको सामना गर्नु परे तापनि यिनले बनारस हिन्दू विश्वविद्यालयबाट बी.ए. र कलकत्ता विश्वविद्यालयबाट बी.एल. सम्मको औपचारिक शिक्षा प्राप्त गरे । कोइराला राजनीतिक पारिवारिक वातावरणमा हुर्केका हुनाले यिनमा सानै उमेरदेखि नै राजनीतिको प्रभाव परेको देखिन्छ । निरङ्कुश राणाशासनविरोधी पिताको अभियान र भारतीय राजनीतिका महान हस्तीहरू महात्मा गान्धी, जवाहरलाल नेहरूका विचारबाट ठूलो प्रेरणा र प्रभाव ग्रहण गरेका कोइरालाले नेपाली जनताको स्वतन्त्रता र मुक्तिका लागि राजनीति र साहित्यका माध्यमबाट जीवनभर सङ्घर्ष गरेका छन् ।

विश्वका महान् साहित्यकारहरूका विचारबाट प्रेरणा र प्रभाव ग्रहण गरेका साहित्यकार कोइरालामा भारतीय साहित्यशिल्पी शान्तिप्रिय द्विवेदीको अनुप्रेरणा सवभन्दा महत्त्वपूर्ण रहेको छ । शान्तिप्रियकै सहयोग र सद्भावले कोइराला साहित्यसिर्जनातर्फ आकृष्ट भएका देखिन्छन् । वि.सं. १९९२ मा **शारदा** पत्रिकामा 'चन्द्रवदन' कथा प्रकाशित गरेर नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका कोइरालाले आधुनिक नेपाली कथा-साहित्यका फाँटमा मनोविश्लेषणात्मक धाराको प्रवर्तन गरेर युगान्तकारी परिवर्तन ल्याएका छन् । यिनी साहित्यका क्षेत्रमा बहुआयामिक देखिएका छन् । नेपाली साहित्यका कथा, कविता, उपन्यास, निबन्ध, समालोचना र जीवनी लेखनमा आफूलाई प्रवृत गरेका कोइरालाले नेपाली उपन्यासका क्षितिज मा उल्लेखनीय योगदान गरेका छन् । वि.सं. २०२५ सालमा **तीनघुम्ती**, उपन्यासको प्रकाशनसँगै औपन्यासिक जीवन सार्वजनिक भएको कोइरालाको औपन्यासिक यात्रा 'बाबु, आमा र छोरा' (लेखन: २०१७-२५ प्रकाशन २०४५) सम्म रहेको छ । औपन्यासिक यात्राको यस अवधिमा कोइरालाले आधा दर्जन सफल वैचारिक उपन्यास लेखेका छन् । कथाका माध्यमबाट व्यक्त मनको अध्ययनलाई महत्त्व दिएका कोइरालाले उपन्यासका माध्यमबाट विचारको प्रक्षेपणलाई जोड दिएका छन् ।

राजनीति मुख्य क्षेत्र भएर पनि विश्वेश्वरप्रसाद कोइरालाले आख्यान विधाका माध्यमबाट नेपाली साहित्यलाई महत्त्वपूर्ण योगदान दिएका छन् । साहित्य र राजनीतिलाई भिन्न तर अपरिहार्य तत्त्वका रूपमा हेर्ने कोइरालाले आफ्नो साहित्यमा राजनीतिलाई हावी हुन दिएका छैनन् तापनि मानवीय स्वतन्त्रता र अस्तित्व यिनका साहित्यिक तथा राजनीतिक दुवै व्यक्तित्वको अभीष्ट देखिन्छ ।

### अध्याय : तीन

# कोइरालाको औपन्यासिक यात्रा र प्रवृत्ति

## ३.१ परिचय

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) बहुआयामिक व्यक्तित्व हुन् । त्यही बहुआयामिक व्यक्तित्व मध्येकै राजनीतिक व्यक्तित्व र साहित्यिक व्यक्तित्वले कोइरालालाई सर्वाधिक चर्चाको शिखरमा उभ्याएका छन् । व्यक्तिगत रूपमा पनि कोइराला निकै लोकप्रिय रहेको कुरा थाहा हुन्छ । विश्वेश्वरप्रसादको सानिन्ध्य जसले पाएको छैन ती व्यक्तिहरू पनि उनलाई उत्तिकै महत्त्वले हेर्दछन् (न्यौपाने, २०५३ : ३५) भन्ने भनाइ रहेको पाइन्छ । कोइराला विशिष्ठ राजनेता हुँदाहुँदै पनि साहित्यमा समेत त्यत्तिकै प्रख्यात छन् । कोइरालाले नेपाली आख्यान-साहित्यमा आफ्नो छुट्टै अस्तित्व खडा गरेका छन् । कोइरालाको त्यही आख्यान कारिताले उनलाई उच्चतम् साहित्यिक व्यक्तित्वमा स्थापित गराएको छ । उनले नेपाली आख्यानकारितामा नयाँ-नयाँ शैली-शिल्प एवम् मनोविश्लेषण तथा यौनमनोविश्लेषण परम्पराको थालनी गरेका छन् । कोइरालाको आख्यानकारिताले नेपाली आख्यान-साहित्यमा नै नयाँ मोड ल्याएको देखिन्छ । कथा र उपन्यास दुवै विधामा कोइरालाले यो नवीन परम्परालाई भित्त्याएका छन् र त्यत्तिकै सफल पनि देखिन्छन् ।

## ३.२ विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा

कोइरालाको औपन्यासिक यात्रा उनको जीवनको उत्तरार्द्धबाट आरम्भ भएको देखिन्छ । साहित्यिक व्यक्तित्वअन्तर्गत कथा विधामा खारिएपछि मात्र उनी उपन्यास-लेखनमा लागेका देखिन्छन् । वि.सं. २०१७ साल पौष १ गते घटित राजनीतिक घटनाले देशका साथै स्वयम् कोइरालाकै जीवनमा एउटा विषम परिस्थितिको सिर्जना भयो (ढकाल, २०५६ : १११) । त्यही विषम परिस्थितिमा नै कोइरालाले उपन्यास लेख्न थालेको पाइन्छ । उक्त राजनीतिक घटनाको परिणामस्वरूप कोइरालाले सुन्दरीजल बन्दीगृहमा करिब आठ वर्ष राजनीतिक बन्दीका रूपमा कारागार जीवन बिताउन बाध्य हुनु परेको एवम् उनका अधिकांश उपन्यास यसै कारावासमा लेखिएको (ढकाल, २०५६ : १११) सन्दर्भले यसै कुराको पुष्टि गर्दछ । अर्का अध्येता शर्मा (२०५१ : २३८) ले कोइरालाका उपन्यासको रचनाकाल वि.सं. २०१७ देखि वि.सं. २०२५ सम्मको काराबास काललाई नै मानेका छन् । यद्यपि कोइरालाका **हिटलर र यहुदी** उपन्यासबाहेक अन्य पाँच उपन्यासहरू सुन्दरीजल बन्दीगृहमा बस्दा नै लेखेको बुझिन्छ भने **हिटलर र यहुदी** उपन्यास उनी प्रधानमन्त्री (वि.सं. २०१५) हुनुपूर्व नै लेखिएको कुरा स्वयम् कोइरालाले १ अगष्ट १९८२ मा तीर्थङकर मुखर्जीसँगको वार्तालापमा व्यक्त गरेका छन् (ढकाल, २०५६ : १११) । यसबाट पनि कोइरालाका अधिकांश उपन्यास

जेलजीवनमा नै लेखिएको कुरा पुष्टि हुन्छ । विश्लेषकहरूले कोइरालाको उपन्यास यात्रालाई एउटै चरणमा राखेको पाइन्छ । किनभने कोइरालाका उपन्यासहरू जेल जीवनका उपज भएकाले सबैभन्दा पहिला कुन उपन्यासको रचना भयो भनी छुट्टयाउन केही अप्ठ्यारो देखिन्छ जस्तै **मोदिआइन** उपन्यासको रचना २०२० साल माघ १५, १६ र १७ मा भएको हो भन्ने कुरा स्वयम् उपन्यासकार कोइरालाले यस उपन्यासको पृष्ठ ६० मा उल्लेख गरेका छन् । वि.सं. २०२५ मा प्रकाशित **तीनघुम्ती** उपन्यासलाई उनको प्रथम प्रकाशित उपन्यास मानिन्छ । त्यस्तै **हिटलर र यहुदी**को प्रकाशन वि.सं. २०४० मा भएको देखिन्छ भने यसको रचना २०१७ सालमा उनी जेल जानुपूर्व नै थालिएको कुरा माथि नै स्पष्ट भइसकेको छ । तसर्थ उपन्यासकार कोइरालाका उपन्यासलाई चरणबद्ध रूपमा किटान गरेर विभाजन गर्नुभन्दा पनि समग्र रूपमा उनको जेलजीवनलाई नै रचनाकाल र प्रकाशन मितिका आधारमा उपन्यासलाई प्रथम, द्वितीय र तृतीय चरणमा राखी केलाउन उचित देखिन्छ । यद्यपि उपन्यासको लेखनप्रकाशनका क्रममा रहेको निकटताका आधारमा कतिपय उपन्यासमा केही प्रवृत्तिगत समानता अवश्य पाउन सकिन्छ । उदाहरणार्थ **तीन घुम्ती**, **नरेन्द्रदाइ** र **सुम्निमा** उपन्यासमा यौनवृत्ति नै प्रमुख तथा केन्द्रीय रूपमा रहेको छ । **तीन घुम्ती** उपन्यासकी नायिका (इन्द्रमाया) आफ्नो चाहना प्राप्त गर्ने उद्देश्यले अस्तित्वतर्फ उन्मुख भएकी छ र त्यस क्रममा उनमा मातृत्वको अहम् आधिकारिक रूपमा प्रकट भएको छ भने **नरेन्द्रदाइ** उपन्यासमा गौरी र मुनरियाको समीकरणबाट एउटी पूरै नारी तयार भएकी छ (बराल र एटम, २०५६: २५०) । त्यस्तै **सुम्निमा** उपन्यासमा सोमदत्त र भिल्ल युवकको समीकरणबाट एवम् समाविष्ट पुरुष खडा भएको देखिन्छ । यस समष्टि पुरुषको उपभोग **सुम्निमा** उपन्यासकी पुलोमाले गरेजस्तै **तीनघुम्ती** उपन्यासकी इन्द्रमायाले पनि पिताम्बर र रमेशको समीकरणबाट एउटा समष्टि पुरुषको उपभोग गरी प्रेमत्व र मातृत्व प्राप्त गरेकी छ । यसका साथै **सुम्निमा** उपन्यासमा पनि सुम्निमा र पुलोमाका समीश्रणबाट एउटी आमा तयार गरिएको छ । संयोगले होस् वा तारतम्ययुक्त काकतालीले उपन्यासकार कोइरालाका यी उपन्यासहरूमा पात्रात्मकता, प्रतिपाद्य विषय र जीवनदर्शनका बीच उपयुक्त किसिमको समानता पाउन सकिन्छ । साथै यी तीनवटै उपन्यासहरूमा पुरुषत्व र मातृत्वका सन्दर्भमा समेत निकै समानता पाउन सकिन्छ । यी उपन्यासहरू प्रकाशनका दृष्टिले पनि धेरै निकट देखिन्छन् ।

विश्वेश्वरप्रसाद कोइरलाका **हिटलर र यहुदी** र **मोदिआइन** उपन्यासमा विषयवस्तुको चयन र अन्य प्रवृत्तिको भिन्नता देखिन्छ । यी दुवै उपन्यासहरूका विषयवस्तु यी उपन्यासपूर्वका उपन्यासहरूमा रहेको विषयवस्तुभन्दा निकै भिन्न देखिन्छन् । **मोदिआइन** र **हिटलर र यहुदी** उपन्यासमा गीतादर्शनको व्याख्या र प्रयोग अपेक्षित सन्दर्भलाई लिएर गरिएको छ । कोइरालाले यी उपन्यासहरू युद्धको विरोध र मानवताका पक्षमा लेखेका हुन् ।

मानवतावादी विचार र युद्धका विरुद्धमा लेखिएका यस्ता उपन्यासका माध्यमबाट उपन्यासकार कोइरालाले धर्मयुद्धका नाममा मान्छेहरूका चाहनामाथि कुठाराघात हुनु हुँदैन भन्ने सन्देश दिएका छन् । यी उपन्यासमा घटनाक्रमप्रति भन्दा विचारप्रति उपन्यासकारले विशेष जोड दिएका छन् । तसर्थ यी उपन्यासहरूलाई कोइरालाका विचारप्रधान उपन्यास मान्न सकिन्छ । यही वैचारिक समानता यी दुवै उपन्यासमा पाइन्छ भने दार्शनिकता दृष्टिले यी दुवै उपन्यास निकै सबल देखिन्छन् ।

## (क) **तीन घुम्ती (२०२५)**

**तीन घुम्ती** विश्वेश्वरप्रसाद कोइरालाको प्रथम प्रकाशित उपन्यास हो । यसको प्रकाशन वि.सं. २०२५ मा भएको हो । नेपाली समाजकी एउटी नारीको जीवनमा आएका तीन मोडलाई उपन्यासकार कोइरालाले यस उपन्यासमा प्रस्तुत गरेका छन् । प्रेमिका, पत्नी र आमा गरी नारीका तीन रूप र तिनका अवस्थाको चित्रण गर्ने उद्देश्य नै यस उपन्यासमा रहेको देखिन्छ । यस उपन्यासमा उपन्यासकार कोइरालाले समाजको इच्छा भन्दा व्यक्तिको इच्छा ठूलो हुन्छ भन्ने कुरा देखाएका छन् । उपन्यासकारले इन्द्रमायालाई सचेत निर्णयकर्ताका रूपमा खडा गरेका छन् । उनका अस्तित्विक निर्णय र सत्त्वपरक तथ्यलाई दर्शाएको छ र नारी-प्रकृतिलाई पनि उजागर गरेको छ (राई, २०५० : २६६) । त्यसैले यस **तीन घुम्ती** उपन्यासमा अस्तित्वका परिप्रेक्ष्यमा स्वतन्त्रताको व्याख्या गरिएको छ ।

प्रस्तुत **तीन घुम्ती** उपन्यासकी नायिका इन्द्रमायाले आफ्ना जीवनका तीन मोडमा प्रेमिका, पत्नी र आमा गरी तीन किसिमका भूमिका स्वीकार गर्ने सचेत निर्णय गरेको छ । इन्द्रमायाका उक्त निर्णयहरूबाट उसले आफ्नो जीवनमा भोग्नुपरेको सङ्घर्ष एवम् सङ्कटको सामनालाई यस उपन्यासमा देखाइएको छ । सामाजिक बन्धनलाई तोडेर आफ्नो अस्तित्व जोगाउनका निम्ति सङ्घर्षरत एउटी नारीको जीवन्त कथा नै कोइरालाले यस उपन्यासमा प्रस्तुत गरेका छन् । उनी यस उपन्यासको मूल्याङ्कन गर्दै (प्रधान, २०५२ : ४१३) भन्दछन् : "यो उपन्यास आत्मकेन्द्रिततामा असामाजिक भई निरुपित सिद्धान्तको नितान्त विद्रोहको धारणा प्रतिफलित छ ।" यस भनाइबाट कोइरालाले समाजमा अस्वीकार हुन सक्ने विषयलाई पनि सहजताका साथ औपन्यासिक कलाद्वारा प्रकट गरेका छन् भन्ने स्पष्ट हुन्छ । उपन्यासकार कोइरालाको **तीन घुम्ती** उपन्यास नारीवादी विचारका सन्दर्भमा पनि निकै महत्त्वपूर्ण रूपमा आएको छ । यस सन्दर्भमा समालोचक राई (२०५० : २७४) भन्छन्- "जीवतात्त्विक स्वभावमार्फत् प्रकृतिले अह्राएको कार्य नै उसले अथवा इन्द्रमायाले गरी र प्रकृतिको जुन सर्वोपरी लक्ष्य छ त्यसैकी अनुसारिणी भई ।" नारीले आफ्नो स्त्रीत्व तथा मातृत्वलाई त्यसै खेर गएको एवम् शिथिल भएको देख्न चाहँदैनन् भन्ने विचारलाई उपन्यासकारले यसमा व्यक्त गरेका छन् । साथै कोइरालाले यस उपन्यासमा नारीहरू मातृत्व प्राप्तका लागि समाजले नस्वीकारेको बाटोमा हिँड्न पनि पछि पर्दैनन् भन्ने कुरा

छर्लङ्ग पारेका छन् । कोइरालाले मातृत्व शक्ति नारीका निम्ति लैङ्गिक भेदका दृष्टिले गौरव गर्ने तत्त्व हो भन्ने कुरा नै यस उपन्यासमा स्पष्ट पार्न खोजेका छन् । साथै उनले यस उपन्यासका माध्यमबाट नारीको पनि पुरुषको जस्तै आफ्नो इच्छाशक्ति हुन्छ र पुरुषले जस्तै उसले विनावन्धन कुण्ठा र अचेतनाको विकास गर्न पाउनुपर्छ भन्ने मान्यतालाई अगि सारेका छन् (बराल र एट्म, २०५६ : १२२) । उपन्यासकारको सिर्जनात्मक कला नारी अस्मिताप्रति अभिमुख भएको छ भन्ने कुरा उनको यस उपन्यासबाट स्पष्ट रूपमा देखिन्छ ।

यसरी उपन्यासकार कोइरालाको औपन्यासिक यात्राको प्रथम प्रकाशित उपन्यास **तीन घुम्ती**ले नेपाली उपन्यास परम्परामा नै एउटा नयाँ प्रस्तुतिको थालनी गराएको देखिन्छ । यो उपन्यास यसपूर्वका उपन्यासभन्दा भिन्न खालको देखिन्छ किनभने सामाजिक परम्परालाई चुनौती दिँदै समाजको परम्परित बन्धनलाई एउटी नारीले तोडमोड गरी आफ्नो इच्छाशक्तिका भरमा जीवन चलाउन सफल भएको कुरा प्रस्तुत गरेर कोइरालाले यस उपन्यासलाई एउटा परम्पराभित्र उपन्यासको रूप दिएका छन् ।

### (ख) नरेन्द्रदाइ (२०२६)

**नरेन्द्रदाइ** उपन्यास विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूको प्रकाशन-क्रमको दोस्रो उपन्यास हो । यस उपन्यासमा कोइरालाले नरेन्द्र, गौरी र मुनरियाको त्रिकोणात्मक प्रेमको चरित्रचित्रण गर्दै प्रेमसम्बन्धी परम्परित र नवीन धारणालाई व्यक्त गरेका छन् । यस उपन्यासका सन्बन्धमा चर्चा गर्दै राजेन्द्र सुवेदी (२०५६ : २२५) भन्दछन्- "नरेन्द्र र गौरीको प्रणय, आत्मीयता र सहजीवनको अस्तित्वबोध परम्पराको संघारमा स्थापित हुन आएको छ । यस विसङ्गत परम्परामा पनि **नरेन्द्रदाइ** उपन्यास जीवन्त बनेको छ ।" समालोचक सुवेदीको यस किसिमको भनाइले उपन्यास विसङ्गतिवादी-अस्तित्ववादी विचारलाई व्यक्त गर्न सफल छ भन्न सकिन्छ । यस उपन्यासमा पनि मान्छेको व्यक्तिगत स्वतन्त्रतालाई जोड दिइएको छ । स्वतन्त्रताको चाहना गर्ने व्यक्तिले आफ्नो त्यो इच्छा पूरा गर्न घरपरिवार समाज आदि सबै त्याग्न पछि पर्दैन भन्ने कुरा उपन्यासकार कोइरालाले **नरेन्द्रदाई** उपन्यासको नरेन्द्र (मुख्य पात्र) का माध्यमबाट देखाएका छन् तर आफ्नो इच्छाका लागि घरसम्म त्यागेको नरेन्द्र त्यस स्वतन्त्रता प्राप्ति अभियानमा सफल हुन नसकी मुनरियालाई अलपत्र छाडेर गौरीसमक्ष फेरि प्रस्तुत भएको छ । उसले भोग्नु परेको यो विसङ्गत जीवनभर मानव-आकाङ्क्षाहरूको हार भएको कुरा पनि यस उपन्यासमा देखाइएको अनुभव टार्न सकिन्छ (राई, २०५०: २५८) । यसो भए पनि **नरेन्द्रदाइ** उपन्यासमा विसङ्गतिका बीच पनि अस्तित्व रक्षाको सन्दर्भ र मनोविश्लेषणको समुचित प्रयोग उपन्यासकार कोइरालाले गरेका छन् (बराल र एट्म, २०५६: २१३) । त्यसैले यो उपन्यास कोइरालाको चरित्रप्रधान मनोवैज्ञानिक उपन्यासका रूपमा चिनिएको छ । कोइरालाले यसमा नवीय अहम्को उतारचढाव र प्रेमको आत्मिक पक्षलाई महत्त्व प्रदान गरेका छन् ।

### (ग) **सुम्निमा** (२०२७)

उपत्यासकार विश्वेश्वरप्रसाद कोइरालाको प्रकाशनका क्रममा तेस्रो स्थानमा रहेको **सुम्निमा** उपन्यासलाई उनको औपन्यासिक यात्राको पनि तेस्रो उपन्यास नै मानिन्छ । यस उपन्यासमा कोइरालाले दुई भिन्न जाति र संस्कृतिको सम्मिश्रण गरेका छन् । विषयगत दृष्टिले यो उपन्यास अघिल्ला दुई उपन्यासहरूभन्दा केही भिन्न देखिए पनि उपन्यासकारको प्रवृत्तिगत धारणामा भने भिन्नता देखिँदैन उपन्यासकार कोइरालाले यस उपन्यासमा अध्यात्मवाद र भौतिकवादको भिन्नताले मानवीय जीवनमा सिर्जना गर्न विविधतालाई प्रस्ट्याएका छन् । उनले यसमा अध्यात्मवाद र भौतिकवादमा आधारित बहस प्रस्तुत गरेका छन् । यस क्रममा कोइरालाले नायक र नायिकाका रूपमा सोमदत्त, सुम्निमा र पुलोमालाई प्रस्तुत गरेका छन् । यस उपन्यासमा उपन्यासकार कोइरालाले भौतिकवाद र अध्यात्मवादका बीचको विपरीत दार्शनिक द्वन्द्वको विश्लेषण गरेका छन् । दुई भिन्न सभ्यता र दर्शनको सामञ्जस्य राख्ने दिशामा यो उपन्यास उन्मुख भएको हुँदा यस उपन्यासलाई दुई सभ्यताबीचको सङ्गम पनि मान्न सकिन्छ । मान्छेको आदर्श र सभ्यताका नाममा वरण गरेका खोलहरू फ्याँक्न सकेमा मात्र सच्चा सन्तुष्टि प्राप्त गर्न सकिन्छ । त्यसैले खोक्रो आडम्बरलाई प्रश्रय दिनु मान्छेको भूल हो भन्ने कुरा कोइरालाले यस उपन्यासका माध्यमबाट व्यक्त गरेका छन् । प्रस्तुत उपन्यासले सांस्कृतिक विलयनको व्याख्या गर्ने उद्देश्य पनि राखेको देखिन्छ (बराल र एटम, २०५६ : १५७) । किराँत र आर्य संस्कृतिको झलक यस उपन्यासमा पाइए पनि यो उपन्यास अघिल्ला दुई उपन्यास (**तीन घुम्ती** र **नरेन्द्रदाइ**) जस्तै विसङ्गति तथा अस्तित्वको चाहनामा नै अघि बढेको छ । मानव जीवनमा समेटिएका विसङ्गतिका अनन्त क्षणहरूमा अस्तित्ववान् बनाउने र जीवनको नश्वरताबोध भित्र अस्तित्व पहिल्याउने सन्दर्भमा यो उपन्यास तीव्र र सफल बनेको छ ( सुवेदी, २०५३ : २२५) । धर्मका नाममा भोगिएका भोगाइबाट सोमदत्त र पुलोमा थकित हुँदै आफ्ना आफ्ना पूर्वप्रेमी तथा प्रेमिकालाई सम्झिरहेका हुन्छन् । यसमा दुवै लोग्ने-स्वास्नीको क्रियाकलाप स्वाभाविक भएर पनि अमर्यादित जीवन व्यथित गरे जस्तो गरी रातको अनुभवलाई एक्ला-एक्लै काल्पनिक रूपमा भोग्न पुग्दछन् (प्रधान, २०५२ : ३६४) । जुन रात सोमदत्त मिल्ल युवक-प्रेम थियो र पुलोमालाई सोमदत्तले सुम्निमा भन्ने ठानेको थियो । उनीहरूको यस किसिमको समीकरणबाट मात्र सन्तान प्राप्त भएको थियो । यसबाट के बुझ्न सकिन्छ भने मानव जीवनमा भौतिकता र आध्यात्मिकताबीच समन्वय हुन सकेमा मात्र मान्छेले मान्छे भएर बाँच्न सक्दछ । त्यसैले उपन्यासकार कोइरालाको औपन्यासिक यात्राको तेस्रो उपन्यास सुम्निमाले सांस्कृतिक जीवनका मूल्यहरूका अघिल्तिर मानवचेतना, पुरातन अस्तित्वबोध आदिलाई अतीतबाट तानेर ल्याउने काम गरेको तथ्यलाई प्रस्ट्याउने

जमर्को गरेको छ (सुवेदी, २०५३ : २२५) । सांस्कृतिक वातावरणको प्रभावबाट कोइरालाको यस उपन्यासमा कलात्मक रूपबाट प्रस्तुत गरिएको छ ।

### (घ) **मोदिआइन** (२०३७)

विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्राअन्तर्गत चौथों स्थानमा आउने **मोदिआइन** उपन्यास गीतादर्शनको सन्दर्भलाई लिएर लेखिएको छ । यसमा उपन्यासकारले भारत वर्षीय इतिहासमा भएको महाभारतको युद्धकथालाई विषयवस्तु चयन गरेका छन् । यस उपन्यासमा महाभारतकालीन कुरुक्षेत्रको युद्धबाट विधवा भएका लाखौं नारीका प्रेतात्माकी प्रतिनिधिका रूपमा दरभङ्गाको हडाहा-पोखरी नजिककी पसल्नी **मोदिआइन**लाई प्रस्तुत गरिएको छ । यस उपन्यासले गीता-दर्शनलाई निरर्थक ठहऱ्याएको छ र मानवतालाई जोड दिएको छ । प्रस्तुत उपन्यासले मानवताको गहिरो अर्थ प्रकट गर्दै भगवान र मान्छेबीचको भिन्नतालाई प्रष्ट्याउनुका साथै धर्म, जाति आदिका नाममा हुने युद्धको विरोध गरेको छ (बराल र एट्म, २०५६ : २१३) । यस उपन्यासलाई मिथकीय नारीहरूको करुण गाथा पनि मान्न सकिन्छ किनभने महाभारतकालीन नारीहरूको वेदनालाई मर्मस्पर्शी रूपले व्याख्या गरिएको छ ।

उपन्यासकार कोइराला मानवतावादी उपन्यासकार हुन् भन्ने कुरा निर्विवाद छ । उनका सम्पूर्ण उपन्यासमा मानवतावादी विचार प्रकट भएबाट यो स्पष्ट हुन्छ । यो मानवतावादी दृष्टिकोण उनका अन्य उपन्यासका तुलनामा यसमा दह्रोसँग प्रकट भएको छ । यस उपन्यासमा उनले युद्धविरोधी तार्किक विचारलाई प्रक्षेपित गर्नुका साथै युद्धपीडित समुदायप्रतिको कारुणिक भावलाई समेत प्रस्तुत गरेका छन । यसबाट पनि प्रस्तुत उपन्यासलाई मानवताका पक्षमा लेखिएको उपन्यास भन्न सकिन्छ ।

### (ङ) **हिटलर र यहुदी** (२०४०)

**हिटलर र यहुदी** उपन्यास कोइरालाको औपन्यासिक यात्राको पाँचौ प्रकाशित उपन्यास हो । यो उपन्यास पनि कोइरालाले गीता-दर्शनको सन्दर्भलाई लिएर नै लेखेको देखिन्छ । **मोदिआइन** उपन्यासमा जस्तै यसमा पनि निरर्थक युद्धको विरोध गर्दै मानवीय मूल्यको महत्त्वमाथि जोड दिइएको छ । दोस्रो विश्वयुद्धको भयङ्कर विनाशलाई उपन्यासकार कोइरालाले यस उपन्यासमा मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । यात्राका क्रममा भएका सहयात्रीसँगको सहवास, सहयोजना विभिन्न देशका नौला अनुहारसँगको भेटघाटका क्रममा भएका कुराकानीलाई चारित्रिक रूप दिएर विदेशकै परिवेशमा उपन्यासकार कोइरालाले **हिटलर र यहुदी** उपन्यास लेखेका छन् (प्रधान, २०५२ : ३७८) । द्वितीय विश्वयुद्धको भयङ्करतालाई उपन्यासकार कोइरालाले यस उपन्यासमा मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । यात्राका क्रममा भेट भएकाहरूसँगको वार्ता र यात्रावृतान्त हुनाले यो उपन्यास अपूर्ण

हुँदाहुँदै पनि वास्तवमा अपूर्णता नखट्कनु र ठूलो व्यवधान पनि नदेखिनुले उपन्यासकार कोइरालाको उपन्यासकारितालाई प्रस्तुत उपन्यासले सार्थक नै बनाएको छ । दोस्रो विश्वयुद्धको चुरोभित्र ढाकिएर बसेको सङ्कीर्ण तथा मार्मिक विसङ्गतिले जन्माएको नरहत्यामाथिको आक्रोशलाई प्रकट गर्दै धर्मका नाममा लुकेर बसेको अन्धआतङ्कको घेराभित्रका विकृतिलाई उद्घाटन गर्ने क्रममा प्रस्तुत उपन्यास जीवन्त उपन्यास बनेर उभिएको छ (सुवेदी, २०५३ : २२५) । तत्कालीन विश्वचर्चित शासक हिटलरले यहुदीहरूको संहार गरेको प्रसङ्ग यस उपन्यासमा वर्णित छ । साथै युरोपेली (पाश्चात्य) स्वच्छन्दतावादी र भारतीय (पूर्वीय) संस्कृतिको सांस्कृतिक रीतिरिवाज एवम् मान्यतालाई पनि यस उपन्यासको विषयवस्तु बनाइएको पाइन्छ ।

उपन्यासकार कोइरालाले **हिटलर र यहुदी** उपन्यासमार्फत् पनि मिथकलाई यथार्थ जीवनसँग समायोजन गरी अभिव्यञ्जनात्मक बनाउने प्रयास गरेका छन् (बराल र एटम, २०५६ : २१३) । यो उपन्यास पनि मानवतावादी उपन्यास हो किनभने यस उपन्यासमा पनि **मोदिआइन** जस्तै देव र मानवको युद्धबाट मानवीय जीवनमा परेका नकारात्मक असरहरूका कारणबाट मानवले भोग्नु परेक विकराल स्थितिको चित्रण गरिएको छ । यस उपन्यासमा उपन्यासकार कोइरालाले मान्छेका अहम र तिनबाट उद्भव हुने विकराल परिस्थितिहरूले निर्दोष मान्छेलाई प्रहार गरेको रहस्यलाई उद्घाटन गर्दै मानवताका पक्षमा जोड दिएका छन् । यस उपन्यासमा उपन्यासकारको दार्शनिक जिज्ञासा, कौतूहल र तिनको प्रतिपादनका निम्ति यहुदीहरूको सामूहिक हत्यासम्बन्धी केरकार अनि हिटलर र ईश्वरमाझको वार्ताबाट चारित्रिक र महामानवीय संस्कार छाम्ने काम गरिएको छ (प्रधान, २०५२ : ३७९) ।

यसरी कोइरालाको औपन्यासिक यात्राको पाँचौ स्थानमा रहेको **हिटलर र यहुदी** उपन्यासले धर्म र जातीयता सारेको छ । मानवतावादी विचारलाई अघि सार्दै लेखिएको प्रस्तुत उपन्यासले पनि मान्छेको बाँच्न पाउने अधिकारलाई कहिले हनन् गर्न नहुने विचारलाई अभिव्यक्त गरेको छ । विषयवस्तुको स्रोतका आधारमा **मोदिआइन** र **हिटलर र यहुदी** उपन्यासलाई पौराणिक उपन्यास पनि मान्न सकिन्छ किनभने यी दुवै गीता दर्शनका सन्दर्भमा नै लिखितका उपन्यासहरू हुन् ।

### (छ) बाबु, आमा र छोरा (२०४५)

विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्राको अन्तिम उपन्यास बाबु, आमा र छोरा हो । प्रकाशनका दृष्टिले यो उपन्यास कोइरालाको मृत्युपश्चात् प्रकाशित भए पनि यसको रचना उनको जेल-जीवन (२०१७-२०२५) मा नै भएको बुझिन्छ । प्रकाशनका दृष्टिले तथा कथानक एवम् प्रवृत्तिगत अध्ययनबाट पनि यो उपन्यास कोइरालाको अरू

उपन्यासभन्दा केही भिन्न नै देखिन्छ किनभने यस उपन्यासलाई उपन्यास र कथाको दोसाँधमा रहेको भन्ने विश्लेषकहरूको मान्यता पाइन्छ ।

**बाबु, आमा र छोरा** उपन्यासमा त्रिकोणीय प्रेमका बारेमा चर्चा गरिएको छ । उपन्यासकार कोइरालाले प्रेमको त्रिकोणात्मकतालाई यस उपन्यासको वर्ण्य विषय बनाएका छन् । अत्यन्त आश्चर्यजनक तथा अनौठो कथावस्तु लिइएको प्रस्तुत उपन्यासमा आफ्नै छोराकी गर्भवती प्रेमिका (उमा) सँग बाबुको दोस्रो विवाह भएको देखाइएको छ । छोराकी प्रेमिकाले बाबुकी दोस्री पत्नीको स्थान लिएको यस उपन्यासमा कोइरालाले बाबु, आमा र छोराको मानसिक द्वन्द्वलाई उद्घाटन गरेका छन् । मानसिक विकृति एवम् असामान्य घटना-क्रमलाई यस उपन्यासको विषयवस्तुका रूपमा प्रयोग गरिएको छ । उप उपन्यासमा उपन्यासकार कोइरालाले सामाजिक विसङ्गतिबाट उब्जने बिडम्बनाको रोचक प्रस्तुति गरेका छन् । सामाजिक परिस्थितिबाट कसरी नारीको विवशता जन्मन्छ र उनीहरूको इच्छालाई परिवार तथा समाजले कसरी लत्याइदिन्छ भन्ने कुरा उपन्यासकारले यसमा देखाएका छन् । बाबु, आमाको दबाबले आफ्नो प्रेमीको पितासँग विवाह गर्न वाध्य भएकी नारीको मनोदशालाई कोइरालाले यस उपन्यासमा केलाएका छन् । साथै प्रौढ अवस्थामा आफ्नी छोरी तथा बुहारीको उमेर सरहकी केटीलाई श्रीमती बनाउँदाको अवस्थामा उक्त प्रौढ व्यक्तिले भोग्न परेको मानसिक अवस्थाको पनि कोइरालाले यस उपन्यासमा मार्मिक चित्रण गरेका छन् । यस उपन्यासले प्रेम, विवाह र दाम्पत्य जीवनसँग हुने आन्तरिक व्यभिचारका विसङ्गति अनि उमेर, आवश्यकता, रुचि र आकर्षण देखापर्ने विसङ्गति यस समयको सामाजिक विसङ्गति हो भन्ने कुरा प्रस्तुत गरेको छ ( सुवेदी, २०५३ : २२५) । यस किसिमका तथ्यहरूलाई जीवन्त रूपमा देखाउँन प्रस्तुत उपन्यास सफल रहेको देखिन्छ । विषयवस्तु तथा घटनाक्रमका आधारमा अन्य उपन्यासभन्दा परक रहेको **बाबु, आमा र छोरा** उपन्यासले देशमा व्याप्त भइरहेका बहु-विवाहले प्रश्रय पाउने क्रमको निरन्तरता हुने हो भने समाजमा यस किसिमको दुर्घटना हुनसक्ने चेतावनी दिन खोजेको स्पष्ट हुन्छ ।

यसरी समग्रमा विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा जेलजीवनबाट सुरु भएर जेलमा नै समाप्त भएको देखिन्छ । उनको औपन्यासिक रचनाकाल वि.सं. २०१७ देखि २०२५ सम्म रहेको थाहा हुन्छ । यस अवधिमा आधा दर्जन उपन्यास लेखेर कोइरालाले नेपाली उपन्यासकारिताका भण्डारमा गुणात्मकता तथा सङ्ख्यात्मकता दुवै पक्षलाई उल्लेखनीय योगदान दिएको पाइन्छ । उपन्यासकार कोइरालाले जसरी कथामा यौनमनोविश्लेषणको प्रयोग गरेर सफल यौनमनोवैज्ञानिक कथाकारका रूपमा आफूलाई स्थापित गराएका छन् : त्यसरी नै उपन्यास विधामा यो स्थान बनाउन सफल देखिन्छन् । तुलनात्मक दृष्टिले हेर्दा कोइरालाको उपन्यासकारितालाई कथापछिको दोस्रो उच्च श्रेणीको

उपलब्धि मानिएबाट (शर्मा, २०५०: २३८) पनि कोइरालालाई सफल उपन्यासकार मान्न सकिने कुराको पुष्टि हुन्छ । उपन्यासकार कोइरालाले आफ्ना उपन्यासमा पनि मनोविश्लेषणको प्रयोग गरेका छन् । साथै सामाजिकता, वैचारिक तथा दार्शनिकता एवम् मानवीय जीवन-दर्शनलाई समेत उनले आफ्ना उपन्यासमा प्रस्तुत गरेका छन् ।

## ३.३ विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक प्रवृत्तिहरू

नेपाली कथा साहित्यका क्षेत्रमा मनोवैज्ञानिक यथार्थवादी धारालाई भित्त्याई प्रथम मनोविश्लेषक तथा यौनमनोविश्लेषक कथाकार हुन पुगेका विश्वेश्वरप्रसाद कोइराला उपन्यासका क्षेत्रमा पनि झण्डै यही र यस्तै प्रवृति लिएर देखापरेका छन् । उनका उपन्यासमा पाइने यौनचर्चा शिष्ट र स्वाभाविक देखिन्छ । यौनमनोविज्ञानलाई उपन्यासमा प्रयोग गर्ने क्रममा कथावस्तुसँग तालमेल हुने किसिमले गरेका छन् । उनका उपन्यासहरू विचारप्रधान भएकाले यौनमनोविश्लेषण पनि वैचारिक परिप्रेक्ष्यमा नै आएको देखिन्छ । त्यसैले उनका उपन्यासहरू अश्लील नभएर श्लील नै देखिएका छन् । कोइराला नेपाली आख्यान परम्परामा मुख्यत : यौनमनोविश्लेषक प्रवृत्ति लिएर देखापरेका छन् तापनि उनले आफ्ना उपन्यासमा विविध विचार तथा दर्शनको प्रस्तुति समेत गरेका छन् । यसरी हेर्दा उनका उपन्यासमा यौनमनोविज्ञानको प्रस्तुतिका साथै विसङ्गतिवाद, अस्तित्ववाद, नियतिवाद, मानवतावाद हुँदै मिथक अनि दर्शन आदिको प्रयोग भएको पाइन्छ । यसरी कोइरालाका उपन्यासमा भिन्नभिन्न प्रवृत्तिहरू रहेको स्पष्ट सङ्केत प्राप्त हुन्छ । उनको उपन्यासकारिताको मूल्याङ्कनका लागि ती प्रवृत्तिहरूको अनुशीलन आवश्यक छ र तलका उपशीर्षकहरूमा त्यही प्रयास गरिएको छ ।

### क) मानवतावादी दृष्टिकोणको अभिव्यक्ति

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मानवतावादी विचार पनि रहेको हुनाले उनलाई मानवतावादी उपन्यासकार पनि भन्न सकिन्छ । त्यसैले जीवनलाई मानवतावादी दृष्टिकोणबाट अध्ययन गर्नु पनि उपन्यासकार कोइरालाको औपन्यासिक प्रवृत्ति हो । उनी औपन्यासिक रचनामा अत्यन्त कुशलताका साथ मानवस्वतन्त्रता, मानवअस्तित्व, मानवअधिकार एवम् मानवरुचिलाई अग्रस्थानमा राख्दछन् । **तीन घुम्ती** उपन्यासमा इन्द्रमाया, **सुम्निमा** उपन्यासमा सुम्निमा, **नरेन्द्रदाइ** उपन्यासमा नरेन्द्र र मुनरियाजस्ता पात्रहरूलाई कोइरालाले मानवअस्तित्व, स्वतन्त्रता एवम् वैयक्तिक सुखको निम्ति उत्सर्गित रहेका देखाएका छन् । यो विचार उनका प्रायः सबै उपन्यासमा पाउन सकिन्छ तापनि विशेष गरेर **मोदिआइन** र **हिटलर र यहुदी** उपन्यासमा भने केन्द्रीय विचारका रूपमा नै प्रकट भएको देखिन्छ । त्यसैले यी दुवै उपन्यासहरू मानवतावादी दृष्टिकोणले उच्च देखिन्छन् । यी उपन्यासका माध्यमबाट उपन्यासकार कोइरालाले मानवतावादको विकास हुन्

सकेमा मात्र मान्छेको सभ्यता उच्च हुने कुरा व्यक्त गरेका छन् । धर्म र जातीयताका कारणले मान्छेको बाँच्न पाउने अधिकारलाई कसैले वञ्चित गर्न नहुने कुरा उपन्यासकारले आफ्ना उपन्यासका माध्यमबाट व्यक्त गरेका छन् । मान्छेले आफ्नो हैसियत नबिर्सी मानव कल्याणका पक्षमा लाग्नुपर्ने धारणा कोइरालाले यो उपन्यासमा प्रस्तुत गरेका छन् (ढुङ्गेल र दाहाल, २०५८: २५९) ।

आफ्ना सबै उपन्यासमा मानवतावादी विचार प्रकट गर्ने क्रममा **तीन घुम्ती** उपन्यासकी इन्द्रमायामार्फत् उपन्यासकारले मान्छे स्वतन्त्रता चाहने प्राणी हो र सामाजिक बन्धनले उसलाई बाँध्न खोज्नु अमानवीय कार्य हो भन्ने विचार प्रकट गरेको देखिन्छ । त्यसैले उनले इन्द्रमायालाई स्वतन्त्रता वरण गर्ने पात्रका रूपमा उभ्याएका छन् । त्यस्तै **नरेन्द्रदाइ** उपन्यासका पात्रहरू नरेन्द्र, गौरी र मुनरिया सबैले आ-आफ्ना स्थानबाट पाठकको तथा 'म' पात्रको सहानुभूति प्राप्त गरेका देखिन्छन् र उनीहरूमध्ये कसैको गल्ती देखिँदैन । यसबाट **नरेन्द्रदाइ** उपन्यासमा समेत मानवतावादी विचार प्रकट भएको पाइन्छ । **सुम्निमा** उपन्यासमा धार्मिक तथा आध्यात्मिक आदर्शको खोक्रो आडम्बरका कारण आर्य समाजमा व्याप्त रहेको विकृत मान्यताले प्रश्रय पाइरहँदा सोमदत्त र पुलोमाको जिन्दगी नै भार भएको देखाएर उपन्यासकार कोइरालाले मान्छे मान्छेकै रूपमा बाँच्न सक्नुपर्छ भन्दै प्राचीन ऋषिमुनिहरूको नक्कल गर्न खोज्दा मान्छेले आफ्नो सौभाग्य नै गुमाउन पुग्दछ भन्ने आफ्नो धारणालाई अभिव्यक्त गरेका छन् ।

**मोदिआइन** उपन्यासमा धर्मयुद्धका नाममा भएका लडाइँका कारण सोझा तथा निरीह मनुष्यको बाँच्न पाउँने अधिकार हनन् हुनु ठूलो अपराध हो भन्ने कुरा व्यक्त भएको देखिन्छ । कृष्णले दिएको झुटो तार्किक प्रपञ्चका कारण हुन पुगेको भारत वर्षीय पौराणिक युद्धबाट पीडित नारीहरूको दयनीय अवस्थाको चित्रण **मोदिआइन**मा भएको छ । ठूलो बन्ने चाहनामा मान्छेले भङ्यकर गल्ती गर्ने सम्भावना हुँदा ठूलो बन्नुको सट्टा असल बन्न प्रयत्न गर्नुपर्ने विचार यस उपन्यासमा प्रकट भएको छ । धर्मका नाममा अर्कालाई मारेर आफू पनि सखाप हुने जस्तो अमानवीय कार्यको विरोध गर्दै उपन्यासकार कोइरालाले मानवीय जीवन सत्यको उद्घाटन यस उपन्यासमार्फत् गरेका छन् । ठीक यसै किसिमको जीवन-दर्शन उनको अर्को उपन्यास **हिटलर र यहुदी**मा पनि देख्न सकिन्छ । जातीयता र धर्मका नाममा भएको प्रथम र द्वितीय विश्वयुद्धको विभीषिकाबाट पीडित भएका मान्छेका अवस्थालाई यस उपन्यासमा चित्रण गरिएको छ । यस उपन्यासमार्फत् सच्चा शान्तिको चाहना सर्वत्र हुने कुरालाई उपन्यासकारले प्रष्ट पार्न खोजेका छन् । धार्मिक र सांस्कृतिक अस्मिताका बीचमा पनि मानवजीवनको मूल्यलाई नै महत्त्व दिनुपर्ने विचार उपन्यासकारले प्रकट गरेका छन् ( सुवेदी, २०५३ : २७४) । त्यस्तै कोइरालाको **बाबु, आमा र छोरा** उपन्यासमा नेपाली

समाजमा अमिल्दो वैवाहिक सम्बन्धले बज्रपात हुँदा उमाले भोग्नुपरेको जीवनको बाध्यतालाई नै अमानवीयताको पराकाष्ठाका रूपमा उपन्यासकारले अघि सारेका छन् ।

यसरी उपन्यासकार कोइरालाले आफ्ना उपन्यासका पात्रहरूलाई व्यक्तिगत स्वतन्त्रता, मानवअधिकार र अस्तित्वप्रति जागरुक रहेको देखाएका छन् । उनले दैवी शक्तिको भन्दा पनि मानवशक्तिको यथार्थलाई सत्य भएको स्वीकार्दै मानवहितका पक्षमा सबै उभिनु पर्ने सन्देश दिएका छन् । त्यसैले उनलाई मानवतावादी प्रवृत्ति भएका उपन्यासकारका रूपमा चिन्न सकिन्छ ।

## ख) नारीसमस्याको प्रस्तुति

विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना उपन्यासका पात्रहरूमध्ये पुरुषका तुलनामा नारीलाई विशेष महत्त्व दिएका छन् । उनले नारीका यौनआवेगदेखि सभ्य, सुन्दर रूप एवम् प्रेमसम्मलाई आफ्ना उपन्यासमा समेटेका छन् । नारीका प्रेम तथा सुखपक्ष पीडापक्ष र कुण्ठित वा विकृतपक्ष सबैको उपस्थिति उनका उपन्यासको विशेषता हो (गौतम, २०५३ : ८३) ।

उपन्यासकार कोइरालाले मानवीय सभ्यता, संस्कृति तथा परम्पराका पृष्ठभूमिमा पनि नारी मनभित्रका विभिन्न मनोवैज्ञानिक पक्षहरूलाई आफ्ना उपन्यासमा उतारेका छन् । नारी पात्रहरूको चित्रण गर्दै उनले नारीलाई अवला र कमजोर नदेखाई सबल अस्तित्व प्राप्तिका लागि सङ्घर्षरत पात्रका रूपमा चित्रण गरेका छन् । **तीन घुम्ती**की इन्द्रमाया त्यस्तै नारी पात्र हो । कोइरालाले आफ्ना उपन्यासको नारी पात्रहरूको विभिन्न प्रकारका मनोदशालाई केलाएका छन् । नारीका सबै पक्षलाई केलाउने क्रममा उपन्यासकार कोइरालाले नारीलाई जननीका रूपमा उच्च आदर्शका दृष्टिले हेरेको देखिन्छ । यस किसिमका नारी कोइरालाका प्रायः सबै उपन्यासमा देखिन्छन् तापनि **तीन घुम्ती**, **नरेन्द्रदाइ** र **बाबु, आमा र छोरा** उपन्यासका नारी पात्रहरूबाट यस कुराको पुष्टि हुन्छ । उपन्यासकार कोइरालाले आफ्ना नारी पात्रहरूलाई मानवीय मूल्य स्थापनाका लागि सङ्घर्ष विशेषता हो । यौनेच्छा र सन्तानेच्छा नारी-जीवनका मुख्य आवश्यकता हुन् । यसलाई सामाजिक, धार्मिक र नैतिक आदि बन्धनले रोक्नु हुँदैन र स्वास्नीमान्छेबाट प्रेम पाउने र आफ्नो आवश्यकता पूरा गर्नेतर्फ मात्र लोग्नेमान्छेले अधिकार राख्नुपर्छ तर उनको पतिव्रत्य र सतीत्वलाई ध्यान दिनुहुन्न (भट्टराई, २०५३ : ९) भन्ने उपन्यासकारको आफ्नै विचारबाट पनि उनको नारीप्रतिको उदार धारणालाई उजागर गरेको देखिन्छ ।

नारीपात्रहरूको ढुकढुकीबाट उपन्यासकार कोइरालाको स्वविवेक एवम् अन्तरात्मा हुन्छ (ढकाल, २०५६ १६) । कोइरालाले नारीलाई कमजोर नदेखाई पुरुषसरह सबल ठानेका छन् । नारीहरूप्रति समाजमा पुरुषसरह इज्जतपूर्वक बाँच्न पाउनु पर्छ भन्ने कुरा

कोइरालाका उपन्यासमा अभिव्यक्त भएको पाइन्छ । उपन्यासकार कोइरालालाई नारीहरूका पक्षधर पनि भनिन्छ किनभने उनले पात्रको मनलाई विश्लेषण गर्ने क्रममा पुरुष पात्रको भन्दा नारीपात्रको मनलाई ज्यादा खोतलेका छन् । नारीमन बढी भावुक र कल्पनाशील हुन्छ एवम् जटिल मनोसङ्गठनले युक्त रहन्छ भन्ने धारणा कोइरालाले राखेको पाइन्छ । उनका प्रत्येक उपन्यासका नारीहरू सक्रिय देखिन्छन् । कोइराला सामाजिक रूपमा र मनोवैज्ञानिक रूपमा नारीको समस्यालाई प्राथमिकता दिन रुचाउँछन् । त्यसैले उनलाई नारी समस्यामा केन्द्रित उपन्यासकार पनि मान्न सकिन्छ ।

कोइरालाले **तीनघुम्ती**की इन्द्रमाया, **नरेन्द्रदाइ**का गौरी र मुनरिया, सुम्निमाका सुम्निमा र पुलोमा, **मोदिआइन**की **मोदिआइन**, **हिटलर र यहुदी**का लक्ष्मी, रेखा थियोडोरा, इल्जे र **बाबु, आमा र छोरा** उपन्यासकी उमा आदि नारी पात्रहरूका नितान्त नारीजन्य भावना भोगाइ र अनुभवलाई कोइरालाले आफ्ना उपन्यासमा समेटेका छन् । विशेष किसिमका परिस्थितिमा चेपिएका नारी वर्गकै समस्याप्रति नै कोइरालाका उपन्यास केन्द्रित छन् । उनका ६ वटै उपन्यासका नारीपात्रका व्यक्तिगत समस्याले पनि समाजका नारी समस्यालाई उपन्यासमा केन्द्रीय महत्त्व दिनु कोइरालाको एउटा महत्त्वपूर्ण औपन्यासिक प्रवृति हो भन्न सकिन्छ ।

### ग) मिथकको युगसापेक्ष प्रयोग

आदिम मानिसहरूका जातिय आदिम सोच, दृष्टिकोण, प्रवृत्ति, कल्पना र प्रतीकका कथाहरू मिथक हुन् भने नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** उपन्यास मिथकीय पुनसिर्जनामा आधारित पहिलो कृति हो (बराल र एटम, २०५६ : २१६) । यस उपन्यासमा हिन्दू र किराँत जातिको धर्म-संस्कृतिलाई समिश्रण गरिएको छ । किराँती दन्त्यकथाको ‘पारुहाङ’ का रूपमा सुम्निमा र आर्यसभ्यताको प्रसिद्ध पुरुष विश्वामित्रका रूपमा सोमदत्तलाई उपन्यासकार कोइरालाले यस उपन्यासमा नायक-नायिकाका रूपमा प्रयोग गरेको पाइन्छ (ढुङ्गेल र दाहाल, २०५८ : २३८) । यसरी नेपाली उपन्यास क्षेत्रमा मिथकीय उपन्यास-लेखन तथा मिथकीय धारालाई भित्त्याउने कार्य कोइरालाबाट भएको पाइन्छ । तसर्थ उनलाई मिथकीय उपन्यासका प्रवर्तक पनि भन्न सकिन्छ ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका **मोदिआइन** र **हिटलर र यहुदी** उपन्यासमा पनि मिथकको प्रयोग भएको पाइन्छ । **मोदिआइन** उपन्यासमा महाभारतीय कुरुक्षेत्रको लडाइँको पुराकथालाई विषयवस्तु बनाइएको छ र गीता-दर्शनलाई युद्धका लागि अभिप्रेरित गर्ने तत्त्वका रूपमा लिइएको छ । यथार्थमा भन्ने हो भने गीता-दर्शन धर्मसापेक्ष छ तर कोइरालाले गीतादर्शनलाई जीवन-सापेक्ष रूपमा ढाल्नुपर्ने सन्देश यस उपन्यासका माध्यमबाट व्यक्त गरेका छन् । त्यस्तै **हिटलर र यहुदी** उपन्यासमा पनि श्रीमदभागवत

गीताका कृष्णलाई तत्कालीन जर्मन शासक हिटलरको स्तरमा उभ्याइएको छ । यस उपन्यासमा पनि कोइरालाले अँगालेको पुराकालीन विषयवस्तुले पुरानै अभिप्राय नदोहोऱ्याएर सुधारका निम्ति नवीन विचारको चेतना दिने कार्य गरेको छ (ढकाल, २०५६ : १४) । यसरी कोइराला नेपाली साहित्यमा मिथकीय उपन्यासका प्रवर्तक हुनुका साथै उनले मिथकलाई नवीन शैलीमा प्रयोग गरेका छन् र मिथकको युगसापेक्ष नवीन प्रयोग पनि उनको विशेषता एवम् प्रवृत्ति बनेको छ ।

## घ) नियतिवादी दृष्टिकोण

विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना उपन्यासहरूमा नियतिवादी विचारलाई पनि प्रस्तुत गरेका छन् । कोइरालाका उपन्यासमा मानव जीवनलाई नियतिमा आधारित देखाइएको छ । मान्छेले आफूले नगरेका पापहरूको पनि सजायँ भोग्न बाध्य हुन्छ भन्ने कुराको दृष्टान्त उनका उपन्यासमा देख्न सकिन्छ । उनका प्रायः सबै उपन्यासबाट मान्छेले जिन्दगीभरमा जे भोग्न पाउँछ त्यो नै उसको भाग्य हो भन्ने कुराको बोध हुन्छ । जीवनमा जे-जति घटना घट्छन् ती सबै नियतिजन्य हुन्छन् । नचाहँदा-नचाहँदै पनि र जान्दाजान्दै पनि जब मानिसले दुःखद् परिणाम भोग्न बाध्य हुनुपर्छ तब त्यही वाध्यता नै कोइरालाका विचारमा मानवनियति बन्न पुग्छ (शर्मा, २०५१ : २४३) । मानवजीवनका यावत सेरोफेरोमा जे-जस्ता संयोगपूर्ण घटनाहरू घट्दछन्, त्यसैलाई कोइरालाले नियतिका रूपमा सबिर्मित गरी देखाएका छन् ।

उपन्यासकार कोइराला आफ्ना सबै उपन्यासमा कुनै न कुनै रूपमा नियतिवादी विचारलाई प्रकट गर्न सफल भएका छन् । उनका उपन्यासका पात्रहरू नियतिबाट परिचालित भएको मान्न सकिन्छ । **तीन घुम्ती** उपन्यासकी इन्द्रमायाले गरेका निर्णयहरूलाई पनि कोइरालाले नियति-निर्दिष्ट नै मानेका छन् किनभने भविष्यलाई इन्द्रमाया सशक्त नै देख्छे : “मानिसले नै निर्णय गर्छ तर नियतिले निर्देश गरेकै बाटोमा हिँडेको हो” (राई, २०५० : २८४) । यदि नियतिले निर्दिष्ट नगरेको भए सायद इन्द्रमायाले त्यत्रो सङ्घर्ष गर्दैनथी होला ।

## ङ) मनोवैज्ञानिक प्रवृत्ति

विश्वेश्वरप्रसाद कोइरालाको आख्यान साहित्य मूलतः मनोविज्ञानमै आधारित छ । कथामा जस्तै उपन्यासलाई पनि उनले आफ्नो मनोविज्ञानको प्रयोगस्थल बनाएका छन् । उन्नाईसौं तथा बीसौं शताब्दीका पाश्चात्य मनोविश्लेषकहरू मूलतः फ्रायड, एड्लर, युङ्ग आदिबाट कोइराला निकै प्रभावित देखिन्छन् । उनीहरूका साहित्यबाट प्रभावित भएका कोइरालाले आफ्ना उपन्यासमा मानवीय अचेतन स्थितिको महत्त्वलाई दर्शाएका छन् । मान्छेका अन्तरहृदयमा निहित कुण्ठाबाट विकसित हुने विकृतिले मानिसलाई कसरी पीडित

गराउँछ भन्ने कुरा उनका उपन्यासको अध्ययनबाट स्पष्ट हुन्छ । उपन्यासकार कोइरालाले आफ्ना उपन्यासका पात्रहरूका मनमा जागेका वासनाहरूलाई लिएर यौनजन्य कुण्ठाहरूलाई जटिल समस्याका रूपमा प्रस्तुत गरेका छन् (बराल र एट्म, २०५६: २१३-१४) ।

मनोविश्लेषणका सिद्धान्तकारहरूका अनुसार मनोविज्ञानका पनि विभिन्न शाखा र स्वरूपहरू भएको पाइन्छ । ती स्वरूपहरूअन्तर्गत, अपराध मनोविज्ञान आदि पर्दछन् । कोइरालाका उपन्यासमा भने यौनमनोविज्ञान, असामान्य मनोविज्ञान, सामाजिक मनोविज्ञान आदिको बढी प्रयोग भएको पाइन्छ । कोइरालाका उपन्यासहरूमा मनोविश्लेषणात्मक प्रकारले चरित्रको प्रस्तुति भएको छ । कोइरालाले मूलतः नेपाली जनसंवेदनाबाट आडम्बर र पाखण्डपूर्ण ढङ्गले तिरस्कृत यौनलाई आफ्ना कृतिहरूमा केन्द्रीय तत्त्व स्वीकारेर एक महत्त्वपूर्ण मानसिक सत्यको उद्घाटन गरेका छन् (ढकाल, २०५६ : ९०-९१) । उनले नारी तथा पुरुष मनको विश्लेषणमा विशेष गरी फ्रायडवादी सिद्धान्त वा धारणालाई अबलम्बन गरे पनि आफ्नो मौलिकतामा विशेष जोडसमेत दिएको देखिन्छ । उनका उपन्यासमा यौनमनोविज्ञानको प्रयोग भएको छ र त्यस क्रममा **तीन घुम्ती** उपन्यासमा यौनमनोविज्ञानको प्रयोग विशेष किसिमले गरिएको देखिन्छ । यस उपन्यासमा इन्द्रमायाको सोचाइले गर्दा उनको प्रेमी (रमेश) बाट यौनतृप्ति प्राप्त गर्ने तर पनि (पिताम्बर) लाई वरण गरिराख्न चाहने अनौठो स्थितिको सृजना भएको छ । यस्तो स्थितिलाई समाजले अस्वीकार गर्ने भए पनि इन्द्रमायाका उद्दाम यौनचाहनाले गर्दा नै त्यो सम्भव भएको पाइन्छ । यसरी उपन्यासमा इन्द्रमायाको चरित्रलाई नेपाली सामाजिक मान्यताभन्दा भिन्न किसिमले प्रस्तुत गरिएको छ ।

असामान्य मनोविज्ञानको प्रयोग कोइरालाले आफ्नो **नरेन्द्रदाइ** उपन्यासमा पनि गरेका छन् । **नरेन्द्रदाइ** उपन्यासकी गौरीले सुरुमा पतिप्रेम नपाउँदा सानो बाबुलाई म्वाइँ खाने, अङ्कमाल गर्ने र रुनेजस्ता क्रियाकलाप गरेको देखिन्छ । यस किसिमको मनोविज्ञानलाई असामान्य मनोविज्ञान भन्न सकिन्छ । त्यस्तै असामान्य मनोविज्ञानको प्रयोग भएको उपन्यास सुम्निमालाई पनि मान्न सकिन्छ । यस उपन्यासका सोमदत्त र पुलोमाको स्थिति पनि असामान्य किसिमको देखिन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाका **मोदिआइन** र **हिटलर र यहुदी** उपन्यासमा अर्कालाई समाप्त पारी आफूसमेत मर्न तयार हुने अनौठो प्रवृति देखिन्छ । यस्तो मनोवृत्ति अपराध मनोविज्ञानमा पाइन्छ तापनि यी उपन्यासहरूमा मानवीय आकाङ्क्षाका अतिरिक्त दैवीय महत्त्वाकाङ्क्षाले गर्दा हृदयविदारक युद्धलाई निम्त्याउने कुरा यी दुवै उपन्यासहरूमा कोइरालाले व्यक्त गरेका छन् । कुरुक्षेत्रको युद्ध र द्वितीय विश्वयुद्धको दुष्परिणामले मानवसमाज ध्वस्त भएको सन्दर्भ यी दुवै उपन्यासहरूमा देखिन्छ । यस किसिमका युद्धलाई

देवताका नाममा सही मान्नु नै मानवतामाथि गरिएको प्रहार हो भन्ने मानवतावादी विचार उपन्यासकार कोइरालाको रहेको छ ।

कोइरालाका औपन्यासिक पात्रहरूमा नैतिक तथा धार्मिक अवरोधहरूले चेतनमनमा पूरा हुन नसकेका कामवासना अवचेतनमनमा जागिरहेको हुन्छ । यस किसिमको मनोविज्ञानलाई सामाजिक मनोविज्ञानले पनि प्रभाव पार्दछ किनभने सामाजिक अवरोधले नै व्यक्तिको मनमा असन्तुलन ल्याउँछ । यस किसिमको असन्तुलन कोइरालाका प्रायः सबै उपन्यासमा देख्न सकिन्छ, तापनि **सुम्निमा**, **हिटलर र यहुदी** र **बाबु, आमा र छोरा** उपन्यासमा यस किसिमको असन्तुलन कोइरालाका प्रायः सबै उपन्यासमा देख्न सकिन्छ, तापनि **सुम्निमा**, **हिटलर र यहुदी** र **बाबु, आमा र छोरा** उपन्यासमा यस किसिमको मनोविज्ञान बढी देख्न पाइन्छ । **सुम्निमा** उपन्यासका सोमदत्त र पुलोमा वैवाहिक सम्बन्धमा बाधिनुपूर्व क्रमशः सोमदत्त सुम्निमा (किराँतपुत्री) प्रति र पुलोमा भिल्ल युवकप्रति आकृष्ट भएका हुन्छन्, तापनि उनीहरूको धार्मिक परम्पराका कारण उनीहरू सुम्निमा (भिल्ल युवक) लाई वरण नगरी परम्पराअनुसार आफूहरू (सोमदत्त र पुलोमा) वैवाहिक सम्बन्धमा गाँसिएका हुन्छन् । उनीहरूका बीच वैदिक अनुष्ठानमूलक सम्भोगबाट सन्तान प्राप्त नभएपछि विस्तारै सम्भोगको चाहना निष्प्राण बनेर जीवन नै शून्यतिर धकेलिएको देखिन्छ । यस्तो परिस्थितिमा सोमदत्तको सुम्निमाप्रति र पुलोमाको भिल्ल युवकप्रति आवेग बढेको छ । जुन कुराको पुष्टि उनीहरूको पुत्र-प्राप्तिले गर्दछ । यसबाट के बुझ्न सकिन्छ भने सामाजिक तथा धार्मिक अवरोधले पनि मान्छेका यौनचाहनालाई कुण्ठित पार्दछ । **हिटलर र यहुदी** उपन्यासका पात्र नारायण, रेवा, 'म' आदिका माध्यमबाट उपन्यासकार कोइरालाले समाज-मनोविज्ञानको विश्लेषण गरेका छन् । यस उपन्यासका नारायण पाश्चात्य जगतका भए पनि पूर्वीय जगत्‌बाट अलग देखिएका छैनन् । त्यस्तै रेवा भारतीय संस्कृतिकी-नारी भए पनि पाश्चात्य जगत्‌का महिलाभन्दा बढी स्वतन्त्रताको चाहना गर्ने खालकी देखिन्छे ऊ जहाजयात्रामै 'म' पात्रसँग सम्बन्ध स्थापित राख्न सफल भएकी छे । अनि आफ्नो लोग्नेसँग भेट हुने बित्तिकै सामान्य भई पतिसँगै टाँसिन पुग्दछे । यसबाट पनि के बुझ्न सकिन्छ भने सामाजिक तथा धार्मिक अवरोधले गर्दा पूरा हुन नसकेका यौन चाहनाहरूलाई जति दमन गरे पनि मौका मिल्नासाथ उक्त चाहना पूर्ण गर्न मान्छे पछि पर्दैन । त्यस्तै कोइरालाको **बाबु, आमा र छोरा** उपन्यासमा पनि सामाजिक अवरोधका कारण पाको उमेरको तथा प्रौढ व्यक्तिसँग विवाह गर्न बाध्य भएकी नायिका (उमा) को मनोजगत्‌लाई चिरफार गरिएको छ । त्यस्तै कोइरालाको **बाबु, आमा र छोरा** उपन्यासमा पनि सामाजिक अवरोधका कारण पाको उमेरको तथा प्रौढ व्यक्तिसँग विवाह गर्न बाध्य भएकी नायिका (उमा) को मनोजगत्‌लाई चिरफार गरिएको छ । यस उपन्यासकी नायिका आफ्नो इच्छाविपरीतको

जिन्दगी भोग्न बाध्य भएकी छ । यसरी यी तीनवटै उपन्यासमा सामाजिक मनोविज्ञानलाई विविध रूपमा प्रयोग गरिएको छ ।

कोइरालाका उपन्यासहरूमा पात्रहरूको मनोविश्लेषण गर्ने क्रममा हीनता ग्रन्थिको पनि चित्रण गरिएको पाइन्छ । **नरेन्द्रदाइ** उपन्यासकी गौरी प्रारम्भमा पति (नरेन्द्र) को संसर्ग नपाउँदा आफ्नो शारीरिक अपरिपक्वतालाई अनुभव गर्दै हीनताको भावनाले ग्रसित देखिन्छे भने उपन्यासको अन्त्यतिर आउँदा मुनरियाले आफू मरिसकेको घोषणा गर्दै बाँचेकी देखिन्छे (बराल र एटम, २०५६ : ७७) । त्यस्तै **बाबु, आमा र छोरा** उपन्यासकी नायिका उमाले आफ्नो प्रेमीको पितासँग विवाह गर्दा भोग्नु परेका मानसिकताका कारण विद्रोह गर्न नसक्दा आत्महत्याको सोचाइलाई अघि बढाएकी छ । **हिटलर र यहुदी** उपन्यासको 'म' पात्रलाई रेवासँगको अन्तरङ्ग सम्बन्धले तत्कालीन सन्तुष्टि प्राप्त भए पनि लक्ष्मीका पात्रहरूको अध्ययन गरेपछि उसमा पश्चातापको अनुभूति भएको समेत पाइन्छ । यसरी कोइरालाका उपन्यासहरूमा हीनताग्रन्थिलाई पनि केलाइएको देखिन्छ ।

उपन्यासकार कोइरालाका उपन्यासहरूमा अहम्वृत्ति पनि महत्त्वपूर्ण रूपमा आएको पाइन्छ । **तीन घुम्ती** उपन्यासकी इन्द्रमाया र **नरेन्द्रदाइ** उपन्यासको नरेन्द्र अह्मग्रस्त देखिन्छन् । यिनीहरू दुवैले आफ्नो अहम्का कारण विद्रोही बनी घर छोडेका छन् । त्यस्तै वास्तविक यथार्थलाई दमन गर्ने अहम् **सुम्निमा** उपन्यासका सोमदत्त र पुलोमामा देखिन्छ । उनीहरूका अहम्ले वैवाहिक जीवन नै विकृत भएको पाइन्छ र यसरी उपन्यासकार कोइराला विभिन्न खालका मनोग्रन्थि, मनोविकृति एवम् मानसिक विकृतिहरूलाई प्रकट गर्न सफल भएका छन् । साहित्यिक सिर्जनाका माध्यमबाट मनोवैज्ञानिक स्वरूप र समस्यालाई कोइरालाले अभिव्यक्त गरेका छन् । सानो घटनामा पनि विशेष चारित्रिक स्वरूपको उद्घाटन गर्न उनी सफल देखिन्छन् ।

कोइरालाले आफ्ना उपन्यासमा यौनमनोविज्ञानलाई प्रयोग गर्ने क्रममा कथानकलाई भन्दा उपन्यासका पात्रहरूका अचेतन मनका उतार-चढावलाई तथा यौनजन्य कुण्ठा, आवेग, संवेग, अन्तर्द्वन्द्व एवम् त्यसबाट उब्जने मानसिक विकृति र विसङ्गतिलाई मनोविश्लेषणात्मक प्रकारले प्रस्तुत गरेका छन् । उनले आफ्ना उपन्यासमा गरेका मनोविश्लेषणका सन्दर्भमा यस्तो अभिव्यक्ति दिइएको पाइन्छ-

> *मैले आफ्ना रचनाहरूमा हाम्रो जीवनकै महत्त्वपूर्ण पक्षका सम्बन्धमा नै उदार दृष्टिकोण राखिदिएको हो, किनभने यौन हाम्रा लागि महत्त्वपूर्ण विषय हुँदाहुँदै पनि यस सम्बन्धमा विकृत धारणा लिन थालियो भने समाज नै बिग्रन्छ भन्ने मेरो सोचाइ छ । यौनलाई लुकाएर राख्नु हुँदैन, खुला छाडिदिनुहुन्छ । खुला छाडिदिएको खण्डमा यसप्रतिको उत्सुकता घट्छ, कसैले पनि विकृत धारणा लिन सक्दैन (ढकाल, २०५६ : ९२) ।*

कोइरालाको यस किसिमको अभिव्यक्तिबाट पनि उनका उपन्यासहरूमा यौनमनोविश्लेषण प्रचुर मात्रामा भएको स्पष्ट हुन्छ । फ्रायडवादी चिन्तनलाई आफ्ना उपन्यासमा अवलम्बन गरे पनि कोइरालाले आफ्नो मौलिकतालाई भने बिर्सेका छैनन् । यस कुराको पुष्टि पनि उपन्यासकारकै अभिव्यक्तिबाट हुन्छ । उनी भन्छन्- “फ्रायड-सिद्धान्तलाई म मान्छु तर अझ अघि बढेर आज नैतिकतामा पुगेको छु (मोदिआइन, पृ. दोस्रो पाना) ।”

यसरी कोइरालाले आफ्ना उपन्यासमा मनोविज्ञानलाई विविध रूपबाट विश्लेषण गरेको देखिन्छ र उनलाई मनोवैज्ञानिक तथा यौनमनोवैज्ञानिक उपन्यासकार मान्न सकिन्छ । कोइराला मनोवैज्ञानिक साहित्यकार तथा उपन्यासकार भएकाले मानवमनलाई विश्लेषण गरी मनका हरेक तह-तहलाई केलाएर उपन्यासमा प्रकट गर्दछन् । मनोविश्लेषणात्मक कोणबाट मान्छेलाई सामाजिक र वैयक्तिक सन्दर्भमा परिचित गराउनु उनको औपन्यासिक विशेषता एवम् प्रवृत्ति हो । मान्छे कसरी बाँच्ने प्रक्रियामा छ, त्यही मानव जीवनको सेरोफेरोलाई साहित्यिक कलाद्वारा अभिव्यक्त गर्ने शैली उपन्यासकार कोइरालाको औपन्यासिक स्वभाव पनि हो । आर्थिक र सामाजिक परिवेशलाई अघि सार्ने क्रममा पनि मनोविश्लेषणात्मक सिद्धान्तबाट प्रभावित भएका कोइरालाले मानव मनको समाजसापेक्ष विश्लेषण गरेका छन् । उनी व्यक्तिगत इच्छा तथा वैयक्तिक सुखलाई मानव स्वतन्त्रताको महत्त्वपूर्ण हिस्सा मान्दछन् । त्यसकारण जहाँ वैयक्तिक सुखको अप्राप्य परिस्थिति खडा हुन्छ, त्यहाँनिर मान्छेको परिवार समाज आदिमा द्वन्द्व, समस्या, विचलन परम्परा तथा संस्कारको विद्रोहजस्ता कुराहरू हुन्छन् भन्ने विचारलाई कोइरालाले आफ्ना उपन्यासका माध्यमबाट अभिव्यक्त गरेका छन् । कोइरालाले सिर्जनाका क्रममा विषयवस्तुका रूपमा समाज, परम्परा, संस्कारको सन्दर्भलाई जोड्दै मनोविश्लेषणअन्तर्गत यौनविश्लेषणलाई अँगालेका छन् । यौनलाई जैवीय आवश्यकताका रूपमा नस्वीकार्दा समाजमा विविध खाले विखण्डन एवम् तनावहरू उत्पन्न भएको कुरालाई कोइरालाले उपन्यासमा उद्घाटन गरेका छन् । उनी कुशलताका साथ उपन्यासका पात्रहरूलाई यौनमनोवैज्ञानिक दृष्टिकोणबाट विश्लेषण गरी मर्मस्पर्शी रूपमा चरित्रचित्रण गर्दछन् । उनी चरित्रचित्रणअन्तर्गत पनि नारी चरित्रलाई विशेष जोड दिँदै नारीको मनलाई संवेदनशील मान्दछन् । नारीको सौन्दर्य, भावुकता, इच्छा, पीडा आदि विषयमा उपन्यासकारले निकै अभिरुचि प्रकट गरेका छन् । कोइराला आत्मीय र दैहिक स्वरूपलाई सँगसँगै राखेर मनोविश्लेषण गर्ने उपन्यासकार हुनाले उनका उपन्यासमा बढीभन्दा बढी यथार्थताको अनुभव गर्न सकिन्छ ।

### च) विसङ्गतिवादी-अस्तित्ववादी प्रवृत्ति

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विसङ्गतिवादी तथा अस्तित्ववादी विचार पनि उल्लेखनीय रूपले प्रकट भएको पाइन्छ । उनले व्यक्तिका मनमा

पाइने मानसिक विसङ्गति र मानव-समाजमा रहेका सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक आदि विसङ्गतिहरूलाई आफ्ना उपन्यासहरूमा चित्रण गरेका छन् । उपन्यासकार कोइरालाले मानिसहरू जीवनमा आइपर्ने विविध किसिमका विसङ्गत परिवेशबीच पनि सङ्गति वा अस्तित्वको खोजी गर्दछन् भन्ने विचारलाई आफ्ना उपन्यासमार्फत् अभिव्यक्ति गरेका छन् । उनी खास गरी मनोविश्लेषणवादी सर्जक भएकाले उनका उपन्यासमा विसङ्गतिबाट उत्पन्न विकृत पक्षको खोजी गरिएको हुन्छ । त्यस क्रममा मानवजीवनमा असङ्गत तथा शृङ्खलाविहीन क्रियाकलाप, घटना आदिलाई नै उनले उपन्यासको सेरोफेरो बनाएका छन् । उनका **तीन घुम्ती**, **नरेन्द्रदाइ**, **मोदिआइन** सुम्निमा, **हिटलर र यहुदी** र **बाबु, आमा र छोरा** उपन्यासमा प्रयोग गरिएका विभिन्न पात्रहरूमा विसङ्गतिमूलक अनि अस्तित्वमूलक विचारको चित्रण भएको पाइन्छ ।

**तीन घुम्ती** उपन्यासमा मुख्यतः अस्तित्ववादी दर्शनमा नै आधारित उपन्यास हो । यस उपन्यासकी नायिका इन्द्रमायाले सामाजिक बन्धनलाई पर्वाह नगरी आफ्ना तीन रूप (प्रेमिका पत्नी र आमा) लाई पूर्ण गरेकी छ । यस क्रममा इन्द्रमायाले विसङ्गत जीवनलाई दृढताका साथ अस्तित्वयुक्त बनाउन सफल भएको कुरा छर्लङ्ग पारिएको छ । इन्द्रमायाले गरेका निर्णयलाई साहसी कदम मान्नुपर्छ र उसलाई पतिका अधीनमा शासित भएर बस्ने अलवा नारीभन्दा उपल्लो अस्तित्व प्राप्त गर्ने असामान्य नारीको स्थानमा राख्न सकिन्छ (शर्मा, २०५१: २३९) । तत्कालीन परिवेशमा यसै आस्थाको समर्थनका निमित्त कोइरालाले **तीन घुम्ती** उपन्यासमा लेखेको बुझिन्छ ।

**नरेन्द्रदाइ** उपन्यासमा कोइरालाले व्यक्तिगत र सामाजिक विसङ्गतिका साथै अस्तित्वलाई खोजी गरेको पाइन्छ । यस उपन्यासमा विसङ्गतिमूलक जीवनको व्याख्या गरिएको छ । त्यसैले यस उपन्यासमा नरेन्द्रले घर-परिवार तथा समाजलाई अवहेलना गरी घरकी काम गर्ने केटी मुनरियालाई भगाएर लगे पनि अन्त्यतिर क्षयरोगले ग्रसित तथा जीर्ण भई मुनरियालाई छोडेको देखिन्छ । साथै गौरीको जीवन विसङ्गतिमय देखिन्छ भने मुनरियाको जीवन पनि दुःखदायी नै देखिन्छ । यस उपन्यासका पात्र गौरी, नरेन्द्र र मुनरियाको  विभिन्न समयमा आफ्नो जीवनमा आइपरेका विशृङ्खलता र उथलपुथललाई बेहोर्नु परेको कुरा व्यक्त भएको छ । मानिसले विसङ्गत परिस्थितिको सामना गर्न वाध्य हुनुपर्छ भन्ने विचारलाई कोइरालाले यस उपन्यासमा मार्मिक रूपमा अभिव्यक्त गरेका छन् । यस उपन्यासमा विसङ्गत जीवनका बीचबाट अस्तित्वको समेत खोजी गरिएकाले यसलाई विसङ्गतिवादी-अस्तित्ववादी कृति हो भन्न सजिलै सकिन्छ ।

यसै गरी विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** उपन्यासमा पनि विसङ्गतिवादी तथा अस्तित्ववादी दृष्टिकोण रहेको देखिन्छ । कोइरालाले यस उपन्यासमा पौराणिक तथा सांस्कृतिक विचारलाई नवीन समयको सन्दर्भअनुरूप परिवर्तन गर्न नसक्दा आइपर्ने

विसङ्गतिमूलक परिणतिको विश्लेषण गरेका छन् । अध्यात्मवादी चिन्तनप्रतिको एकोहोरो लगाव र परिपोषकताले सोमदत्तको जीवन विसङ्गत बनेको दृष्टान्तलाई यस उपन्यासमा प्रकट गरिएको पाइन्छ । साथै यस उपन्यासमा सोमदत्त र पुलोमाले विसङ्गत दर्शनलाई अघि सारेको देखाइए तापनि अन्ततः सोमदत्तको छोरा र सुम्निमाकी छोरीबीच मिलन भएकाले अस्तित्ववादी विचारसमेत प्रकट भएको देखिन्छ । उनीहरूको मिलनमा आशीर्वाद दिने क्रममा सुम्निमाले आफ्नो जुवाँइ (छोरीको पति वा सोमदत्तको छोरा) लाई भन्छे-

*तिमीले पनि केही छोड्न तयार भएर सम्झौता गर्ने प्रयत्न गर्नुपर्छ, त्यस्तै छोरीले पनि तिम्रो कुरा सुनेर आफ्नो बाटोलाई केही छोड्न तयार हुनुपर्छ, (सुम्निमा, पृ. १००) ।*

सुम्निमाको यस भनाईबाट के स्पष्ट हुन्छ भने मान्छेले अस्तित्व प्राप्तिका लागि आफू हिँडेको बाटोबाट एक खुड्किलो माथि चढ्नु पर्छ र कहिलेकाँही तल पनि झर्नु पर्छ । तब मात्र मान्छेको अस्तित्व कायम रहन्छ । यसरी आध्यात्मिक र भौतिकवादी दुवै दर्शनको प्रयोग गरी लेखिएको यस उपन्यासमा कोइरालाको विसङ्गतिवादी-अस्तित्ववादी प्रवृत्तिसमेत प्रकट भएको देखिन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासमा पनि मानवीय जीवनको चित्रणका क्रममा विसङ्गतिवादी-अस्तित्ववादी विचारलाई प्रस्तुत गरिएको पाइन्छ । कोइरालाले यस उपन्यासमा मानवजीवनको विसङ्गत् एवम् विशृङ्खल परिवेशलाई ऐतिहासिक परिप्रेक्ष्यमा प्रस्तुत गरेका छन् । दैवीय अहम्ले उत्पन्न विकृतिबाट कैयौँ मानव जीवनले सङ्गतिहीन, अस्तव्यस्त तथा अस्तित्वविहीन हुनु परेको तथ्य उपन्यासकार कोइरालाले यस उपन्यासमा अघि सारेका छन् । तत्कालीन महाभारत युद्ध मानवजीवनमा विसङ्गति भित्त्याउने पौराणिक काण्ड भएको दृष्टिकोण कोइरालाले प्रकट गरेका छन् । उपन्यासमा चित्रण गरिएको युद्धपीडित विधवा नारीको अवस्थाबाट यस कुराको पुष्टि भएको पाइन्छ, जस्तै :

*युग-युगदेखि मेरो प्राणनाथले शरीर खसेको थलोमा आए बसेकी छु, अनन्तसम्म बसिरहने छु, यस तनावको किनारमा, जुन थलो मेरो लागि मेरो प्रेमीको शरीरको अन्तिम स्पर्शले प्रिय बनाएको छ । हामी विधवा लाखौँ नारी महभारतको युद्धमा विधवा भएका ठाउँ ठाउँमा युग-युगदेखि पर्खी बसेका छौँ, मरेका प्याराका लागि (मोदिआइन, पृ. ५८) ।*

यस किसिमको विचारबाट अस्तित्वका निम्ति सङ्घर्ष गर्नुपर्छ भन्ने अस्तित्ववादी विचार 'नारी' पात्रका माध्यमबाट प्रस्तुत गरिएको देखिन्छ । यसरी कोइरालाले **मोदिआइन**मा जीवनको विसङ्गतिलाई उद्घाटित गर्दै अस्तित्वको चेतलाई समेत प्रस्तुत गरेका छन् ।

**हिटलर र यहुदी** उपन्यासमा पनि विसङ्गतिवादी-अस्तित्ववादी विचारलाई कोइरालाले अघि सारेका छन् । उपन्यासकार कोइरालाले यस उपन्यासमा मानव नरसंहारको ऐतिहासिक घटनालाई उल्लेख गर्दै यसबाट मानवजीवनमा विकसित भएका विसङ्गत

पक्षहरूलाई सचित्र अभिव्यक्त गरेका छन् । उनले यसमा क्रमभङ्ग जीवनका मार्मिक पक्षलाई उतारेर विसङ्गतिवादी विचार प्रस्तुत गरेको देखिन्छ । यसै गरी कोइरालाको **बाबु, आमा र छोरा** उपन्यासमा पनि विसङ्गतिवादी विचारलाई प्रकट गरिएको पाइन्छ । आफ्नै छोराको गर्भवती प्रेमिकासित बाबुले दोस्रो विवाह गर्नु जस्तो विसङ्गत् जीवनको घटनालाई यसमा समेटिएको छ ।

यसरी विश्वेश्वरप्रसाद कोइराला विसङ्गतिवादी-अस्तित्ववादी उपन्यासका रूपमा स्थापित रहेको पाइन्छ । उनले आफ्ना प्रायः सबै उपन्यासहरूमा जीवनको क्रमहीनतालाई उद्घाटन गरेका छन् । पूर्वीय तथा पाश्चात्य संसारको मानवजीवन विसङ्गतपूर्ण छ र अस्तित्वका लागि सङ्घर्षरत पनि छ भन्ने विचार उनले अभिव्यक्त गरेको देखिन्छ । मानिसका भित्री र बाहिरी दुवै पक्षको विसङ्गतिमूलक परिवेशलाई उपन्यासकार कोइरालाले अभिव्यक्त गरेकाले उनका उपन्यासमा विसङ्गतिवादी तथा अस्तित्ववादी प्रवृत्ति रहेको स्पष्ट हुन्छ ।

### छ) आत्मिक प्रेममा आस्था

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूको अध्ययनबाट उनी आत्मिक प्रेममा विश्वास गर्ने उपन्यासकार हुन् भन्ने बुझ्न सकिन्छ किनभने उनले आफ्ना उपन्यासमा प्रेमसम्बन्धी धारणा प्रस्तुत गर्ने क्रममा आत्मिक प्रेमको महत्त्वलाई स्थापित गर्ने प्रयास गरेका छन् । उनी आत्मिक प्रेमलाई अगाध विश्वास राख्ने पात्रलाई उपन्यासमा सबल उपस्थित गराउन रुचाउँछन् । प्रेमको व्याख्या गर्ने सिलसिलामा उपन्यासकार कोइरालाले नारी र पुरुषबीचको नैसर्गिक प्रेमलाई विविध कोणबाट उद्घाटन गरेका छन् । यद्यपि उनी फ्रायडवादी दृष्टिकोणलाई जोड दिने उपन्यासकार हुनाले मान्छेको अभिन्नता स्वीकार गरेका छन् । आत्मा र देहको समन्वयलाई वैयक्तिक स्वतन्त्रता र सुखसित गाँसेर प्रस्तुत गर्नु उपन्यासकार कोइरालाको विशेषता मानिन्छ ।

**तीन घुम्ती** उपन्यासकी नायिका इन्द्रमायाले शारीरिक सुख प्राप्तिका लागि सतीत्व गुमाएकी छ  तर पिताम्बरलाई आत्मिक प्रेम पनि गरिरहेकी छ र रमेशसँगको संसर्गबाट छोरी जन्माएर पनि पतिप्रेममा कुनै फरक नपर्ने कुरा व्यक्त गरेकी छ । यसबाट कोइरालाले प्रेमको वास्तविक स्वरूप शारीरिकभन्दा पनि आत्माका बीचको सम्बन्ध हो भन्ने प्रस्ट्याउन खोजेको देखिन्छ ।

**नरेन्द्रदाइ** उपन्यासमा गौरीले पति नरेन्द्रलाई आत्मिक प्रेम गरेको कुरा स्पष्ट देखिन्छ । साथै मुनरियाले पनि त्यस्तै गरेकी छ । यस उपन्यासमा नरेन्द्रंले नोकर्नी मुनरियालाई अँगाले पनि गौरीको नरेन्द्रप्रतिको प्रेम र आस्थामा कुनै कमी देखिँदैन । त्यस्तै मुनरियाले बनारसको एक बूढो जौहरीसँग दोस्रो विवाह गरे पनि नरेन्द्रलाई नै आत्मिक प्रेम गरेकी छ ।

उपन्यासमा उत्तरार्द्धमा नरेन्द्रले पनि गौरीबाट आत्मिक प्रेमको अनुभव गरेको कुरा उपन्यासकारले यस उपन्यासमा देखाएका छन् ।

त्यस्तै आत्मिक प्रेमको अर्को नमुना **सुम्निमा** उपन्यासमा पनि पाउन सकिन्छ । यस उपन्यासमा सोमदत्तले सुम्निमालाई र पुलोमाले भिल्ल युवकलाई आत्मिक प्रेम गरिरहेको कुराको पुष्टि पुत्र प्राप्तिका लागि गरेको कार्यमा ती दुवैले सुम्निमा र भिल्ल युवकलाई स्मरण गरेबाट स्पष्ट हुन्छ ।

**मोदिआइन** उपन्यासमा पनि मोदिआइनले आफ्नो पूर्ववर्ती (कुरुक्षेत्रको युद्धमा सहिद भएको) को प्रतीक्षामा बसिरहेको कुरा गरेकी छ-

*म सरह लाखौंलाख नारीहरूको प्रेतात्मा आफ्नो अनन्तको बैधव्यले व्यथा बोकेर चौध भुवनमा भौँतारिएर हिँडिरहेका छन्, आफ्ना प्यारालाई खोज्दै, (मोदिआइन, पृ. ५८) ।*

यसरी नै कोइरालाले **हिटलर र यहुदी** उपन्यासमा पनि रेवा र नारायणले आत्मिक प्रेमका सम्बन्धमा आ-आफ्ना धारणा व्यक्त गरेका छन् । त्यस्तै कोइरालाको अर्को उपन्यास **बाबु, आमा र छोरा**मा पनि नायिका (उमा) ले आफ्नो आत्मिक प्रेमको सम्बन्धमा नै बूढो पतिसँग दिन बिताएकी छे ।

**मोदिआइन** उपन्यासमा कोइरालाले आत्मिक प्रेमको राम्रो नमुना प्रस्तुत गरेका छन् । उनले यसमा नारीहरूको चरित्रचित्रणबाट आत्मिक प्रेमलाई सोदाहरण छर्लङ्ग पारेका छन् । **मोदिआइन** उपन्यास नारीहरूको करुणा-वेदनाले भरिपूर्ण देखिन्छ । विधवा नारीहरूको जीवनले भोग्नु परेका अकल्पनीय पीडालाई यस उपन्यासमा अभिव्यक्त गरिएको छ । मोदिआाइनभित्रको मातृत्वको चाहना युगौं पहिलेदेखि रहेको कुरालाई उपन्यासकारले आश्चर्यजनक तरिकाबाट व्यक्त गरेका छन् । मोदिआइनभित्र पनि आत्मिक प्रेमको अखण्ड भण्डार रहेको कुरा यस उपन्यासमा 'म' पात्रसित मोदिआइनले गरेको संवादले प्रष्ट पारेको छ । उनले महाभारतकालीन नारीको अर्को रूप नै मोदिआइन हो भन्ने सङ्केत उपन्यासमा दिन खोजेका छन् । कोइरालाले महाभारतकालीन नारीहरू पनि मोदिआइनजस्तै सन्तानहीन भएकाले मातृत्वबाट बञ्चित थिए र तिनै नारीहरूमध्येकी एउटी 'नारी' नै मोदिआइनका रूपमा रहेको देखाउन चाहेका छन् । उनीहरू भर्खर यौवनका प्रथम प्रहरमा उभिएको र यस्तो यौवनावस्थामा समरको भयावहताले ती नारीहरू व्याकुल थिए भन्ने उपन्यासकारले देखाएका छन् । प्रस्तुत उपन्यासमा मोदिआइनलाई मातृत्वबाट वञ्चित तथा त्यसबाट ग्रसित गएर बाँच्न विवश हुनुका साथै वैचारिक अभिव्यक्ति दिनसमेत सफल नारीका रूपमा हुनुका साथै वैचारिक अभिव्यक्ति दिनसमेत सफल नारीका रूपमा देखाइएको छ । यस क्रममा मोदिआइन मातृत्व र प्रेमसम्बन्धी अवधारणा निकै मार्मिक ढङ्गले प्रकट गर्दछे । रात्रि 'म' पात्र डराएर सुत्न नसक्दा मोदिआइन बालकसँगै बसेर कथा सुनाएर उसलाई

सुनाउने प्रयास गर्छे जुन कार्य आम महिलाहरूले आफ्ना सन्तानका लागि गरेका हुन्छन् । यसबाट पनि उसमा सन्तानको चाहनाका साथसाथै आत्मिक प्रेमको ठूलो प्रभाव रहेको बुझ्न सकिन्छ किनभने एउटा नचिनेको बालकप्रति त्यति आत्मीयता तथा ममता देखाउनु **मोदिआइन**भित्र लुकेर बसेको मातृत्वको चाहना नै हो ।

यसरी उपन्यासकार कोइरालाका सम्पूर्ण उपन्यासहरूको अध्ययनबाट उनी आत्मिक प्रेममा विश्वास तथा आस्था राख्ने उपन्यासकार हुन् भन्ने कुरा स्पष्ट हुन्छ उनका विचारमा आत्मिक प्रेम र शारीरिक यौनसम्बन्ध फरक-फरक कुरा हुन् भन्ने देखिन्छ । यसरी आत्मिक प्रेममा आस्था देखाउनु पनि कोइरालाको अर्को औपन्यासिक प्रवृत्ति हो ।

### ज) चरित्रचित्रणमा जोड

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू सानो कथाबाट सुरु भएका हुन्छन् । विषयवस्तुको प्रस्तुतीकरणमा कोइरालाका उपन्यासका पात्रहरूले गहन भूमिका खेलेका हुन्छन् । उपन्यासकार कोइराला मनोविश्लेषक भएकाले उनी आफ्ना उपन्यासमा पनि पात्रको कुण्ठा, पीडा, द्वन्द्व आदिको विश्लेषण गर्दछन् । उनले विकृतिमा फसेका पात्रहरूलाई आफ्ना उपन्यासमा समेटेर क्षीण कथावस्तुबाट नाटकीय ढङ्गले चरित्रको व्याख्या गरेका छन् । यस क्रममा पनि उनले चरित्रका अन्तरमुखी प्रवृत्तिलाई केलाउने कुरामा जोड दिएको देखिन्छ । उनका उपन्यासहरू घटनाप्रधान हुँदाहुँदै पनि चरित्रप्रधानसमेत देखिएका छन् । सानो घटनाका माध्यमबाट पनि व्यापक चरित्रको उद्घाटन गर्ने सिर्जनात्मक कला, उपन्यासकार कोइरालामा पाइन्छ । उनका उपन्यासले पात्रको कुण्ठा, पीडा, द्वन्द्व आदिको विश्लेषण गर्दछन् । उपन्यासमा चरित्र-चित्रणमा जोड दिइनुलाई कोइरालाको औपन्यासिक प्रवृत्तिअन्तर्गत राख्न सकिन्छ ।

उपन्यासकार कोइरालाले आफ्ना उपन्यासमा पटकथा नभनी पात्रहरूको मनलाई खोतलेर व्यक्तिको मनोग्रन्थि, मनोदशा एवम् मनोविकारको प्रस्तुति गरेका छन् । थोरै तर सशक्त पात्रहरूलाई प्रस्तुत गर्नु कोइरालाको विशेषता हो । तिनै सशक्त पात्रहरूले गर्दा नै कोइरालाका उपन्यासहरू एक निश्चित मोडमा पुगेका देखिन्छन् । **तीन घुम्ती** उपन्यासकी इन्द्रमाया त्यस्तै सशक्त पात्र हो जसका जीवनमा तीनवटा स्वतन्त्र निर्णयबाट नै यो उपन्यास अघि बढेको छ । उसको आकाङ्क्षा उपन्यासको मुख्य चरित्रगत उद्देश्य भएर प्रस्तुत भएको छ । **नरेन्द्रदाइ** उपन्यासको नरेन्द्र अस्तित्वको चाहनामा भड्केको तर उपन्यासलाई ठोस दिशा प्रदान गर्ने प्रमुख चरित्र हो । गौरी र मुनरिया नरेन्द्रको व्यक्तित्वसँग गाँसिएका पात्रहरू हुन् । यिनीहरूको सहयात्राबाट नै यस उपन्यासको नायक **नरेन्द्रदाइ** कहलाइएको छ । साथै गौरी र मुनरियाको भूमिकाले पनि त्यतिकै महत्त्व प्राप्त गरेको छ । तसर्थ उपन्यासमा पनि घटनालाई भन्दा ज्यादा चरित्रमा जोड दिइएको छ ।

त्यस्तै **सुम्निमा** उपन्यासका सोमदत्त, सुम्निमा र पुलोमा तीनैजना आ-आफ्ना धारणालाई व्यक्त गर्ने सशक्त पात्रका रूपमा देखिएका छन् । यस उपन्यासमा उपन्यासकारले मार्मिक शैलीमा चरित्रचित्रण गरेको पाइन्छ । भिन्न संस्कृति र भिन्न दर्शन अँगालेका मानिसहरूको चरित्रलाई यस **सुम्निमा** उपन्यासले स्वाभाविक रूपमा चित्रण गरेको पाइन्छ ।

**मोदिआइन** उपन्यासकी मोदिआइन पनि यस्ती पात्र हो जसको चरित्र चित्रणले यस उपन्यासको कथावस्तुलाई निश्चित गोरेटोलाई उन्मुख गरेको छ । मोदिआइनले व्यक्त गरेका विचारबाट कोइरालाले चरित्रचित्रणका निम्ति ठूलो परिश्रम गरेको कुरा स्पष्ट हुन्छ । उपन्यासकार कोइरालाको **हिटलर र यहुदी** र **बाबु, आमा र छोरा** उपन्यासमा पनि पात्रहरूको क्रियाकलाप, चिन्तन तथा बौद्धिकता नै उपन्यासको सारवस्तु भएर आएको छ ।

उपन्यासकार कोइरालाले आफ्ना उपन्यासमा परिवेश तथा वातावरणसँग सुहाउँदा किसिमका चरित्रलाई प्रयोग गरेका छन् । उनका उपन्यासमा पात्रहरूको मनस्थिति, क्रियाकलाप एवम् व्यवहार जीवन्त देखिन्छ । त्यसैले कोइरालाका उपन्यास चरित्रचित्रणका दृष्टिले बेजोड देखिन्छन् । चरित्रचित्रणको यही सबलता, सघनता र उपन्यासकारको ज्यादा चासो उनको प्रमुख औपन्यासिक प्रवृत्ति र विशेषता बन्न गएको छ ।

### झ) द्वन्द्वको सबल प्रस्तुति

द्वन्द्वलाई उपन्यासको एक आवश्यक अङ्ग मानिन्छ । उपन्यासमा कथावस्तु र पात्रको क्रियाकलापसँग आबद्ध भएर आउने तथा उपन्यासलाई गति दिने तत्त्व नै द्वन्द्व हो, (सुवेदी, २०६३ : १८) । उपन्यासकार कोइरालाका उपन्यासमा द्वन्द्वको सफल प्रस्तुतीकरण रहेको छ । उनका उपन्यासमा प्रस्तुत भएको द्वन्द्व पात्रको जीवनमा आएका घटनाक्रममा आधारित देखिन्छ । कोइराला दार्शनिक उपन्यासकार पनि भएकाले उपन्यासमा उनले दर्शनको प्रतिपादन गर्न पनि द्वन्द्वको प्रयोग गरेका छन् । उनका उपन्यासमा पाइने द्वन्द्व उपन्यासभित्रको वैचारिक सारतत्वलाई उजागर गर्न सफल देखिन्छ । भिन्न विचार र संस्कृति आदिका बीचमा द्वन्द्वात्मक चरित्रचित्रण गरेर कोइरालाले उपन्यासलाई सशक्त बनाएका छन् । उनले व्यक्तिको भित्री र बाहिरी द्वन्द्वलाई रोचकता साथ उद्घाटन गरेका छन् । कोइरालाको सामाजिक परम्परामा नयाँ र पुराना पुस्ताबीच हुने वैचारिक विषमताको कारण राम्रो चित्रण गरी त्यहाँतिर द्वन्द्वको जन्म हुने कुरालाई सबल ढङ्गले अघि सारेको पाइन्छ । धर्म, दर्शन, सामाजिक परिवेश र मनको स्वतन्त्रताबीच जहिले पनि द्वन्द्व भइरहने यथार्थलाई कलात्मक रूपमा उतार्नु उनको विशेष प्रवृत्तिभित्र पर्दछ । मान्छेलाई द्वन्द्वले नै समर्थ बनाउँछ भन्ने विचारले उनका उपन्यासमा प्रभाव जमाएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** उपन्यासकी इन्द्रमायामा आन्तरिक रुचि तथा चाहना र बाह्य परिवेशबीच द्वन्द्व देखिन्छ । उसको शक्तिशाली आन्तरिक दृढताका कारणले नै उसले आफ्नो जीवनमा तीन मोड ल्याएकी छ । तीन निर्णयका क्रममा भएका मानसिक द्वन्द्वले उसलाई एउटा निश्चित निर्णयमा पुऱ्याएर छोडेको छ । इन्द्रमायाको यस किसिमको द्वन्द्वलाई नारीनियति र अस्तित्वबीचको कलापूर्ण द्वन्द्व मान्न सकिन्छ (शर्मा, २०५१ : २३९) । यसबाट नेपाली समाजको अवस्थालाई समेत उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ ।

**नरेन्द्रदाइ** उपन्यासमा बाह्य र आन्तरिक दुवै द्वन्द्व देखिन्छ । यसमा गौरीको आन्तरिक द्वन्द्व छ भने नरेन्द्र र उसका परिवारबीच बाह्य द्वन्द्व छ । यी दुई द्वन्द्वमध्ये पछिल्लो द्वन्द्व बढी उत्तेजक भएकाले नरेन्द्रले नोकर्नी लिएर घर त्याग्दछ । **सुम्निमा** उपन्यासमा सोमदत्त सुम्निमाबीच विपरीत विचारको द्वन्द्व रहेको छ । साथै सोमदत्त र पुलोमामा आन्तरिक द्वन्द्व प्रखर रूपमा रहेको देखिन्छ । उनीहरूको आन्तरिक द्वन्द्वको विकराल स्थितिको बाह्य द्वन्द्वको सिर्जना भएको छ । जसले गर्दा उनीहरू बीचको सम्बन्ध चिसिँदै गएको छ । त्यस्तै **मोदिआइन** उपन्यासमा सशक्त रूपमा वैचारिक द्वन्द्व देखाइएको छ । दैवी विचार र मानवीय द्वन्द्व देखाइएको यस उपन्यासमा कोइरालाले मानवीय विचारलाई स्वीकार गर्दै सन्देश दिएका छन् । यसरी नै **हिटलर र यहुदी** उपन्यासमा दुई भिन्न दर्शनका बीच द्वन्द्व देखिन्छ भने **बाबु, आमा र छोरा** उपन्यासमा वैधानिक पारिवारिक नातासम्बन्ध र अवैधानिक प्रेम-सम्बन्धबाट उत्पन्न हुने आन्तरिक द्वन्द्वको सफल प्रस्तुति रहेको छ ।

यसरी उपन्यासकार कोइरालाका उपन्यासहरूमा द्वन्द्व विविध किसिमबाट घटित भएको देखिन्छ । यसबाट कोइरालामा द्वन्द्वको सफल प्रस्तुति गर्ने क्षमता प्रस्टिएको छ भने विविध रूपले द्वन्द्वलाई उपन्यास-सिर्जनामा महत्त्व र स्थान दिनु उनको अर्को औपन्यासिक प्रवृत्ति एवम् विशेषतासमेत बनेर देखापर्दछ ।

### ञ) भाषागत प्रवृत्ति

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना उपन्यासमा छोटो, छरितो र स्पष्ट अर्थ लाग्ने भाषा प्रयोग गरेको देखिन्छ । भाषिक प्रयोगका क्रममा छोटा-छोटा वाक्य गठन गर्ने भएकाले बढी क्रियापदको प्रयोग भएको देखिन्छ । उनको प्रयोग गर्ने भाषा जटिल नभई सरल र सहज छन् ।

कोइरालाका उपन्यासहरूमा वैचारिक तथा दार्शनिक अभिव्यक्ति भएकाले त्यहाँ बौद्धिकता तथा तार्किकता पाइन्छ । त्यसैले उनका उपन्यासमा प्रयोग गरिने भाषा पनि त्यसैअनुरूप बौद्धिक र तर्कपूर्ण किसिमको रहेको छ तर त्यस किसिमको बौद्धिक तर्कका पनि

कोइरालाका उपन्यासहरू सरस देखिन्छन् । त्यसैले साधारण व्यक्तिले पनि उनका उपन्यासको पठनमा रुचि राखेको पाइन्छ । यसरी कोइरालाका उपन्यास बौद्धिक र अबौद्धिक दुवै वर्गका लागि पठनीय छन् ।

उपन्यासकार कोइरालाका उपन्यासमा कतै-कतै हिन्दी र संस्कृत भाषाको प्रयोग भएको पाइए तापनि उनको आफ्नै शिल्पगत चमत्कार तथा नवीनता र भनाइमा विशिष्ट शैलीले गर्दा उपन्यासको भाषा पराइभाषा जस्तो लाग्दैन । यो कोइरालाको आफ्नै विशेषता हो । उनले आफ्ना सबै उपन्यासमा परिवेश र चरित्र सुहाउँदो भाषाको प्रयोग गरेका छन् । कतै-कतै उनले ग्रामीण बोलीचालीयुक्त भाषाको प्रयोग पनि गरेका छन् । यस किसिमको भाषा **सुम्निमा** उपन्यासमा सुम्निमामार्फत् र नरेन्द्रलाई उपन्यासमा फगुनीमार्फत् प्रयोग भएको देखिन्छ ।

**तीन घुम्ती** उपन्यासमा काठमाडौंमा तथा राजनीतिक परिवारमा बोलिने भाषा पाइन्छ । **नरेन्द्रदाइ**मा तराइको मध्यमवर्गीय तथा निम्नवर्गीय समाजमा बोलिने भाषा पाइन्छ तर यस उपन्यासकी मुनरिया निम्नवर्गीय पात्र भए पनि उसले बोल्ने भाषा ग्राम्यस्तरको भने देखिँदैन । कोइरालाले आफ्ना उपन्यासमा कतै-कतै कवितात्मक किसिमको लयात्मक भाषालाई प्रयोग गरेको पनि देखिन्छ र यसक्रममा कर्ता तथा कर्मलाई क्रियापदभन्दा पछि लगेर राख्ने गरेको समेत पाइन्छ (आचार्य, २०५३ : २५५) । जस्तै :

*ग्लानि र लज्जाले जडवत भएर, कोठामा बसिरहेकी थिई इन्द्रमाया (तीन घुम्ती, पृ. ५३) ।*

*यस उमेर मबाट झर्न थाल्छ, शरीरबाट लुगा झरे जस्तै (नरेन्द्रदाइ, पृ.२)*

*यो बडो प्राचीन पोखरी हो, महाभारतका पालाको . . . जसको बीचमा एउटा सुन्दर पोखरी (मोदिआइन, पृ. १८) ।*

यसै गरी कोइरालाका अन्य उपन्यासमा पनि पात्र, परिवेश तथा वातावरणअनुकूल भाषा पाउन सकिन्छ, जस्तै :

(१) कस्तो सुख्खा भएको जीउ । तेल यसरी सोस्दैछ कि विश्वास पिए जस्तो लाग्छ तन्तनी ।

(२) तिमी बाहुनहरूले कति कुरा जानेका छौ, मिहेनत गरेर कस्ता पोस्तक पढेका छौं (सुम्निमा, पृ. ५७-५८) ।

यसरी उपन्यासकार कोइरालाले आफ्ना उपन्यासमा प्रयोग गरेको भाषाका आधारमा पनि उनका औपन्यासिक विशेषताहरूको पहिचान गर्न सकिन्छ ।

## ट) अन्य विविध प्रवृत्तिहरू

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका सबै उपन्यासका अध्ययनबाट उपर्युल्लिखित प्रवृत्तिहरूलाई उनको मुख्य औपन्यासिक प्रवृत्ति मान्न सकिन्छ तर कोइरालाका औपन्यासिक प्रवृतिहरू त्यतिमा नै सीमित देखिँदैनन् । उनका उपन्यासमा पाइने अन्य कतिपय विशेषतालाई उनका अन्य प्रवृत्तिका रूपमा पनि लिन सकिन्छ ।

कोइरालाका उपन्यासमा देखिने नवीनता तथा प्रयोगशीलता उनको एउटा थप औपन्यासक प्रवृत्ति मान्न सकिन्छ किनभने उनका उपन्यासहरू नवीन वैचारिक कथ्य लिएर प्रयोगशील प्रस्तुतिमा आकार ग्रहण गर्दछन् । उनले यौनका विविध पक्ष, सामाजिकताका विविध संस्कृति र परम्पराको भिन्नता अनि पूर्वीय र पाश्चात्य दर्शन आदिका भिन्नतालाई आफ्ना उपन्यासमा व्याख्या गरेका छन् । यी सन्दर्भको प्रस्तुतिमा उनले आफ्नो नवीन शिल्पगत चातुर्यको पर्याप्त प्रयोग गरेका छन् ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले विभिन्न प्रतीक र बिम्बको पनि प्रयोग गरेका छन् । क्षीण कथावस्तुमा वैचारिक धरातल फैलाउँदै आवश्यकताअनुसार उनले केही त्यस्ता प्रतीक तथा बिम्बहरूको प्रयोग गरेका छन्, जसले गर्दा उपन्यासमा कौतूहलताको सिर्जना भएको देखिन्छ । उदाहरणार्थ **नरेन्द्रदाइ** उपन्यासमा प्रयुक्त 'कोशीको बाढी' लाई लिन सकिन्छ । त्यस्तो बाढीले मानवीय मनको आवेगलाई प्रतीकात्मक रूपमा बुझाएको देखिन्छ । त्यस्तै कोइरालाले **सुम्निमा** उपन्यासमा 'मनुवा दह' र **मोदिआइन** उपन्यासमा 'हडाहा पोखरी' लाई आदिमताका प्रतीकका रूपमा प्रयोग गरेका छन् (बराल र एटम्, २०५६ : १८) । यस्ता प्रतीकहरूले उपन्यासमा कुतूहलता सिर्जना गरेको देखिन्छ । यसरी प्रतीक तथा बिम्बको प्रयोग गर्नु पनि कोइरालाको अतिरिक्त औपन्यासिक प्रवृत्ति हुन आउँछ ।

विश्वेश्वरप्रसाद कोइरालालाई प्रगतिशील उपन्यासकार पनि भन्न सकिन्छ किनभने उनले पुराना रुढिवादी परम्पराका विरुद्ध आधुनिक एवम् उदार किसिमको मान्यतालाई उपन्यासमा प्रस्तुत गरेका छन् । जसरी राजनीतिमा उनी पञ्चायती निरङ्कुश व्यवस्थाका विरुद्ध प्रजातन्त्रवादी भएर उत्रिए त्यसरी नै उनले आफ्ना उपन्यासमा सामाजिक, पारिवारिक, आध्यात्मिक तथा धार्मिक उपन्यासबाट पाठकहरूलाई प्रगतिशील विचारतर्फ उन्मुख हुने प्रेरणा मिल्दछ । त्यसैले प्रगतिशील चिन्तनको प्रस्तुति पनि कोइरालाको अर्को औपन्यासिक प्रवृत्तिका रूपमा देखापर्दछ ।

कोइरालाका उपन्यासमा व्यङ्ग्य पनि कुनै न कुनै रूपमा आएको पाइन्छ । उदाहरणार्थ **तीन घुम्ती** उपन्यासकी इन्द्रमायालाई कोइरालाले साहसपूर्ण तीनवटा निर्णय गर्न लगाएर पुरुषको हैकमवादी नेपाली समाजमा महिलाले पनि चाहे भने पुरुष सरह

स्वतन्त्र भई हिँड्न सक्छन्, महिला मात्र सामाजिक बन्धनमा बाँधिनु पर्ने बाध्यता छैन भन्ने सन्देश दिँदै पुरुष-हैकमप्रति तीखो व्यङ्ग्य गरेका छन् । त्यस्तै **नरेन्द्रदाइ** उपन्यासमा सामाजिक कुरीति तथा पारिवारिक खिचातानी एवम् बेमेलप्रति व्यङ्ग्य गरिएको छ । नेपालमा अझै पनि बहुविवाहले प्रश्रय पाएको छ र आफ्नी छोरी तथा बुहारी भन्न सुहाउने उमेरकी केटीलाई प्रौढ कोइरालाले यहाँ व्यङ्ग्य गरेका छन् । तसर्थ व्यङ्ग्य पनि कोइरालाको अर्को औपन्यासिक प्रवृत्ति हो ।

## ३.४ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा २०१७ सालदेखि २०२५ सालसम्म जारी रहेको मानिन्छ । यस अवधिमा उनले जम्मा छ वटा उपन्यास लेखेका छन् । उनका उपन्यासहरूमा विभिन्न दर्शन तथा विचारको प्रतिपादन भएको देखिन्छ । उनका उपन्यासहरूमा अन्यायप्रतिको विद्रोहात्मक अभिव्यक्ति पाइन्छ । सामाजिक विद्रोह, सांस्कृतिक विद्रोह, पौराणिकता तथा आध्यात्मिकताप्रतिको विद्रोह एवम् पारिवारिक विद्रोह उनका उपन्यासमा देखिन्छ र यस किसिमको विद्रोह एवम् पारिवारिक विद्रोहमा प्रगतिशील विचार नै अभिव्यक्त भएको पाइन्छ । उनले परम्परित रुढिवादी चिन्तनका विरुद्ध आफ्ना उपन्यासमा आधुनिक मान्यतालाई अगाडि सार्ने जमर्को गरेका छन् । उनी मनोविश्लेषक प्रवृत्तिका भएकाले नै आफ्ना आख्यानहरूमा उनले 'मान्छे स्वतन्त्र भएर बाँच्नुपर्छ' भन्ने अभिप्राय व्यक्त गरेका छन् तर स्वतन्त्रताको चाहनामा नैतिकतालाई पनि अवलम्बन गर्नुपर्ने सन्देश उनका उपन्यासमा प्रक्षेपित गरिएको पाइन्छ । कोइरालाका उपन्यासहरू बौद्धिक तथा सामान्य सबै प्रकारका पाठकहरूका लागि पठनीय छन् । उनले आफ्ना उपन्यासलाई साधारण स्तरबाट आरम्भ गरेर आफ्नो शिल्पगत कलाले बुट्टा भर्दै तार्किक निष्कर्षमा पुऱ्याएका छन् । त्यसैले उनका उपन्यासहरू बौद्धिक र अबौद्धिक दुवै वर्गका लागि प्रिय छन् ।

कोइराला साहित्यका मर्यादा तथा आदर्शलाई आफ्ना कृतिहरूमा प्रयोग गर्दछन् । यस मान्यतामा लेखिएका उनका उपन्यासहरू मानवतावादी दृष्टिकोणलाई स्पष्ट पार्न सफल रहेको पाइन्छ । मानवीय जीवनपद्धतिलाई उनले मानिसको असल स्वभावसँग गाँसेर उपन्यासमा सहज कलात्मक सौन्दर्यका रूपमा अभिव्यक्त गरेका छन् । कोइरालाका उपन्यासमा सरल एवम् सहज लेखनकला स्वाभाविक रूपमा प्रकट भएको पाइन्छ । उनको विस्तृत कुरालाई पनि सङ्क्षिप्त ढङ्गले तर गम्भीरतासाथ प्रस्तुत गरेका छन् । त्यसैले उनलाई कलात्मक उपन्यास लेख्ने प्रतिभाका रूपमा परिचित गराएको छ । सामाजिक, सांस्कृतिक पौराणिक आदि सन्दर्भलाई पृष्ठाधार बनाएर रचिएका उनका उपन्यासमा मनोविश्लेषणात्मक पद्धति अँगालिएको देखिन्छ । यसै मनोविश्लेषणात्मक प्रस्तुति र

नवीनशिल्प संरचनामा विश्वास राख्ने कोइरालाले साना तथा मध्यम उपन्यास लेखेको देखिन्छ । उपन्यासका विषयवस्तुको चयन, त्यसको प्रस्तुतिलाई नवीन शिल्पले सिङ्गार्ने क्रममा आधुनिकता र निजीपनको प्रयोगद्वारा मानवीय जीवनेच्छा र अस्तित्वलाई पूर्ण रूपले कलात्मकता प्रदान गर्नु कोइरालाका औपन्यासिक कृतिहरूको पहिचान हो भन्न सकिन्छ । कोइरालाले आफ्ना उपन्यासमा यौनचाहनालाई मान्छेको नैसर्गिक अधिकार हो भन्ने विचार व्यक्त गरेका छन् । कोइरालाले आफ्ना उपन्यासहरूमा मानवजीवनमा अन्तर्निहित चाहनाका रूपमा यौनआकाङ्क्षालाई उभ्याएका छन् भन्ने यसका साथै मानवजीवनको स्वतन्त्र अस्तित्व र अधिकारमा विशेष जोड दिएका छन् । मानवमा जे-जस्ता सामाजिक सांस्कृतिक संस्कारहरू रहे पनि व्यक्तिगत स्वतन्त्रतालाई सम्मान गरिनु पर्छ भन्ने विचार कोइरालाले आफ्ना औपन्यासिक कृतिमार्फत् व्यक्त गरेका छन् । असल मान्छे बन्न सके मात्र संसारमा मानवताको अस्तित्व सुरक्षित हुन्छ भन्ने दृष्टिकोण नै उनको मुख्य औपन्यासिक प्रस्तुति हो । कोइरालाको **बाबु, आमा र छोरा** उपन्यासमा जीवनको शृङ्खलाहीन स्थितिलाई प्रकट गरिएको छ ।

अतः उपन्यासकार कोइराला वैचारिक र कलात्मक दुवै प्रकारका विषय र शैलीको प्रयोगका दृष्टिले नवीन मूल्यलाई प्रस्तुत गर्ने स्रष्टाका रूपमा चिनिएका छन् । उनका छ वटै उपन्यासमा जीवनको पर्यावरणलाई वैचारिक कोणबाट केलाइएको छ । मानवजीवनका सङ्घर्षहरू, नारी जीवनको सङ्घर्ष, मानव आस्था, जीवनका द्वन्द्वात्मक सेरोफेरोहरू, सांस्कृतिक चिन्तन, प्राचीन र आधुनिक संस्कारले मानव जीवनमा पारेको असर, नारी र पुरुषका जैवीय प्राकृतिक आवश्यकता एवम् तिनको परिपूर्तिको सन्दर्भले निम्त्याएका तथा निम्त्याउने घटना आदि कुराहरूलाई कोइरालाले उपयुक्त छ वटा उपन्यासहरूमा सबल ढङ्गले अघि सारेका छन् ।

## अध्याय : चार

# मोदिआइन उपन्यासमा मानवतावादी विचारको प्रयोग

## ४.१ परिचय

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासमा विविध किसिमका विचारहरू प्रक्षेपित भएका छन् र यो एउटा प्रखर विचारप्रधान उपन्यास बन्न गएको छ । यसको रचना उपन्यासकार सुन्दरीजल बन्दीगृहमा रहँदा भएको कुरा स्पष्ट भइसकेको छ । कोइरालाले जम्मा तीन दिनको अवधिमा रचेको प्रस्तुत उपन्यास लघु आयाममा संरचित भए पनि यसमा प्रतिपादित मानवतावादी वैचारिक पक्ष भने अत्यन्त प्रबल रहेको छ । प्रवृत्तिगत दृष्टिले पनि उपन्यासकार कोइराला सफल मानवतावादी उपन्यासकार मानिन्छन् । विवेच्य **मोदिआइन** उपन्यास मानवतावादी वैचारिक सन्दर्भमा अझै प्रबल छ । भन्ने कुरा स्वयम् कोइरालाकै यस भनाइबाट पनि स्पष्ट हुन्छ : "**मोदिआइन** उपन्यासमा मैले कथा भन्न खोजेको छैन, विचार दिन खोजेको छु । मेरो उपन्यासमा विषयको जुन झिनो रूप आएको छ, त्यो केवल विचार व्यक्त गर्ने पृष्ठभूमि नै मात्र हो । धारणाको परिपोषक मात्र हो" (कोइराला, २०५८ : १८) । उपन्यासकार स्वयम्को यस किसिमको अभिव्यक्तिबाट प्रस्तुत उपन्यास मानवतावादी वैचारिक दृष्टिले प्रबल छ भन्ने तथ्यको थप पुष्टि हुन्छ । यस्तो वैचारिक उपन्यास लेखनका निमित्त उपन्यासकार कोइरालालाई कहाँबाट प्रेरणा प्राप्त भयो भन्ने सम्बन्धमा पनि यहाँ सङ्क्षिप्त अनुशीलन गर्नु सान्दर्भिक देखिन्छ । त्यसपछि मोदिआइन उपन्यासको कथावस्तु प्रस्तुत गर्दै उपन्यासमा प्रक्षेपित मानवतावादी विचारको पनि विश्लेषण गरिएको छ ।

## ४.२ मोदिआइन उपन्यास-लेखनको प्रेरणास्रोत र पृष्ठभूमि

विश्वेश्वरप्रसाद कोइराला विशिष्ट राजनीतिज्ञ हुन् । वि.सं. २०१७ सालको राजनीतिक उथलपुथलका कारण जेल परेका कोइरालाका केही वर्षहरू सुन्दरीजल बन्दीगृहमा बितेका थिए । जेलको कठोर तथा एक्लो जीवन निस्पट्ट अन्धकार हुने कुरा स्पष्ट छ । त्यतिबेला कोइरालाको जीवन पनि उजाड तथा अन्धकारमय भएको स्वयम् कोइरालाको स्वीकारोक्ति रहेको छ । जिन्दगीको त्यो क्षणमा कतैबाट केही पनि उज्यालोपन नदेखिँदा उनले विभिन्न धर्मग्रन्थहरूको अध्ययन गर्न थाले । उनले अध्ययन गरेका धर्मग्रन्थका सहाराले पनि उनलाई खासै सन्तोष प्राप्त भएन र त्यही असन्तोषका पृष्ठभूमिमा उनले **मोदिआइन** उपन्यासको रचना गरे । उक्त तथ्यलाई स्वयम् उपन्यासकारले व्यक्त गरेका निम्नलिखित धारणाहरूले अझै प्रस्ट पार्दछन्-

*__मोदिआइन__ एउटा लामो कथा वा उपन्यास हो । मैले कठोर सैनिक कारागारमा लामो अवधिसम्म नितान्त एकाङ्गी जीवन बिताउनुपर्दा आफूलाई अड्याउन केही आश्रय खोज्दै रहे र यसै सिलसिलामा धार्मिक, आध्यात्मिक ग्रन्थहरूको अध्ययन, मनन र अनुशीलन गर्न थालें । चार, पाँच ठेलीमा विभाजित महाभारतका पुस्तक मैले पढेको थिएँ । चार, पाँच ठेलीमा विभाजित महाभारतका पुस्तक मैले पढेको थिएँ र श्रीमद्भागवत गीताका पनि शाङ्करभाष्यदेखि लिएर अद्यावधिक जे-जति भाष्य र टीकाहरू निस्केका छन् प्रायः ती सबैको पनि अध्ययन, मनन गर्दै तर यी कुनैले पनि मलाई आधार दिन सकेनन् । __मोदिआइन__ मेरो यसैबेलाको चार पाँच बसाइको सृजना हो (गृहस्थी, २०५३ : २८५) ।*

उपन्यासकारले बिताउनु परेको यस किसिमको एकाङ्गी जीवन र धार्मिक ग्रन्थका अध्ययनबाट उनमा जे-जस्तो प्रभाव पर्‍यो त्यसैको फलस्वरूप **मोदिआइन** उपन्यासको जन्म हुन गएको देखिन्छ । **मोदिआइन** उपन्यासको रचना सन्दर्भ हेर्दा गीता र महाभारतजस्ता कृतिहरूले कोइरालालाई सकारात्मक प्रभाव पार्न नसकेको कुरा बुझिन्छ । वस्तुतः गीताको अध्ययनबाट उनमा बेग्लै प्रभाव पर्न गयो । गीता-दर्शनप्रति उनमा असहमतिको भाव विकसित भयो । यही असहमतिको आख्यानात्मक प्रस्तुति **मोदिआइन** बन्न गएको देखिन्छ । यस कुराको पुष्टि गर्न उपन्यासकारकै अर्को अभिव्यक्तिलाई लिन सकिन्छ । उनी भन्छन्-

*गीताको पूर्ण अध्ययन गर्दा मलाई जुन निस्सारता वा गीता कुनै निश्चित उद्देश्यमा नपुगी खोक्दैमा टुङ्गिएको अनुभव भयो, त्यही कुरा __मोदिआइन__मा व्यक्त गरेको छु, (शर्मा, २०५८ : १९) ।*

उपन्यासकार स्वयम्‌को यस किसिमको अभिव्यक्तिबाट पनि **मोदिआइन** उपन्यास लेख्ने प्रेरणा उपन्यासकारलाई गीता-दर्शनबाट नै मिलेको बुझिन्छ । गीता अध्ययन धार्मिक तथा आत्मिक सान्त्वनाका लागि नै गरिने परम्परा पूर्वीय जगत्‌मा रहेको र यस दर्शनबाट मान्छेलाई स्वकर्तव्यको बोध हुन्छ भन्ने मान्यता हिन्दु धर्मका अनुयायीहरूमा रहेको स्पष्टै छ तर उपन्यासकार कोइरालाको दुःखी आत्मालाई गीता-दर्शनको पूर्ण अध्ययनले पनि कुनै किसिमको सान्त्वना दिन नसकेको कुरा उनकै स्वीकारोक्तिबाट स्पष्ट हुन्छ । कोइरालाको कारावासको कठोर जीवनले उनलाई मात्र दुःखी बनाएको थिएन, त्यस दुःखका सहभागी उनका परिवार पनि भएका थिए, किनभने उनको राजनीतिक आदर्श र अड्डीका कारणबाट परिवारले समेत दुःख झेल्नु परेको थियो । त्यही दुःखका कारण आत्मिक शान्तिका लागि गीताको अध्ययन गर्दा महाभारतको कुरुक्षेत्रमा भएको लडाइँमा मानवीय मर्मले हार खाएको अनुभव उपन्यासकारलाई भएको हुन सक्छ । तसर्थ आफ्नो त्यही कटु अनुभूतिको मर्मोद्घाटनका लागि कोइरालाले यो उपन्यास लेखेको बुझ्न सकिन्छ ।

महाभारतको गीतामा अर्जुनले संवेदनशील भएर आफ्ना प्रियजन तथा नातागोतालाई मार्न नसक्ने कुरा कृष्णसमक्ष प्रकट गर्न पुगेको सन्दर्भ पाइन्छ । साथै कृष्णले पनि आफ्नो दैवीशक्तिबाट अद्भूत रूप (विराटरूप) देखाएर अर्जुनलाई युद्धका लागि प्रेरित गरेको कुरा

महाभारतमा पाइन्छ । यसरी युद्धमुखी विचार नै गीता-दर्शनमा अभिव्यक्त भएको छ भन्ने निष्कर्षमा पुगी कोइरालाले त्यसकै प्रस्तुति **मोदिआइन**मा गरेका छन् । यसबाट प्रस्तुत उपन्यास लेखनका लागि गीता-दर्शन नै प्रेरणाको स्रोत भएको स्पष्ट हुन्छ । कोइरालाले गीता-दर्शनलाई परम्परित मूल्य र मान्यताभन्दा पृथक किसिमले मनन गरेको बुझिन्छ । यस परिप्रेक्ष्यमा उनले गीतालाई आत्मिक शान्ति दिने तत्त्व नमानेर मानवताको हनन गर्ने तत्त्वका रूपमा स्वीकारेका छन् । उनको यस किसिमको स्वीकृति यस उपन्यासकी पात्र 'नारी' का माध्यमबाट प्रस्तुत भएको छ । मार्नु र मर्नु केही होइन भन्ने गीतामा व्यक्त विचारप्रतिको विमतिस्वरूप उपन्यासकारले **मोदिआइन**मा युद्धपीडित पात्रहरूको प्रयोग गरेका छन् । विधवाहरूका कष्टप्रद जीवनलाई चित्रण गरेर कोइरालाले यस उपन्यासमा गीतामा व्यक्त दैवीय अहम्को खण्डन गर्ने जमर्को पनि गरेको पाइन्छ ।

निष्कर्षतः कोइराला गीतामा व्यक्त मानवताविरोधी वा अमानवीय विचारबाट उद्वेलित भएरै **मोदिआइन** उपन्यास लेख्न पुगेका हुन् र यस उपन्यास-लेखनको मूल प्रेरणास्रोत तथा पृष्ठभूमि पनि गीता-दर्शनलाई बनाएका छन् भन्ने कुरा उपयुक्त अनुशीलनबाट स्पष्ट हुन्छ । यसरी मानवतावादी विचार त यसमा प्रयुक्त भएकै छ, यसका अतिरिक्त अन्य विविध विचारहरू पनि प्रयोग गरिएका छन् । आगामी उपशीर्षकमा यही मानवतावादी विचारको अनुशीलन गरिएको छ ।

## ४.३ मोदिआइन उपन्यासको कथावस्तु

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यास आयाम वा संरचनाका दृष्टिले सानो देखिन्छ तर यसभित्रको सङ्क्षिप्त कथावस्तुले व्यापक परिवेशलाई ओगटेको छ । यस उपन्यासमा 'म' पात्रले भारतको दरभङ्गा सहर हेर्ने सिलसिलामा सामान्य कथाको उठान गरी भारतवर्षीय इतिहासमा घटेको महाभारतको युद्धलाई समेट्ने प्रयास गरेको देखिन्छ । सानो संरचनामा पनि ठूलो घटनालाई तारतम्ययुक्त बनाई प्रस्तुत गरिएको हुँदा यस उपन्यासभित्र व्यापक कथावस्तु समेटिएको देखिन्छ । उपन्यासले मानव जीवनको आन्तरिक तथा बाह्य दुवै पक्षलाई समेटेको हुन्छ । त्यसैले उपन्यासले मानव जीवन-जगत्प्रति प्रत्यक्ष सरोकार राख्दछ भन्न सकिन्छ । उपन्यासको स्वरूपमा कल्पनाको जलप लगाइने भए पनि कथावस्तुले भने यथार्थलाई अँगालेको हुन्छ ।

**मोदिआइन** उपन्यासको संक्षिप्त कथावस्तु यस्तो देखिन्छ : 'म' पात्र यस उपन्यासकै अर्को पात्र मिसिरजीसँग दरभङ्गाको यात्रामा निस्कन्छ । यस क्रममा दरभङ्गाको रेलवे स्टेशनतिर हडाहा पोखरीको किनार नजिककी पसल्नी **मोदिआइन**कहाँ उनीहरू बास बस्न पुग्दछन् । नजिकको हडाहा पोखरीमा उनीहरू नुहाउन जाँदा किनारबाटै नुहाउनु पर्ने सुझाव **मोदिआइन**ले 'म' पात्रलाई दिँदै हडाहा पोखरीमा हुन सक्ने दुर्घटनाबाट पहिले नै

सचेत गराउँछे । रात्रिमा मिसिरजी बाहिर जान्छन् । **मोदिआइन**का बुढाबुढी पनि भित्रपट्टि सुतेकाले हडाहा पोखरीमा छप्लाङ्गको आवाजले 'म' पात्रको मनमा त्रास पैदा भई ऊ सुत्न सक्दैन र मिसिरजीलाई बोलाउँछ । **मोदिआइन** उठेर बालक 'म' पात्रसँगै आउँछे र हडाहा पोखरीको किम्वदन्तीका बारेमा उसलाई सुनाउँछे । **मोदिआइन**ले सुनाएको किम्बदन्तीबाट 'म' पात्र रोमाञ्चित भई अरू सुन्ने रुचि राख्दछ ।

**मोदिआइन** महाभारतकालीन कथा सुनाउन थाल्छे । ऊ महाभारतकालीन 'नारी' का आँखाबाट देखिने कथा भनिरहेकी हुन्छे । महाभारतको जुवा खेलमा द्रौपदीलाई निर्वस्त्र पारेर बेइज्जत गरेको कथासम्म आइपुग्दा **मोदिआइन** स्वयम् महाभारतकालीन नारीका रूपमा रूपान्तरित भइसकेकी हुन्छे । कौरव र पाण्डवका बीच युद्ध निश्चित भएपछि उपन्यासमा प्रयुक्त 'नारी' को सैनिकप्रति एकाबिहानै ऊसँग छुट्टिएर जान लाग्दा बिदा दिन नसकी आफ्ना आँखा आँसुले टम्म भरेर उठाएकी 'नारी' ले युद्धमा आफ्नो प्रियतम् मरेको कल्पकल्प बितिसक्दा पनि उसलाई कहिल्यै बिदा दिन नसकेको कुरा व्यक्त गर्दछे । युग-युगदेखि आफ्नो प्रियतमको शरीर खसेको ठाउँमा आएर बसिरहेको कुरा सुनाउँछे र भविष्यमा समेत बसिरहने सङ्केत गर्दै सो कथा टुङ्गिन्छ । भोलिपल्ट मिसिरजीसँगै 'म' पात्र घर पुग्दछ र उपन्यास पनि समाप्त हुन्छ ।

यसरी **मोदिआइन**को कथावस्तुलाई हेर्दा 'म' पात्रको बाल्यकालीन घटनाको मधुर स्मृतिलाई कल्पनाको जलप लगाएर उपन्यास लेखिएको देखिन्छ । यस उपन्यासमा प्रस्तुत गरिएका छ । परिच्छेदहरूमध्ये प्रथम परिच्छेदमा उपन्यासको भावभूमिको परिचय गराइएको छ । दोस्रो दरभङ्गा यात्रा तथा **मोदिआइन**कहाँ वास बसेकोसम्म चर्चा गरिएको छ । तेस्रो परिच्छेदमा दरमङ्गा सहर र त्यहाँको चहलपहल तथा राजवैभवको वर्णन गरिएको छ । चौथो परिच्छेदमा कथानकको अतीत प्रस्तुत भएको देखिन्छ । यस परिच्छेदमा **मोदिआइन**ले तान्त्रिक, मछुवारिन र हडाहा पोखरीका बारेमा गरेको दन्त्य कथात्मक चर्चासँगै उपन्यासको कथावस्तुले महाभातको कथासम्म प्रवेश गरेको छ । पाँचौ परिच्छेदमा आएर महाभारतको युद्धस्थितिको वर्णन गर्दै कुरुक्षेत्रको युद्ध अन्त्य भएको वर्णन छ भने छैटौं परिच्छेदमा आएर उपसंहारका रूपमा कथाको अन्त्य गरिएको छ । यस उपन्यासको प्रस्तुत कथावस्तु अनौठो देखिन्छ । त्यो अत्यन्त रोचक तथा कौतूहलपूर्ण र मर्मस्पर्शीसमेत छ । कथावस्तु अनौठो भए पनि यसले उपन्यासका विधागत स्वरूपलाई पूर्णता दिएको छ । यस उपन्यासको आयाम सानो भए पनि आदि, मध्य र अन्त्यको शृङ्खला भने मिलेको छ । ऐतिहासिक घटनालाई कथानकका रूपमा प्रयोग गरिएकाले यस उपन्यासको कथानक यथार्थनिकट पनि रहेको देखिन्छ । उपन्यासले व्यङ्ग्यात्मक रूपबाट आजको युगलाई समेत हुने प्रयास गरेकाले यसमा युगीन सान्दर्भिकता पनि झल्किएको छ ।

## ५.४ मोदिआइन उपन्यासमा मानवतावादी विचार

मानवीय गुण, धर्म र प्रवृत्तिहरूलाई अत्याधिक महत्त्व दिई समानता, स्वतन्त्रता तथा भातृत्वलाई अँगाल्दै विश्वबन्धुत्वको भावनालाई प्रश्रय दिनु मानवतावाद हो (जोशी, २०५७ : १२९) । यिनै मानवतावादी उच्च विचारहरू विशिष्ट औपन्यासिक कलाका माध्यमबाट कोइरालाका उपन्यासमा अभिव्यक्त भएको छ । उपन्यासकार कोइराला मान्छेको अस्तित्वप्रति असीम आस्था र विश्वास राख्छन् । यिनको चिन्तनको केन्द्रविन्दु मान्छे नै हो । मानिस पशु होइन र देवता पनि बन्न सक्दैन । तसर्थ मानिस मानिसकै हैसियतमा बसेर काम गरेको खण्डमा मानिसको मात्र कल्याण हुने र विश्वमा शान्ति र समृद्धि आउने मानवतावादी भाव कोइरालाका उपन्यासले प्रतिपादन गरेको छ । (लुइटेल, २०६३ : ३०) । मानिस आफ्नो यथार्थ आधारलाई भुलेर काल्पनिक डोरी समातेर देवता बन्ने धुनमा लाग्न थाल्यो भने उसले दुर्घटना भोग्नु पर्ने हुन्छ भन्ने सन्देश दिने **मोदिआइन** बाट मानवको आफ्नो सत्वको व्याख्या हुन्छ । (बराल र एटम, २०५८ : २२४) । अतिमानवीय शक्तिबाट अभिप्रेरित भएर शक्ति र सत्ताका निम्ति गरिने युद्धले मानिसको कहिल्यै हित नगर्ने बरु त्यसले मानिसको अस्तित्व नै संकटमा पार्ने विचार पनि **मोदिआइन**ले उठाएको छ । जाति, धर्म, राष्ट्रियता र व्यक्तिगत स्वार्थलाई बिर्सेर मानवका बीच प्रेम, सद्भाव र विश्वासको फल फलाउनुपर्छ भन्ने मानवतावादी विचार **मोदिआइन** उपन्यासमा टड्कारो रूपमा देखिन्छ । सम्पूर्ण मानवसमुदायलाई भातृत्वको भावना फैलाउन मानवीय एकताको पक्षमा लाग्नसमेत आग्रह गरिएको छ ।

उपन्यासकार कोइराला मान्छेलाई सबैभन्दा ठूलो ईश्वर ठान्दथे । मान्छे नेपाली समाज र अस्तित्व बुझे मात्र ईश्वर बुझिन्छ भन्ने यिनको धारणा थियो । यिनी बसुधैव कुटुम्बकम्का व्यवहारिक प्रयोक्ता देखिन्छन् । यिनै मानवतावादी आदर्श विचारहरूलाई उपन्यासकार कोइरालाले औपन्यासिक कला प्रदान गरेका छन् । धर्म र जातिका आडमा हुने हिसा र विनास कोइरालाका विचारमा मानवइतिहासमै अक्षम्य अपराधपूर्ण कलङ्क हुन् । यिनै मानवतावादी विचारले गर्दा कोइरालाले **मोदिआइन** उपन्यासमा धर्म र जातिका नाममा लडिएका महाभारतको युद्धलाई गीता-दर्शनको आधारमा आधुनिक मानवतावादी दृष्टिले व्याख्या गरेका छन् ।

उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यासमा व्यक्त गरेका दैवीय अहम्को विरोध नै मानवतावादी विचारप्रतिको स्वीकृति हो । उनको मानवतावादी विचारलाई यस उपन्यासका नारी पात्रहरूले अत्यन्त सहजतासँग व्यक्त गरेका छन् । कोइरालाले नारी पात्रहरूले अत्यन्त सहजतासँग व्यक्त गरेका छन् । कोइरालाले नारी पात्रहरूका पीडाजन्य अनुभूतिलाई उल्लेख गरेर अमानवीय शक्तिको खण्डन गरेका छन् । उनले उपन्यासमा

वैचारिक आधारमै चरित्र-चित्रण गरेका छन् । यस उपन्यासमा प्रयुक्त प्रत्येक पात्रहरूलाई वैचारिक धरातलमा उभ्याइएको देखिन्छ भने अमानवीय विचारको खण्डनका निम्ति तत्कालीन महाभारतको नरसंहार र त्यसको अर्थहीनतालाई प्रस्तुत गरिएको छ । यस उपन्यासको मूल वैचारिक पक्ष नै मानवतावादी विचारलाई आत्मसात् गरी अमानवीय चिन्तन, विचार र व्यवहारको खण्डन गर्नु हो ।

तत्कालीन महाभारतको सन्दर्भलाई कथानक बनाएर **मोदिआइन** उपन्यासमा उपन्यासकारले दैवीय, दानवीय र मानवीय परिस्थितिलाई प्रस्तुत गरेका छन् । कोइरालाले ग्रामीण क्षेत्रमा बस्ने मानिस सरल, सहज र संवेदनशील हुन्छन् भन्ने देखाएका छन् । उनीहरूमा ठूलो हुने तथा वीर बन्ने उच्चाकाङ्क्षा हुँदैन एवम् छलकपटले उनीहरूमा चियाउन पनि सक्दैन भन्ने विचारलाई लेखकले यस उपन्यासमा यसरी व्यक्त गरेका छन्-

*इन्द्रप्रस्थको स्थापनामा यी सबै बस्तीहरू मासिए । जङ्गलमा बस्ने आदिम जातिहरू उत्तरतिर बाक्ला जङ्गलभित्र पस्दै गए तर खेतीबारी गरेर बसेका परिवारहरूको बडो विचल्ली भयो । उनीहरूको घरद्वार निर्मूल भयो (मोदिआइन, पृ. २८) ।*

माथि व्यक्त भएका यस किसिमका अभिव्यक्तिले महाभारत युगमै पनि सामान्य मानिसको अधिकारमाथि ठूलाबडाहरूले थिचोमिचो गरी अन्याय गरेको कुरालाई छर्लङ्ग पार्दछ । उपन्यासकार स्वयम् अन्याय र अत्याचारका विरोधी थिए । उनले तत्कालीन पञ्चायती निरङ्कुश शासनबाट सोझा-साझा जनताले भोग्नु परेका पीडालाई पनि यस उपन्यासमार्फत् व्यञ्जनात्मकस्तरमा देखाउन खोजेको स्पष्ट हुन्छ । कोइरालाले तत्कालीन प्रचलनअनुसार पूर्णतः ओझेलमा पारिएका सामान्य नागरिकको जनजीवनलाई संवेद्य बनाएर यो उपन्यास प्रस्तुत गरेका छन् । उनले यस उपन्यासमा महाभारतकी द्रौपदीको ठाउँमा एउटा सामान्य नागरिककी छोरी नारी लाई नायिकाका रूपमा प्रस्तुत गरेर आफ्नो मानवतावादी विचारको स्पष्ट परिचय दिएका छन् (ढकाल, २०५६ : १३५) । **मोदिआइन** उपन्यासमा महाभारतकी द्रौपदीले आफ्ना पतिहरू र पुत्रहरूलाई युद्धका लागि उक्साएकी थिइन् तर यस उपन्यासकी 'नारी' ले क्षणिक स्वार्थलाई त्यागी मानवताका लागि प्रत्येक व्यक्ति जागरुक हुनुपर्ने विचारलाई अगि सार्दै मान्छेको बाँच्न पाउने अधिकार कसैले कुठाराघात गर्न नहुने तर्क दिएकी छे ।

कौरवको सभामा भएका सबै घटनाहरू मानवताको उपमान र मानवमाथि आइपर्ने विनाशकारी अनिष्टका सूचना हुन् भन्ने कुरालाई यस उपन्यासमा व्यक्त गरिएको छ । यस कुराको पुष्टिका लागि यसै उपन्यासका उद्‌गारहरू सान्दर्भिक देखिन्छन्-

*. . . जुवाँ रन्किदैं जाँदा राजपाट राख्दै हार्दै गए । अन्तमा पागल भएर आफ्नी पत्नी द्रौपदीलाई पनि दाउमा राखे । 'मारा' भन्ने तमुल स्वरले ध्रुवस्थल कम्पित गर्दै कौरवहरूले द्रौपदीलाई जितेर लिए (मोदिआइन, पृ. ३१) ।*

महाभारतमा भएको द्युतक्रीडा र द्रौपदीको दाउ-प्रकरणप्रति उपन्यासकारको उक्त टिप्पणीले पनि **मोदिआइन** उपन्यास मानवतावादी विचारले युक्त उपन्यास हो भन्न सकिन्छ किनभने धुतक्रीडा मान्छेको जीवनलाई नै खतरामा पार्ने जस्तो अमानवीय कार्य भएको कुरालाई यहाँ आलोचना र व्यङ्ग्यको आलम्बन बनाइएको छ । मनोरञ्जनका नाममा मान्छेलाई न दाउमा लगाउनेजस्तो कुकृत्यलाई अमानवीय कार्यको संज्ञा दिँदै यस उपन्यासमार्फत् त्यसको विरोध गरिएको छ । पौराणिक इतिहासमा भएको उक्त घटनामा मानवताविरोधी कार्य हुन गएको दृष्टान्त यहाँ पाइन्छ । भगवान् (कृष्ण) ले पनि गल्ती गर्न सक्ने हुँदा धर्मका नाममा अनन्ध परम्परा तथा संस्कृतिलाई प्रश्रय दिइनु नराम्रो मात्र नभई अमानवीय कार्य पनि हो भन्ने कुरालाई कोइरालाले यस उपन्यासमा अघि सारेका छन् । उनले आफ्नो मानवतावादी दृष्टिकोणलाई प्रस्तुत गर्ने क्रममा राज्य-सञ्चालनमा खटिएका व्यक्तिबाट पनि न्यूनस्तरका व्यक्तिहरूमाथि भए-गरेका अमानवीय व्यवहारको समेत चर्चा गरेका छन् । सत्ताधारीहरूले निर्दोष व्यक्तिहरूलाई दोषी ठहऱ्याउँदै उनीहरूको अधिकार खोसेको सन्दर्भलाई यस उपन्यासमा यसरी व्यक्त गरिएको छ-

> *पाण्डवहरू बन गएपछि इन्द्रप्रस्थमा दुर्योधनको कब्जा भयो र त्यहाँका रक्षकहरू सेवामुक्त गरिए किनभने रे, पाण्डवपक्षी भएकाले कौरवदलमा यिनीहरूलाई सामेल गर्दा सुरक्षा हुँदैन भनेर । हाम्रो परिवार फेरी विचल्लीमा पऱ्यो । हामीहरू जस्तै विचल्लीमा पर्ने असंख्य परिवारहरू थिए र उनीहरूकै सरह हामी पनि ताँती लाग्दै पश्चिमतिरको ठूलो राजधानी हस्तिनापुर पुग्यौं, (मोदिआइन, पृ. ३३) ।*

उपयुक्त अभिव्यक्तिमा सोझा नागरिकहरूले जीवनयापनका लागि जागिर खानु परेको विवशतालाई उद्घाटिन गरिएको छ । ती सोझा नागरिकले जागिर सोखको लागि नभएर बाँच्न तथा पेट पाल्नका लागि खानुपरेको वाध्यतालाई यस उपन्यासले प्रकट गरेको छ । अर्को-तर्फ कोइरालाको मूल अभीष्टलाई पनि यहाँनेर व्यावहारिकतामा उतार्ने काम भएको छ भन्न सकिन्छ किनभने देशमा तत्कालीन प्रशासनयन्त्र पनि निर्णय गर्ने तहमा पुगेको व्यक्तिमा स्वच्छाचारिताले प्रभाव पारेको थियो । त्यस्ता व्यक्तिहरूको स्वच्छाचारिता गर्दा नै आफ्नालाई काखा र अर्कालाई पाखा गर्ने प्रवृत्तिले प्रश्रय पाइरहेको थियो । यस किसिमको सोझासाझा जनताले बाँच्ने आधारलाई खोस्नेजस्ता अत्यन्त निर्दयी निर्णयलाई उपन्यासकारले अमानवीयताको पराकाष्ठा मानेका छन् । उनको यस कृत्यका विरोधमा राजनीतिक धारणा पनि स्पष्ट हुन्छ किनभने उनी पञ्चायती निरङ्कुश शासनका विरोधमा उत्रिएका थिए । उनी कुनै बेला सर्वस्वहरण भई निर्वासित भएका थिए । आफूले भोग्नुपरेको त्यही पीडालाई यस उपन्यासमा प्रस्तुत गर्न कोइराला सफल देखिन्छन् ।

अर्कोतर्फ उनले नेपालका गरिब जनताले जीवनयापनका लागि विदेसिनु पर्ने तथा बसाइँ सर्नुपर्ने वाध्यतालाई पनि यस उपन्यासका पात्रद्वारा यथार्थ रूपमा प्रस्तुत गरेका छन्

। यसबाट पनि **मोदिआइन** उपन्यासले मानवतावादी विचारलाई प्रकट गरेको बोध हुन्छ । राजनीतिक दाउपेच, उथलपुथल, युद्धजस्ता विषयहरूमा सामान्य नागरिकले कुनै चासो नराख्ने गरेको तत्कालीन न्यूनस्तरका नेपाली जनताको मनोदशालाई समेत यस उपन्यासले उद्घाटित गरेको पाइन्छ । त्यति बेलाको नेपाली समाजमा जनस्तरबाट जनतन्त्र र जनजीविकाका आवश्यकीय विषयमा कुनै आवाज निस्किँदैनथ्यो । शासनबाट अन्याय, अत्याचार जति भए पनि त्यसलाई सहनु पर्थ्यो । ठीक त्यही कुराको दृष्टान्तलाई **मोदिआइन**मा प्रस्तुत गरिएको द्रौपदीको चीरहरण-प्रकरणले स्मरण गराउँछ किनभने राजसभामा रजस्वला भएकी द्रौपदीको चीरहरण हुँदा पनि त्यहाँका बुज्रुकहरूले तीव्र विरोध गर्न नसक्नु र दुर्योधनको अत्याचारलाई सहनुले तत्कालीन नेपाली समाजमा व्याप्त अमानवीयतालाई नै सङ्केत गर्दछ ।

यसरी अन्याय र अत्याचार गर्ने परम्परा पौराणिक कालदेखिनै रहिआएकाले यसलाई हटाउनुपर्ने कुरामा जोड दिन नै कोइरालाले **मोदिआइन**को रचना गरेको बुझिन्छ । यसबाट पनि प्रस्तुत उपन्यासमा मानवतावादी विचारलाई केन्द्रीय रूपमा अभिव्यक्त गर्न खोजिएको मानिन्छ । मानवतावादी विचारको अभिव्यक्ति गर्ने सन्दर्भमा उपन्यासकारले युद्धविरोधी चेतना वा विचारको प्रस्तुति पनि महत्त्वपूर्ण रूपले नै गरेका छन् । उनका विचारमा मानवजीवन जहिले जहाँ पनि युद्धबाट सन्त्रस्त छ । त्यसै कारणले कतै कुनै अवसरमा पनि युद्धको सानो संकेतसम्म नदेखियोस् भन्ने शुभेच्छा उपन्यासकारको रहेको छ । यसै अवधारणालाई उनले यस उपन्यासकी 'नारी' पात्रमार्फत् व्यक्त गरेका छन् । उनले यस उपन्यासमा युद्धको विरोध र शान्तिका पक्षमा वकालत गर्दै मानवताको संरक्षणका लागि सम्झौता पनि अपरिहार्य तत्त्व हो भन्ने सम्झौतापरक अभिमतलाई 'नारी' मार्फत् प्रकट गरेका छन् (ढकाल, २०५६ : १३७) । उनको सम्झौतासम्बन्धी मतलाई उपन्यासकी 'नारी' यसरी प्रस्तुत गर्छे :

> *"देवर ढुङ्गामा आफ्नो हतियार चम्काइरहेका हुन्थ्ये । उनी भन्थे - भाउजू पाण्डवहरूका कति शिरको रगत यसले खाने हो ।*
>
> *"मैले रिसाएर भनें - देवर, कस्तो अशुभ कामना गरेको तिमीले साँझको बेलामा के तिमीलाई आजकलको शान्तिको रमाइलो काल मन पर्दैन ? छि !" (मोदिआइन, पृ. ४२)*

यस भनाइबाट उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यासमा मानवताको स्थापनाको लागि मान्छेले सम्झौता पनि गर्नु आवश्यक हुन्छ भन्ने आफ्नो विचार व्यक्त गरेको देखिन्छ । त्यसैले शान्तिका लागि सम्झौता अपरिहार्य हुँदा यसका लागि सबैले प्रयत्न गर्नुपर्ने कुरालाई कोइरालाले यस उपन्यासमा व्यक्त गरेका छन्, जस्तै-

*एकदिन धेरै रात बितेपछि, थाकेको अनुहार लिएर मेरा दुलाहा आए । मैले आशङ्काले सोधेँ- के खबर छ प्राणनाथ ? उनले भने राजा दुर्योधनले विराट राजाको दूतलाई एकदम तिरस्कार गरेर फर्काइदिए (मोदिआइन, पृ. ३९) ।*

यस अभिव्यक्तिमा शान्तिको स्थापनाका लागि विराट राजाले पहल गरेको तर त्यसलाई दुर्योधनले अस्वीकार गरी अमानवीय युद्धलाई निम्त्याएको देखिन्छ । त्यसलाई दुर्योधनले अस्वीकार गरी अमानवीय युद्धलाई निम्त्याएको देखिन्छ । तसर्थ यसपछिका दिनहरू अन्धकारमय देखिन लागेको कुरा 'नारी' व्यक्त गर्छे । यो पीडा ऊ एक जनाको मात्र नभई सवै महाभारतकालीन नारीहरूको हो भन्ने कुरा 'नारी' ले फेरी यसरी भनेकी छे-

*त्यसपछि हाम्रा दिन दुश्चिन्तामा कट्न थाले । रात्रिको प्रणयमा खिन्नताको अनुभव हुन थाल्यो र दिउँसोका घडी उदासिनताले भरिएका, मेरो मात्र त्यस्तो अवस्था भएको होइन, हामी सबै नारीहरूको एक अवस्था थियो, (मोदिआइन, ४०) ।*

दुर्योधनले शान्ति प्रस्तावलाई अस्वीकार गरिदिँदा सर्वसाधारणको दिनचर्यामा पनि कति ठूलो असर पुग्यो भन्ने कुरालाई माथिको अभिव्यक्तिले देखाएको छ । यसमा 'नारी' को दुश्चिन्ताको कारण नै भविष्यमा हुने युद्धको आशङ्का रहेको छ किनभने पाण्डवहरूको १३ वर्षपछि आगमन हुनु, द्रौपदीको चीरहरणको बदलाभाव, कृष्णमा देखिएको युद्धकामी भाव आदिले नारीहरूलाई दुश्चिन्तामा पारेको देखिन्छ । नारीहरू युद्धदेखि त्रसित भई तिनमा घृणाभाव उद्‌बोधन हुँदा **मोदिआइन** मानवीय-करुणगाथाको पराकाष्ठ बन्न पुगेको देखिन्छ । (क्षेत्री, २०५३ : २६३) ।

**मोदिआइन** उपन्यासमा पाण्डवहरू युद्धका निम्ति तयार नभएका तर कृष्णको चालले नै युद्ध हुन गएको कुरा 'नारी' पात्रमार्फत् व्यक्त गरिएको छ । तसर्थ महाभारतको युद्ध रचाउने कृष्ण नै हुन् भन्ने निचोडमा उपन्यासकार पुगेका छन् । उनले 'नारी' का पीडामय व्यथाका कथाहरूलाई मानवीय धरातलमा उभिएर प्रस्तुत गरेका छन् । उनले नारीहरूका तिनै पीडाहरूलाई अत्यन्त संवेद्य बनाएर मानवताका पक्षमा तीव्र आवाज उठाएका छन् (ढकाल, २०५६ : १३८) । त्यसैले यस उपन्यासमा मानवता केन्द्रीय विचारका रूपमा आएको छ भन्न सकिन्छ । यस कुरालाई तलको अभिव्यक्तिले थप पुष्टि गर्दछ-

*. . . प्राणप्यारी, हाम्रा राजा दुर्योधन सियोको टुप्पो जति पनि माटो नदिने रे पाण्डवहरूलाई भनेर ढिपी लिइरहेका छन् रे (मोदिआइन, पृ. ४२)।*

यस भनाइले कसैको नैसर्गिक अधिकारलाई दुर्योधनजस्ता व्यक्तिहरूले हनन् गर्न खोज्नु महा भुल हो र मानवतावादप्रतिकै ठूलो अन्याय हो भन्ने कुरा स्पष्ट गर्दछ । साथै दुर्योधनजस्ता सत्ताधारीहरूले खाली आफ्नो स्वार्थ सिद्ध गर्न अर्काको अधिकारलाई खोसेर आफ्नो नियन्त्रणमा लिनुजस्तो अमानवीय कार्यप्रति पनि उपन्यासकारको तीव्र विरोध रहेको छ । त्यसैले युद्धलगायतका अमानवीय कार्यप्रतिको विरोध र मानवतावादको स्थापनातर्फ नै

यो उपन्यास अग्रसर छ । **मोदिआइन** उपन्यासमा दानवीय र दैवीय अहम्का कारण महाभारतको युद्धमा कैयौं नरनारीले जीवन गुमाउन विवश हुनुपरेको तितो सत्यलाई उद्घाटित गरिएको छ । यस क्रममा त्यहाँका विधवा नारीहरूका मनोव्यथालाई अत्यन्त मर्मस्पर्शी ढङ्गले व्यक्त गरिएको छ । युद्धको नामबाटै मात्र पनि त्रस्त भएका नारीको मनोदशा यस उपन्यासमा यसरी व्यक्त भएको छ-

> *समरको शब्द सुन्नासाथ हामी नारीहरू भयले काँप्न थाल्यौं । मनमनैमा आफ्ना पति, भाइ, दाजु वा काकालाई सम्झेर ईश्वरसँग पुकार गर्न थाल्यौं- हे ईश्वर, सबैको रच्छे गर ( मोदिआइन, पृ. ४३) ।*

महाभारतकालीन नारीहरू युद्धको नाम सुन्दा पनि अति नै भयभित भई आफन्तहरूको रक्षार्थ भगवान्सँग प्रार्थना गर्दछन् तर भगवानले ती नारीहरूको कण्ठबाट उठेको पुकारलाई कुनै पनि किसिमले सुनिदिएनन् र महाभारतकालीन नारीहरू वैधव्यको सिकार हुन गए भन्ने उपन्यासकारको विचार यहाँ प्रकट भएको छ । उपर्युक्त कुराले खोक्रो तथा अन्धधर्मका नाममा हुने युद्धका कारण लाखौं मानिसको जीवन नै संकटमा पर्न सक्ने स्पष्ट पारेको छ । रणभूमिमा गएका आफन्तका व्याकुलतामा ईश्वरसँग रक्षाका लागि आग्रह गरेका लाखौं नारीहरूको वेदनालाई यस उपन्यासले प्रस्तुत गरेको छ । यसरी भगवान्सँग दयाको भीख माग्दा पनि हृदयले शून्य भएका ईश्वर (कृष्ण) ले नसुनेको र युद्ध निश्चित भएको देखिन्छ ।

कोइरालाले यस उपन्यासमा महाभारत युद्धका रचयिता नै कृष्ण हुन् भन्ने विचार व्यक्त गरेका छन् । यस कुराको पुष्टिका लागि उनले पाण्डवहरू युद्धाभिमुख नभएको देखाएका छन् जुन कुरालाई उपन्यासकी नारी यसरी प्रकट गर्छे-

> *कृष्णले धर्मयुद्धको व्याख्या गर्दा युधिष्ठिरले भने रे- कुनै अवस्थामा पनि युद्ध धर्ममय हुँदैन, हे केशव ! एक चोटी त उग्रस्वभावमा भीमले पनि कृष्णसँग शान्तिको पक्ष लिएर तर्क गरे रे (मोदिआइन, पृ. ४५) ।*

माथिको अभिव्यक्तिमा उपन्यासकार कोइरालाले भीमजस्ता उग्र तथा प्रचण्ड स्वभाव भएका मनुष्यमा त मानवतावादी विचार छ भने देवतारूपी कृष्णमा कुनै संवेदनशीलता नपाइनु अत्यन्त खेदजनक कुरा हो भन्ने विचार व्यक्त गरेका छन् । उनले महाभारतको युद्ध मच्चाउने कारक तत्त्व नै कृष्ण र उनको गीता-दर्शन हो भन्ने स्पष्ट पार्न खोजेका छन् । यसरी प्रस्तुत उपन्यासमा कोइरालाले कृष्णलाई मानवताका कट्टर विरोधीका रूपमा विश्लेषण गर्दै युद्ध भनेको आफैँमा मानवताविरोधी कृत्य हो भन्ने निष्कर्ष निकालेको पाइन्छ (ढकाल, २०५६ : १३९) । यस उपन्यासमा गीता-दर्शनले प्रदान गरेका नकारात्मक धारणाहरूलाई उल्लेख गरिएको छ । यो उपन्यास मानव जातिको स्वतन्त्रता, अधिकार र अस्तित्वप्रति सचेत रहेर संरचित भएको देखिन्छ । मान्छे अनाहक मृत्युको संघारमा पुग्न

हुन्न भन्ने भाव उपन्यासकारले **मोदिआइन**मा प्रकट गरेका छन् । महाभारतको युद्धमा मारिएकाहरूका आफन्तले गरेका चित्कारलाई देखाउँदै यस उपन्यासमा अमानवीय सन्दर्भको आलोचना गरी मानवीय भावनाको कदर गर्नुपर्छ भन्ने विचार व्यक्त गरेको छ । यसमा प्रयुक्त चरित्रहरूबाट पनि अमानवीय तत्त्वको खण्डन र मानवतावादी पक्षको मण्डन गरेको कुरा स्पष्ट हुन्छ । उपन्यासमा आएकी 'नारी' पात्रले युद्धको घोर विरोध गरेको देखिन्छ । उसले कृष्णलाई नै युद्ध संचालक मान्दै आफ्नो आक्रोश पोखेकी छे-

> *मानव सानातिना आशा-आकाङ्क्षाले चालित हुने प्राणी हो । . . . तिमी पो कृष्ण देवता हो स्वर्गका, जहाँको निवासी आफ्नो अमरत्वमा निःस्पृट्ट हुन सक्छ, करुणाहीन हृदय राख्न सक्छ । जसका आँखामा आँशु टल्किन दिदैँन, जहाँ मृत्यु छैन, अनन्तको जीवन निष्काम हुन सक्छ । तर हामी मानव हाय ! कालका ग्रासी हामीमा त्यो कहाँ सम्भव छ ? (मोदिआइन, पृ. ५३) ।*

'नारी' ले व्यक्त गरेका यस्ता उद्‌गारबाट उसको सम्वेदनशीलता प्रेम, धैर्य, तर्क-क्षमता प्रगतिशीलता आदि विशेषताहरू प्रकट भएका छन् । उपन्यासको अन्त्यतिर अर्जुनलाई ईश्वरारुढ यन्त्र भइसकेको कुरा मोदिआइनले 'म' पात्रलाई सुनाउँछे । तसर्थ कृष्णले अर्जुनलाई ईश्वरारुढ यन्त्र बनाइसकेपछि देवत्वको घृणित कार्य नै कुरुक्षेत्रको सो युद्धलाई बिताउनुसित सम्बन्धित देखिन्छ । मोदिआइनमा नास्तिकता भाव जाग्नुले पनि यथासक्य मानवताकै शङ्खनाद गर्दछ तर युगिन चीरप्रेमी मोदिआइनको तीव्र स्वर त्यसैवेला घन्किन्छ, जव उसको आत्मोद्‌गार यसरी व्यक्त हुन्छ-

"नानी ठूलो नहुनू वीर नहुनू, असल हुनू, असल" (मोदिआइन, पृ. ५९) ।

यसरी **मोदिआइन**ले पनि महाभारतमा भएको नरसंहारलाई अर्थहीन कार्य बताएको देखिन्छ । उसले महाभारतको कथालाई उल्लेख गर्ने क्रममा त्यस युद्धको तार्किक विरोधसमेत गरेकी छे । युद्धले मानवअधिकार हनन भएको, मानवीय स्वाभिमानमाथि आँच परेको, स्वतन्त्रता गुमेको आदि विचारहरू यस उपन्यासका पात्रहरूबाट प्रकट भएको पाइन्छ । त्यसकारण यसमा उपन्यासकारले मानव-पीडाको कथालाई उल्लेख गरेर मानव-दुःखप्रति सहानुभूति व्यक्त गरेका छन् । कथित भगवानको आदेशअनुसार लादिएको महाभारतयुद्ध उपलब्धिविहीन भएको तर्क **मोदिआइन**मा प्रकट भएको छ । यसमा मानवजीवनको कारुणिक चित्र प्रस्तुत गरिएको छ । यस्तो करुणाजन्य अवस्था सिर्जना हुनुको मुख्य कारण अमानवीय दैवीशक्ति र तद्अनुरूपको सोच रहेको विचार कोइरालाले दिएका छन् । तत्कालीन महाभारत युद्धमा मानवीय विचारले जितेको भए त्यति ठूलो मात्रामा नरसंहार हुँदैनथ्यो भन्ने धारणा यसभित्र प्रकट भएको देखिन्छ । उपन्यासका पात्रहरूका माध्यमबाट मानवताविरोधी तत्त्वलाई उदङ्ग्याउने काम उपन्यासमा भएको छ । महाभारतको थियो भन्ने तथ्यलाई यस उपन्यासका पात्रहरूले प्रष्ट पारेका छन् । **मोदिआइन** र 'नारी' पात्रले व्याख्यात्मक शैलीमा मानव जाति युद्धबाट कसरी सन्त्रस्त छ भन्ने कुरालाई प्रस्ट्याएका छन् ।

उपन्यासमा प्रस्तुत मधुवारिनले पनि बिम्बात्मक पात्रको भूमिका निर्वाह गर्दै गीता-दर्शनले दिएको गलत निर्देशनलाई औंल्याइएको देखिन्छ । मानव वास्तवमै मानव भएर बाँच्न पाउनु पर्छ भन्ने विचार यस उपन्यासमा प्रकट भएको छ । युद्धबाट मानव जीवनको हत्या भएको, स्वतन्त्रताको हरण भएको, सुरक्षाको अन्त्य भएको र बाँचेकाहरू पनि विविध वेदना सँगालेर बाँच्न विवश हुनु परेको विवशतालाई प्रायः नारी पात्रका माध्यमबाट उद्घाटित गरिएको छ । देवताको महत्त्वाकाङ्क्षामा मान्छेले दुःख पाएको अवस्थालाई उपन्यासकारले अभिव्यक्त गरेका छन् । खास गरी कृष्णको हठलाई नै **मोदिआइन** उपन्यासमा मानवताविरोधी सूत्र भनिएको छ । यसमा मान्छेलाई मूल्यहीन ढङ्गले मारिएको सन्दर्भलाई महाभारतीय पौराणिक कथामार्फत् प्रस्तुत गरिएको छ । एक जना मान्छे अकालमा मर्नु पर्दा उसका परिवारले अकल्पनीय पीडादायी अवस्थाको सामना गर्नुपर्दछ भन्ने तथ्यका लागि यस्तै दुःखद अवस्थाको सामना गरिरहेका पात्रहरूलाई यस उपन्यासमा प्रयोग गरिएको छ । उपन्यासकार कोइराला आफ्ना औपन्यासिक रचनामार्फत् मानव जीवनका पीडा तथा विवश सन्दर्भलाई प्रस्तुत गर्न बढी रुचाउँछन् । खास गरी मानव स्वतन्त्रताका पक्षमा रचनालाई प्रयोग गर्ने कोइरालाले यस उपन्यासमा पनि मानव स्वतन्त्रताको हरण भएको कुरालाई अघि सारेका छन् । मघुवारिनजस्ता पात्रले प्राचीन कालमा दुःख पाएको मानव जीवनको अवस्थालाई समेत प्रतिनिधित्व गरेकी छे । असमयमै विधवा हुनु परेको पीडाले नारीजीवन सन्त्रस्त छ, कोलाहलमय छ र भयावह छ भन्ने अनुभूतिको चित्रण उपन्यासमा गरिएको छ । मान्छेका मृत हड्डीलाई गिद्दले बोकेर हिँडेको रज्जित तर डरलाग्दो अवस्थालाई यस **मोदिआइन** उपन्यासमा चर्चा गरिएको छ । मान्छेले स्वाभाविक ढङ्गमा बाँच्न पाएका छैनन् । कोही अनाहक युद्धमा मारिएका छन् भने कोही परिवारविहीन भएर वाँच्न बाध्य छन् भन्ने कुरा यसमा वर्णित छ । उपन्यासकारले खास गरी युद्धजन्य पीडाले ग्रस्त मानिसको प्रतिनिधित्व हुने पात्रलाई यस उपन्यासमा प्रयोग गरेका छन् । यस उपन्यासका पात्रहरू प्रायः केही न केही चिन्ताबाट ग्रस्त छन् । जहाँ यथार्थता हुन्छ त्यहाँ मानवीय मूल्य र आकाङ्क्षाले ठाउँ पाएको देखिन्छ । उपन्यासकार कोइरालाका सबै उपन्यास मानवीय मूल्यलाई स्थापना गर्नेतर्फ जोड दिइएर लेखिएका छन् । यद्यपि उनको **मोदिआइन** उपन्यास यस सन्दर्भमा झन अगाडि देखिन्छ किनभने यस उपन्यासमा मानवतावादको चर्को स्वर गुञ्जिएको छ । **मोदिआइन** वैचारिकताले प्रखरता पाएको उपन्यास हो । यसमा प्रक्षेपित विविध विचारहरूमध्ये मानवीय जीवन मूल्य पनि अर्को पक्ष भएर आएको छ । प्रस्तुत उपन्यासमा मान्छेको जीवनलाई नजिकबाट चियाउने प्रयास कोइरालाले गरेका छन् । मान्छेले आफ्नो जीवनमा भोग्नुपरेका छन् । मान्छेले आफ्नो जीवनमा भोग्नुपरेका सुख दुःख र गुमाउनु परेका आफन्त अनि खुसीका क्षणहरूलाई उपन्यासकारले राम्रोसँग प्रस्तुत गरेका छन् । उनले यस उपन्यासमार्फत् राम्रोसँग प्रस्तुत गरेका छन् । उनले यस उपन्यासमार्फत् जीवनका कामना र रोजाइहरूमध्ये कुनैलाई त्याग्नु

र कुनैलाई रोज्नुपर्ने बाध्यता देखाएका छन् (नेपाल, २०५३ : २७३) । त्यसैले प्रस्तुत उपन्यासले मानव जीवनमा कुनै न कुनै मूल्यलाई अघि सारेको छ । मूल्यहीन हुनु जीवनको लक्ष्य होइन भन्ने अभियान कोइरालाको रहेको छ । त्यसैले कृष्णको द्वैध चरित्रका कारण महाभारतको युद्ध हुन गएको र उक्त युद्धले मानवीय मूल्यलाइ नै लत्याइदिएको सन्दर्भलाई लिएर यस उपन्यासमा त्यसको विरोध गरिएको छ । प्रस्तुत उपन्यासमा मानवमूल्य, मानवअस्तित्व एवम् प्राकृतिक, मनोवैज्ञानिक सत्य आदिका उज्याला र अँध्यारा पाटाहरूलाई प्रस्तुत गरिएको साथै यसमा नियतिको चक्रमा निसास्सिएर शून्य हुन सक्ने जीवनको निरर्थक पक्षको पनि अनुसन्धान भएको छ भन्न सकिन्छ । यसरी प्रस्तुत उपन्यासमा जीवनरहस्य र मूल्यका पत्रैपत्र खुल्दै गएको देखिन्छ । यस उपन्यासमा जीवन सत्यको वास्तविक झलक देख्न सकिन्छ ।

प्रणयसुख वात्सल्यभाव र साख्यभावको न्यानोपनमा रहने लोभबाट मानव कहिल्यै टाढा जान सक्दैन र यस्तो चाहना हुनु उसको नैसर्गिक अधिकार हो भन्ने कुरा मानवीय सत्यका रूपमा यस उपन्यासमा व्यक्त भएको छ । त्यसैले मानवीय मूल्य र जीवन सत्यको कुनै पर्वाह नगरी अर्जुनलाई युद्धका निम्ति उक्साउने कृष्णप्रति 'नारी' यसरी रोष प्रकट गर्छे-

*हे केशव, स्वर्गको उच्चतामा बसेर तलका किटमय मृत्युलोकमा हामी प्राणिलाई देखेर तिमीलाई लाग्दो हो मानवजीवन मायावत, मिथ्यावत, अप्रासङ्गिक छ, हामीलाई कमिलाहरूका प्रति भएको जस्तो छ तर हाम्रो जीवन हामीलाई अप्रासङ्गिक छैन (मोदिआइन, पृ. ५४) ।*

यसरी 'नारी' ले व्यक्त गरेका यस किसिमका अभिव्यक्तिले उपन्यासकारको जीवन मूल्यप्रतिको सोचाइलाई उजागर गर्ने काम गरेको छ । उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला वैचारिक उपन्यासकार हुन् । यस कुराको पुष्टि उनका उपन्यासमा अभिव्यक्त उपयुक्त वैचारिकताबाट स्पष्ट हुन्छ । मानवजीवन र मानवेत्तर दैवी शक्तिलाई मायावत, मिथ्यावन र अप्रासङ्गिक लाग्न सक्छ तथापि कुनै पनि दर्शन र तर्कले जीवनको ठोस् सत्यलाई मिथ्यामा परिवर्तन गर्ने सक्दैन (नेपाल, २०५३ : २७८) । भन्ने विचारलाई प्रकट गर्न यो उपन्यास सफल देखिन्छ ।

शरीर मरे पनि प्रेमभावना अम्बर रहन्छ र यसलाई प्राप्त गर्न मानव अनेकौ रूप लिइरहन्छ भन्ने अनुभव नारीको छ (शर्मा, २०४९ : ५०) । वास्तवमा यस्ता स्वैरकल्पित कुराको वैज्ञानिक आधारमा पुष्टि नहुने भएपनि मानवमूल्यलाई ठम्याउने कार्य भने यसले गरेको छ । नारी आफ्ना आकाङ्क्षा पूरा गर्न युग-युगसम्म भौतारिन्छे भन्ने कुरालाई यस उपन्यासले यसरी देखाएको छ-

*कति युग, कति कल्प विते, त्यस विहान मसँगै छुट्टिएर गएका पतिलाई आजसम्म विदा दिन सकेकी छैन (मोदिआइन, पृ. ४५) ।*

*म सरह लाखौंलाख नारीहरूको प्रेतात्मा आफ्नो अनन्तको वैधव्यको व्यथा बोकेर चौध भुवनमा भौतारिएर हिँडिरहेका छन् आफ्ना प्यारालाई खोज्दै (मोदिआइन, पृ. ५८) ।*

यस उपन्यासका मोदिआइन र नारी ले प्रकट गरेको यस किसिमका भावनात्मक अभिव्यक्तिमा हृदयस्पर्शी वेदना झल्किन्छ र मानव-मूल्यको स्थापना हुन नसकेको शेषमूलक विचार पनि देखिन्छ । कोइरालाले आफ्नो धर्म-अव्ययको निष्कर्षलाई मोदिआइनमार्फत् अभिव्यक्त गरि मानवतावादको विषयमा गम्भीर हुन मान्छेलाई द्वन्द्वात्मक तर्कशक्तिसमेत प्रदान गरेको देखिन्छ । गीता-दर्शनले मानवप्रेमलाई बेवास्ता गरेको तथ्य यस उपन्यासले प्रस्ट पारेको छ । गीताको मूल मान्यता परमेश्वरप्रतिको अन्धभक्ति, निष्काम कर्म र मोहभङ्ग हो । यद्यपि मान्छे मोहयुक्त प्राणी हो । मान्छेलाई आफ्नो आत्मा, देह, परिवार समाज तथा राष्ट्रकै मोह हुन्छ जुन मोहबाटै मान्छे सामाजिक प्राणीका रूपमा कहलिएको छ । यस्तो मोहयुक्त प्राणीलाई गीताको निष्काम र मोहहीन भाव उपाच्य हुन्छ भन्ने विचारलाई कोइरालाले **मोदिआइन** उपन्यासमा प्रकट गरेका छन् ।

**मोदिआइन** उपन्यासमा कृष्णको उपदेशलाई आड लिएर निम्त्याइएको युद्धको घोर विरोध गरिएको छ । युद्धको विभत्स, नग्न र पीडाजनक रूप कसै गरेपनि छोपिन सक्दैन । यस किसिमको युद्धले गर्दा अन्यायले-अन्यायलाई नै व्युझाइदिन्छ र आखिर अन्यायको नाश गर्ने निहुँमा अर्को संहार हुन सक्छ भन्ने विचार उपन्यासकारले व्यक्त गरेका छन् (नेपाल, २०५३ : २७९) । मानव जीवनमा कहिलेकाँही सम्झौता पनि गर्नुपर्छ भन्ने विचार पनि यस उपन्यासमा प्रस्तुत भएको छ । मानवले विद्यमान परिस्थितिसँग सम्झौता गर्नुपर्ने दृष्टान्तलाई मोदिआइन र मोदीको जोडीले प्रस्ट देखाएको छ । यस किसिमको सम्झौता हुनुपर्ने विचारलाई महाभारतको युद्धसम्म आइपुग्दा प्रशस्त मात्रामा व्यक्त गरिएको छ । मानव जीवनका हितमा गरिने सम्झौता कहिल्यै पनि व्यर्थ हुँदैन तर स्वार्थपूर्तिका निम्ति गरिने कार्यहरूले महाभारतको युद्ध जस्तो भयङ्करतालाई मात्र निम्त्याउँछ र मानव जीवन नै अस्तव्यस्त बनाइदिन्छ भन्ने विचार **मोदिआइन**मा प्रकट भएको छ । तसर्थ मानव जीवनलाई सवै कोणबाट हेर्नु आवश्यक हुन्छ भन्ने विचार उपन्यासकारको रहेको छ । शान्तिका लागि मान्छे नै अग्रसर हुनुपर्छ र मान्छेकै अहम् भूमिका रहेमा मानवशान्ति प्रतिस्थापित हुन सक्छ भन्ने भावविधानलाई **मोदिआइन** उपन्यासमा छर्लङ्ग पारिएको छ । पौराणिक तथा ऐतिहासिक कालखण्डहरूमा जे-जस्ता घटना घटे ती सबै घटनामा ईश्वरले नकारात्मक भूमिका निर्वाह गरेकाले मानवजीवन दुर्घटित हुन पुगेको कुरालाई प्रतीकात्मक किसिमले **मोदिआइन**मा अभिव्यक्त गरिएको छ । यो उपन्यासले महत्त्वाकाङ्क्षा एवम् अहमवृत्तिले न ईश्वर न मान्छे कसैलाई पनि हित नगर्ने तर्कका साथ वैचारिक मान्यतालाई प्रस्तुत गरेको छ । मानिस आफ्नै सुःख र दुःखमा रम्न चाहन्छ तर ईश्वरीय खटनअनुसार सुख-दुःखको भोग गराउन लाग्दा मानवतावाद खण्डित हुनपुग्छ भन्ने मानवतावादी

दृष्टिकोण कोइरालाले छर्लङ्ग पारेका छन् । ईश्वर र मान्छे आ-आफ्ना स्थानमा बस्नु पर्छ र एकले अर्काको स्थान ओगट्न खोज्दा नराम्रो द्वन्द्वको उत्पत्ति हुन्छ भन्ने भनाई उपन्यासकारको देखिन्छ । **मोदिआइन**को पात्रगत चरित्रचित्रण पनि वैचारिक मान्यताको खण्डनप्रति नै केन्द्रित रहेको छ । अप्रत्यक्ष रूपमा प्रयोग गरिएका कृष्ण, अर्जुन, द्रौपदीजस्ता पात्रहरूका विचारको प्रभावबाट मानव-जीवनको उथलपुथललाई चित्रण गरिएको पाइन्छ । ती पात्रहरूले दैवी र मानवीय ईच्छाको द्वन्द्वलाई चित्रण गर्ने प्रयास गरेका छन् भन्ने मानवमा दैवी अहंकार थप हुँदा सामान्य जनजीवनमाथि नै नकारात्मक प्रभाव पर्ने यथार्थलाई समेत छर्लङ्ग बनाएका छन् ।

मानव कुनै जड वस्तु वा धातुहरूबाट बनेको मूर्ति होइन । उसका आफ्नै इच्छा र आकाङ्क्षाहरू हुन्छन् । उसलाई कसैले काठको पुतली जस्तो नचाउन सक्दैन र नचाउनु पनि हुँदैन । ऊ विविध जीवनका तत्त्वहरूका समीश्रणबाट बनेकाले अवर्णनीय छ (आचार्य, २०५३ : १७५) । भन्ने अभिव्यक्तिले पनि मानवमूल्यको महत्त्वलाई स्पष्ट पार्दछ । मानिसलाई त्यस अनुभूतिका अवस्थामा पुऱ्याउने युद्धलगायत मानसिक व्यावहारिक सबै तत्त्वहरू मानवतावाद विरोधी हुन् भन्ने कुरा नै उपन्यासकार कोइरालाको वैचारिक निष्कर्ष हो र यही उपन्यासको केन्द्रीय भाव सूत्र पनि हो । यो उपन्यास युगीन सन्देशको प्रतीकका रूपमा प्रकट भएको छ । कौरव-पाण्डवबीचको लडाइँ मानवसभ्यतामाथिको दूषित घटना हो भन्ने विचारले उपन्यासलाई वैचारिक मोड प्रदान गरेको छ । दोषीले दण्ड पाउने र निर्दोषले स्वतन्त्र रूपमा बाँच्न पाउने प्राकृतिक नियम एवम् अधिकार मात्र होइन सामाजिक दृष्टिले पनि समूहगत जीवनको रक्षामा मानव चासो प्राथमिक विषय हो । यस उपन्यासमा कोइरालाले मानव-चासोको स्थान कृष्णजस्ता भगवानले लिएको सन्दर्भलाई उद्घाटन गरेका छन् । मान्छेका आफ्नै रुचि हुन्छन्, आफ्नै विशेषता हुन्छन्, र आफ्नै अधिकार हुन्छन् जसमाथि कुनै अर्को शक्तिको हस्तक्षेपमूलक प्रभाव आवश्यक छैन भन्ने विचार कोइरालाले यस उपन्यासमा दिएका छन् । युद्ध गरेर मर्नु छ भने मान्छेले नै निर्णय लिन सक्छ तर महाभारत युद्धमा किन मानव-मानवबीचको युद्धलाई भड्काउने काम गीता सन्देशको बलले दैवी शक्तिद्वारा गराइएको छ भन्दै दैवीशक्ति विरुद्धको अहंकारमूलक भावलाई विवेचना गरी मानवतावादी भावलाई यसमा प्रकट गरिएको छ । मान्छे स्वभावैले आफूलाई मन पर्नेप्रति प्रेम गर्छ र मन नपर्नेप्रति घृणा गर्दछ तर ईश्वरचाहिँ सिङ्गै मानव सभ्यतालाई विघटनकारी कार्यको नरसंहारमा पुऱ्याउन चाहन्छ । त्यसैले दैवी शक्तिसित वैचारिक युद्ध गरी मान्छे मान्छेकै रूपमा अस्तित्वयुक्त जीवन बाँच्न पाउनु पर्छ भन्ने मान्यता उपन्यासकारको देखिन्छ । यस उपन्यासमा मानवजीवनको विश्लेषण मात्र छैन अपितु त्यस पीडाको कारक तत्त्व वैचारिक प्रभाव हो भन्ने तथ्यलाई खुलाइएको छ । मान्छे स्वयम्मा असल र सबल प्राणी हुँदाहुँदै अपारदर्शी तत्त्वका रूपमा रहेको ईश्वरको पूजा किन गर्ने ? भन्ने प्रश्नलाई

**मोदिआइन**मा खडा गरिएको छ । मान्छे स्वतन्त्र भएर बाँच्न पायो भने उसले आफ्नो सभ्यताको पहिचान कायम गर्दछ तर ईश्वरको भक्तिमा लीन भयो भने मानवीय अस्तित्व समेत नष्ट गर्न पुग्दछ भन्ने विचारलाई कोइरालाले विवेचना गरेको पाइन्छ । अर्को धारणाअनुसार यस उपन्यासमा मान्छेले कसैको अनुकम्पाबाट होइन आफ्नै बुद्धि र स्थानबाट बाँच्ने अवसर पाउनु पर्छ भन्ने कुरा दर्शाइएको छ ।

यसरी समष्टिमा मानवजीवनमा ईश्वरीय वा दैवीशक्तिको हस्तक्षेप हुन नहुने भन्दै सम्झौता गरेर पनि मानवताको संहारक युद्धलाई पन्छाउनुपर्ने विचारव्यक्त गरेर कोइरालाले यस उपन्यासमा मानवतावादी विचारको प्रखर प्रस्तुति गरेका छन् ।

## ५.५ मानवतावादी विचारका सन्दर्भमा गीता-दर्शनको खण्डन

महाभारतकालीन पौराणिक कथाबाट विषयवस्तु, चयन गरी लेखिएको **मोदिआइन** उपन्यास मुख्य रूपमा गीता-दर्शनको आलोचना वा खण्डनमा केन्द्रित रहेको छ । कोइरालाले यस उपन्यासमा गीता दर्शनलाई मानवतावादविरोधी दर्शनको आरोप लगाउँदै त्यसको तार्किक रूपमा व्याख्या गरेका छन् । महाभारतीय कथाको सारतत्व 'गीता' हो भने यस उपन्यासकी पात्र मोदिआइनले बालक 'म' पात्रलाई सुनाएको कथाको आधार पनि 'गीता' नै हो । महाभारतमा धृतराष्टले जसरी आफ्नो सारथी सञ्जयमार्फत् कुरुक्षेत्रको युद्ध वर्णन सुनेको देखिन्छ, त्यसरी नै यस उपन्यासमा मोदिआइनले 'नारी' का आँखाबाट हेरेको कुरुक्षेत्रको युद्धको दृश्यलाई कथाका रूपमा 'म' पात्रलाई सुनाएकी छे । त्यसैले **मोदिआइन** गीता-दर्शनमा आधारित विचारप्रधान उपन्यास हो । वास्तवमा यस उपन्यासमा गीता दर्शनको परम्परागत व्याख्याको विरोधी विचार छ भन्न सकिन्छ किनभने उपन्यासमा गरिएको मानवतावादको तीव्रतम प्रस्तुतिले गीता-दर्शनसँगको असहमतिलाई प्रकट गर्दछ । यो उपन्यास कोइरालाको सैद्धान्तिक चिन्तनको साहित्यिक दस्तावोज हो; जहाँ मूलभूत रूपमा मानवतावादी विचार हरेक सन्दर्भमा सशक्त रूपले व्यक्त गरिएको छ (ढकाल, २०५६ : १४) । प्रस्तुत उपन्यास रचनाका लागि मूलस्रोत तथा आधारभूत पृष्ठभूमि गीता नै हो भन्ने कुरा माथिको चर्चाबाट नै स्पष्ट भइसकेको छ । कौरव र पाण्डवबीच युद्ध निश्चित भएपछि दुवैतर्फका यौद्धाहरू रणभूमिमा उत्रिन्छन् । रणभूमिमा पुगेर पनि युद्ध गर्ने निर्णय गर्न नसकेका अर्जुनले आफ्ना स्वजनहरूलाई देख्दा मन थाम्न सक्दैनन् । उनी आत्माग्लानिका कारण कृष्णसमक्ष युद्ध गर्न नसक्ने आफ्नो विचारलाई यसरी प्रकट गर्दछन्-

> *मधुसुदन सामुन्ने उपस्थित भएका युद्धका लागि आएका यी मेरा स्वजन समुदायलाई मारेर न विजय नै चाहन्छु, न राज्य नै न कुनै प्रकारको सुख । . . . हे जनार्दन, यिनीहरूले मलाई मार्ने भए पनि मारुन्; म यिनीहरूका विरुद्ध गाण्डिव उठाउँदिन, तीनै लोकका राज्यका लागि त मबाट यिनीहरूको हत्या हुन सक्दैन भने यो जाबो हस्तिनापुरको राज्यका लागि के म नरहत्या गर्छु ? (मोदिआइन, ५१-५२) ।*

यसरी मानवहृदय भएका अर्जुनले व्यक्त गरेका माथिका उद्गारबाट पाण्डवहरू अन्तिम क्षणसम्म पनि युद्धका लागि तयार नभएको स्पष्ट हुन्छ । यिनीहरूलाई युद्धका निम्ति प्रेरित गर्ने व्यक्ति नै कृष्ण र उनको गीता-दर्शन हो भन्ने कुरा यहाँ व्यक्त गरिएको छ । अर्जुनको त्यस किसिमको युद्ध त्यागको भावनामा कृष्णले नै कुठाराघात गरेर अर्जुनलाई सम्झाएर युद्धका लागि तयार पारे भन्ने सन्दर्भलाई मोदिलाई यसरी व्यक्त गर्छे-

> *. . . उत्तिखेरै कृष्णको ईश्वरीय वाणी, टाढाको समुद्रको गर्जन सुनिया जस्तै गम्भीर स्वरमा शान्तिलाई भङ्ग गर्दै निस्कियो । उनले भने हे पार्थ, तिमीलाई मोहले आक्रान्त पारेको छ । उठाऊ गाण्डिव र प्रविष्ट होऊ युद्धमा । यसमा विजयी भयो भने पृथ्वीको भोग गरौला र कथंकदाचित मारियो भने स्वर्गको भोग गर्न पुगौला (मोदिआइन, पृ. ५२) ।*

यस किसिमको झुटो प्रपन्च कृष्णले अर्जुनलाई युद्धका लागि फकाउन खोजेको कुरालाई माथिको अभिव्यक्तिले स्पष्ट पार्दछ । अर्जुनको मानव-हृदयले युद्धलाई अस्वीकार गर्न नसकेको कुरा मोदिआइनले यहाँ 'म' पात्रलाई सुनाएकी छे । ऊ भन्छे- "अर्जुनले शिर हल्लाएर कृष्णको उपदेशलाई अमान्य गरे तापनि कृष्णले नाना किसिमको तर्क दिँदै लामो व्याख्या गरेर आफ्नो दर्शनका जादूले अर्जुनलाई शिथिल बनाउँदै लगे ।" यस कुरालाई नारीका माध्यमबाट उपन्यासकारले उपन्यासमा अझ राम्ररी प्रष्ट्याएका छन् । नारी भन्छे-

> *अर्जुन मानवहृदयको व्यथाले व्यथित थिए, करुणाद्र भएर बारम्बार उनी शिथिल हुन्थे । मनुष्यको जुन नग्न रूप छ करुणाको, सहृदयताको, स्नेहको, प्रेमको, स्वजातीयताको कौटुम्बिताको, मैत्रीको दयाको, त्यसैको साकार रूप थिए अर्जुन त्यस दिन (मोदिआइन, पृ. ५२-५३) ।*

उपर्युक्त अभिव्यक्तिबाट अर्जुनको अवस्था दयनीय र विशुद्ध मानवीय देखिन्छ तर कृष्णले अर्जुनको त्यस किसिमको दयनीय अवस्थामा पनि उपदेशमाथि उपदेश दिँदै गएका छन् । अर्जुनको मन कृष्णको साधारण सम्झाइबाट परिवर्तन हुन केही कठिनाई देखेपछि कृष्ण आफू 'परब्रम्ह परमेश्वर हुँ' भन्ने विश्वास अर्जुनलाई दिलाउन चाहन्छन् । कृष्णलाई परमेश्वर र गीतालाई उनको दर्शन मानिएको (अधिकारी, २०५१ : २०५-२१८, अक्षरब्रम्ह्योग) पाइन्छ । उनको दर्शन मानवतावादका विरोधमा छ भन्ने पुष्टि गर्न नै कोइरालाले **मोदिआइन** उपन्यासको सहायता लिएका छन् । अर्जुन मानवहृदयका धनी व्यक्ति थिए तर कृष्णले उनलाई आफ्नो बसमा राख्न विभिन्न उपदेश थिए र अन्तमा आफ्नो जादूको पनि प्रयोग गरे भन्ने कुरालाई यस उपन्यासमा व्यक्त गरेका छन् । नारीका माध्यमबाट कोइराला कृष्ण र उनको गीता-दर्शनलाई उपन्यासमा यसरी प्रस्तुत गर्छन्-

> *"कृष्णले भन्दै गए- म परमब्रम्ह परमेश्वर हुँ । ममाथि पूर्णविश्वास र आस्था राख । म जे भन्छु गर । म आदर्श हुँ तिम्रो, म तिम्रो प्राथनाको हेतु हुँ, म तिम्रो लक्ष्य हुँ (मोदिआइन, पृ. ५५) ।*

*"हे अर्जुन, तिमी अहिले अज्ञानको अन्धकारमा छौं । ज्ञानको चक्षु उघारेर हेर, यहाँ कसले कसलाई मारिरहेको छ र ? यो तिम्रो शरीरत एउटा थोत्रो टालो हो जसलाई मरे भन्दा तिमी त्याग्छौं मात्र । न तिमी मर्छौ न तिमी मार्छौ कसैलाई । यो तिमीले देखेका कुरा सबै मिथ्या हुन् . . . (मोदिआइन, पृ. ५४) ।*

*"हे कौन्तेय तिमीले आफ्नो कर्तव्य गर्नुपर्छ निस्पृह भएर अनाशक्त भएर, निष्काम कर्मले पाप लाग्दैन । स्थितप्रज्ञ भएर मार सबै वैरिलाई" (मोदिआइन, पृ. ५३) ।*

यसरी **मोदिआइन** उपन्यासमा अभिव्यक्त उपयुक्त भनाइबाट कृष्णले अर्जुनलाई सम्झाउन सक्दो प्रयास गरेको बुझिन्छ । उपर्युक्त तर्क गीतामा कृष्णद्वारा प्रस्तुत गरिएको हो । यस उपन्यासमा गीताका उक्तिहरूलाई प्रयोग गरेर उपन्यासकार कोइरालाले गीता धर्मसापेक्ष मात्र छ भन्ने स्पष्ट पार्न खोजेका छन् । कृष्णका उपर्युक्त भनाइबाट पनि अर्जुनको मन नबदलिएपछि अन्त्यमा कृष्णले आफ्नो जादू प्रयोग गरी अर्जुनको मनलाई युद्धाभिमुख हुनबाट बचाउँछन् भन्ने कुरा कोइरालाले नारीका माध्यमबाट यसरी व्यक्त गरेका छन्-

*अन्तमा कृष्णले मुख बाएर अर्जुनलाई आफ्नो ईश्वरीय प्रमाण प्रदर्शित गरे आफ्नो विराट रूप देखाए (मोदिआइन,पृ. ५५) ।*

यसरी जादूको प्रयोग गरेर अर्जुनलाई युद्धका लागि तयार पार्न कृष्ण सफल भए भन्ने विचार यस उपन्यासकी 'नारी' को छ । 'नारी' का विचारमा यदि कृष्ण नभएका भए तथा उनले अर्जुनले मानसिकतालाई त्यसरी परिवर्तन नगरेको भए सायद महाभारतको युद्ध हुँदैनथ्यो र ऊ जस्ता लाखौं नारीहरू वैधव्यका सिकार हुँदैनथे । कृष्णले आफ्नो दर्शनको प्रयोग गरेर नै अर्जुनलाई युद्धामिभुख बनाए भन्ने धारणा 'नारी' यसरी प्रकट गर्छे-

*. . . अनि अर्जुन मानव रहेनन् । एकदम ईश्वरारुढयन्त्र भए उनी । देउता चढ्यो । उनमा बलिष्ट भुजा काप्यो, फ्याँकेको गाण्डीव उनले टिपेर त्यसमा प्रत्यञ्चा चढाए । अठार अध्यायको गीता श्रवण गरेपछि मानव रहँदैन । त्यो ईश्वरारुढ व्यक्ति हुन्छ, (मोदिआइन, पृ. ५६)*

यसरी उपन्यासकारले प्रस्तुत उपन्यासमा गीता-दर्शनलाई मानवताविरोधी तत्त्वका रूपमा देखाउने प्रयत्न गरेका छन् । उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यासलाई तर्क, भाव एवम् विचारको अभिव्यक्तिले पूर्ण पारेका छन् ।वास्तवमा **मोदिआइन** उपन्यास तत्कालीन महाभारतको युद्धप्रति गरिएको बौद्धिक, कलात्मक तथा तिखो आलोचना अथवा खण्डन र मानवतावादी विचारको मण्डन हो । त्यसमा उपन्यासकार कोइरालाले सो युद्धलाई वैचारिक कोणबाट चिन्तन गरेका छन् भने त्यसै सन्दर्भमा वैचारिक कोणमा मानवतावाद प्रस्तुत भएको छ । गीता दर्शनको दैवी शक्तिसम्पन जादुगरी र कृष्णको म परब्रम्ह परमेश्वर हुँ भन्ने ईश्वरीय सत्तासम्पन्न भनाइका अगाडि अर्जुनभित्रको मानवता निस्तेज वन्दै; त्यसको

ठाउँमा देवत्वको 'ताप' भरिँदै गयो जसको मुख्य कारकतत्व नै गीताको ईश्वरारुढ उपदेश थियो भन्ने कुरा उपन्यासकारले यहाँ स्पष्ट पार्न खोजेका छन् । वास्तवमा परम्परागत रूपमा गीता दर्शनलाई त्यस किसिमको नकारात्मक दृष्टिले हेरिँदैन । यो हिन्दूहरूको पवित्र ग्रन्थ हो र हिन्दूधर्मको मात्र नभएर अन्य धर्महरूका लागि पनि यो आदर्श दर्शन मानिन्छ भन्ने कुरा विश्लेषकहरूले व्यक्त गर्दै आएका छन् तर उपन्यासकार कोइरालाले यस उपन्यासमा गीता-दर्शनलाई अर्कालाई मारी आफू पनि सखाप हुने प्रकृतिलाई अघि बढाउने तत्त्वका रूपमा स्वीकारेको देखिन्छ । उपन्यासकारले गीता-दर्शनलाई त्यसरी हेर्नुको अभिप्राय युद्धवादी चिन्तनका विरुद्ध आफ्नो मानवतावादी विचारलाई स्थापना गर्न खोज्नु हो भन्ने बुझिन्छ । गीतामा चर्चा भएको आत्माका बारेमा भने उपन्यासकारको धारणा केही सकारात्मक रहेको पाइन्छ । उनले यस उपन्यासमा आत्मा अमर रहन सक्ने कुरालाई स्वीकारेका छन्, जस्तै-

> ***मोदिआइन*** *महाभारत कालका मानिसहरू त्यतिपछिसम्म बाँच्छन् र ? मछुवारिन थी र साँच्चै ? उनले भनी किन बाँच्दैनन् ? प्रेतात्मा भएर जुग-जुगान्तरसम्म बाँचिराख्छन् । आफ्ना प्रियजनहरूले नजिकै भइरहन खोज्छन् । कुनै न कुनै बाञ्छाले, कुनै न कुनै पूर्ति नभएको कामनाले उनीहरूलाई अमर पारेर मृत्युलोकमा दृश्य-अदृश्य रूपमा घुमाइरहन्छ । ( मोदिआइन, पृ. २-२३) ।*

मुख्य कुरा त कोइरालाले गीता-दर्शनप्रति यस उपन्यासमा असहमतिमूलक विचार प्रकट गरेका छन् र त्यो असहमति आफ्नो मानवतावादी विचारलाई स्थापित गर्नका लागि प्रकट गरेका छन् । यस उपन्यासमा उपन्यासकारको गीता-दर्शनसम्बन्धी धारणालाई तुलात्मक रूपले हेर्ने हो भने उनको गीता-दर्शनप्रतिको धारणा बढी नकारात्मक रहेको छ । अर्थात् यस दर्शनप्रतिको असहमति नै देखिन्छ । त्यसैले पनि उनलाई गीता-दर्शनका विरोधी र मानवताका पक्षपाती मान्न सकिन्छ । आफ्नो मानवतावादी विचारलाई प्रखर रूपमा पाठकसामु पुऱ्याउनका निम्ति नै उनले गीता-दर्शनलाई मानवताविरोधी तत्त्वका रूपमा हेरेका छन् । यही विचारलाई यस उपन्यासमा 'नारी' का माध्यमबाट प्रकट गरिएको छ । अर्जुनलाई गीता-दर्शनको उपदेशले सम्झाउने कृष्णप्रति 'नारी' रुष्ट देखिन्छे । ऊ कृष्णलाई मनमनै धिक्कार्दै प्रश्न गर्छे-

> *. . . कृष्ण, यो कस्तो कर्तव्यको प्रेरणा हो तिम्रो, समरका लागि आफ्नो सखा अर्जुनलाई बारबार उकासिरहने । के मानवजीवन त्यसै मृत्युको दुर्दमनीय सीमामा चारैतिरबाट सङ्कुचित भएको छैन र तिमी मृत्युलाई अस्वाभाविक किसिमबाट आह्वान गरेर त्यसलाई कर्तव्यको संज्ञा दिन्छौ ? (मोदिआइन, पृ.५३) ।*

'नारी' द्वारा व्यक्त गरिएका माथिका उद्गारबाट उपन्यासकार कोइरालाले कौरव र पाण्डवबीचको युद्ध गराउने व्यक्ति कृष्ण नै हुन् भन्ने देखाउन खोजेको स्पष्ट हुन्छ । हिन्दूधर्म तथा गीतामा कृष्णलाई गीताका प्रणेता तथा प्राण मानिएको छ तर **मोदिआइन** उपन्यासमा

कृष्णलाई प्राणी-रक्षकका रूपमा नहेरेर प्राणी-नाशकका रूपमा हेरिएको छ । उपन्यासकार कोइरालाले आफूलाई यस उपन्यासमा मानवतावादी चिन्तक तथा स्रष्टाका रूपमा देखाएका छन् । उनले ईश्वरप्रतिको आस्था, मान्यता, एवम् विश्वास र मोहलाई मान्छेको कमजोरी मानेका छन् । उनले यस उपन्यासमा गीता-दर्शनले रेखाङ्कित गरेको मात्र होइन हजारौँ वर्षदेखि हिन्दूदर्शनद्वारा निदिष्ट भइसकेको धार्मिक मान्यताको आस्थाको बाटोलाई ध्वस्त गराउन खोजेको पाइन्छ । यही नै उपन्यासकार कोइरालाको मानवताका पक्षमा देखापरेको केन्द्रीय विचार हो जसको सोझो सम्बन्ध यस उपन्यासमा विचार पक्षसँग रहेको प्रष्ट देखिन्छ (ढकाल, २०५६ : १४२-४३) । कोइरालाका विचारमा महाभारत युद्धका आयोजक कृष्ण नै हुन् । कृष्ण अर्जुनले शरीररूपी यन्त्रमा चढेर आफ्ना मायाका प्रभावले उनलाई युद्धतिर प्रेरित गर्छन् । त्यसैले मानिसलाई जबर्जस्ती दैवीय अहम्को विश्वासमा पार्दै युद्धमा हाल्ने ईश्वरप्रति उपन्यासको तीव्र व्यङ्ग्य छ (नेपाल, २०५३ : २७९) । **मोदिआइन** उपन्यासले कोइरालाको त्यही व्यङ्ग्यलाई प्रस्तुत गरेको छ ।

**मोदिआइन** उपन्यास मान्छे र देवताबीचको भिन्नता देखाउने कुरामा पनि अग्रसर छ । मान्छेको जिन्दगीको भोगाइ छोटो हुने र देवतासरह मान्छे अम्बर नहुने हुँदा उसले आफ्ना इच्छा र आकाङ्क्षालाई चाहेको समयमै पूरा गर्न पाउनुपर्छ भन्ने विचार यस उपन्यासमा प्रकट भएको छ । मान्छे जन्मेदेखि मृत्यु पनि निश्चत हुने भएकाले मान्छे आफ्नो कालगतिअनुसार नै मर्न पाउनुपर्छ भन्दै 'नारी' ले भारतवर्षीय इतिहासमा पुरुषहरूले मृत्युलाई अस्वाभाविक किसिमले आह्वान गरेको आरोप कृष्णलाई लगाएकी छे । उनका विचारमा कृष्णले नै संवेदनशील हृदय भएका अर्जुनलाई कर्तव्य पालनका नाममा ठूलो मानवसंहारक युद्ध गराएका छन् । तसर्थ गीता-दर्शनलाई मानवतावादी दर्शनका आधारमा हेर्न चाहेका कोइरालाले निष्काम कर्मयोगका रूपमा सञ्चालित महाभारतको युद्धले कुरुक्षेत्रमा लासैलासको थुप्रो बनाउनु बाहेक अन्य उपलब्धि प्राप्त नगरेको विचार यस उपन्यासमा व्यक्त गरेका छन् । उपन्यासकारका विचारमा महाभारतको शकुनी-चालमा दुर्योधन तथा अर्को सहयोगीहरूले पाण्डवहरूमाथि निर्दोश जनताको नरसंहारबाट मानवतावादको दमन भएको देखिन्छ । त्यसैले उपन्यासकारले यस उपन्यासमा गीता-दर्शनलाई नकारात्मक तत्त्वका रूपमा हेरेको पाइन्छ । कुरुक्षेत्रको युद्धमा योद्धाहरू पेट पाल्न वाध्यतावश मरेका थिए भने तिनका आफन्तहरू जिउँदै मर्नुपरेको थियो । यही दुःखद् परिणतिलाई नै यस उपन्यासमा 'नारी' ले मर्मभेदी किसिमले व्यक्त गरेकी छे । यसरी नरसंहार भन्ने कुरा मानवसभ्यता र संस्कृति नै एउटा ठूलो कलङ्क र वीभत्स रूप हो भन्ने कोइरालाको विचारलाई नै **मोदिआइन** उपन्यासले प्रस्तुति दिई मानवतत्वको हरण गराउन उद्यत कृष्णको हठलाई यसमा अत्यन्त व्यङ्ग्यात्मक कोणबाट प्रष्ट पार्ने कुशलता देखाइएको छ । मोदिआइन, मछुवारिन, 'नारी' मोदि आदि जस्ता पात्रका पीडालाई युगकै प्रतिनिधि

पीडित पात्र र पीडाका पीडालाई युगकै प्रतिनिधि पीडित पात्र र पीडा मान्दै यसको सम्पूर्ण दोष-गीता-दर्शन एवम् सो दर्शनका प्रवर्तक कृष्णलाई नै मानिएकाले कोइराला यस उपन्यासमा वैचारिक तर्क दिन सफल देखिन्छन् । मार्नु-मर्नुजस्ता क्रियाकलाप नै सामान्य तथा धार्मिक मान्नु गीता-दर्शनको मूल नकारात्मक पक्ष भएको विचारलाई यसमा प्रकट गरेको देखिन्छ । कोइरालाले गीता-दर्शनको उद्देश्य विघटनमूलक छ । युद्धलाई पनि धार्मिक-कर्तव्य मान्दै यसले मान्छे मर्नुलाई सामान्य मान्छ, त्यसैले यो दर्शन मानव आस्थाको पूजक होइन भन्ने विचारलाई उपन्यासकारले यो उपन्यासमा छर्लङ्ग पारेका छन् । यो उपन्यास दार्शनिक रुढता तथा अध्यात्मवादी अन्धविश्वासमूलक मान्यताका विरुद्ध कलात्मक विद्रोह हो । यही कलापूर्ण विद्रोहका कारण यस उपन्यासलाई दार्शनिक द्वन्द्वको राम्रो नमुना मान्न सकिन्छ ।

गीतामा ज्ञानयोग, भक्तियोग, निष्काम कर्मयोग जे-जेको उपदेश भए पनि यसको मुख्य उद्देश्य अर्जुनलाई युद्धमा प्रवृत गराउनु नै हो भन्ने विचार उपन्यासकारको रहेको छ (नेपाल, २०५३ : २७९) । उनको यस किसिमको विचार 'नारी' का माध्यमले **मोदिआइन** उपन्यासमा प्रस्तुत भएको छ । कृष्णको उपदेशले गर्दा नै महाभारतको युद्ध हुन गयो । जुन युद्धले भारतवर्षका लाखौं नारीहरूलाई विधवा बनायो, आमाको कोख रित्याइदियो र गर्भमा रहेका शिशुका पितालाई सदाका लागि खोसिदियो । मानव इतिहासमा भएको यस अपुरणीय र त्रासद मानव क्षतिको दार्शनिक आधार बनेको गीता दर्शनले मान्छेलाई एकोहोरो बनाउनेबाहेक अर्को उपलब्धि नदिएको उपन्यासकारको धारणा छ । उनले आफ्नो यही विचार पात्र 'नारी' द्वारा यसरी व्यक्त गरेका छन्-

> *कुरुक्षेत्रमा एकत्रित भएका लाखौं सैनिकले गीता सुनेर आफू उन्मादमा आएको पाए । मानव यसरी नै अन्त्यमा ईश्वर शक्तिको अगाडि घुँडा टेकिदिन्छ, उन्मादित भएर, एक लक्ष्यबाट धावत भएर (मोदिआइन, पृ. ५६) ।*

यस्ता अभिव्यक्तिबाट पनि गीता-दर्शनले धार्मिक कवच पहिऱ्याएर धर्मयुद्ध तथा न्यायपूर्ण सिद्ध गरेको तत्कालीन युद्धलाई उपन्यासकारले अन्यायपूर्ण तथा मानवताविरोधी युद्ध पनि प्रमाणित गर्न खोजेको स्पष्टिन्छ । कृष्णको दर्शनबाट नै अर्जुनको हृदय कठोर बन्यो र भयङ्कर युद्ध हुन गयो । उक्त युद्धको भयङ्करतालाई उपन्यासकारले नारीका माध्यमबाट यसरी व्यक्त गरेका छन्-

> *युद्ध जुध्यो, अठार दिनसम्म अनवरत मृत्ययन्त्र चालित भई हयो, कच कच कच कच, मानिसका, असङ्ख्य मानिसका, कोमल गर्दन कच कच कच कच काट्दै गए । तुमुल युद्ध घोषका साथ प्रतिदिन सहस्रौं सहस्र योद्धा काटिन्थे । ईश्वरारुढ भएका सहस्रो कण्ठको रणहुङ्कार ज्वालामुनि जस्तो विस्फोटित हुन्थ्यो . . . (मोदिआइन, पृ. ५६) ।*

**मोदिआइन** उपन्यासभित्रका यस्ता उद्‌गारबाट गीता-दर्शनको श्रवणले मान्छेको मन परिवर्तन हुन्छ र उक्त कर्तव्य पालनका नाममा कर्तव्यच्यूत हुन पुग्दछ भन्ने कोइरालाको विचार देखिन्छ । उदाहरणका रूपमा कोइरालाले अर्जुनलाई उपन्यासमा प्रस्तुत गरेका छन् । गीता-श्रवणबाट उन्मादित भएका अर्जुनका कारण नै भयङ्कर युद्ध हुन गएको देखिन्छ ।

यसरी प्रस्तुत उपन्यासको उपसंहारमा पनि यही सन्देश दोहोऱ्याएर मान्छेलाई ठूलो बन्नेतर्फ नलागी असल बन्नेतर्फ लाग्नु पर्ने वैचारिक प्रेरणा उपन्यासकारले दिन खोजेको बुझिन्छ । युद्धको विभत्स दृश्यलाई उपन्यासकार त्यही नारीका आँखाबाट देखाएका छन् जसले कुरुक्षेत्रको युद्धलाई नजिकबाट देखेकी छे र त्यसको पीडादायी परिणामलाई भोग्न बाध्य छे । यस उपन्यासमा 'नारी' यस्तै पीडा भोग्न विवश विधवा नारीहरूकै प्रतिनिधि पात्र हो । त्यसैले 'नारी' कृष्णको त्यस्तो उपदेश (गीता-र्दन) लाई घृणा गर्छे र ईश्वरलाई निष्ठुरीको संज्ञा दिन पुग्छे; जस्तै-

> *स्वर्गको कुन थलामा भोकाएका ईश्वर बसिरहेका थिए, उसको क्षुधा अझै निवारण भएको छैन । नरमुण्डमाथि नरमुण्ड चढाउ उनलाई, मानिसका लास हिमालय उनका सम्मुख खडा गर, बगाऊ शोषितको रक्तिम गङ्गा उनको प्यास मेटाउन (मोदिआइन, पृ. ५६-५७) ।*

'नारी' द्वारा प्रकट गरिएका यस्ता अभिव्यक्तिमा दैवी शक्तिप्रति घृणा तथा रोष प्रकट गरिरहेको बुझिन्छ । यसबाट पनि उपन्यासकार कोइरालाको गीता-दर्शनप्रति असहमति रहेको स्पष्ट हुन्छ । किनभने उपन्यासकारले गीता श्रवणपछि हुन गएको युद्ध र युद्धपछिको भयङ्कर तथा दुःखद् परिणामलाई उपन्यासमा प्रस्तुत गरेका छन्-

> *लाखौं पुरुष मारिए । पृथ्वी पुरुषबाट शून्य भयो । केवल विधवा नारी आफ्ना असहाय बाल सन्तानलाई आफ्नो पागल छातीमा टाँसेर बाचिरहे यस लोकमा (मोदिआइन, पृ. ५७) ।*

उपर्युल्लिखित उद्‌गारबाट **मोदिआइन** उपन्यासमा कोइरालाले युद्धविरोधी विचारहरू प्रकट गरेको स्पष्ट हुन्छ । उपन्यासकार मानवतावादी व्यक्तित्वयुक्त स्रष्टा भएकाले धर्म र ईश्वरीय सत्तालाई परम्परागत रूपमा नलिएर प्राकृतिक सत्य र मानव नियतिका रूपमा लिएका छन् (शर्मा, २०५० : ७) । यसमा प्रक्षेक्षित गीता-दर्शनको सन्दर्भ परम्पराअनुरूपको नभएर अत्यन्त नवीन किसिमको छ । उनको यस उपन्यासले गीता-दर्शनको धर्मसापेक्षतालाई मात्र अध्ययन नगरी त्यसका अन्य पक्षहरूलाई समेत गहिरिएर मनन गर्नुपर्ने आवश्यकतालाई प्रकट गरेको छ ।

कृष्णको प्रवचनमाथि अर्जुनको विजय नहुनु नै मानव इतिहासको कालखण्डमा ठूला हार भएको र त्यसबाट अन्ततः कृष्णप्रतिको मानवआस्थामाथि पनि चोट पुगेको कुरा उपन्यासकारले **मोदिआइन**मा व्यक्त गरेका छन् । मानवतावादलाई स्थापित गरिनुपर्छ भन्ने तर्कलाई अप्रत्यक्ष रूपमा व्यक्त गर्दै कोइरालाले दैवी स्वरूपको खण्डन गरेका छन् ।

उपन्यासकार जीवनवादी धाराबाट मानवको परिचय खोज्दछन् । मानवलाई सबैभन्दा प्यारो वस्तु आफ्नै जीवन हुन्छ न कि ईश्वरभक्ति भन्ने तर्कलाई उनले यसमा मार्मिक ढङ्गले व्यक्त गरेका छन् । मान्छे मरणशील प्राणी भएकाले मृत्यु नै उसको स्थायी भय हो । त्यसैले आफ्नो जीवनको भय लामो बनाएर त्यो भयलाई सकेसम्म पर धकेल्ने कोसिस मानवको स्वभाव हो र बाँच्ने चाहनाको नैसर्गिक अधिकारसमेत हो भन्ने अवधारणा यस कृतिमा पाउन सकिन्छ । ईश्वर अदृश्य, अस्पच्य र व्याप्त तथा अनन्त रहेकाले उसलाई कुनै मृत्युको त्रास पैदा हुँदैन तर मान्छे सदा मृत्युप्रति त्रसित हुन्छ । यी सब स्वाभाविक मान्यता हुन् भनेर कोइरालाले उपन्यासको गठनलाई विचारधारात्मक स्वरूपमा बदल्न चाहन्छन् । उनी ईश्वर र मानवलाई तुलना गर्दै जो मर्छ उसलाई मृत्युले सताउँछ तर जो मर्दैन उसलाई मृत्युको डर नै हुदैन भन्दै यहाँतिर मानव र ईश्वरबीच भिन्नताको रेखा कोरिएको छ भन्दछन् । मान्छेलाई मृत्युले त्रसित बनाउने हुनाले मृत्यु अवश्यम्भावी हुने युद्धकारी कार्यबाट टाढा रहनुपर्छ भन्ने मान्यता मानव स्वभाव हो तर कृष्ण यसमा षडयन्त्र गरी गीताको मोहलाई प्रयोग गरेर युद्ध रचाएको उद्घाटन गरिएको छ ।

**मोदिआइन** उपन्यासले दैवी शक्तिका अर्थहीन कुरालाई पनि उद्घाटन गरेको छ । मान्छेको मूल्यलाई घात गर्ने महाभारतको युद्ध गीता-दर्शनबाट प्रेरित भएकाले गीताप्रति तार्किक असहमति यसमा व्यक्त गरिएको पाइन्छ । उपन्यासकारले महाभारत युद्धलाई निकृष्ट ठानेर दैवीय अहङ्कारप्रति रोष प्रकट गरेका छन् । युद्धमा लाखौँ मान्छेको मृत्यु भएको, लाखौँ अङ्गभङ्ग भएको र लाखौँ मान्छे टुहुरा, विधवा, आफन्तहीन भएको भन्दै मानवतावादी अवधारणालाई स्वीकार गर्ने तर्कहरू प्रशस्त पाइन्छन् । यसमा मानवमूल्यको रक्षा नभएको कुराप्रति दुःख प्रकट भएको छ । मानवजीवनको वेदनालाई विश्लेषण गरेर यस उपन्यासमा मानवीय विचारलाई स्वीकार गर्ने जमर्को गरिएको पाइन्छ । उपन्यासकारले गीता-दर्शनले नकारात्मक रूपले हेरेका छन् किनभने गीता-दर्शनले मान्छेको अधिकारलाई ने हनन गरेको छ । कोइरालाको यस उपन्यासमा उद्घाटित जीवन दर्शनले गीता-दर्शनको सीमालाई छिचोलेर नयाँ जीवनसत्य प्रस्तुत गरेको छ (नेपाल, २०५३ : २७४) । त्यसैले पनि प्रस्तुत उपन्यासमा गीता-दर्शनको प्रयोग धार्मिक परम्परालाई कायम राख्ने उद्देश्यले नगरेर आधुनिक, प्रगतिशील एवम् मानवताका रक्षार्थ हुनुपर्ने कुरामा उपन्यासकारले जोड दिएका छन् । उपन्यासकारले महाभारतको विपुल कथाको महत्त्वपूर्ण अङ्ग गीतालाई नै उपन्यासको कथानक बनाउनुको उद्देश्य गीताप्रतिको विचारलाई विश्लेषण गरी छर्लङ्ग बनाउनु रहेको प्रस्ट देखिन्छ । उनले पूर्वीय अध्यात्मदर्शनमा अन्धभक्तियुक्त मान्यता व्याप्त रहेकाले गर्दा मान्छेको जीवन निरीह बन्न पुगेको हो भन्ने विचारलाई यसमा उजागर गरेका छन् । मानवअस्तित्वको रक्षा मानवले गर्न सक्नु पर्छ, दैवी शक्तिले गरिदिँदैन भन्ने अस्तित्वमूलक मान्यतालाई उनले **मोदिआइन**मा व्यक्त गरेको देखिन्छ । अर्जुन र कृष्णबीचको कुरुक्षेत्रको

युद्धलाई विश्राम दिने तथा अघि बढाउने विषयमा तार्किक बहस भएको तर त्यस बहसमा अर्जुन पराजित भई युद्ध भड्किएर मधुवारिनजस्ता नारीले युग-युगभर वेदनाको छाती लिएर बाँच्ने परिस्थिति खडा हुँदैनथ्यो तर दैवी भावको अहम्ले तर्क युद्धमा जितेको कारण मानव इतिहासले एकचोटी नराम्रोसँग हार खानुपरेको हो भन्ने भावलाई यस उपन्यासको मूल कथ्यका रूपमा लिएको पाइन्छ ।

कृष्णले निष्काम कर्मको प्रवचनद्वारा अर्जुनलाई युद्धमा लालायित पार्न सक्नु नै तत्कालीन समयमा मानवताको हार भएको र त्यो हारले प्रभाव पारेको प्रतिनिधि नमुनाका रूपमा **मोदिआइन**, मोदि मछुवारिन, नारी आदिलाई उभ्याइएकाले कोइराला यस उपन्यासमा विचारनिष्ठ तर्कले आक्रान्त विवेचनायोग्य र अध्ययनयोग्य छ तर सोझै समर्थन गरी अन्धभक्ति देखाउन कुनै कर्म र धर्म हुन सक्दैन भन्ने द्वन्द्वात्मक तर्कले कोइराला यस उपन्यासमा विचारप्रधान उपन्यासकारको शिखरमा टेक्न सफल भएका छन् । कोइरालाले **मोदिआइन**मा अध्यात्मदर्शनको अध्ययनबाट आफूले पाएको निचोडलाई सारगर्भित बनाएर प्रस्तुत गरेका छन् । अध्यात्मवाद भौतिकवादका सापेक्षतामा मात्र अर्थपूर्ण हुन्छ भन्ने मान्यतालाई यस उपन्यासमा विविध खाले सन्दर्भको दृष्टान्तद्वारा देखाइएको छ । मान्छेलाई शान्ति कल्पना होइन यथार्थ आवश्यकता हो तर ईश्वरका निमित्त शान्तिको जरुरी छैन भन्ने व्यावहारिक विचारलाई उनी यसमा प्रकट गर्दछन् । ईश्वर सर्वव्याप्त हुन्छन् र मानव जीवनको झै व्यवहारिक परिवेशबाट टाढा रहने हुनाले तिनलाई न शान्ति, न सुख, न दुःख वा न संवेदनाको जरुरी पर्छ तर मान्छे संवेदनशील प्रवृत्तिको छ । त्यसैले उनलाई मृत्युले पीडा दिन्छ भन्ने दार्शनिक सोचाइलाई कोइरालाले यसमा समाविष्ट गरेका छन् । पारिवारिक मायामा रम्ने जात मान्छेलाई गीता दर्शनले आफन्त मार्नु, मर्नुजस्ता कुराहरू सबै भ्रम हुन भनिरहेको छ । त्यही दर्शनका अनुयायीहरूलाई सो मान्यताको वास्तविकता बोध हुँदैन भन्ने विचार यसमा प्रस्तुत भएको छ । हिन्दू धर्मका अनुयायीहरू विनातर्फ र विनाविश्लेषण गीता-सन्देशलाई मूलमन्त्र मान्दछन् तर सोही गीताले उनीहरूको अस्तित्वप्रति आघात पारेको कुरा थाहा पाउँदैनन् भन्ने भाव पनि यसमा पाइन्छ । अध्यात्मवादको आडम्बरले मान्छेलाई कति मूर्ख, लुलो र अस्तित्वहीन बनाएको छ भन्ने विचारलाई उद्घाटन गर्दै यस उपन्यासमा कोइरालाले हिन्दू धर्मकै अनुयायीप्रति पनि तीव्र व्यङ्ग्य हानेका छन् । मानव दैवीशक्तिप्रति किन विना विश्लेषण र विनातर्क नै झुकाव राख्छ भन्ने दार्शनिक प्रश्नलाई उनले यसमा अघि सारेका छन् । लाखौँ विधवा नारीका प्रतिनिधि पात्रको व्यथाबाट दृष्टान्त बनाएर यस उपन्यासमा दैवी अहम्को परिणामबाट मान्छेले भोग्न विवश जिन्दगीको चिरफार गरिएको छ । मान्छेको जीवन निष्प्राण तथा संवेदनशून्य हुन सक्दैन तर भगवान् कृष्णले कौरव र पाण्डवबीचको कुरुक्षेत्रको लडाइँमा अर्जुनलाई संवेदनशून्य बनाउन गीता-सन्देशको मन्त्र सुनाएको गीताको अध्यात्मिक सन्देश मानव हितका पक्षमा नभएर

मानवसंहारको कारक बनेको विचार यस कृतिमा संयोजन भएको छ । त्यसैले यो उपन्यास गीताको दैवी अहम्पूर्ण अध्यात्मदर्शनका विरुद्ध प्रकट गरिएको नयाँ विचारयुक्त रचना हो ।

यसबाट **मोदिआइन** विचारको संवाहक रचना भएको पुष्टि गर्ने प्रमाणसमेत छर्लङ्ग हुन्छ । गीता-दर्शनप्रतिको आस्थामा गम्भीर चोट पुऱ्याउने कृतिका रूपमा **मोदिआइन** उपन्यास सृजना भएको देखिन्छ । उपन्यासका पात्रहरूमा प्राप्त पीडाजन्य दयनीय अवस्थाले ईश्वरप्रतिको आस्थामाथि नै गहिरो विचार गर्नुपर्ने तर्कसमेत कोइरालाले अघि सारेका छन् । गीता-दर्शनलाई शिरोपर गर्नेहरूलाई विचारको मर्म बुझ्नै नसकेको मूर्खताप्रति पनि उपन्यासकारको ध्यान आकृष्ट भएको कुरा यस उपन्यासको अध्ययनबाट प्राप्त हुन्छ । धर्मले प्राणीलाई रक्षा गर्नुपर्ने हो तर कुरुक्षेत्रको युद्ध धर्मकै नाममा भएको छ । अनि त्यस युद्धबाट कुनै धर्मले विजय प्राप्त गरी प्राणी जगत्को कल्याण गर्नुका सट्टा झन् मोदिजस्तो रोगी, मछुवारिनजस्ती अधीर पीडितनारी, **मोदिआइन**जस्ती समस्याग्रस्त पात्रका पीडा थुपारिएको यथार्थलाई उजागर गरिएको छ । गीताले आखिर युद्धको आगो बाल्यो र र लाखौंलाख प्राणीको जीवनलाई भोग गरी बाँचेका लाखौलाखलाई विधवा, टुहुरा तथा सहाराहीन जीवन प्रदान गऱ्यो भन्ने तर्फलाई उनी यस उपन्यासमा पोख्न समर्थ भएका छन् । मानवता जहाँनिर टुक्रिएको छ, त्यहाँनिरै दैवी शक्तिले प्रभाव जमाएको छ  भन्दै कोइरालाले मान्छेलाई दैवीशक्तिप्रति आलोचनात्मक दृष्टिकोणले नियाल्नुपर्छ न कि अन्धभक्तिले भन्ने वैचारिक सन्देशसमेत अभिव्यक्त गरेका छन् । यस उपन्यासमा युगसापेक्ष मिथकको प्रयोग गरी पात्र, सन्दर्भ र उद्देश्यबीच अत्यन्त राम्रोसित तादात्म्यता मिलाएको पाइन्छ । हडाहा पोखरी महाभारतीय कालखण्डमा भएको कौरव पाण्डवबीचको संहारक लडाइँको प्रतिबोधले विक्षिप्त मान्छेको प्रतिनिधि पात्रका रूपमा उपस्थित गराइएको छ । मछुवारिनलाई यस कथामा रहस्यात्मक ढङ्गमा उपस्थित गराइएको छ । उसकै सन्दर्भले मान्छे दिनप्रतिदिन लघु बन्दै गएको र अझै पनि लघुताभाष गर्नुका साथै अन्धभक्त भएर ईश्वरको पुकारामा तल्लीन रहन्छ भन्ने व्यङ्ग्य-भावलाई प्रस्तुत गरिएको छ । मानव बाँच्न चाहन्छ तर दैवीशक्ति यस किसिमको मानवचाहनालाई लत्याएर युद्धको आगोमा होम्न चाहन्छ भन्ने मानवीय र दैवी विचारको मूल भिन्नतालाई कोइरालाले **मोदिआइन** उपन्यासमा प्रकट गरेका छन् । अर्जुनभित्र मानवीय भाव छउन्जेल उनले आफ्ना अघिल्तिर उभिएका सबैको अनुहारमा आफन्तको परिचय पाएका थिए तर कृष्णले गीताको मन्त्रलाई हतियार बनाई अर्जुनलाई मानव इतिहासको खुड्किलोमा कलङ्कपूर्ण युद्ध थोपर्नु बाध्य हुनुपरेको परिस्थितिलाई **मोदिआइन**मा प्रस्ट गरिएको छ, मान्छे मान्छेकै रूपमा, देवता देवताकै रूपमा र अन्य प्राणीहरू पनि सोही रूपमा आ-आफ्नो मान्यता एवम् अस्तित्वमा रहनुपर्छ भन्ने विचार यसमा पाइन्छ । यो उपन्यास एक प्रकारले वैचारिक उपदेश पनि हो । यसका साथै **मोदिआइन** उपन्यास परम्परित विचार र यस विचारलाई समर्थन गर्ने मान्यताप्रतिको गहन

आरोप समेत हो । यस उपन्यासमा दैवीशक्ति र मानवशक्ति दुवैलाई आ-आफ्ना स्थान छोडेकोमा आलोचना गरिएको छ । अर्जुन मानवमै सीमित भएको भए उनले आफन्तका शिरमा शिरभेदी हतियार चलाउन सक्दैनथे भन्ने तर्क उपन्यासकारको छ । यसका साथै कृष्ण पनि आफ्नै दैवी स्थानमा सीमित भएका भए अर्जुन दैवीय विराट स्वरूपमा परिवर्तन हुँदैनथे भन्ने सोचाइसमेत यस उपन्यासको विशेष सन्देश हो । यस उपन्यासले धर्म र कर्मका बारेमा नवीन परिभाषालाई अगाडि सार्ने कोशिश गरेको पाइन्छ । मान्छेले आफ्नो संरक्षक तथा कल्याणकर्ताका रूपमा स्वीकारेको भगवान्ले रगत बगाउने स्थिति सृजना गर्छ भने त्यस प्रकारको भगवान्प्रति चनाखो रहने सन्देश यस उपन्यासमा प्राप्त गर्न सकिन्छ ।

**मोदिआइन** उपन्यास उद्घाटित जीवन-दर्शनले गीता-दर्शनको सीमालाई छिचोलेर नयाँ जीवनसत्य प्रस्तुत गरेको छ । गीताको श्रवणपछि ईश्वरारुढ यन्त्र बनेका अर्जुनबाट स्वजनको हत्या हुनुले गीताको उद्देश्यमा नै शङ्का गर्ने ठाउँ रहेको यस उपन्यासले देखाएको छ (नेपाल, २०५३ : २७३) । अन्यायको दमन गर्ने निहुँमा भइरहेको भन्दा ठूलो अन्याय पनि हुन सक्दो रहेछ भन्ने प्रस्तुत उपन्यासद्वारा स्पष्ट हुन्छ । नरमुण्डमाथि नरमुण्ड थुपार्दै मान्छेका लासमाथि लास खप्ट्याउँदै हिमालयझैं अग्लो बन्ने गरी हिंसा गर्नु र शोषितको सागर बनाउनु नै भोकाएका ईश्वरको भोक प्यास मेटाउने प्रक्रियालाई अँगाल्नु मात्र हो (चापागाँई र सुवेदी, २०५१ : ७८-७९) । महाभारतको युद्ध निम्त्याउन अर्जुनलाई सम्झाउने क्रममा कृष्णले जुन कुरालाई मिथ्या हो भनेका छन्, यथार्थमा त्यसलाई मिथ्या भन्न सकिँदैन किनभने त्यस युद्धले गर्दा लाखौं पुरुषहरूको प्राण उडेको छ जसको मूल्यको कुनै सीमा देखिदैन । मानवीय इच्छा र प्राकृतसत्य कहिल्यै मिथ्या हुन सक्दैन भन्ने उपन्यासकारको धारणा देखिन्छ । उपन्यासकारको यही धारणा नै **मोदिआइन**मा गीता दर्शनप्रतिको असहमतिका रूपमा प्रकट भएको छ ।

## ५.६ मानवतावादी दृष्टिमा नारीसम्बन्धी धारणा

कोइराला नारी-समस्यामा केन्द्रित उपन्यासकार भएकाले **मोदिआइन** उपन्यासमा पनि नारीका विविध बाह्य-आन्तरिक स्थिति र मनोदशालाई वर्ण्य विषय बनाइएको छ । महाभारतको कथासारबाट युद्धले गर्दा लाखौंलाख, नारीहरूलाई वैधव्यताको जीवन गुर्जानु परेको कुरालाई उपन्यासकारले मार्मिक ढंगले प्रस्तुत गरेका छन् । यस सन्दर्भमा महाभारतकालीन योद्धाका विधवा पत्नीहरूका-प्रेतात्माहरू आफ्ना पतिको खोजीमा अहिलेसम्म भौतारिरहेको कुरालाई देखाएर यस उपन्यासमा स्त्री जातिले भोग्नु परेको पीडालाई विविध रूपमा व्याख्या गरिएको छ । यस क्रममा नारीको अधिकार एवम् अस्तित्व हनन् भएको प्रसङ्गलाई कोइरालाले उपन्यासका भिन्न नारी पात्रकै चरित्रचित्रणबाट प्रष्ट पारेका छन् । यसरी उपन्यासमा वर्णित नारी पात्रहरूको अवस्थाको चित्रणका सन्दर्भमा

नारीका विविध स्थिति र मनोदशाको उद्घाटन भएको छ । त्यसलाई पूर्णतः कोइरालाको नारीवादी चिन्तन भन्न नसकिए पनि नारीका अवस्थालाई विवेच्य विषय बनाएर कोइरालाले उपन्यासमा नारीवादी चिन्तनको स्पर्श दिन खोजेको मान्न सकिन्छ ।

**मोदिआइन** उपन्यासकी सशक्त नारीपात्र **मोदिआइन** हो । यसमा अरू दुई नारीपात्रहरू मधुवारिन र नारी पनि महत्त्वपूर्ण रूपमा आएका तर तिनीहरू अप्रत्यक्ष पात्र हुन् । यस उपन्यासकी द्रौपदी बाहेकका यिनै तीनजना नारी पात्रलाई संयोजन गरी यिनीहरूका पीडा र व्यथालाई केलाएर उपन्यासमा नारी विषयक धारणाको प्रस्तुति गरिएको छ ।

यस उपन्यासमा **मोदिआइन** र नारी पात्रका माध्यमबाट नारीका निमित्त मातृत्व भनेको अहम् विषय हो तथा सो प्राप्त नभएमा उनीहरूको जीवन नै निस्सार हुने कुरा व्यक्त गरिएको छ । उपन्यासमा नायिका **मोदिआइन**ले 'म' पात्रलाई गरेको व्यवहारबाट उसमा सन्तान प्राप्तिको चाहना छ भन्ने बुझिन्छ । **मोदिआइन**का सन्तान नभए वा नदेखिए तापनि उसको सन्तानप्रतिको मोह तीव्र छ र ऊ सन्तानलाई असल रूपमा हेर्न चाहन्छे भन्ने कुरा प्रकट गरिएको पाइन्छ । यसका साथै उपन्यासकी नायिका **मोदिआइन**ले 'म' पात्रलाई ठूलो होइन असल बन्नु पर्दछ भन्ने अर्ती दिएबाट ऊ दार्शनिक विचारसमेत व्यक्त गर्न समर्थ रहेको भन्ने बुझिन्छ । कोइरालाले उपन्यासमा नारी जीवनका विविध समस्यालाई खोतलेका छन् । जीवनका विसङ्गत कुरालाई सङ्गतिमय बनाउनु पर्दछ भन्ने विचार कोइरालाले उपन्यासका प्रायः नारी पात्रका माध्यमबाट अघि सारेका छन् ।

कोइरालाले महाभारतकालीन नारीहरू मातृत्वबाट बञ्चित भएको कुरालाई यस उपन्यासमा प्रतीकात्मक ढङ्गले व्यक्त गरेका छन् । उपन्यासमा कुरुक्षेत्रलाई जर्जर तथा बाझो भूमिका रूपमा प्रस्तुत गरिएको छ । त्यो जमिनमा कहिल्यै उब्जनी हुन नसकेको तथा त्यहाँको भूमि अग्निकुण्डजस्तै पोल्ने भएको कुरा यस उपन्यासमा व्यक्त गरिएको छ । उक्त जग्गा वञ्जर र बन्ध्यामूलक भूमिखण्ड भएकाले नारीहरू त्यहाँ जान पनि डराउँथे भन्ने प्रतीकात्मक विचार उपन्यासकारले प्रकट गरेका छन् । कुरु राजाको थलोका नामले परिचित त्यो कुरुक्षेत्रजस्तो बञ्जर भयावह र दयनीय थियो, त्यहाँ भएको युद्धले विधवा बनाएका लाखौं नारीको जीवन पनि त्यस्तै दयनीय थियो, त्यहाँ भएको युद्धले विधवा बनाएका लाखौं नारीको जीवन पनि त्यस्तै दयनीय तथा पीडादायी भएको यस उपन्यासमा देखिन्छ । कुरुक्षेत्रलाई जसरी प्रकृतिले ठगेको छ त्यसरी नै महाभारतकालीन नारीहरूको भाग्य पनि लुटिएको छ किनभने कुरुक्षेत्रमा प्रकृतिले पनि कहिल्यै केही उब्जाउन सकेन र त्यहाँ मारिएका योद्धामा पत्नी तथा प्रेमिकाको जीवन पनि कहिल्यै फुल्न फल्न सकेन । त्यसैले आफ्नो इच्छा पूरा गर्न ती विधवाका प्रेतात्मा अहिलेसम्म डुलिरहेको पुष्टि गर्न उपन्यासकारले अन्य स्वैरकल्पित पात्रहरूको पनि प्रयोग गरेका छन् । यसरी नारीहरू आफ्ना

गुमेका अधिकार एवम् अस्तित्वको प्राप्तिमा मृत्युपर्यन्त र पश्चात् पनि सक्रिय रहेको देखाइएको छ ।

**मोदिआइन** उपन्यासकी अर्की नारी पात्र मधुवारिन त्यस्तै स्वैरकल्पित पात्र हो । ऊ युगौंदेखि पीडित प्रेतात्माका रूपमा रहेको उपन्यासकारले देखाएका छन् । यस पात्रको अनुहारमा देखिने अदृश्य पीडाको भावलाई उपन्यासको अर्को पात्र तान्त्रिकले बुझ्दछ र हडाहा पोखरीको रहस्य खुल्दछ किनभने मधुवारिन-तान्त्रिकबीचको कुराकानीबाट ऊ महाभारतकालीन प्रेतात्मा हो भन्ने सङ्केत पनि यस उपन्यासमा पाइन्छ । उपन्यासकारले मछुवारिनलाई अनन्तकालदेखि वेदनाका आँशु र प्रणय तिर्खाले व्याकुल नारीको प्रेतात्माका रूपमा रहेको देखाएका छन्-

> *तान्त्रिकले बडो गोरवसँग मछुवारिनलाई हेऱ्यो उसलाई लाग्यो कि हाँसो पछिको चेहरा कुनै प्राचीन नारीको जसमा मुख्य माग वेदनाको मात्र छ (मोदिआइन, पृ. २०) ।*

माथिको अभिव्यक्तिले मछुवारिन प्राचीन नारीकी प्रेतात्मा हो भन्ने कुरालाई पुष्टि गर्दछ । उपन्यासकारले तान्त्रिक र मछुवारिनबीच वार्तालाप गराएर महाभारतका योद्धाहरूको लासलाई गिद्धले ल्याएर हडाहा पोखरीमा खसालेको कुरा मछुवारिनमार्फत् भन्न लगाएका छन् । त्यस्तै कोइरालाले मछुवारिनलाई प्रणय-तीर्खाले व्याकुल भएकी  कुनै स्त्रीकी प्रेतात्मा भएको र आफ्ना प्याराको प्रतीक्षामा सधैँ हडाहा तलाउको किनारमा माछा बेच्न आउने गरेको कुरा मोदिआइनमार्फत् व्यक्त गरेका छन् । यसमा उनले जीवनजगत्को सेरोफेरोलाई नारीको जीवनमा आइपरेको उतारचढावसँग गाँसेर व्यक्त गरेका छन् । मछुवारिनका अनुहारमा झल्केको पीडाबाट नारीको समस्या अहिलेको मात्र नभएर युगौं पहिलदेखि नै रहेको भन्ने पनि देखाइएको छ । उपन्यासकारले यस उपन्यासका तीनवटै नारी पात्र (मोदिआइन, मछुवारिन र नारी) लाई प्रणय-तीर्खा र मातृत्वको वेदनाले छट्पटाएको देखाएका छन् । यस क्रममा मोदिआइन र मछुवारिन पनि जन्मजन्मान्तरसम्म त्यसरी नै भौतारिई जन्म र मरणको चक्करमा परेको कुरालाई उपन्यासकारले प्रष्ट पार्न खोजेका छन् । उनले उपन्यासमा नारीका व्यथा एवम् जीवनका विविध पक्षलाई मिथकीय सन्दर्भसँग गाँसेर अघि सारेका छन् । मोदिआइन र 'म' पात्रबीचको कुराकानीले नारी जाति आफ्नो चाहना पूरा गर्न मृत्युपश्चात् पनि पछि पर्दैनन् भन्ने उपन्यासकारले देखाएका छन् तर उपन्यासकारको उद्देश्य जन्म र पुनर्जन्मका बारेमा व्याख्या गर्नुभन्दा मान्छेको नैसर्गिक अधिकारलाई जोगाउनेतर्फ ध्यान दिनु रहेको छ । उपन्यासकारले पुनर्जन्ममा विश्वास नराखी यसै जन्ममा नै मान्छे मान्छे भएर बाँच्न पाउनुपर्छ भन्ने भावनालाई व्यक्त गर्न नै प्रेतात्माको सन्दर्भलाई जोडेका हुन भन्न सकिन्छ । प्रस्तुत उपन्यासमा विधवाहरूले भोगेको, तीतो सत्यलाई नारीको अस्तित्वसँग जोडेर उपन्यासकारले प्रकट गरेका छन् । उनले अर्कोतर्फ भर्खर प्रणयसूत्रमा बाँधिएका स्त्री-पुरुषको विछोडको पीडालाई पनि मार्मिक ढङ्गले

व्यक्त गर्दै नारीको व्यक्तिगत अधिकार सम्बन्धी प्रसङ्ग पनि यसमा खुलाएका छन् । यस क्रममा नारीको बाल्यकाल तथा युवावस्थाको समेत चित्रण गर्दै उसलाई पाण्डवपक्षीय बाबुकी छोरी र कौरवपक्षीय योद्धाकी पत्नीका रूपमा उभ्याएर उसको मनोद्वन्द्वलाई केलाएका छन् ।

नारीले यस उपन्यासमा नारी जातिको, अधिकार र युद्धप्रतिको विरोधात्मक विचारलाई व्यक्त गरेकी छे तर त्यही नारीका प्रणयसूत्रका दिन पूरा हुन नपाउँदै उसको लोग्नेमाथि युद्धमा होमिन गएकाले उसमा उत्पन्न विवशतालाई सम्पूर्ण विधवा तथा टुहुरा नारीका वेदनाले सन्दर्भसित गाँसेर देखाइएको छ । नारीका जीवनमा दिनहरू दुश्चिन्तामा कट्न पुग्दछन् जसका कारणबाट उसको जीवनमा खिन्नताको अनुभव हुन्छ । त्यस्तो खिन्नताको अनुभव एउटी नारीमा मात्र नभएर सबै महाभारतकालीन नारीहरूमा थियो भन्ने विचार उपन्यासकारले व्यक्त गरेका छन् । त्यस उपन्यासमा खाली एउटी नारीको पीडालाई मात्र प्रस्तुत नगरेर समस्त योद्धाका पत्नीहरूको दुःखलाई एउटी नारीका आँखाबाट उपन्यासकारले हेरेका छन् । यसबाट उपन्यासकार कोइरालाले नारीको समस्या एवम् मर्मलाई नारीकै कोणबाट केलाएको तथा तिनले भोग्नु परेको पीडालाई युगीन सन्दर्भसँग गाँसेर हेरेको पाइन्छ । नारीहरूको प्रणय सुखमा भावी युद्धले पारेको प्रभावलाई प्रस्तुत गर्दै नारीहरू प्रणय सुखमा भावी युद्धले पारेको प्रभावलाई प्रस्तुत गर्दै नारीहरू निरस जीवन गुजार्न विवश छन् भन्ने कुरा नारी पात्रलाई भन्न लगाइएको छ-

*मेरो त्यो प्रणय रात भविष्यको भयले त्यसै चिसो भएर बित्यो (मोदिआइन, पृ ३३) ।*

नारीको यस किसिमको अभिव्यक्तिबाट युद्धजन्य समयमा महाभारतकालीन नारीहरूले आफ्नो जीवन आफूखुसी प्रयोग गर्न नपाएको देखिन्छ । यसमा उनीहरूको बाँच्ने इच्छामाथि युद्धले ठूलो चोट पुऱ्याएको र त्यसबाट नारीहरू पीडादायी जिन्दगी लिएर जिउन बाध्य हुनुपरेको कुरा व्यक्त गरिएको छ । भर्खर विवाहित नवजोडीहरूले प्रणयसुखको अनुभव गर्नुको सट्टा युद्धको सन्त्रासबाट गुज्रनु परेको यथार्थतालाई यहाँ कोइरालाले व्यक्त गरेका छन् । युद्धका सम्भावना बढेपछि सबै नारीहरू अत्यन्त चिन्तित भएका देखिन्छन् । ती नारीहरू आपसमा दुःख साटासाट गर्न एकत्र भई युद्धको सम्बन्धमा तर्क-वितर्क गर्दछन्, जुन कुरा **मोदिआइन** उपन्यासकी नारीले यसरी व्यक्त गर्छे-

*समरको शब्द सुन्नासाथ हामी नारीहरू भयले काप्न थाल्यौं (मोदिआइन, पृ. ४३) ।*

नारीहरूको यस किसिमको त्रासले उनीहरू युद्धको नामबाट मात्र पनि अत्यन्त भयभीत छन् भन्ने स्पष्ट हुन्छ । युद्धको सन्त्रासले गर्दा नारीका सुखद् क्षणहरूमा कालो बादल छाउन थाल्यो । अनि एकदिन उसको सुखमा बज्रपात हुन्छ, ऊ पतिप्रेमका लागि छटपटाउँछे । उसको पति कुरुक्षेत्रमा आफ्नो बलि दिन गएकाले नै उसको छट्पटाहट बढ्छ

। युद्धको वीभत्स परिणतिले नारीको सौभाग्य गुमेर दुर्भाग्यले स्थान लिएको छ । यसबाट नारीको जीवन नै तहसनहस भएको देखिन्छ । तसर्थ प्रिय पतिको विरहले नारीको आत्मा विक्षिप्त भएको उपन्यासकारले देखाएका छन् । आफ्ना अतृप्त चाहना पूरा गर्नलाई नारीले प्रेतात्मा बन्नु परेको कुरालाई कोइरालाले मार्मिक ढंगले व्यक्त गरेका छन् । यस्ता दुःख अनुभूतिले प्रेतात्मा रूपकी नारीको प्रेमभाव, जीवनबोध र विरहपूर्ण व्यथाको मार्मिक दुःखानुभूतिका गायनबाट नै **मोदिआइन** उपन्यास खडा भएको छ । वैधव्यताले गर्दा नारीहरूको जीवन सामान्य हुन सकेन र मृत्यु पनि स्वाभाविक रूपले हुन सकेन भन्ने उपन्यासकारको मानवतावादी विचार छ । नारीहरू आफ्ना अतृप्त मातृत्व तथा यौनचाहनाका कारण नै अनन्तसम्म तड्पिन बाध्य भएका हुन् भन्दै नारी जातिको कारुणिक अवस्थाको मार्मिक विश्लेषण **मोदिआइन**मा गरिएको छ । साथै उनीहरूले आफन्तको रक्षार्थ ईश्वरसँग पुकार गरेको कुरालाई नारीले यसरी व्यक्त गरेकी छे-

*मेरो ललाटको सिन्दुर परमात्मा कहिले पनि नपुछ, (मोदिआइन, पृ. ४३) ।*

भारतवर्षका नारीहरूले यसरी जति नै पुकार गरे पनि ईश्वरले भने उनीहरूप्रति किञ्चित दया गर्न सकेनन् भन्ने कोइरालाको विचार देखिन्छ किनभने युद्ध निश्चित हुन्छ र कौरव र पाण्डव दुवै पक्षबाट सामरिक तयारी सुरु हुन्छ । यसरी महाभारत युग र उत्तर युगमा समेत नारीहरू युद्धबाट भयभित नै रहेको र त्यसले उनीहरूको प्रणयसुख र जीवनको अस्तित्वलाई समाप्त पार्ने भएकाले युद्ध अप्रिय र अशुभ तथा मानवताविरोधी कुरा भएको विचार उनीहरूले राखेको देखाइएको छ ।

यस उपन्यासमा उपन्यासकारले नारी मनका विविध पक्षलाई केलाएका पनि छन् । यस क्रममा उनले नारीका यौवन तथा प्रणणसुखका रमणीय क्षणलाई समेत समेटेका छन् । प्रणयसुखको क्षणमा पनि सम्भावित युद्धले पारेको नकारात्मक प्रभावका बारेमा यस उपन्यासकी नारीहरूले आफ्ना अनुभवलाई प्रकट गरेका छन् । नारीहरू युद्ध नहुने सम्भावना कतैबाट आइहाल्छकी भन्ने आशामा पनि थिए भन्ने कुरालाई नारीद्वारा प्रस्तुत गरिएको छ-

*मृत्युको त्यत्रो व्यापक आयोजना देख्तादेख्तै पनि जबसम्मन् सास छ तबसम्म आस छ भनेको जस्तो साना साना कुरामा हामीलाई आशा लाग्न थाल्यो . . . तर हाम्रो आशा परालको आगो जस्तो एक छिन बलेर निभेर गयो । . . . मेरो हृदयले बुझ्यो यो हाम्रो याद अन्तिम रात हो । मैले केही बोल्ने साहस गरिनँ । . . . भोलिपल्ट जाने बखतमा मात्र उनले बोले-प्यारी बिदा ( मोदिआइन, पृ. ४५) ।*

यसरी युद्ध रोकिने झिनो आशा बोकेर बाँचेका नारीहरूमा एकाएक बज्रपात आउँछ जब उनीहरूका पति बिहान युद्धका लागि जान बिदा माग्छन् । त्यस्तो अवस्थामा ती नारीहरू पतिलाई कसरी बिदा दिन सक्छन् जो मृत्युको विशिष्ट मनोदशालाई नै प्रस्तुत गर्दछ । नारीहरू राज्य तथा समाजको युद्धपीडाबाट पीडित रहेको र त्यसबाट उनीहरूका

जैवीय चाहना नै टुक्रिन लागेको प्रसङ्ग यस उपन्यासमा प्रस्तुत भएको छ । तत्कालीन नारीका मात्र नभई हरेक युगका सबै नारीहरूको विवशतालाई प्रतिनिधित्व हुने गरी यस उपन्यासकी नारी आफ्नो भावना व्यक्त गर्छे-

*मैले आफ्ना ठूला-ठूला आँखा आँसुले टम्म भरेर उनीपछि उठाएँ भन्न केही सकिनँ, ( मोदिआइन, पृ. ४५) ।*

**मोदिआइन** उपन्यासमा व्यक्त भएको यस्तो भनाइले महाभारतयुद्धमा मात्र लिनुपर्ने बाध्यताजन्य अवस्थालाई उजागर गर्दछ । युद्धका विरुद्ध शान्तिको पक्षमा चर्को घोषणा गर्न लेखिएको प्रस्तुत उपन्यासमा उपन्यासकारले महाभारतको युद्धलाई कुनै पनि हालतमा स्वीकार गरेका छैनन् (भट्ट २०५३ : २६५) भन्ने स्पष्ट हुन्छ । उनले यो युद्धलाई सत्ताको भोक र केवल पुरुष वर्गको अन्धो जोशका रूपमा हेरेका छन् किनभने उक्त युद्धले नारी जाति तथा परिवारलाई अक्षम्म र असह्य दुःख तथा पीडा दिएको विचार उपन्यासकारको रहेको छ । कृष्णको मध्यस्थताबाट युद्ध नहोला कि भन्ने आशा गरेका नारीहरूको आशा टुक्रिन्छ तर फेरि अर्को आशा आफ्ना प्राणप्यारा बाँच्लान की भन्नेमा पलाउँछ । अन्त्यमा त्यो आशा पनि टुक्रन्छ र अठार दिनको युद्ध हुन्छ । नारी अत्यन्त विक्षिप्त भएर एउटा ठूलो ढिस्कोमाथि चढेर युद्धको दृश्य हेरिरहेकी हुन्छे र ऊजस्तै अन्य नारीहरू आफ्नै शरीरको भार थाम्न नसकेर घुँडा टेकी बसेर कुरुक्षेत्रमा तरङ्गित भइरहेको मानवसमुद्रमा आफ्ना प्यारालाई खोजिरहेका हुन्छन् । त्यस मानवसमुद्रमा पनि नारीहरू आ-आफ्ना पुरुषप्रतिको प्रेमका कारण उनीहरूको आँखा त्यही मानवसमुद्रमा पुगेको देखिन्छ । उनीहरू सबैको त्यस्तो हालतलाई नारी यसरी प्रकट गर्छे-

*म त चेतनाशून्य थिए । घुँडा टेकेर चिउडोलाई हत्केलामा थामेर नर्कको वाफमा टलपल गरेको कुनै दृश्य जस्तो अस्पष्ट कुरुक्षेत्रलाई एकटकले हेरिरहेको थिए । त्यही कहीँ एउटा अश्वारोही पनि छ जो मेरो हृदयको टुकडा हो । हे परमात्मा रच्छे गर त्यसको, रच्छे गर । रच्छे गर (मोदिआइन, पृ. ५०)*

नारीले परमात्मासँग आफ्नो पतिको रक्षार्थ प्रार्थना गरे पनि त्यो सफल हुँदैन त्यहाँ नारीहरूले ईश्वरसित आफ्ना पतिका रक्षाको भिख मात्र मागेका होइनन्, ईश्वर तथा कृष्णलाई व्यङ्ग्य प्रहार पनि गरेका छन् । कुरुक्षेत्रमा अठार दिनसम्म मच्चिएको युद्धबाट लाखौँ पुरुष मारिन्छन् र लाखौँ नारीहरू विधवा हुन्छन् । वैधव्यको जीवन भोग्नुपर्ने हृदयको शून्यता र एकान्तको त्रासले उनीहरू पीडित देखिन्छन् । उनीहरूका आँखा शून्यतामा मासिएका थिए र हृदय उद्विग्नतामा थियो भन्ने अभिव्यक्ति यस उपन्यासमा पोखिएको छ ।

कुरुक्षेत्रको युद्धले मान्छेलाई अपुरणीय क्षति पुऱ्याएको विचारलाई प्रकट गर्न यसमा कोइरालाले विधवा नारीहरूको दर्दनाक पीडालाई कथावस्तुमै समावेश गरेका छन् । युद्धबाट मानवसभ्यतामाथि नै प्रहार भयो भन्दै यस उपन्यासको वैचारिक अभिव्यक्तिले

मानवतावादको समर्थनमा महाभारतको तत्कालीन लडाइले मानवमाथि कसरी क्षति पुऱ्यायो भन्ने प्राचीन सन्दर्भको व्याख्या गरेको छ । कोइराला यस कृतिमा मानवलाई एउटा दृष्टिकोण दिन खोज्दछन् जुन दृष्टिकोणबाट मानवतावादको परिचय प्राप्त हुन्छ । मानव पीडालाई ईश्वरीय तत्त्वले राहतको स्थानमा आहात प्रदान गरेका दृष्टान्तका रूपमा विधवा नारीहरूका आर्तनादलाई उपन्यासको सिङ्गो सेरोफेरो बनाइएको छ । मान्छेलाई स्वतन्त्र रूपमा बाँच्न नदिने अध्यात्मवादी चिन्तनलाई पनि मान्छेहरू गम्भीर भएर सोचविचार नगरी अन्धरूपमा पूजा गर्दछन् भन्ने विचारलाई समेत कोइरालाले प्रकट गरेका छन । युद्धविरोधी भावविधान नै यसको मूल भावनात्मक पक्ष हो । युद्धले मानवलाई विघटन गराउँछ र यसमा कसैको हित संरचित हुँदैन भन्ने धारणा **मोदिआइन**ले दिएको छ । युद्धले जे दियो सबै दारुण अवस्था मात्र थियो र त्यही अवस्थालाई भोग्न वाध्य पीडित नारीका भावनालाई मात्र थियो र त्यही अवस्थालाई भोग्न बाध्य पीडित नारीका भावनालाई प्रतिनिधित्व गर्दै यसमा चरित्रचित्रण गरिएको छ । विधवा नारीहरू उपन्यासका मिथकीय पात्र हुन् जसले अन्यायलाई भोगेर त्यसको सजीव नमुना प्रदर्शन गरिरहेका छन् ।

उनीहरूको यस्तो दयनीय अवस्थालाई यस उपन्यासमा मार्मिक ढङ्गले व्यक्त गरिएको छ । दुर्योधनका हठका कारणले उनीहरूलाई जबर्जस्ती विधवा बनाइएको छ । यसरी यस उपन्यासका नारीहरू वैधव्यतालाई स्वीकार गरी जीवन बिताउन विवश देखिन्छन् । ती नारीको वैधव्यताले स्वीकार गरी जीवन बिताउन विवश देखिन्छन् । ती नारीको वैधव्यले महाभारतकालीन समस्त स्त्रीहरूको स्थितिलाई मात्र प्रष्ट्याउँदैन, यसले नेपाली समाजका विधवाको जिन्दगी ज्यूँदो लाससरह भएर बित्ने परम्परालाई पनि प्रकाश पारेको देखिन्छ । त्यसैले लाससरह भएर बित्ने परम्परालाई पनि प्रकाश पारेको देखिन्छ । त्यसैले नारीमार्फत् उपन्यासकारले आफ्नो धारणालाई यसरी व्यक्त गरेका छन्-

*विधवा मरिसकेकी नारी हो जसको देह कालान्तरमा ढलेर समाप्त हुन्छ (मोदिआइन, पृ. ५७) ।*

यसरी महाभारतको युद्धले नारीहरूको जीवनअस्तित्वलाई दुर्घटित तुल्याएर नारीहरूलाई वैधव्यमा डुबाएको विचार यस उपन्यासमा प्रस्तुत छ भने सँगसँगै समाजमा विधवा नारीलाई लाससरह ठान्ने संस्कार र मनोवृत्ति प्राप्त रहेको कुरा अगाडि सारेर त्यसलाई पनि नारी अस्तित्वविरोधी संस्कारका रूपमा प्रस्तुत गरिएको छ । यसै परिप्रेक्ष्यमा नारीहरूप्रति ईश्वर पनि क्रूर रहेको सङ्केत गर्न खोजिएको देखिन्छ ।

उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यासमा कुरुक्षेत्रको युद्धलाई निरर्थक ठहराएका छन् । यस युद्धबाट नारीहरूले पाएको व्यथालाई प्रष्ट पारिएको छ । पृथ्वीबाट पुरुषहरूलाई नै समाप्त पार्ने यस्तो अमानवीय युद्धले मानवताको घोर उल्लङ्घन गरेको छ भन्ने उसको विचार छ । कुरुक्षेत्रमा भएको युद्धले अन्तिम परिणाममा सातजना पुरुष मात्र बाँकी रहनुका साथै विधवा नारी तथा तीनका असहाय सन्तान मात्र बाँकी रहनुका साथै

विधवा नारी तथा तीनका असहाय सन्तान मात्र बाँकी रहेको भन्ने ऐतिहासिक कुरालाई यस उपन्यासमा व्यक्त गरिएको छ । आफ्ना असहाय बालसन्तानलाई आफ्ना व्यथित छातीमा टाँसेर विधवा नारीहरू केवल बाँच्न बाध्य भएको उपन्यासकारले यसमा व्यक्त गरेका छन् । नारीहरूको  नैसर्गिक अधिकारलाई धर्मयुद्धका नामले निमिट्यान्न पारिदिएको धारणालाई यस उपन्यासले प्रकट गरेको छ । नारीको संवेदनशीलता, प्रेम, धैर्य, तर्कक्षमता आदिलाई प्रस्तुत गरेको यस उपन्यासले उनीहरूको अधिकारलाई कसरी कुल्चिएको छ भन्ने दृष्टान्तसमेत यसमा प्रस्तुत गरेको पाइन्छ । साथै धर्मका नाममा नारीमाथि हुन गएका अत्याचारलाई यस उपन्यासमा घृणाको भावले हेरिएको छ । देवत्वको घृणित कार्य नै अर्जुनलाई इश्वरारुढ यन्त्र बनाई युद्धाभिमुख बनाउनु हो र त्यही नै नारीलाई वैधव्यको सिकार बनाउने कारकसमेत हो भन्ने यहाँ प्रस्तुत गरिएको छ ।

उपन्यासको कथा सुनाउने क्रममा मोदिआइनले बालक 'म' पात्रलाई भनेका कुराबाट प्रेममा बञ्चित भएका नारीहरू मृत्युपर्यन्त पनि आफ्ना अधिकार एवम् चाहना पूरा गर्न पछि देखापरेका छैनन् भन्ने देखाउँछन् । आफ्नो त्यही झिनो आशाले उनीहरू जन्मजन्मान्तर भौतारिएको यस उपन्यासमा देखिन्छ । यसमा नारीहरू निराशामा मात्र होइन युगौँ-युग पखर्नुपर्ने उनीहरू आशामा रहेको कुरा व्यक्त भएको छ । यसरी उनीहरूमा जिजीविषा र नैसर्गिक मानवीय चाहनाको प्राप्ति-आकाङ्क्षा अक्षुण्ण र जीवन रहेको देखाउन खोजिएको छ । उपन्यासकार मनोवैज्ञानिक तथा अस्तित्ववादी सिर्जनाकार पनि भएकाले यस उपन्यासका तीनजना नारीहरूलाई अचेतन, अर्धचेतन र चेतनका प्रतीक मानी प्रस्तुत गरेका छन् (चापागाइँ र सुवेदी, २०५१ : ८६) । यो उपन्यास ती तीन नारीहरूका माध्यमले नै अघि बढेको छ । नारी मनका तीन स्थितिमा गुम्फित रहेको प्रस्तुत उपन्यास नारी अस्तित्वको खोजीतर्फ उन्मुख छ भन्न पनि सकिन्छ । नारी मनका तीन तहलाई केलाउने क्रममा मोदिआइनलाई चेतन स्वरूप, नारीलाई अर्धचेतन र मछुवारिनलाई अचेतत मनको प्रतीक मान्न सकिन्छ (चापागाइँ र सुवेदी, २०५१ : ८६) । यसरी नारी अस्तित्वको खोजी गर्ने क्रममा कोइरालाले मानव जगत्का, पौराणिक जगत्का र स्वैरकल्पित नारीपात्रको प्रयोग गरेका छन् । नारीपात्रहरू जसरी समायोजन गरे पनि प्रस्तुत उपन्यास नारी समस्यामा केन्द्रित छ भन्न  सकिन्छ । नारीप्रति विशेष सहानुभूति राख्ने कोइराला प्रेमलाई नारीत्त्वको अखण्ड रूप मान्दछन् । नारीको शरीर मरेपछि पनि प्रेम भावना अमर रहन्छ र यसलाई प्राप्त गर्न उनीहरू अनेकौं रूप लिई जन्मिरहन्छन् भन्ने विचार उपन्यासकारले **मोदिआइन**की नारीमार्फत् प्रस्तुत गरेका छन् । त्यसैले मानवताका पृष्ठभूमिका रचिएको प्रस्तुत उपन्यास नारीत्व र प्रेमको गहकिलो महत्त्वलाई प्रकाश पार्नेतर्फ केन्द्रित रहेको छ भन्न सकिन्छ । यसमा नारीलाई मातृत्व वा नारीत्व तथा प्रेमको अक्षुण्ण र अजस्र स्रोतका

रूपमा चित्रित गरिएको छ । उक्त कुरा नारी शरीरको समाप्तिपछि पनि उसभित्रको नारीत्व रहिरहेको देखाइएबाट स्पष्ट हुन्छ ।

यस किसिमले यस उपन्यासमा नारीविषयक चिन्तन र अनुभूतिलाई विविध प्रतीक एवम् दृष्टान्तका माध्यमबाट प्रष्ट पार्ने काम भएको देखिन्छ । कोइरालाले नारीहरूको अधिकार युद्ध, धर्म तथा अन्य विविध बहानामा कुण्ठित भइरहेको र त्यसले नारीहरूलाई विद्रोहतिर धकेलेको कुरा पनि यसमा व्यक्त भएको छ । यस उपन्यासका नारी पात्रहरू जीवनमा जस्तोसुकै असहज परिस्थिति आइपरे पनि त्यसबाट हार नखाएर प्रेम, वात्सल्य मानवअधिकार तथा अस्तित्वका लागि युगयुगसम्म बसिरहेको कुरा अभिव्यक्त भएको छ ।

**मोदिआइन** उपन्यासमा नारीलाई सृष्टीचक्रकी सञ्चालिका हुन भन्ने देखाइएको छ । उपन्यासकारका विचारमा मान्छेको जीवन सङ्घर्षमा बित्छ, उसले विभिन्न समस्यासँग जुध्दै कठिनाइलाई पार गर्दै जानुपर्छ । उसको यही विचार यस उपन्यासमा पनि प्रस्तुत भएको छ । यस उपन्यासका नारीहरू प्रणयसुख र शान्ति प्राप्तिका लागि प्रतीक्षामा छन् । उनीहरूको इच्छालाई बीचमा नै कुल्चेर घाइते बनाइएको छ । हरेक युगमा भएका युद्धले नारी जातिलाई असह्य पीडा पुऱ्याएको कुरा यसमा व्यक्त भएको छ । मानवताको रक्षाको लागि नारीका महत्त्वपूर्ण भूमिका रहने कुरामा उपन्यासकारको आत्मस्वीकृति रहेको छ । त्यसैले उनले नारीको रक्षाको निम्ति कुनै पनि अर्थमा युद्ध हुनुहुँदैन भन्ने सन्देश यस उपन्यासमार्फत् दिएका छन् । उनले यसमा मानवजीवनमा नारीको स्थानबारे आफ्ना धारणा प्रस्तुत गर्दै युद्धले नारीमाथि थोपरेका यावत् पीडादायी जिन्दगीका बारेमा चरित्रचित्रण गरेका छन् । प्रेम र मातृत्वबाट वञ्चित नारीहरूका पीडालाई यसमा उपन्यासकारले केलाएको देखिन्छ । यसरी नारीत्व र प्रेमका थुप्रै पक्षहरूलाई समेट्दै यस उपन्यासमा मातृत्व, नारीत्त्व अनि प्रेमको महत्त्वमाथि प्रकाश पारिएको छ । यस क्रममा नारीको मूल स्वभाव नै प्रेम र मातृत्व हो भन्ने शाश्वत् जीवनदृष्टि एवम् मानवमूल्यलाई यस उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ ।

## ५.७ विसङ्गतिवादी अस्तित्ववादी जीवनदर्शनका सापेक्षतामा मानवतावादी विचार

उपन्यासकार कोइरालाको **मोदिआइन** उपन्यासलाई वैचारिक घनत्वले प्रबल उपन्यास मानिन्छ । यसमा प्रक्षेपित वैचारिकतालाई नियाल्दा अस्तित्ववादी विचार पनि वैचारिकताकै एउटा पाटाका रूपमा आएको देखिन्छ । उपन्यासकारले उपन्यासको आवश्यकताअनुसार यस उपन्यासमा अस्तित्ववादी विचारको प्रयोग गरेको देखिन्छ । कोइरालाले अस्तित्ववादलाई सिद्धान्तस्थापनाका लागि प्रयोग नगरी आफ्नो उपन्यासका पात्रहरूको जीवनमा देखापरेको आरोह-अवरोहको सन्दर्भअनुरूप मात्र प्रयोग गरेका छन् ।

उपन्यासकारका विचारमा व्यक्ति समाजको सदस्य हो र उसले आफ्नो मौलिक अस्तित्व एवम् व्यक्तित्वका लागि सङ्घर्ष गर्नुपर्छ । उनले आफ्नो यही धारणालाई साहित्यमा प्रयोग गरेका छन् । मान्छेले आफ्नो जीवनका लागि आफ्नो मार्ग आफैले चयन गर्दै जानु पर्छ । यस क्रममा आउने जिन्दगीका हरेक समस्यालाई आफ्नै निर्णयले सामना तथा समाधान गर्नुपर्छ भन्ने विचार पनि मानवतावादी विचारका रूपमा अस्तित्ववादसँग गासिएर आएको छ । समाजमा प्रत्येक व्यक्तिको आ-आफ्नै अस्तित्व र महत्त्व हुने कुरा स्पष्ट रहेको छ । प्रत्येकले आ-आफ्ना इच्छा अकाङ्क्षा, दुःख, सुख, विचार आदिमा आफैले निर्णय गर्नुपर्छ भन्ने उपन्यासकारको विचार रहेको छ (कोइराला, २०५३ : ६१) ।

**मोदिआइन** उपन्यासमा अस्तित्ववाद जीवनका सङ्गति, असङ्गति, सुख, दुःखजस्ता कुरासँग जोडिएर आएको छ । यो उपन्यास सामाजिक अस्तित्वतर्फ उन्मुख रहेको छ भन्न सकिन्छ किनभने यसमा सामाजिक अस्तित्वमा वाधा पार्न धार्मिक रुढि तथा मानव अस्तित्व विरोधी कुराका प्रसङ्ग आएका छन् । प्रस्तुत उपन्यास अस्तित्ववाद गीता-दर्शनका सन्दर्भमा नै प्रयोग भएको छ, जुन परम्परागत मान्यताभन्दा पूर्णतः भिन्न देखिन्छ । त्यस्तै यस उपन्यासमा अस्तित्ववादी चिन्तन कतै मानवतावादसँग, कतै विद्रोहीसँग, कतै प्रेमसँग गाँसिदै विसङ्गत-दर्शनसम्म पुगेको छ । साथै यसमा अस्तित्ववाद नियतिवादसँग पनि सश्लिष्ट भएर रहेको छ (कोइराला, २०५३ : ६१) । कोइरालाका उपन्यासमा अस्तित्वाद प्रायः व्यक्तिकेन्द्रित हुनेहुँदा उनको **मोदिआइन** उपन्यासमा पनि पात्रहरूलाई नै केन्द्रित गरेर तिना अस्तित्वसम्बन्धी कुराहरूलाई व्यक्त गरिएको छ । उपन्यासका पात्र **मोदिआइन** तथा नारीका सुख, दुःख एवम् वेदना जे भए पनि उनीहरूमा आफ्नो अधिकारप्रति सचेतता रहेको छ । उनीहरू स्वत्व र नैसर्गिक चाहनाको प्राप्ति हेतु मृत्युपर्यन्त र मृत्युपश्चात् पनि सक्रिय छन् त्यसैले पनि यस उपन्यासमा अस्तित्ववादी विचार छ भन्न सकिन्छ । **मोदिआइन** र नारीका युद्धप्रतिको घोर विरोधले अस्तित्वलाई स्वीकारेको स्पष्ट हुन्छ ।

**मोदिआइन** उपन्यासकी नायिका **मोदिआइन** आफ्नो अस्तित्वको चाहना राख्छे तर त्यसका विपरीत विसङ्गतिको चपेटामा परेकी छे । **मोदिआइन**का पूर्वजन्ममा अतृप्त आकाङ्क्षा अनि बूढो तथा रोगी पतिसँग बस्नु पर्ने बाध्यतामा विसङ्गतिवादका लक्षणहरू पनि प्रशस्त रहेका छन् । **मोदिआइन** पूर्णतः सचेत र बुद्धिमान हुँदाहुँदै पनि उसले अनाहकमा भोग्नुपरेको पीडाजन्य कुरालाई यसमा समेटिएको छ । जीवनमा सङ्घर्ष गर्नु र नगर्नुका पक्ष र परिणामलाई पनि प्रस्तुत उपन्यासले राम्रोसँग प्रष्ट्याएको छ । **मोदिआइन** तथा नारीमा अस्तित्वको चाहना, विद्रोहको भावना, असन्तुष्टि आदि सशक्त रूपमा प्रकट भएका छन् । **मोदिआइन** युद्धविभीषिकाको अत्यन्त विरोध गर्छे । उक्त युद्धका कारण आफ्नो इच्छा पूरा नभएको हुँदा अहिलेसम्म पनि ती इच्छा पूर्तिका लागि प्रतीक्षारत रहेको कुरा ‘म’ पात्रलाई सुनाउँछे-

*त्यसैले युग-युगदेखि मेरो प्राणनाथको शरीर खसेको थलोमा आएर बसिरहेको छु अनन्तसम्म म बसिरहने छु (मोदिआइन, पृ. ५८) ।*

यस भनाइबाट जीवनका विसङ्गतिबीच पनि **मोदिआइन**मा तीव्र अस्तित्वबोध रहेको र अस्तित्व रक्षार्थ ऊ प्रयत्नशील रहेको स्पष्ट हुन्छ । त्यस्तै नारीले पनि आफ्नो अस्तित्ववादी विचारलाई प्रकट गरेकी छे । उसले कृष्णलाई आफ्नो लगायत सम्पूर्ण महाभारतकालीन नारीका पतिहरूका हत्यारा ठहराएकी छे । उसलाई जीवनप्रति मोह छ, आफ्नो पतिसँग प्रणयका सुखद् क्षणलाई साटासाट गर्ने आकाङ्क्षा छ । त्यसैले ऊ भन्छे-

*मलाई लाग्यो जीवन एउटा कहिले पनि समाप्त नहुने वसन्त हो (मोदिआइन, पृ. ३८) ।*

माथिको उद्‌गारबाट नारीमा आफू हुनुको महत्त्वका बारेमा बोध भएको छ । त्यसैले ऊ जिन्दगीलाई सफल बनाएर आनन्दसँग बाँच्न चाहन्छे तर कृष्ण र उनको गीता-दर्शनले जन्माएको युद्धका कारण सो इच्छा पूरा नहुने देखेर नै युद्धको घोर विरोध गर्छे-

*मसँग मेरा प्राणाधार विदा भएर जानेवित्तिकै मेरो जीवनबाट तमासा रस सुकेर गयो । मलाई चारैतिर अँध्यारो लाग्यो, छरपटिदै कहिले यता कहिले उता भौतारिदै हिँड्न थालेँ (मोदिआइन, पृ. ४६) ।*

नारीले व्यक्त गरेका यस किसिमका अभिव्यक्तिबाट उसको पुरुष ऊबाट छुट्टिदाँ मात्र पनि उसमा ठूलो छट्पटाहट भएको देखिन्छ किनभने उसलाई जीवनप्रति मोह छ । ऊ आफ्नो जिन्दगी आफूखुसी बिताउन चाहन्छे तर पाण्डव र कौरवका आन्तरिक कलहले विकराल रूप लिन्छ र युद्ध निश्चित हुन्छ । अनि नारीको इच्छामा कुठाराघात हुन पुग्दछ । त्यसैले त उसले युद्ध कुनै पनि हालतमा ठीक नहुने विचार व्यक्त गर्छे र कृष्णलाई भन्छे-

*कुनै तर्कले पनि कुनै उच्च दर्शनमा जोरले पनि जीवनको सुख, दुःखलाई मरणको सत्यतालाई, यो ठोस घेरालाई मिथ्यामा परिणत गर्न सक्तैन, हे मुरारे ! (मोदिआइन, पृ. ५४-५५) ।*

यसरी नारीका माध्यमबाट **मोदिआइन**मा कोइरालाले जीवनलाई विसङ्गत र विघटित तुल्याउने युद्धको विरोध गर्दै आफ्नो विसङ्गतिवादी अस्तित्ववादी मानवीय विचारअन्तर्गत राखेर प्रकट गरेका छन् । त्यस्तै अर्की नारी मछुवारिन प्रेतात्माकै रूपमा अहिलेसम्म हडाहा तलाउका किनारमा माछा बेच्ने निहुँले सधै आउँथी भन्ने कुरा देखाएर उपन्यासकारले मानिस प्रेमात्मा बनेरै पनि मानवीय अस्तित्वको खोजीमा हिँड्दा रहेछन् भन्ने तर्क प्रस्तुत गरेका छन् । वास्तवमा प्रेतात्माको परिकल्पना पनि यहाँ मानवीय अस्तित्ववादी चिन्तनको स्थापनाको लागि गरिएको देखिन्छ ।

यस उपन्यासमा अन्य सबै पात्रहरू पनि मानवीय अस्तित्वतर्फ नै उन्मूख देखिन्छन् । पाण्डवहरूले आफ्नो अधिकार खोज्नु, दुर्योधनले आफ्नो हठ नछोड्नु र द्रौपदीले

चीरहरणको बदला चाहनुले पनि उनीहरू प्रत्येकमा रहेको वैयक्तिक मानवीय अस्तित्वबोधको तीव्रतालाई प्रष्ट पार्दछ । उपन्यासका हरेक पात्र (व्यक्ति) लाई आफू हुनुको बोध नभएको भए उपन्यासमा त्यस किसिमका सङ्घर्ष देखिदैनथ्यो । यस उपन्यासमा ती सबै पात्रहरू मानवीय अस्तित्वका लागि नै सङ्घर्ष गरेका देखिन्छन् तर उनीहरूले गरेका सङ्घर्षका कारण कस्तो परिणाम आउने छ भन्नेतर्फ भने उनीहरू (पौराणिक पात्र) विचार पुऱ्याएको देखिँदैन । आफ्नो अस्तित्वबोध र त्यसको स्थापनाको प्रयासमा सबै उद्यत छन् तर अर्कालाई, समाजलाई के प्रभाव पर्छ भन्ने कुरामा भने उनीहरू सचेत भएको देखिँदैन । मानव-अस्तित्वलाई मुख्य केन्द्रविन्दु बनाई मानवतावादी चिन्तनको प्रस्फुटन गर्नु नै **मोदिआइन** उपन्यासको मुख्य वैचारिक कडी हो । उपन्यासमा मानव-अस्तित्वलाई स्वीकार गर्नुपर्छ भन्ने मान्यता प्रस्टसँग अभिमुख भएको पाइन्छ । मान्छेका आफ्नै स्वतन्त्रतारूपी चाहना हुन्छन्, जसलाई गीता-दर्शन सन्देशले पनि स्पर्श गर्न तथा प्रभावित पार्न सक्दैन भन्ने कुरालाई यस उपन्यासको मानवतावादी विचारसँग गाँसिएको छ ।

**मोदिआइन** उपन्यासमा मान्छे मान्छेकै रूपमा रहनुपर्ने विचार उपन्यासले प्रकट गरेका छन् । मान्छेले अस्तित्वको चाहनामा देवता (कृष्ण) बन्ने प्रयास भने कहिल्यै गर्नु हुँदैन र मान्छेभन्दा तल पशुमा झर्ने प्रयास पनि गर्नुहुँदैन भन्ने उनको विचार यहाँ प्रस्तुत भएको छ । मान्छेले आफूलाई बिर्सदा कुरुक्षेत्रको युद्धजस्तै भयङ्कर युद्धको विभीषिकाबाट गुज्रनु पर्दछ । यस्तो युद्धले मानव-अस्तित्व नै खतरामा पर्ने कुरा यस उपन्यासमा व्यक्त गरिएको छ । यहाँ नारी पात्रलाई अस्तित्वको रक्षार्थ नै जन्म जन्मान्तरसम्म भौतिरिएको देखाइएको छ । त्यसैले **मोदिआइन** महाभारतको युद्ध हेर्ने नारीमा स्वयम् प्रत्यारोपित भएर प्रस्तुत भएकी छे, (सुवेदी, २०५३ : २७२) । नारीको पति लडाईमा मरेपछि उसले भोगेको जिन्दगी पीडादायी देखिन्छ । खास गरी पतिका मृत्युपश्चात् उसको जीवन प्रतीक्षाको अन्योलपूर्ण स्थितिले दुःखित भएको छ र ऊ युद्धजनित विसङ्गतिको प्रहार खप्न बाध्य छे तापनि उसमा जीवनप्रति लगाव छ । त्यसैले ती नारीहरूको जीवनप्रति रहेको सकारात्मक चिन्तनलाई प्रस्तुत गर्दै उपन्यासकारले यही मानवतावादी विचारभित्र विसङ्गतिवादी-अस्तित्ववादी चेतनाको औपन्यासिक प्रस्तुति दिएका छन् ।

## ५.८ निष्कर्ष

**मोदिआइन** उपन्यास महाभारत र गीता-दर्शनको सन्दर्भलाई लिएर लेखिएको उपन्यास हो भन्ने स्पष्ट भएको छ । यस उपन्यासमा महाभारतयुद्धको विषयवस्तुलाई आधार बनाएर कथानक तयार पारिएको पाइन्छ । गीता-दर्शनभित्रको खोक्रो आडम्बर, दैवीशक्तिको क्रूरता, मानवताप्रतिको अपहेलना, विध्वंसात्मक सोचाईजस्ता विषयवस्तुलाई व्यङ्ग्य गर्नमा यो उपन्यास सफल देखिन्छ । यसमा कृष्णको विचारप्रति नै तीव्र व्यङ्ग्य प्रहार भएको छ ।

विचारलाई विचारले खण्डन गर्नुपर्छ, तब मात्र अस्तित्वबोध हुन्छ भन्ने मान्यतालाई उपन्यासकारले **मोदिआइन**मा स्पष्टसँग राखेका छन् । **मोदिआइन**द्वारा भारतवर्षीय इतिहासको एउटा कालखण्डको कथाको स्वरूप बनाएर व्यक्त गरिएको सन्दर्भ नै यस उपन्यासको मुख्य विषयवस्तु हो । यही विषयवस्तुमा गीता-दर्शनको चिन्तन र त्यसबाट प्रभावित जीवनको स्वरूपलाई कोइरालाले व्यक्त गरेका छन् । यस उपन्यासका पात्रहरूमध्ये मोदिआइन महाभारतको कथा भन्छे, म पात्र यस कथालाई श्रवण गर्छ, मछुवारिन, नागरीजस्ता पात्रको वेदनालाई सन्दर्भ बनाइन्छ अनि मोदिपीडित, व्यथित प्रकारको जीर्णता प्रदर्शन गर्छ भने यस किसिमको जिन्दगी भोग्न बाध्य पार्ने कारकतत्व श्रीकृष्णले रचेको युद्धजन्य षड्यन्त्रलाई देखाइएको छ । त्यसैले यो उपन्यास कुटनीतिक विचारलाई समेत समाविष्ट गरी वैचारिक सबलता प्रदान गर्न समर्थ देखिन्छ । **मोदिआइन** उपन्यासको मुख्य लक्ष्य नै आडम्बरी दैवी तत्त्वको तीतो आलोचना गर्नु हो । दैवीशक्ति मानवशक्तिका विरुद्ध लागेर मानवजीवनमा ठूलो नियतिमूलक दुर्भाग्य आइपरेको बिडम्वनाजन्य कुरालाई यसमा प्रष्ट्याइएको छ । गीता-दर्शनले मानव कर्मका हरेक पक्षलाई ईश्वरको अनुकम्पासँग जोडेको छ । हिन्दू धर्मका कट्टर अनुयायीहरूले त्यही गीता-दर्शनको सन्देशलाई आफ्नो मन्त्र स्वीकारेको पाइन्छ । यद्यपि कोइरालाले यी मान्यताका विरुद्ध **मोदिआइन** उपन्यासमा मानवका लागि मानवीय अस्तित्व कायम हुनुपर्ने कुरामा बलियो तर्क प्रस्तुत गर्दछन् । यो उपन्यास फलामले फलाम काट्छ भन्ने मान्यताझैँ विचारलाई विचारले काट्ने किसिमले अन्धभक्तिपूर्ण अध्यात्मवादी चिन्तनलाई आलोचनात्मक कोणबाट व्याख्या गरिएको वैचारिक रचना हो । युगीन मानव व्यथालाई कोइरालाले यस कृतिमा नाटकीय स्वरूप प्रदान गरी त्यसमा विचारमूलक व्यङ्ग्य समावेश गरेर अभिव्यक्त गरेका छन् । उनका अन्य उपन्यासहरूमा केही रोमाञ्चकारी घटनाहरू पाइन्छ भने **मोदिआइन**मा युग-युगभरि मान्छेले बोकेको पीडा, भोगेको व्यथा र त्यसको कथाको रूपमा प्रस्तुत भएको छ । **मोदिआइन** उपन्यासका पात्रहरू रुग्ण छन् तर प्रतीक्षारत छन् र आफ्नो व्यथालाई संसारसामु उद्घाटन गर्न चाहन्छन् । उपन्यासकारले यही व्यथाको उद्घाटनका क्रममा दैवीय अहम्ले मान्छे कति धेरै रुग्ण अवस्थामा परिणत हुन पुग्यो भन्ने युगीन यथार्थलाई छर्लङ्ग पार्ने उद्देश्य राखेका छन् ।

यस उपन्यासमा कुनै पात्र हँसिलो जीवन बिताउने ढाँचामा छैनन् किनभने उनीहरूका खुसीहरू कुरुक्षेत्रको तत्कालीन पाण्डव-कौरबबीच भएको लडाइले खोसिएको छ । युद्धलाई टार्ने कोसिसमा संलग्न पाण्डवपक्षका नायक अर्जुनलाई गीताको जादूमयी मन्त्रद्वारा कृष्णले सम्मोहित पारेर युद्धमा होमेपछि सबैको आफ्नोपन समाप्त भएको र भोकाएका कथित ईश्वरले मानवरगतको आहालमा आफ्नो तीर्खा मेटेको गहन व्यङ्ग्यमूलक विचारलाई यसमा प्रकट गरिएको छ । उपन्यासको मूल कथावस्तु महाभारत त्यसको

उत्प्रेरक तत्त्व गीता भएकाले यसमा कोइराला विचारको मूल फुटाएर ईश्वर र मानवीय सम्बन्धको यथार्थलाई उद्घाटन गर्न सक्षम देखिएका छन् । यसमा उनले मानवताको पक्षलाई बलियो पार्न कसरी दैवीय शक्तिको क्रूरतालाई नाङ्गो रूपमा देखाउने भन्ने औपन्यासिक कलामा निपूर्ण देखिएका छन् । मान्छे-मान्छेबीच युद्ध भड्काउने कृष्णलाई यस उपन्यासमा प्रत्यक्ष पात्र नबनाएर कृष्णको कुरालाई कथाका रूपमा बयान गर्ने मोदिआइनलाई प्रमुख पात्र मान्दै नाटकीय भावविधानको प्रयोग यस उपन्यासमा पाइन्छ । यस उपन्यासमा रचित कथावस्तु कुरुक्षेत्रमा भएको महाभारतीय युद्ध हो भने त्यो युद्धमा विशेष भूमिका निर्वाह गर्ने कृष्णको चरित्रलाई उदाङ्गो पार्ने काम चाँहि यस उपन्यासमा मुख्य रूपले गरिएको पाइन्छ । म पात्रलाई मोदिआइनले वर्णन गरेको कथालाई उपन्यासकारले नाटकीय मोडमा पुऱ्याउँदै त्यसमा मछुवारिन र नारीको प्रसङ्गद्वारा शान्तिप्रतिको मानवचाहना युग-युग चीर प्रतीक्षारत रहेको रहस्यलाई खुलाइएको छ । उनले यसमा मानवै मानव भएको संसारको निम्ति दैवीशक्तिको अहम्लाई नष्ट गर्नुपर्ने नवीन विचार व्यक्त गरेका छन् । उपन्यासकारले दार्शनिक विषयलाई व्यङ्ग्यपूर्ण शैलीमा ढाल्दै मानवताको बाधकका रूपम कृष्णले अर्जुनलाई गलत सन्देश प्रवाह गरी जघन्य भूल गरेको तथ्यलाई उद्घाटन गरेको पाइन्छ । हिन्दू संस्कार तथा परम्परामा गीता-दर्शनलाई आराध्य मान्यताका रूपमा स्वीकार गरी त्यसको निसर्त पालना गरिएको परिप्रेक्ष्यमा उपन्यासकारले गीता-दर्शनको आडम्बरले ल्याएको मानवजीवनको बिडम्बनालाई प्रस्तुत गरी वैचारिक चुनौती खडा गरेका छन् - अथवा यो उपन्यास अध्यात्मवादी हिन्दू दर्शनको मूल्यलाई चुपचाप स्वीकार गरेर पूजा गर्नेहरूका निम्ति नयाँ रहस्यात्मक प्रारूप हो । कृष्णलाई आराध्यदेव मान्दै तनमनले भक्ति गर्ने हिन्दू धर्मका अनुयायीहरूका सामु **मोदिआइन** उपन्यास अनौठो रचनाझैँ प्रतीत भएको छ । किनभने मानव संहारका लागि कृष्णले नै ठूलो नकारात्मक भूमिका निर्वाह गरेको तथ्य महाभारतको युद्धको सन्दर्भबाट उल्लेख गरी प्रष्ट पारिएको छ ।

यसरी **मोदिआइन** उपन्यासमा गीता-दर्शन र त्यसको आलोचना तथा खण्डनलाई नै कोइरालाले केन्द्रविन्दु बनाएको प्रष्ट हुन्छ । उपन्यासकार कोइरालाले **मोदिआइन** उपन्यासमा गीता-दर्शनलाई आलोचना गरी मानवीय विचारको प्रस्तुति गरेका छन् । उनले यसमा मानवीय अस्तित्ववादी विचार तथा नारीसम्बन्धी चिन्तनलाई मानवतावादी विचारभित्रै राखेर व्यक्त गरेका छन् । यस उपन्यासमा उनले प्रमुख रूपमा मानवतावादी विचारभित्र अन्य विचारहरूको अभिव्यक्ति दिएका छन् । कोइरालाले **मोदिआइन** उपन्यासमा महाभारतीय युद्धको सन्दर्भलाई कथानकका रूपमा प्रयोग गरेका छन् भने यही विषयलाई केन्द्रविन्दु बनाएर अस्तितत्वादी, विसङ्गतिवादी र नारीसम्बन्धी धारणा मानवतावादी चित्रण राखी आफ्नो धारणा अभिव्यक्त गरेका छन् । यस उपन्यासमा उनले यी सबै धारणाहरूमध्ये

मानवतावादी, अस्तित्ववादी धारणालाई मुख्य वैचारिक प्रक्षेपणका रूपमा व्यक्त गरेको पाइन्छ । तत्कालीन महाभारतीय युद्धलाई मानवताविरोधी कार्यका रूपमा प्रखर ढङ्गले प्रस्तुत गर्दै मानवताका परिप्रेक्ष्यमा उक्त युद्धलाई अमानवीय कार्यको दृष्टान्तका रूपमा अगि सारिएको छ । साथै सो युद्धलाई उनले दैवीय अहम्को पराकाष्ठा र त्यसबाट मानवताविरोधी विचारको उत्पत्ति गीताको अन्धभक्तिमूलक विश्वासका कारण भएको हो भन्ने वैचारिक दृष्टिकोणलाई **मोदिआइन**मा प्रस्तुत गरिएको छ । त्यसैले यस उपन्यासमा विभिन्न धारणाहरूमध्ये मानवतावादी विचारभित्र अन्य धारणा वा विचारहरू अभीष्टका रूपमा व्यक्त गरिएको छ ।

उपन्यासकार कोइरालाको **मोदिआइन** उपन्यास युगीन-मानवसमाजको चित्रण हो । यस उपन्यासमा कोइरालाले तार्किक बहसलाई विषयवस्तुका रूपमा अँगालेका छन् । यस उपन्यासमा मान्छेले चाहने शान्तिप्रतिको भावनालाई कुरुक्षेत्रको युद्धले भड्काएको रहस्यात्मक तथ्यलाई इतिहास, साहित्य र कलाको समीश्रणका रूपमा संयोजन गरिएको छ । ईश्वर भोको छ, ऊ मानवरगतको तिर्खाले आकुल छ, उसलाई थोरै मान्छेको रगतले प्यास मेटिन्न जसलाई लाखौँलाख मान्छेलाई भोग दिने चाहना छ भन्ने विचारले ग्रस्त कृष्णको स्वभाव महाभारत युद्धमा उदाङ्गो भएको कुरालाई यस उपन्यासले औपन्यासिक कलामा समावेश गरेको छ । 'म' पात्रलाई नायिका **मोदिआइन**ले कुरुक्षेत्रको लडाइँ रोचकतासाथ कथाका रूपमा सुनाएपछि त्यसका बीच-बीचमा दैवीय तत्त्वको क्रूरताले विवश जिन्दगी लिएर बाँचिरहेका पीडितहरूको व्यथालाई यस उपन्यासमा संयोजन गरिएको छ । युगौँ-युगको पीडामा पिल्सिन बाध्य पार्ने महाभारतको युद्ध मानवताविरोधी जघन्य अपराध सावित भएको विषयलाई कोइरालाले प्रकट गरेका छन् । यस्तो जघन्य अपराधका मुख्य कर्ताचाहिँ कृष्ण नै हुन् र उसले गीताको सन्देशलाई दुरूपयोग गरी मानवसंहार रचेको आरोप उपन्यासकारले कलात्मक ढङ्गमा अभिव्यक्त गरेका छन् । यसै सन्दर्भमा अध्यात्मवादी तथा हिन्दू संस्कारका पक्षधरहरूका निम्ति यो कृति एउटा वैचारिक समस्याका रूपमा प्रस्तुत भएको छ ।

## अध्याय : पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

मानवतावादी दृष्टिले **मोदिआइन** उपन्यासको अध्ययन र विश्लेषण नामक प्रस्तुत शोधपत्रमा जम्मा पाँचवटा अध्यायहरू रहेका छन् । यसमा अध्याय एकअन्तर्गत शोधपत्रको संरचनात्मक परिचय प्रस्तुत गरिएको छ । अध्याय दुईअन्तर्गत उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । त्यस क्रममा कोइरालाको जीवनीका प्रमुख पक्षहरूको सङ्क्षिप्त चर्चाअन्तर्गत जन्म तथा पारिवारिक पृष्ठभूमि, शिक्षा-दीक्षा, राजनीतिक जीवनमा प्रवेश र मृत्युका सम्बन्धमा अध्ययन गरिएको छ भने व्यक्तित्व अन्तर्गत साहित्यिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, समालोचक व्यक्तित्व, धार्मिक व्यक्तित्व, समाजसेवी व्यक्तित्व आदि व्यक्तित्वमा सफलता हासिल गरेको देखिन्छ । यिनमा पनि कोइरालाले साहित्यिक व्यक्तित्व र राजनीतिक व्यक्तित्वमा सिद्धि प्राप्त गरेको अध्ययनबाट देखिन्छ । कृतित्व अन्तर्गत कोइरालाका दुईवटा कथासङ्ग्रह र छ वटा उपन्यास, एउटा आत्मवृत्तान्त र एउटा जेलजर्नल पुस्तक कृतिको रूपमा प्रकाशित भएको अध्ययनबाट देखिन्छ ।

अध्यान तीनमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास लेखनको यात्रा तथा औपन्यासिक प्रकृतिको विवेचना गरिएको छ । त्यस क्रममा कोइरालाको **तीन घुम्ती** उपन्यास (वि.सं. २०२५) प्रकाशित भएदेखि **बाबु आमा र छोरा** (वि.सं. २०४५) प्रकाशनसम्ममा प्रकाशित भएका जम्मा ६ वटा प्रकाशित औपन्यासिक कृतिहरूको चर्चा गरिएको छ । उनका ६ वटा उपन्यासहरूमध्ये **तीन घुम्ती**, **नरेन्द्रदाइ**, **सुम्निमा**, **मोदिआइन** र **बाबु, आमा र छोरा**को रचना जेल जीवनमा भएको र **हिटलर र यहुदी** उपन्यासको रचना भने उपन्यासकार प्रधानमन्त्री हुनुपूर्व नै थालिएको जानकारी प्राप्त भएको छ । समग्रमा कोइरालाको औपन्यासिक यात्रा २०१७ सालदेखि २०२५ सालसम्म विस्तारित रहेको मान्न सकिने निष्कर्ष अध्ययनबाट प्राप्त भएको छ । साथै उपर्युक्त छनौट उपन्यासहरूको अध्ययन गर्दा कोइरालाका विविध औपन्यासिक विशेषता एवम् शैलीगत प्रवृत्ति देखिएको र तीनै विशेषता वा प्रवृत्तिहरूलाई पनि यसै अध्यायमा केलाउने कार्य भएको छ । साहित्यका क्षेत्रमा अरू हिँडेको बाटोभन्दा भिन्न बाटोबाट हिँड्न रुचाउने कोइरालाले नेपाली आख्यान साहित्यका क्षेत्रमा नवीन योगदान दिन सफल भएको मानिन्छ । कोइरालाले प्रायः सबै उपन्यासहरू जेलजीवन विताउनु पर्दाको अवस्थामा रचेका हुन् भन्ने कुराको पुष्टि यस शोध-अध्ययनबाट भएको छ । जेलजीवनले नै कोइरालामा केही सिर्जनात्मक रचना टार्ने उत्प्रेरणा जागृत भएको र राजनीतिक वातावरणमा भिजेकाले पनि उनी वैचारिक

चिन्तनलाई आफ्ना कृतिमा संयोजन गर्न प्रवृत रहेको पुष्टि हुन्छ । उनका छ ओटा उपन्यासहरूको अध्ययनबाट उनलाई वैचारिक चिन्तनका धनी उपन्यासकार मान्ने प्रशस्त आधारहरू पाइएका छन् । यद्यपि कोइराला कलात्मक उपन्यासकार पनि हुन् र उनले आफ्ना उपन्यासम मानवमन र मानवसमाजलाई केलाएर त्यसमा सन्तुलित, संयमित विचार प्रकट गरेका छन् भन्ने कुराको निष्कर्ष पनि यस अध्ययनबाट प्राप्त भएको छ । कोइराला मनोवैज्ञानिक स्रष्टा भएकाले उनले उपन्यासका पात्रहरूका चरित्रलाई मनोवैज्ञानिक ढङ्गबाट प्रस्तुत गरेका छन् । मानिसका मनोद्वन्द्व तथा सामाजिक द्वन्द्वलाई कुशलताका साथ अभिव्यक्त गर्न समर्थ रहेका उपन्यासकार कोइरालालाई मनोवैज्ञानिक रचनाकार पनि मानिन्छ । उनले उपन्यासमा व्यक्त गर्न खोजेको विचारलाई पात्रको मानसिक र सामाजिक परिवेशसित समन्वय गराई कलात्मक तरिकाले प्रस्तुत गर्ने कुशलता देखाएका छन् । कोइराला चरित्रप्रधान उपन्यास लेख्न ज्यादा अभिरुचि राख्ने प्रवृत्तिका उपन्यासकार पनि देखिएका छन् किनभने उनका उपन्यासमा घटनाले भन्दा पनि चरित्रको मार्मिक आरोह-अवरोहले नै बढी प्रभावकारी भूमिका निर्वाह गरेको पाइन्छ । यसबाट चरित्रचित्रणलाई पनि उनको अर्को औपन्यासिक प्रवृत्ति मान्न सकिने निष्कर्ष प्राप्त हुन्छ । उनले मनोवैज्ञानिक यथार्थतालाई सामाजिक यथार्थसित सान्दर्भिक बनाएर उपन्यास रचना गरेका छन् । आफ्नो यही शिल्पका कारण कोइराला मनोवैज्ञानिक यथार्थवादी उपन्यासकारका रूपमा चिनिएको निश्कर्ष यहाँ प्रस्तुत गरिएको छ भने अर्कोतर्फ उपन्यासलाई मनोविश्लेषणात्मक स्वरूपमा कलात्मक बनाएर प्रस्तुत गर्नु कोइरालाको प्रमुख औपन्यासिक प्रवृति हो भन्ने निष्कर्षसमेत यसमा निकालिएको छ ।

अध्याय चारमा **मोदिआइन** उपन्यास लेखनको प्रेरणा र प्रभाव प्रस्तुत गर्दै यस उपन्यासको कथावस्तुको सारांश दिइएको छ भने यसमा मूल रूपमा मानवतावादी विचारको अनुशीलन गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यास मानवतावादका पक्षमा सिर्जना गरिएको उत्कृष्ट विचारप्रधान औपन्यासिक रचना हुनुका साथै यसमा गीता-दर्शनप्रति उपन्यासकारको पूर्ण सहमति रहेको निष्कर्ष प्राप्त भएको छ । **मोदिआइन** उनका अन्य उपन्यासहरू **तीन घुम्ती**, **नरेन्द्रदाइ**, **सुम्निमा, हिटलर र यहुदी** र **बाबु, आमा र छोरा**भन्दा संरचनात्मक रूपमा सानो भए तापनि वैचारिक एवम् भावविधानका दृष्टिले चाहिँ निकै गहन तथा विशिष्ट प्रकारको छ भन्ने तथ्य प्राप्त भएको छ । उपन्यासकारले यस उपन्यासमा मानवीय र दैवीय शक्तिको तुलनात्मक चरित्रचित्रण गर्दै दैवीशक्तिबाट मानवतामाथि प्रहार भएको गम्भीर आरोप लगाएका छन् । यस आरोपलाई सबल तर्क र आधार प्रदान गर्न उपन्यासकार कोइरालाले गीता-दर्शन तथा त्यसको सन्देशलाई नै दृष्टान्तका रूपमा प्रस्तुत गरेका छन् । कोइरालाको **मोदिआइन** उपन्यासको विषयवस्तु तथा उद्देश्य नै गीता-दर्शनप्रति मान्छेहरूले देखाएको एकोहोरो आस्थामाथि प्रहार गर्नुसँग

सम्बन्धित रहेको छ । उनले परम्परित आस्थाका समर्थकहरूलाई नवीन वैचारिक चुनौती थपिदिएका छन् । वर्षौंवर्षदेखि हिन्दू धर्मको परम्परित मूल्य र मान्यतामा आस्था राख्दै द्वन्द्वरहित किसिमले गीतालाई मूल मन्त्र मानी आउनेहरूका निम्ति विशिष्ट चुनौतीका रूपमा उपन्यासकार कोइरालाले गीता-दर्शनलाई मानव-संहारको वैचारिक कारकतत्त्वरूपी प्रपन्च हो भन्ने विद्रोहात्मक अभिव्यक्ति यस उपन्यासमा प्रकट गरेका छन् । यस उपन्यासमा उनले कथावस्तु र सन्देश तीनओटै पक्षलाई गीताको दर्शनसित सन्दर्भित गराएर प्रस्तुत गरेका छन् । कोइरालाले तत्कालीन महाभारतको युद्ध वास्तवमा युद्ध नभएर मानव-इतिहासको एउटा-कालखण्डमा आएको मानवतामाथिको ठूलो दुर्घटना हो भन्ने विचार यसमा प्रकट गरेका छन् भन्ने कुरा यस शोध अध्ययनबाट निष्कर्षित भएको छ । उनका विचारअनुसार महाभारतको युद्धमा यदि अर्जुनका मनबाट कृष्णले मानवताको शोषण नगरेका भए त्यो दुर्घटना टरिसकेको थियो । यसरी यस उपन्यासको अध्ययनबाट उनको मूल वैचारिक आस्था मानवतावादमा केन्द्रित रहेको छ ।

यस उपन्यासमा सबैखाले अति अहम्को खण्डन र मानवीय जीवनको मण्डन गरिएको छ । **मोदिआइन**मा कसैले पनि आफ्नो अधिकारको शोभा पार गर्नु हुँदैन भन्ने अभिमत प्रक्षेपित गरिएको छ । ईश्वरीय सत्ताले मानवीय सत्तालाई कुनै हस्तक्षेप गर्नुहुन्न भन्ने भावलाई यस उपन्यासुले व्यक्त गरेको छ । यसमा मानवता कसरी लुप्त हुन्छ र त्यसको परिणाम कृति भयानक खालको हुन्छ भन्ने तथ्यलाई महाभारतको तत्कालीन युद्धलाई दृष्टान्त बनाएर औपन्यासिक कलाद्वारा प्रकट गरिएको छ । कुनै पनि युद्ध मानवताविरोधी हुन्छ नै, त्यसमाथि झन गाण्डिव बिसाइसकेका अर्जुनले श्रीकृष्ण भगवानको सल्लाहमा पुनः युद्धकारी हतियार चलाउनु पर्दा प्रत्युत्पन्न प्रलयकारी अवस्थाले उब्जाएका युगान्तकारी समस्यालाई **मोदिआइन**मा अभिव्यक्त गरिएको छ । मानवीय शक्ति युद्धविमुख हुन खोज्दा पनि दैवी शक्तिको युद्धको वाध्यकारी परिस्थिति खडा गरेको तथ्यलाई उद्घाटन गरिएको यस कृतिमा तत्कालीन महाभारत युद्धको वैचारिक मान्यतामाथि प्रतिवादात्मक शैलीमा प्रश्नचिह्न लगाउनु नै **मोदिआइन** उपन्यासको मुख्य विशेषता हो । उपन्यासकारका अनुसार श्रीकृष्णले गीता-दर्शनलाई नरसंहारका अर्थमा रूपान्तरण गरेर असङ्ख्य मान्छेलाई मार्ने उद्योग रचेको घटना नै महाभारतको कथित धर्मयुद्ध हो । यसमा परमेश्वरले सीमा पार गरे । मान्छेलाई मानवीय धरातलबाट टाढा तथा दैवीय धरातलमा पुऱ्याएको आरोप लगाइएको पाइन्छ । **मोदिआइन** उपन्यासमा नायिका **मोदिआइन**ले 'म' पात्रलाई महाभारतको कथा सुनाउने क्रममा आएका हडाहा पोखरी, मछुवारिन र नारी आदि युद्धले सिर्जना गरेका विध्वंसका बिम्बात्मक सिर्जनाहरू हुन् । यस उपन्यासको सारवस्तु नै मानवतावाद हो । हिन्दूहरूले गीता-दर्शनलाई आदर्शका रूपमा मानिआएको स्थितिमाथि यस उपन्यासमा निकै गहिरो प्रहार गरिएको देखिन्छ । ईश्वरका निम्ति मार्नु-मर्नु केही नहोला किनभने उनीहरू

स्वर्गको अट्टालिकामा मृत्युमुक्त भएर बस्दछन् । तिनलाई संवेदनाको अनुभूति पनि छैन । त्यसैले तिनीहरू दुःख सुखको अनुभवमा संलग्न पनि हुँदैनन् तर मान्छे पारिवारिक, सामाजिक दुःखसुख, संवेदना आदि परिवेशसित संलग्न रहेकाले मृत्युको चोटबाट आक्रान्त रहन्छ र आफन्तको मृत्युमा विक्षिप्त हुन्छ भन्नेजस्ता यथार्थिक मानवीय चिन्तनलाई यसमा समावेश गरिएको छ । मोदिआइन यस उपन्यासकी नायिका हो तर उसमा युगीन पीडाको प्रतिबिम्बबाहेक केही पनि छैन । ऊ जस्तै यस उपन्यासका अधिकांश पात्रहरू युगीन पीडाको चपेटामा परेर पिल्सिरहेका देखिन्छन् । त्यसैले यसमा निष्काम कर्मका नाममा देवताले मानवलाई युद्धतिर होमेर नरसंहाररूपी प्रलय रचेकाले तत्कालीन महाभारतको युद्ध अत्यन्त अनावश्यक, निरर्थक, अमानवीय एवम् ऐतिहासिक कलङ्क हो भन्ने विचार नै **मोदिआइन**मा प्रक्षेपित गरिएको छ भन्ने निष्कर्ष अध्ययनबाट प्राप्ट भएको छ ।

कोइरालाले यो उपन्यास युगीन व्यङ्ग्यका रूपमा समेत प्रकट भएको छ । मान्छे ठूलो बन्ने होडमा आफ्नै अस्तित्व गुमिसकेको कुराको ख्याल गर्न पनि बिर्सन्छ भन्ने मान्यतालाई यसमा राम्ररी उद्घाटित गरिएको छ । शान्तिको अभिलाषामाथि कृष्णको गीतामय तर्कले धोका दिएका कारण लाखौँ लाख मान्छे एउटै चिहानमा पुरिन बाध्य भएको कारुणिक सन्दर्भलाई उपन्यासमा प्रदर्शित गरिएको छ । कृष्णको अहम्ले गर्दा अर्जुन धर्मसङ्कटमा पर्दै त्यसबाट उम्कनै नसक्ने परिस्थिति सिर्जना भएको ऐतिहासिक-पौराणिक सन्दर्भको विश्लेषण यस उपन्यासमा देखिन्छ । यसका साथै मानव-पीडाको मुक्ति केवल मानवद्वाराबाहेक अन्य कतैबाट पनि छैन तथा हुन सक्तैन भन्ने रहस्यको विषयलाई **मोदिआइन**मा प्रस्तुत गरिएको छ । कुरुक्षेत्रको तत्कालीन युद्ध मान्छेको चाहना थिएन र त्यो समयको बाध्यता वा नियतिले जन्माएको परिस्थिति थियो । मानव र दैवीअस्तित्व दुवै संकटमा परेपछि अनावश्यक दण्डसमेत खेप्न वाध्य भएका पात्रहरूलाई प्रतिनिधि बनाई यसमा मानवताविहीन दुर्नियतिको कलात्मक उद्घाटन भएको देखिन्छ । मानवता समाप्त भएको दैवी शक्तिले नरसंहार रचाएका कारण मान्छेको महत्त्वाकाङ्क्षाले सीमा नाघिसकेपछि अकल्पनीय अवस्था सृजना भएको यथार्थ यसमा पाइन्छ । कोइराला गीता-दर्शनको मूल उद्देश्य नै सारा मान्छेलाई ईश्वरप्रति आँखा चिम्लेर पूजा गर्न लगाउने हो तर मान्छेले यो काम ईश्वरीय शक्तिबारे विश्लेषण गरेर मात्र गर्नुपर्ने मान्यता राख्दछन् । त्यसैले **मोदिआइन**मा उनले गीतादर्शनको आडम्बरलाई आलोचनात्मक ढङ्गले नाङ्गो स्वरूपमा प्रकट गर्ने क्रममा महाभारतको युद्धलाई मुख्य कथ्य वा वर्ण्य सन्दर्भ बनाएका छन् । गीताले मानव-अस्तित्वलाई अस्तित्वहीन बनाउनेतर्फ प्रेरित गरेकाले त्यस विचारलाई मानवतर्कले पराजित गर्नुपर्छ भन्ने अवधारणा यस उपन्यासमा व्यक्त गरिएको छ ।

यसरी गीता-दर्शनप्रतिको आस्थालाई नै यस उपन्यासले गम्भीर वैचारिक चुनौती दिन पुगेको पाइन्छ । यसमा वर्णित कथाले युगौं पीडाबाट छट्पटिएका विधवाहरूले

कुरुक्षेत्रको लडाइँलाई अभिशाप मानेको रहस्य खुलाइएको छ । त्यही लडाँइका निमित कृष्णले गीताको मन्त्रलाई आफ्नो तर्क बनाएर अर्जुनलाई विश्वासमा लिएको सन्दर्भसमेत यसमा छर्लङ्ग पारिएको छ । मानव कर्तव्यशील प्राणी हो । आफ्नो कर्तव्यबोध मानव संसर्गबाटै प्राप्त गर्नु राम्रो हुन्छ तर गीताले मान्छेलाई एकोहोरो विचारद्वारा लट्ठ पारेको छ भन्ने सोचाइलाई नै यस उपन्यासमा मूर्त रूपमा प्रकट गरिएको देखिन्छ । यसरी **मोदिआइन**मा महाभारतयुद्धलाई गीतामन्त्रद्वारा मानवकर्तव्यलाई अहंकारी स्वरूपमा परिवर्तित गरिएपछिको वैचारिक दुर्घटना ठानिएको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । उपन्यासकारले यस उपन्यासमा मानवतावादी दृष्टिकोणद्वारा तत्कालीन कुरुक्षेत्रको युद्धलाई अध्ययन गरेकाले यो कृति सबै मानिसलाई मानवतावादप्रति अभिप्रेरित बनाउन रचिएको कुरा यस शोध अध्ययनबाट प्रष्ट हुने देखिन्छ । साथै **मोदिआइन**मा यति गहन विचारको प्रस्तुति भएर पनि यसका नारी पात्रहरूलाई सङ्घर्षहीन तथा एकोहोरो ढङ्गले आफ्नो चाहनाका लागि प्रलाप मात्र गरिरहने कमजोर चरित्रका रूपमा देखाउनु चाहिँ कोइरालाको औपन्यासिक कमजोरीसमेत देखिन्छ ।

**मोदिआइन** उपन्यासमा मानवतावादको पक्षपोषण गर्ने क्रममा दैवीशक्तिविरुद्ध चुनौती खडा गर्ने वैचारिक रचना हो । गीताको मूल अभीष्ट र मानवको मूल अभीष्टबीच नै गम्भीर वैचारिक भिन्नता रहेकाले मानवलाई दैवीशक्तिप्रति वैचारिक रूपमा सचेत रहन कलात्मक निर्देशनसमेत **मोदिआइन**मा गरिएको देखिन्छ । उनले मानव-जीवनप्रतिको आफ्नो समर्थन र दैवीशक्तिको अनावश्यक हस्तक्षेपलाई **मोदिआइन**मा अभिव्यक्त गर्दै मानव, मानव नै हुनुपर्छ र असल मानव झन् उत्तम हुन्छ भन्ने तर्क कौरव-पाण्डवबीचको युद्धमा भगवान कृष्णले निर्वाह गरेको भूमिकालाई सन्दर्भ बनाएर प्रस्तुत गरेका छन् ।

मान्छे आस्थावान् प्राणी हो र आस्थाका अनेक स्वरूपहरू मान्छे प्राचीनकालदेखि सँगालेर आएको हुन्छ तर उपन्यासकार यहाँतिर नवीन तर्क पेस गर्दै मान्छेले सर्वप्रथम भन्ने विचार व्यक्त गर्दछन् । कुनै पनि युद्ध अमानवीय हुन्छ नै त्यसमाथि कर्मयोगका नाममा लाखौं मानव स्वाहा पार्नु र तिनमा आफन्तहरू विधवा तथा टुहुरा भएर बाँच्न विवश हुनु घोर अमानवीय कार्य हो भन्ने विचारलाई **मोदिआइन**मा समेटिएको छ । उपन्यासकारका अनुसार मानवले मानवलाई आस्थाको केन्द्रविन्दु बनाएको खण्डमा ईश्वरीय भ्रमको पर्दा स्वतः हटेर मानव अस्तित्वको संरक्षण हुन्छ । गीताको एकोहोरो तर्कले मान्छेलाई पनि एकोहोरो र वैचारिक रूपमा कमजोर बनायो । त्यसैले यसमा आलोचनात्मक विवेचनाको खाँचो छ र त्यही विवेचनाबाट नै मान्छे सबलतातिर लम्कन्छ भन्ने धारणालाई उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले **मोदिआइन** उपन्यासमा अभिव्यक्त गरेका छन् भन्ने कुरा यस अध्ययनबाट प्राप्त भएको छ ।

यसरी उपन्यासकारले हिन्दू धर्मको लामो परम्परित मान्यतालाई पुनर्विचार गरेका छन् भन्ने कुरा पनि प्रस्तुत अध्ययनले सङ्केत गरेको छ । यथार्थमा यो उपन्यास कोइरालाको अध्यात्मवादप्रतिको तिखो आलोचना हो । यस आलोचनामा मानवलाई स्वतन्त्र बनाउन दैवीस्वरूपका कृष्णले अभिव्यक्त गरेको तर्क, नयाँ विश्लेषण, व्याख्या र खण्डन जरुरी छ भन्ने धारणा यसमा प्रकट भएको छ । यस उपन्यासमा कृष्णले अर्जुनप्रति गरेको व्यवहारबाट मानव इच्छा खण्डित भएको देखाई कृष्णाको गीतामय मानवताविरुद्ध लक्षित भन्ने अवधारणालाई प्रस्तुत गरिएको छ । अर्जुनलाई उक्साएर महाभारतको तत्कालीन कुरुक्षेत्रको नरसंहारबाट न कुनै धर्म स्थापित भयो न कसैले विजय प्राप्त गर्‍यो, त्यसका सट्टा बरु कृष्णप्रतिको आस्थामा नै गम्भीर शङ्का उत्पन्न हुन पुग्यो भन्ने वैचारिक चुरोलाई पनि **मोदिआइन**मा प्रष्ट पारिएको निष्कर्ष अध्ययनबाट प्राप्त भएको छ ।

## ५.२ निष्कर्ष

कोइरालाको **मोदिआइन** उपन्यासको विधातात्त्विक एवम् मानवतावादी वैचारिक कोणबाट अध्ययन र विश्लेषण गर्दा प्राप्त ठोस निष्कर्षलाई शोधसमस्याको समाधानका सन्दर्भमा निम्नबमोजिम बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ-

(क) विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं. १९७१ मा वाराणसीमा र मृत्यु वि.सं. २०३९ मा काठमाडौंमा भएको र उनले बी.ए., बी.एल. सम्मको औपचारिक अध्ययन पूरा गरेका छन् ।

(ख) नेपालमा प्रजातन्त्र स्थापनाका निम्ति निरन्तर सङ्घर्षरत विश्वेश्वरप्रसाद कोइराला नेपाली राजनीतिमा मात्र नभएर अन्तर्राष्ट्रिय राजनीतिमा समेत सुपरिचित देखिन्छन् ।

(ग) विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा र रचनाकालका आधारमा २०१७ सालदेखि २०२५ सालसम्म रहेको छ । यस अवधिमा उनका जम्मा ६ ओटा उपन्यासहरू **तीन घुम्ती**, **नरेन्द्रदाइ**, **सुम्निमा**, **मोदिआइन**, **हिटलर र यहुदी** र **बाबु, आमा र छोरा** रचना गरिएका छन् । कोइरालाले आफ्ना औपन्यासिक कृतिमा छोटा वाक्य, सरल, सहज शैलीमा भावको प्रस्तुति एवम् सामाजिक सन्दर्भमा पात्रको बोलीचालीलाई यथार्थमूलक बनाएका छन् । कोइरालाले पूर्वीय तथा पाश्चात्य मानव-जीवनको जीवनशैलीलाई उपन्यासमा चित्रण गरेका छन् । मान्छेका भौतिक र आत्मिक सुखका साथै मानव-जीवनको अस्तित्व एवम् सांस्कृतिक प्रवृति तथा त्यसबाट प्रभावित जीवनशैलीलाई कोइरालाले आफ्नो उपन्यासको मूल विषयवस्तु तथा कथानकका रूपमा प्रयोग गरेका छन् । मानव-जीवनमा पुरुषको भन्दा नारीको

आन्तरिक जीवन जटिल हुने कुरालाई उनले आफ्ना सबै उपन्यासमा व्यक्त गरेका छन् । यिनैलाई उनले प्रमुख औपन्यासिक प्रवृत्ति तथा विशेषता मानिन्छ ।

(घ) विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना प्रायः सबै उपन्यासमा नारी पात्रहरूलाई विशेष केन्द्रविन्दु बनाएका छन् । नारी चरित्रलाई विशेष जोड दिनु कोइरालाको औपन्यासिक विशषता हो । यसो हुँदाहुँदै पनि नारी पात्रहरूलाई संघर्षशील चरित्रका रूपमा उभ्याउन भने उनी सफल भएका देखिँदैनन् किनभने उनले आफ्ना उपन्यासका अधिकांश स्थानमा नारीमा भावुकता, दुःख पीडा, प्रेम आदि पक्षको चित्रण मात्र गरेका छन् ।

(ङ) साहित्यिक विधाको विधागत विशिष्ट तत्त्वको समायोजन कलात्मकता प्रदान गर्नुका साथै उपन्यासलाई विचारप्रधान, घटनाप्रधान, चरित्रप्रधान, उद्देश्यप्रधान आदि विविध रूपमा प्रस्तुत गर्न सकिन्छ भन्ने कुरा प्रमाणित गरिएको छ । विचारप्रधान रचनाअन्तर्गत मानवतावादी, अस्तित्ववादी, स्वच्छन्दतावादी, नारीवादी, मनोवैज्ञानिक, यथार्थवादी, विसङ्गतिवादी, नियतिवादी समाजवादी र आदर्शवादीजस्ता विविध वैचारिक उपन्यासहरू रचना गरिएको पाइन्छ । यस परिप्रेक्ष्यमा कोइरालाको **मोदिआइन** उपन्यास प्रखर मानवतावादी विचारप्रधान उपन्यास हो ।

(च) उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** मानवतावादी विचारले प्रखर उपन्यास हो भने यसमा मानवतावादका अतिरिक्त अस्तित्ववादी-विसङ्गतिवादी, नारीवादी तथा नियतिवादीजस्ता विविध विचारहरू प्रस्तुत गरिएका छन् तथापि यस उपन्यासको वैचारिकताका केन्द्रमा मानवतावाद रहेको छ ।

(छ) **मोदिआइन** उपन्यासमा तत्कालीन महाभारतको नरसंहारजन्य युद्धलाई प्रमुख आलोच्य तथा खण्डनीय विषय बनाई सो युद्धको कारकतत्व गीता-दर्शनप्रति तीव्र रोष, आलोचना तथा अस्वीकृति प्रकट गरेर मानवतावादी विचारलाई समर्थन गरिएको छ ।

(ज) उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको **मोदिआइन** उपन्यासमा मानवताविरोधी विचारको विरोध गर्दै औपन्यासिक कलाद्वारा मार्मिक रूपमा मानवतावादी विचारलाई प्रक्षेपण गरिएको छ । साथै सामाजिक परिवेश र प्रकृतिले मानवमनमा पार्ने प्रभाव तथा निर्माण गर्ने उनका वैचारिकताको पनि चिरफार गरिएको छ र यसरी कोइराला सफल वैचारिक उपन्यासकारका रूपमा स्थापित हुन पुगेका छन् भन्ने **मोदिआइन** उपन्यासचाहिँ उनको मानतावादी विचारलाई प्रखर रूपमा व्यक्त गरिएको रचना बन्न पुगेको छ ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, कोमलनाथ (२०५१), **कोमल गीता,** (साङ्ख्ययोग र अक्षरब्रह्मयोग), दशमावृत्ति, वाराणसी : नारायणप्रसाद आचार्य, पृ. ६६-२१८ ।

आचार्य, कुमार (२०५३), "विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक मूल्याङ्कन : एक समस्या", **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** सम्पा. जीवनचन्द्र कोइराला, काठमाडौं : वी.पी अनुसन्धान तथा सेवा केन्द्र, पृ. १६-२१ ।

आचार्य, नरहरि (२०५३), "विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा उपन्यासले प्रस्तुत गरेको जीवन-दर्शन", **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचार,** सम्पा. जीवनचन्द कोइराला, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र, पृ. १६७-१७५ ।

कोइराला, खेम (२०४५), **साहित्यकार विश्वेश्वरप्रसाद कोइराला,** काठमाडौं : सेवा प्रकाशन ।

कोइराला, जीवनचन्द्र, (२०५३), **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

........................ (२०५८), **वी पी कोइरालाका छरिएका सामग्री,** दोस्रो संस्करण, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५१), **सुम्निमा,** चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

............ (२०५२), **मोदिआइन**, चौथौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

............. (२०५५), **तीन घुम्ती**, छैठौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

............. (२०५६), **नरेन्द्रदाई**, पाँचौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

............. (२०५७), **बाबु, आमा र छोरा**, चौथौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

............. (२०५७), **हिटलर र यहुदी**, पाँचौं संस्करण, ललितपुर : साझा प्रकाशन ।

............. (२०६०), **आफ्नो कथा**, काठमाडौ : साझा प्रकाशन ।

क्षेत्री, शरद (२०५३), "मानवताको शङ्खनाद मोदिआइन उपन्यास", **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** सम्पा. जीबनचन्द्र कोइराला, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र, , पृ.२६१-२६७ ।

गृहस्थी होमप्रसाद (२०५३) **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** सम्पा. जीबनचन्द्र कोइराला, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

गौतम, कृष्ण (२०५३), “विश्वेश्वरप्रसाद कोइरालाका कृतिमा नारी”, **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** सम्पा. जीवनचन्द्र कोइराला, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र, , पृ. ८२-८५ ।

गौतम, ध्रुवराज (२०५६), *विश्वेश्वरप्रसाद कोइरालाका कथामा समाजबोध,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. त्रिचन्द्र क्याम्पस, काठमाडौं ।

चटर्जी, भोला (२०५१), **बी पी कोइराला एक क्रान्तिकारी व्यक्तित्व,** ललितपुर : साझा प्रकाशन ।

चापागाईं, नरेन्द्र र दधिराज सुवेदी (२०५१), **कोइरालाका साहित्यको समग्र अध्ययन,** विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०५४), **पाश्चात्य साहित्यका प्रमुख वाद,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

ढकाल, भूपति (२०५६), **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष,** पोखरा : जयनेपाल प्रकाशन ।

दाहाल, कृष्णप्रसाद (२०६०), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा द्वन्द्वविधान,* नेपाली अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि., कीर्तिपुर ।

नेपाल, गोविन्द (२०५३), “साहित्यकार कोइरालाका केहि मान्यता र मोदिआइन उपन्यासको जीवनसत्य”, **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** सम्पा. जीवनचन्द्र कोइराला, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र, , पृ. २७२-२८२ ।

न्यौपाने, कोषराज (२०५३), “सन्दर्भ : विश्वेश्वरप्रसाद कोइरालाको प्रसङ्ग व्यक्तित्वका तीन पक्षको”, **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** सम्पा. जीवनचन्द्र कोइराला, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र, पृ. ३५-३८ ।

न्यौपाने, दैवज्ञराज (२०३८), मोदिआइनको सन्देश ठूलो होइन असल बन्नु, **पूर्वाञ्चल समालोचना सङ्ग्रह,** विराटनगर : पूर्वाञ्चल साहित्यप्रतिष्ठान, पृ. ३१९-३२४ ।

पाण्डेय, ताराकान्त (२०५६), **प्रगतिवाद र कविता,** काठमाडौं : शीला योगी ।

.................... (२०६२), **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद,** काठमाडौँ : नेपाल आख्यान समाज ।

पोखरेल, बालकृष्ण र अरू (सम्पा.) (२०५५), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२), **साझा समालोचना,** चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

............ (२०५२), **नेपाली उपन्यास र उपन्यासकार,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि,** दार्जीलिङ : दीपा प्रकाशन ।

बराल कृष्णहरि र एटम, नेत्र (२०५६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन ।

भट्ट, आनन्देव (२०५३), "मोदिआइन र नारी वेदना", **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** सम्पा. जीवनचन्द्र कोइराला, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र, , पृ. ६५-६७ ।

भट्टराई, तुलसी (२०५३), "विश्वेश्वरप्रसाद कोइराला : नेपाली वाङ्मयका ध्रुवतारा", **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** सम्पा. जीवनचन्द्र कोइराला, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र, पृ.९-१५ ।

भट्टराई, तुलसीप्रसाद (२०५८), **बी पी कोइराला : चिन्तन र प्रयोग,** काठमडौं : हिमशिखर प्रकाशन ।

मिश्र, किरन (सन् १९९४), **बी पी कोइराला : एक परिचय,** नई दिल्ली : विश्व प्रकाशन ।

राई, इन्द्रबहादुर (२०५३), **नेपाली उपन्यासका आधारहरू,** ललितपुर : साझा प्रकाशन ।

लुइँटेल, गोविन्द्रप्रसाद (२०६३), *विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक पात्रहरूको अध्ययन,* नेपाली स्नातकोत्तर, अप्रकाशित शोधपत्र, त्रि.वि. त्रिचन्द्र क्याम्पस, काठमाडौं ।

शर्मा, गोपीकृष्ण (२०५३), "मोदिआइन उपन्यासका केही पक्ष", **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** सम्पा. जीवनचन्द्र कोइराला, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र, पृ.२६८–२७१२ ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ 'सम्भव' (२०५०), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

शर्मा, रम्भाकुमारी (२०६०), *वैचारिक दृष्टिले **मोदिआइन** उपन्यासको विश्लेषण र मूल्याङ्कन,* नेपाली स्नातकोत्तर, अप्रकाशित शोधपत्र, त्रि.वि. त्रिचन्द्र क्याम्पस, काठमाडौं ।

शर्मा, सुशीला (२०५९) नारी अस्मिता, काठमाडौं : सुशीला शर्मा ।

शर्मा, हरिप्रसाद (२०६१) **विश्वेश्वरप्रसाद कोइरालाका कथा,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०४९), "विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक व्यक्तित्व", **गरिमा,** वर्ष १०, अङ्क ८, पृष्ठ ६–१६

शर्मा, हरिप्रसाद (२०५१), "विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मानव नियति र अस्तित्वको द्वन्द्व", **गरिमा,** (वर्ष १२, पूर्णाङ्क १३६, अङ्क ४), पृ. २३८-२४६) ।

श्रेष्ठ, दयाराम (२०३९), **पच्चीस वर्षका नेपाली कथा,** काठमाडौं : ने रा प्र प्र ।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३), "नरेन्द्रदाइ उपन्यासको समीक्षात्मक अध्ययन", **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा,** सम्पा. जीवनचन्द्र कोइराला, काठमाडौं : बी.पी. अनुसन्धान तथा सेवा केन्द्र, पृ. २४४-२४८ ।